# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जितपुर, धनकुटा

**“महालक्ष्मी नगरका पाँच आधार शिक्षा, स्वास्थ्य, कृषि, उद्यम, पर्यटन र स्वरोजगार”**

# प्रथम आवधिक विकास योजना
## (आ.व. २०७९/०८० - २०८३/०८४)

*बुझाउने:*


**Bhugol Engineering Consultant (P.) Ltd.**

Subidhanagar-32, Kathmandu, Nepal

Mobile: +977-1- 9851224024

E-mail: bhugol.eng@gmail.com

# कृतज्ञता ज्ञापन

नेपालको संविधानले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न, नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई साकार पार्न र पन्ध्रौँ योजनाले लिएको लक्ष्य प्राप्त गर्न तीनै तहका सरकारले आवधिक योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु जरुरी छ । संविधानले व्यवस्था गरेको सरकारका तीनै तहको एकल तथा साझा अधिकार सूचीहरूको प्रभावकारी कार्यान्वयनबाट मात्र यी उद्देश्यहरू पूरा हुन सक्दछन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था गरको छ । सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तर सुधार, रोजगारीका वृद्धी, उच्च जनसहभागिता, लक्षित वर्ग हित, दीगो विकास र भाषिक तथा साँकृतिक जगेर्ना जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ ।

विगतमा राष्ट्रियस्तरमा मात्र तर्जुमा हुने गरेको आवधिक योजना प्रदेश तथा स्थानीय तहमा पनि अनिवार्यरुपमा तयार गर्नुपर्ने भएको छ् । यस किसिमको व्यवस्था प्रदेश र स्थानीय तहको लागि एउटा नयाँ अभ्यास पनि हो । आवधिक योजनाले राष्ट्रिय, प्रादेशिक तथा स्थानीय प्राथमिकता, श्रोत साधनको उपलब्धता र तिनको अधिकतम परिचालनका लागि सरकारलाई मार्गनिर्देश गर्दछन् । हामीले प्रतिवद्धता व्यक्त गरेअनुरूप सन् २०३० सम्ममा दिगो विकास लक्ष्यहरू हासिल गरिसक्नु पर्नेछ । संघीय सरकारको एकल प्रयासले मात्र दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि तीनवटै तहका सरकार यस दिशामा क्रियाशील हुनु जरुरी छ । यसमा पनि स्थानीय तह नागरिकसँग दैनिक रूपमा साक्षात्कार हुने भएको र सेवा प्रवाह तथा स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका र अभिभारा रहेको छ । स्थानीय तहलाई सुम्पिएको यहि अभिारा पूर्ण गर्नको लागि यस दस्तावेजमा **महालक्ष्मी नगरपालिकाको आवधिक विकास योजना** तर्जुमा गरिएको छ ।

अन्तमा, यस महत्वपूर्ण कार्यमा आर्थिक सहयोग प्रदान गर्नु भएकोमा प्रदेश प्रशिक्षण केन्द्र, प्रदेश १ तथा स्थानीय तहको योजना सम्बन्धी अवस्थाको अध्ययन गरी यस महत्वपूर्ण दस्तावेज तयार गर्ने काममा कार्यमा खटिनु हुने सम्पूर्ण विज्ञहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै, यो दस्तावेज तयार गर्न सूचना र अन्य सहयोग प्रदान गर्ने स्थानीय तहका सबै कर्मचारी तथा पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

**भूगोल ईन्जिनियरिङ्ग कन्सल्ट्यान्ट प्रा.लि.**

# विषय सूची

**परिच्छेद १: परिचय** १

१.१ पृष्ठभुमि १

१.२ आवधिक योजनाको आवश्यकता र औचित्य २

१.३ आवधिक योजनाका उद्देश्यहरू ३

१.४ स्थानीय तहको योजना तर्जुमा सम्बन्धी संवैधानिक, नीतिगत र कानूनी व्यवस्था ४

१.४.१ नेपालको संविधान ४

१.४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ४

१.४.३ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ४

१.४.४ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ५

१.४.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ ५

१.४.६ संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धी ऐन, २०७७ ५

१.४.७ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ६

१.४.८ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति ७

१.४.९ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ७

१.४.१० प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ ७

१.४.११ नेपालको पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) ७

१.५ स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरू बीचको अन्तरसम्बन्ध ८

१.६ संघ, प्रदेश र स्थानीय तहको आवधिक योजना बीचको अन्तरसम्बन्ध ९

१.७ स्थानीय तहको कार्यक्षेत्र तथा दिगो विकास लक्ष्य ९

१.८ आवधिक योजना तर्जुमा प्रक्रिया १३

१.८.१ योजना तयारी कार्याशाला गोष्ठी १३

१.८.२ अद्यावधिक स्थिति विश्लेषण १३

१.८.३ तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण १५

१.९.४ सम्भाव्य स्रोतको पहिचान र प्रक्षेपण १५

१.८.५ सोंच, लक्ष्य, उद्देश्य र रणनीति निर्धारण कार्यशाला गोष्ठी १६

१.८.६ समस्या विश्लेषण १६

१.८.७ विषय क्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति र प्रमुख कार्यक्रम निर्धारण १७

१.८.८ मस्यौदा दस्तावेज तयारी तथा प्रस्तुतीकरण १७

१.८.९ एकीकृत योजना दस्तावेज तयारी, स्वीकृति र प्रकाशन १७

१.९ सीमा १७

**परिच्छेद २: महालक्ष्मी नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा** १९
२.१ नगरपालिकाको परिचय १९
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना १९
२.२ जनसांख्यिक अवस्था २३
२.३ आर्थिक विकास अवस्था २८
२.४ सामाजिक विकासको अवस्था ३९
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ५२
२.६ पूर्वाधार तथा शहरी विकासको अवस्था ५५
२.७ सुशासन तथा संस्थागत व्यवस्था ५९
**परिच्छेद ३: सोंच तथा विकासको अवधारणा** ६३
३.१ पृष्ठभूमि ६३
३.२ प्रमुख समस्या तथा चुनौती ६३
३.३ प्रमुख सम्भावना तथा अवसर ६४
३.४ निर्देशक सिद्धान्त ६४
३.५ सोंच, लक्ष्य तथा उद्देश्य ६६
३.५.१ नगरपालिकाको विकासको दीर्घकालिन सोंचः ६६
३.५.२ नगरपालिकाको लक्ष्य ६६
३.५.३ नगरपालिकाका उद्देश्यहरू ६६
३.७ रणनीति तथा प्राथमिकता ७१
३.७.१ रणनीति ७१
३.७.२ प्राथमिकता तथा कार्यनीतिहरू ७२
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँड ७२
**परिच्छेद ४: आर्थिक क्षेत्र** **७४**
४.१ कृषि तथा पशुपंक्षी ७४
४.१.१ पृष्ठभूमि ७४
४.१.२ समस्या तथा चुनौती ७४
४.१.३ सम्भावना तथा अवसर ७५
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७५
४.१.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका ८०
४.१.६ अनुमान तथा जोखिम पक्ष ८०
४.२ सिंचाई ८०
४.२.१ पृष्ठभूमि ८०
४.२.२ समस्या तथा चुनौती ८१
४.२.३ सम्भावना तथा अवसर ८१
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८१

| | | |
|---|---|---|
| | ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | ८५ |
| | ४.२.६ अनुमान तथा जोखिम पक्ष | ८५ |
| ४.३ | पर्यटन, संस्कृति तथा सम्पदा | ८५ |
| | ४.३.१ पृष्ठभूमि | ८६ |
| | ४.३.२ समस्या तथा चुनौती | ८६ |
| | ४.३.३ सम्भावना तथा अवसर | ८६ |
| | ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ८७ |
| | ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | ९२ |
| | ४.३.६ अनुमान तथा जोखिम पक्ष | ९२ |
| ४.४ | उद्योग, व्यापार, व्यावसाय तथा आपुर्ति | ९२ |
| | ४.४.१ पृष्ठभूमि | ९२ |
| | ४.४.२ समस्या तथा चुनौती | ९३ |
| | ४.४.३ सम्भावना तथा अवसर | ९३ |
| | ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ९३ |
| | ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | ९५ |
| | ४.४.६ अनुमान तथा जोखिम पक्ष | ९६ |
| ४.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ९६ |
| | ४.५.१ पृष्ठभूमि | ९६ |
| | ४.५.२ समस्या तथा चुनौती | ९६ |
| | ४.५.३ सम्भावना तथा अवसर | ९७ |
| | ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ९७ |
| | ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | ९९ |
| | ४.५.६ अनुमान तथा जोखिम पक्ष | ९९ |
| **परिच्छेद ५: सामाजिक क्षेत्र** | | **१००** |
| ५.१ | स्वास्थ्य तथा पोषण | १०० |
| | ५.१.१ पृष्ठभूमि | १०० |
| | ५.१.२ समस्या तथा चुनौती | १०० |
| | ५.१.३ सम्भावना तथा अवसर | १०० |
| | ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | १०० |
| | ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | १०३ |
| | ५.१.६ अनुमान तथा जोखिम पक्ष | १०३ |
| ५.२ | शिक्षा, विज्ञान तथा नवप्रवर्तन | १०४ |
| | ५.२.१ पृष्ठभूमि | १०४ |
| | ५.२.२ समस्या तथा चुनौती | १०४ |
| | ५.२.३ सम्भावना तथा अवसर | १०४ |

| | | |
|---|---|---|
| | ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | १०४ |
| | ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | १०९ |
| | ५.२.५ अनुमान तथा जोखिम पक्ष | १०९ |
| ५.३ | खानेपानी तथा सरसफाई | १०९ |
| | ५.३.१ पृष्ठभूमि | ११० |
| | ५.३.२ समस्या तथा चुनौती | ११० |
| | ५.३.३ सम्भावना तथा अवसर | ११० |
| | ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ११० |
| | ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | ११४ |
| | ५.३.६ अनुमान तथा जोखिम पक्ष | ११४ |
| ५.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | ११४ |
| | ५.४.१ पृष्ठभूमि | ११४ |
| | ५.४.२ समस्या तथा चुनौती | ११४ |
| | ५.४.३ सम्भावना तथा अवसर | ११५ |
| | ५.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | ११५ |
| | ५.४.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका | ११८ |
| | ५.४.५ अनुमान तथा जोखिम पक्ष | ११९ |
| ५.५ | युवा तथा खेलकूद | ११९ |
| | ५.५.१ पृष्ठभूमि | ११९ |
| | ५.५.२ समस्या तथा चुनौती | ११९ |
| | ५.५.३ सम्भावना तथा अवसर | १२० |
| | ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | १२० |
| | ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | १२२ |
| | ५.५.६ अनुमान तथा जोखिम पक्ष | १२२ |
| **परिच्छेद ६: पुर्वाधार क्षेत्र** | | **१२४** |
| ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | १२४ |
| | ६.१.२ समस्या तथा चुनौती | १२४ |
| | ५.१.३ सम्भावना तथा अवसर | १२४ |
| | ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना | १२५ |
| | ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका | १२६ |
| | ६.१.६ अनुमान तथा जोखिम पक्ष | १२६ |
| ६.२ सडक, पुल तथा यातायात | | १२७ |
| | ६.२.१ पृष्ठभूमि | १२७ |
| | ६.२.२ समस्या तथा चुनौती | १२७ |
| | ६.२.३ सम्भावना तथा अवसर | १२८ |

६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२८
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १३५
६.२.६ अनुमान तथा जोखिम पक्ष १३५
६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा १३५
६.३.१ पृष्ठभूमि १३५
६.३.२ समस्या तथा चुनौती १३६
६.३.३ सम्भावना तथा अवसर १३६
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३६
६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १३८
६.३.६ अनुमान तथा जोखिम पक्ष १३८
६.४ सुचना, सञ्चार तथा प्रविधी १३९
६.४.१ पृष्ठभूमि १३९
६.४.२ समस्या तथा चुनौती १३९
६.४.३ सम्भावना तथा अवसर १३९
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३९
६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका १४१
६.४.६ अनुमान तथा जोखिम पक्ष १४१
**परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र १४२**
७.१ वन तथा जैविक विविधता १४२
७.१.१ पृष्ठभूमि १४२
७.१.२ समस्या तथा चुनौती १४२
७.१.३ सम्भावना तथा अवसर १४२
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १४३
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १४६
७.१.६ अनुमान तथा जोखिम पक्ष १४६
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन १४७
७.२.१ पृष्ठभूमी १४७
७.२.२ समस्या तथा चुनौती १४७
७.२.३ सम्भावना तथा अवसर १४७
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १४७
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १४९
७.२.६ अनुमान तथा जोखिम पक्ष १४९
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन १४९
७.३.१ पृष्ठभूमि १४९
७.३.२ समस्या तथा चुनौती १५०

७.३.३ सम्भावना तथा अवसर १५०
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १५०
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १५२
७.३.६ अनुमान तथा जोखिम पक्ष १५२
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायू उत्थानशीलता १५२
७.४.१ पृष्ठभूमि १५२
६.४.२ समस्या तथा चुनौती १५२
७.४.३ सम्भावना तथा अवसर १५३
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १५३
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १५५
७.४.६ अनुमान तथा जोखिम पक्ष १५५
**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र १५६**
८.१ संस्थागत विकास तथा सूशासन १५६
८.१.१ पृष्ठभूमि १५६
८.१.२ समस्या तथा चुनौती १५६
८.१.३ सम्भावना तथा अवसर १५७
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १५८
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १६१
८.१.६ अनुमान तथा जोखिम पक्ष १६३
**परिच्छेद ९: कार्यान्वयन व्यवस्था १६४**
९.१ पृष्ठभूमि १६४
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना १६४
९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट १६७
९.४ स्रोत अनुमान तथा प्रक्षेपण १६९
९.५ स्रोत परिचालन रणनीति १७२
९.६ आवधिक योजना कार्यान्वयन १७२
९.७ अनुगमन तथा मूल्याङ्कन योजना १७२
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता १७२
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी १७३
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया १७३
९.८ आयोजना बैंक १७३
९.८.१ पृष्ठभूमि १७३
९.८.२ आवश्यकता र औचित्य १७४
९.८.३ उद्देश्य १७६
९.८.४ समस्या तथा चुनौती १७६

९.८.५ सम्भावना तथा अवसर १७७
९.८.६ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति १७७
**परिच्छेद १०: विषयगत क्षेत्रको तर्कबद्ध ढाँचा** १७८
**अनुसूचीहरू** **२०७**
अनुसूची १: योजना तयारी कार्याशाला गोष्ठीमा सहभागी सदस्यहरू २०८
अनुसूची २: आवधिक विकास योजना सम्बन्धी तथ्यांक संकलन २१०
अनुसूची ३: आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरू २१७
अनुसूची ४: सोंच, लक्ष्य, उद्देश्य र रणनीति निर्धारण सम्बन्धि कार्यशाला गोष्ठीमा सहभागीहरूको सूची २२३

# तालिका सूची

तालिका १.१: गाउँपालिका तथा नगरपालिकाको अधिकार तथा दिगो विकास लक्ष्य बीचको सम्बन्ध ११
तालिका २.१: महालक्ष्मी नगरपालिकाको ढलानसम्बन्धी विवरण २०
तालिका २.३: वडागत रुपमा राजनीतिक तथा प्रशासनिक संरचना विवरण २२
तालिका २.४: घरधुरी र जनसंख्या सम्बन्धी विवरण २३
तालिका २.५: मातृभाषाको आधारमा  परिवारसंख्या विवरण २५
तालिका २.६: जातजाति अनुसार घर परिवार संख्यासम्बन्धी विवरण २६
तालिका २.७: अपाङ्गताको आधारमा जनसंख्या २७
तालिका २.८: बसाइँ सराईको अवस्था २७
तालिका २.९: औसत मासिक पारिवारिक आम्दानी २८
तालिका २.१०: खाद्यान्नको अवस्था सम्बन्धी विवरण २९
तालिका २.११: कृषि तथा पशु विकास ३०
तालिका २.१२: धार्मिक स्थल तथा केन्द्रहरू ३१
तालिका २.१३: सार्वजनिक पाटीपौवा र चौतारा सम्बन्धी विवरण ३५
तालिका २.१४: व्यापार, व्यवसाय सम्बन्धी विवरण ३६
तालिका २.१५: उद्योग सम्बन्धी विवरण ३७
तालिका २.१६: व्यापारी केन्द्रहरु सम्बन्धी विवरण ३८
तालिका २.१७: बैंक, वित्तिय संस्था तथा तथा सम्बन्धी विवरण ३९
तालिका २.१८: महालक्ष्मी नगरपालिकामा रहेका शैक्षिक संस्थाहरु सम्बन्धी विवरण ४०
तालिका २.१९: जनसंख्याको साक्षरता सम्बन्धी विवरण ४३
तालिका २.२०: विद्यमान स्वास्थ्य सेवा सम्बन्धी विवरण ४४
तालिका २.२१: स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण ४४
तालिका २.२२: स्वास्थ्य संस्था तथा सेवा सुविधा विवरण ४५
तालिका २.२३: समुदायमा देखिने प्रमुख रोगहरु ४६
तालिका २.२४: नगरपालिकामा देखा परेका प्रमुख रोग र तिनको उपचार सम्बन्धी विवरण ४६
तालिका २.२५: खानेपानी स्रोतको विवरण ४७
तालिका २.२६: शौचालयको अवस्था ४८
तालिका २.२७: फोहरमैला व्यबस्थापन गर्ने प्रकृतीका आधारमा परिवार संख्या ४९
तालिका २.२८: सरकारी सार्वजनिक जग्गाहरुको विवरण ५०
तालिका २.२९: सामुदायिक वन क्षेत्र सम्बन्धी विवरण ५२
तालिका २.३०: महालक्ष्मी नगरपालिकामा विपद्को अवस्था (२०१७ देखि २०२२) ५४
तालिका २.३१: मुख्य सडकहरु ५५

तालिका २.३२: पुल तथा कल्भर्ट सम्बन्धी विवरण ५७
तालिका २.३३: खाना पकाउने इन्धनको किसिम सम्बन्धी विवरण ५८
तालिका २.३४: विद्युत सेवा उपलब्ध परिवार ५९
तालिका ३.१ आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरू ६८
तालिका ४.१: कृषी र पशुपंक्षी उपक्षेत्रको विकासको लागि लिइएका रणनीति र कार्यनीति ७६
तालिका ४.२: कृषी तथा पशुपन्छी उपक्षेत्रको लागि कार्यक्रम तथा आयोजना ७८
तालिका ४.३: सिंचाईको विकासका लागि रणनीति तथा कार्यनीति ८२
तालिका ४.४: सिंचाईको विकासको लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना ८४
तालिका ४.५: पर्यटन, संस्कृति र सम्पदा विकासको रणनीति तथा कार्यनीतिहरू ८७
तलिका ४.६: पर्यटन, संस्कृति तथा संपदा विकासको लागि लिईएको कार्यक्रम तथा आयोजना८८
तालिका ४.७: उधोग, ब्यापार, व्यवसाय तथा आपूर्ति उपक्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ९४
तालिका ४.८: उधोग, ब्यापार, व्यवसाय तथा आपूर्ति उपक्षेत्रको विकासका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना ९५
तालिका ४.९: श्रम रोजगारी र सामाजिक सुरक्षाका लागि लिइने रणनीति तथा कार्यनीति ९८
तालिका ४.१०: श्रम रोजगारी र सामाजिक सुरक्षाका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना ९९
तालिका ५.१: स्वास्थ्य तथा पोषणको सुधारको लागि लिइने रणनीति तथा कार्यनीतिहरू १०१
तालिका ५.२ : स्वास्थ्य तथा पोषण विकास सम्बन्धि कार्यक्रम तथा आयोजना १०२
तालिका ५.३ शिक्षा, विज्ञान तथा नवप्रबर्तनका लागि लिइने रणनीति तथा कार्यनीति १०५
तालिका ५.४: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना १०७
तालिका ५.५: खानेपानी तथा सरसफाईका लागि लिइने रणनीति तथा कार्यनीति १११
तालिका ५.६: खानेपानी तथा सरसफाईका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना ११२
तालिका ५.७: महिला, बालबालिका तथा लक्षित वर्गको विकासका लागि लिइने र०ानीति तथा कार्यनीतिहरू ११६
तालिका ५.८: महिला, बालबालिका तथा लक्षित वर्गको विकासका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना ११८
तालिका ५.९: युवा तथा खेलकुदको विकासका लागि लिइएको रणनीति तथा कार्यनीतिहरू १२१
तालिका ५.१०: युवा तथा खेलकुद विकासका कार्यक्रम तथा आयोजनाहरू १२२
तालिका ६.१: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको विकासका लागि लिइने रणनीति तथा कार्यनीतिहरू १२५
तालिका ६.२: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजनाहरू १२६
तालिका ६.३: सडक, पूल तथा यातायात क्षेत्रको विकासका लागि लिइएका रणनीति तथा

कार्यनीति १२८
तालिका ६.४: सडक, पूल तथा यातायातको विकास लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना १३०
तालिका ६.५: जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा रणनीति तथा कार्यनीतिहरू १३७
तालिका ६.६: जलश्रोत, विद्युत तथा बैकल्पिक, उर्जा विकासका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना १३८
तालिका ६.७: सुचना, सञ्चार तथा प्रविधीको विकासका लागि दिइने रणनीति तथा कार्यनीतिहरू १४०
तालिका ६.८: सुचना, सञ्चार तथा प्रविधीको विकासका लागि दिइने कार्यक्रम तथा आयोजना १४१
तालिका ७.१: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका रणनीति तथा कार्यनीति १४३
तालिका ७.२: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका कार्यक्रम तथा आयोजना १४६
तालिका ७.३: भू-संरक्षण तथा जलाधार व्यवस्थापनका लागि लिइने रणनीति तथा कार्यनीतिहरू १४८
तालिका ७.४: भू-संरक्षण तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित कार्यक्रम तथा आयोजना १४९
तालिका ७.५: वातावरण तथा फोहोरमैला व्यवस्थापनका लागि लिइने रणनीति तथा कार्यनीतिहरू १५१
तालिका ७.६: वातावरण तथा फोहोरमैला व्यवस्थापनका लागि कार्यक्रम तथा आयोजना १५२
तालिका ७.७: विपद् जोखिम न्यनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका लागि रणनीति तथा कार्यनीतिहरू १५४
तालिका ७.८: विपद् जोखिम न्यनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका लागि निधारण गरिएका कार्यक्रम अत आयोजना १५५
तालिका ८.१: संस्थागत विकास तथा सुशासनका रणनीति र कार्यनीतिहरू १५९
तालिका ८.२: संस्थागत विकास तथा सुशासनका लागि निर्धारण गरिएको कार्यक्रम तथा आयोजना १६१
तालिका ९.२: विषय क्षेत्र अनुसार कुल प्रस्तावित बजेट १६८
तालिका ९.३: बजेटको स्रोत अनुसार प्रक्षेपण १७०
तालिका ९.५: आयोजना बैंकको रणनीति तथा कार्यनीति १७७

# चित्र सूची


| | |
|---|---|
| चित्र १.१: विभिन्न योजनाहरू बीचको अन्तरसम्बन्ध | ८ |
| चित्र १.२: संघ, प्रदेश र स्थानीय तहको आवधिक योजनाहरू बीच अन्तरसम्बन्ध | ९ |
| चित्र १.३: आवधिक विकास योजना तर्जुमाको लागि अवलम्वन गरिने विधि तथा प्रकृयाहरू | १३ |
| चित्र २.१ : भू- उपयोग तथा भू–आवरण | २१ |
| चित्र २.२: घरधुरी र जनसंख्या सम्बन्धी विवरण | २४ |
| चित्र २.३: मातृभाषाको आधारमा  परिवारसंख्या विवरण | २५ |
| चित्र २.४: खाद्यान्नको अवस्था सम्बन्धी विवरण | २९ |
| चित्र २.५: संस्कृति तथा पर्यटन स्थल | ३५ |
| चित्र २.६: शैक्षिक संस्थाहरु सम्बन्धी विवरण | ४२ |
| चित्र २.७: खानेपानी स्रोतको अवस्था | ४८ |
| चित्र २.८: सडक सञ्जालको विद्यमान अवस्था | ५६ |
| चित्र २.९: खाना पकाउने इन्धनको किसिम सम्बन्धी विवरण | ५८ |
| चित्र २.१०: नगरपालिकाको संगठनात्मक ढाँचा | ६१ |
| चित्र ९.१: नगरपालिकाको संगठनात्मक ढाँचा | १६५ |
| चित्र ९.२: विषय क्षेत्र अनुसार अनुमानित बजेट | १६९ |

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभुमि

संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरूको लागि नेपालको संविधान २०७२ ले आ-आफ्नो अधिकार र कार्य क्षेत्र तोकेको छ । राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी स्थानीय तहले एकल रूपमा संपन्न गर्ने र साझा रूपमा संपन्न गर्ने अधिकार संविधानको अनुसुची ८ र ९ मा क्रमशः उल्लेख गरिएका छन् । स्थानीय तह अन्तर्गत गाँउपालिका र नगरपालिका रहेका छन् । संविधानले गाँउपालिका र नगरपालिकालाई आफ्ना अधिकार क्षेत्र भित्रको प्राकृतिक र अन्य आर्थिक स्रोत संकलन र परिचालनका लागि जिम्मेवार बनाएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी बित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४ जस्ता कानूनहरूले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएको छ भने अर्कोतिर नगरपालिका तथा नगरपालिकाहरूलाई स्थानीयस्तरको विकासका लागि आफ्नो एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न निर्देशित गरेको छ । स्थानीय तहहरूबीच भौगोलिक विविधता छ । प्राकृतिक स्रोतको शम्भाव्यता, सामाजिक, आर्थिक विकासका लागि आवश्यक पूर्वाधारहरूको उपलब्धता तथा संस्थागत क्षमतामा पनि प्रसस्त भिन्नता रहेको छ । यी विविधता र भिन्नताहरूलाई संवोधन गर्दै स्थानीय तहलाई आफ्नो क्षेत्रको आर्थिक, सामाजिक र पूर्वाधार विकासका लागि योजना बनाई कार्यान्वन गनुपर्ने जिम्मेवारी दिइएको छ । सो जिम्मेवारी पूरा गर्न स्थानीय तहले आ-आफ्नो क्षेत्रको समस्टिगत विकासका लागि आवश्यक आवधिक योजना वनाउनु पर्ने कानुनी प्रावधान रहेको छ ।

स्थानीय तहले तर्जुमा गर्ने योजनाहरू बीच अन्तरसम्बन्ध कायम गर्न, योजना तर्जुमा प्रक्रियामा एकरूपता कायम गर्न र स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा मार्गदर्शन गर्न नेपालसरकारले स्थानीयतहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन, २०७५ जारी गरेको थियो । उल्लेखित दिग्दर्शन कार्यान्वयनको क्रममा प्राप्त भएका अनुभव तथा यस अवधिमा परिवर्तन भएका नीतिगत र कानूनी व्यवस्थासमेतको आधारमा स्थानीयतहको योजनातर्जुमा प्रक्रियालाई थपव्यवस्थित र समसामयिक बनाउने उद्देश्यले राष्ट्रिय योजना आयोगले स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तयार गरी जारी गरेको छ ।

संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी सहभागितामूलक र समावेशी प्रक्रियाबाट बिद्यमान सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौति विश्लेषण गरी दीर्धकालीन सोंच, समष्टिगत लक्ष्य, बिषय क्षेत्रगत उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रमहरू र

आवश्यक श्रोत प्रक्षेपण सहित यो प्रथम आवधिक योजना (२०७९/०८०- २०८३/०८४) तर्जुमा गरिएको छ । योजना तर्जुमा सम्बन्धी यस अघि भए गरेका प्रयास एवं अभ्यास, नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय योजना आयोगबाट प्रकाशित स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, विभिन्न ऐन, नियमले गरेको ब्यवस्था तथा स्थानीय बस्तुस्थिति एवं आवश्यकताको आधारमा यो आवधिक योजना तर्जुमा गरिएको छ ।

## १.२ आवधिक योजनाको आवश्यकता र औचित्य

स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्ने कुरालाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरको छ । सोही व्यवस्था अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तर सुधार, रोजगारीको बृद्धी, उच्च जनसहभागिता, लक्षित वर्ग हित, दीगो विकास र भाषिक तथा साँकृतिक जगेर्ना जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ । यस ऐनले विभिन्न क्षेत्रमा योजनावद्ध ढङ्गले योजना तर्जुमा गर्ने सन्दर्भमा संवन्धित सरोकारवालहरूसंग समन्वय गर्ने, सञ्चालन गर्ने, अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी समेत स्थानीय सरकारलाई तोकेको छ ।

हाम्रो जस्तो स्रोत साधनको अभाव रहेको र विकासको चाहना र आवश्यकता अत्यधिक रहेको देशमा सीमित स्रोत साधनलाई अधिकतम प्रतिफल प्राप्त गर्ने क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता छ । यसको लागि बजारले मात्र सम्पूर्ण स्रोत साधनको उचित परिचालन गर्न सक्दैन । खासगरी जनतालाई पुऱ्याउनु पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी, सुरक्षा, भौतिक पूर्वधार निर्माणका साथै कृषि क्षेत्रको विकास, रोजगारीको श्रृजना, गरीबी निवारण, सन्तुलित र समावेशी विकास जस्ता विषयहरू राज्यको दायित्व भित्र पर्दछन् । तसर्थ, उपलब्ध सीमित स्रोत साधनको उपयोग गरी राज्यको दायित्व भएका उल्लेखित क्षेत्रमा लगानी गर्नु आवश्यक छ ।

आवधिक विकास योजनाबाट नगरपालिकाको वास्तविकता थाहा हुन्छ । कहाँ, कुन क्षेत्रमा के, कस्ता समस्या तथा मुद्दाहरू छन ? के गर्ने ? कसले गर्ने ? कहिले गर्ने ? के का लागि गर्ने ? कहाँ गर्ने ? कति साधन र स्रोतमा गर्ने? जस्ता प्रश्नहरूको सम्बोधनका लागि के-कस्ता रणनीति, कार्यनीति, कार्यक्रम तथा योजना कार्यान्वयन गर्नु पर्दछ, सोको खाका योजनाको माध्यमबाट जानकारी प्राप्त हुन्छ । यसबाट स्थानीयबासीलाई विकासको यथार्थता वुझाउन सजिलो हुन्छ ।

नेपालमा योजनाबद्ध विकासको प्रारम्भ वि.सं.२०१३ देखि भएको पाईन्छ । अर्थतन्त्रका तीन क्षेत्र - सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको आ-आफ्नो र संयुक्त प्रयासबाट मात्र देशको तीव्र विकास सम्भव हुन्छ । विश्वव्यापी रूपमा आएको उदारीकरणको लहर अनुरूप नेपालले पनि आठौं

योजनादेखि उदार अर्थतन्त्रको अवधारणा अवलम्बन गरिए अनुरूप आठौं योजनादेखि निजी क्षेत्र समेतको व्यापक सहयोगमा योजना निर्माण कार्य प्रारम्भ भयो । समग्र विकासमा राष्ट्रका तीनै क्षेत्रको प्रयासलाई उपयोग गर्नेगरी योजना तर्जुमा र विकासमा जनताको अपनत्व वृद्धि गर्ने र विकासलाई दिगो बनाउन जनसहभागीता मूलक योजना तर्जुमाको आवश्यकतालाई जोड दिईएको छ । यसका साथै वैदेशिक लगानीलाई आकर्षण गर्न समेत योजना तर्जुमाको अभ्यास गरिन्छ । आवधिक योजना को औचित्यलाई तलको बुँदामार्फत् थप स्पष्ट पार्न सकिन्छ:

- सिमित स्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्न;
- सामाजिक तथा आर्थिक विकासमा तीव्रता ल्याउन;
- विगतको उपलब्धि र गति समीक्षा गर्दै आगामी दिनको नतिजा आँकलन गर्न;
- नतिजामुखी विकास पद्धतिको अवलम्वन र प्रवर्द्धन गर्न;
- विकास प्रक्रियामा सरोकारवाला विशेष गरी जोखिममा रहेका वर्गको संलग्नता र जवाफदेहीता वृद्धि गर्न;
- समाजलाई विकास र समृद्धितर्फ अग्रसर गराउन;
- विपद् जोखिम संवेदनशीलता तथा उत्थानशीलतालाई विकास प्रक्रियाको मूल प्रवाहमा ल्याउन;
- नागरिकहरूको विश्वास अभिवृद्धि गर्न;
- स्थानीय आर्थिक विकासको माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन र
- लैङ्गिक उत्तरदायी बजेटको माध्यमबाट सामाजिक रूपान्तरण गर्न ।

## १.३ आवधिक योजनाका उद्देश्यहरू

योजना तर्जुमा गर्दा वृहत राष्ट्रिय दृष्टिकोणलाई स्थानीय स्तरमा समेत प्रतिविम्वित गराई महालक्ष्मी नगरपालिकाको समग्र विकास कार्यलाई सन्तुलित, समावेशी एवं नतिजामुखी बनाउन मार्गदर्शन प्रदान गर्नु यस आवधिक विकास योजनाको मुख्य उद्देश्य रहेको छ । यसका अन्य विशिष्ट उद्देश्यहरू निम्न छन्:

(क) योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु;

(ख) स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु;

(ग) विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु;

(घ) सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु; र

(ङ) नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु ।

## १.४ स्थानीय तहको योजना तर्जुमा सम्बन्धी संवैधानिक, नीतिगत र कानूनी व्यवस्था

नेपालको संविधान, सङ्घीय, प्रादेशिक तथा स्थानीय नीति तथा कानूनहरू स्थानीय तहको योजना तर्जुमाका प्रमुख आधारहरू हुन् । स्थानीय तहको योजनासँग सम्बन्धित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाको संक्षिप्त विवरण देहायअनुसार रहेको छ :

### १.४.१ नेपालको संविधान

नेपालको संविधानको धारा ५९ मा सङ्घ, प्रदेश र स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा योजना तयार गर्ने व्यवस्था रहेको छ । संविधानको अनुसूची ८ र ९ ले निर्धारण गरेको अधिकारक्षेत्र सहित मौलिकहक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेटिएका विषयहरू स्थानीयतहको योजना तर्जुमाका आधारहरू हुन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगोशान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने संवैधानिक अपेक्षा बमोजिम समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने संविधानमा उल्लिखित राज्यका आर्थिक उद्देश्यले समेत स्थानीय आवधिक योजना तर्जुमालाई दिशानिर्देश गर्दछ । तसर्थ स्थानीयतहले विकास योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित मौलिकहक, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचीमा रहेको व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

### १.४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागू गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, स्थानीय आर्थिक विकास, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने व्यवस्थासमेत यस ऐनले गरेको छ ।

### १.४.३ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीयतहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, खर्चको आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ । यसका साथै सङ्घ र प्रदेशले स्थानीयतहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा समानीकरण अनुदान, सङ्घ, प्रदेश वा स्थानीयतहको कुनै योजना कार्यान्वयन गर्न सशर्त

अनुदान, स्थानीयतहको पूर्वाधार विकास सम्बन्धी आयोजना कार्यान्वयन गर्न स्थानीय तहसँग लागत साझेदारीका लागि समपूरक अनुदान र कुनै उद्देश्य प्राप्त गर्न खास आयोजना तथा कार्यक्रम सञ्चालनको लागि विशेष अनुदान लगायत अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था यस ऐनले गरेको छ । ऐनले नेपालसरकार, प्रदेशसरकार र स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने व्यवस्था पनि गरेको छ । तर प्रदेश सरकार र स्थानीयतहले आन्तरिक ऋणलिनु अघि नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ

### १.४.४ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

स्थानीयतहले योजना तर्जुमा गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम प्राकृतिक स्रोतको परिचालनका आधार, राजस्व बाँडफाँडका आधार, अन्तरसरकारी वित्तीय हस्तान्तरणका आधार लगायतका प्रावधान अनुरूप आयोगले समय-समयमा गरेका सिफारिसलाई ध्यानमा राखी स्रोत साधनको अनुमान र प्रक्षेपण गर्नुपर्दछ । अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, समपूरक अनुदान र विशेष अनुदान र स्थानीय तहको कर तथा गैरकरबाट प्राप्त हुने आय स्थानीय तहको योजना तर्जुमाको प्रमुख वित्तीय स्रोतको रूपमा रहेको छ ।

### १.४.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि सङ्घ, प्रदेश र स्थानीय तहको समेत कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तह समेतको स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने हुँदा सबै नगरपालिका तथा नगरपालिकाले तीन आर्थिक वर्षको स्रोत अनुमान गरी मध्यमकालीन खर्च संरचना तयार गर्नु आवश्यक देखिन्छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत वित्त खाका, नतिजा खाका र बजेट खाका समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । साथै यस नियमावलीले राष्ट्रिय योजना आयोगले प्रदेश र स्थानीय तहमा आयोजना बैङ्कको स्थापना गर्न तथा आयोजनाको पहिचान मूल्याङ्कन, छनौट र प्राथमिकीकरण गर्न आवश्यक सहजीकरण गरीदिन सक्ने व्यवस्था गरी स्थानीय तहमा आयोजना बैङ्कको आवश्यकतालाई समेत औंल्याएको छ ।

### १.४.६ संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धी ऐन, २०७७

संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धमा व्यवस्था गर्न बनेको

ऐन, २०७७ को परिच्छेद ३ को दफा १३ मा राष्ट्रियस्तर वा महत्वका आयोजना, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजना र जटिल प्राविधिक क्षमता र ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा सङ्घले गर्ने व्यबस्था रहेको छ । प्रदेश भित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्ने तथा स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने व्यवस्था छ । साथै स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यबस्था र कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने तथा स्थानीय तहको अधिकार सूची र कार्य जिम्मेवारीमा पर्ने विषयमा नीति, कानून तथा योजना तर्जुमा र कार्यान्वयन गर्दा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्ने व्यवस्था रहेको छ ।

ऐनको दफा ८ मा स्थानीय तहको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै परियोजना दुई वा दुईभन्दा बढी स्थानीय तहले कानून बनाइ संयुक्त रूपमा कार्यान्वयन वा सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । ऐनको दफा २२ मा सङ्घ र प्रदेशका सम्बन्धित विषयको कार्य क्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तह बीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन विषयगत समितिको व्यबस्था गरिएको छ । विषयगत समितिमा नेपालको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका सम्बन्धित विषयको कार्य क्षेत्र रहेका मन्त्री र अध्यक्षले तोकेको स्थानीय तहको एकजना प्रमुख वा अध्यक्ष सदस्य रहनेछन् । विषय क्षेत्रसँग सम्बन्धित नीति, कानून तथा योजना तर्जुमा गर्दा प्रदेश तथा स्थानीय तहसँग परामर्श गर्ने र क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरूपता, निरन्तरता एवम् गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति तथा रणनीतिहरूको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने जिम्मेवारी समितिको रहेको छ ।

### १.४.७ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको दफा १७ मा राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय र प्रदेश कार्यकारी समिति र स्वीकृत क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरूप स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न प्रत्येक स्थानीय तहले अध्यक्ष वा प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यबस्था रहेको छ । समितिले भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवन संहिता लगायत स्वीकृत निर्देशिका र मापदण्ड पालना गराउने, बजेट विनियोजन गर्न लगाउने, सरकारी, गैरसरकारी, निजी, सामुदायिक संस्थाको समन्वय र संलग्नतामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने, विपद्सँग सम्बन्धित तथ्याङ्क विवरण तयार गर्ने र स्थानीयस्तरमा आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने लगायतका कार्यहरू गर्नुपर्ने व्यबस्था ऐनले गरेको छ ।

### १.४.८ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति

स्थानीय तहले योजना तर्जुमा गर्दा राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरूलाई समेत ध्यान दिनु आवश्यक हुन्छ । यस अन्तर्गत राष्ट्रिय भू-उपयोग नीति २०७२, विकास सहायता नीति २०७६, शिक्षा तथा स्वास्थ्य, शहरी विकास, कृषि, सिंचाई, वन तथा वातावरणसँग सम्बन्धित नीतिहरू प्रमुख रूपमा रहेका छन् ।

### १.४.९ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७

स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७ ले १० विषयगत क्षेत्रगत अन्तर्गत १०० वटा समग्र अवस्था, प्रक्रियागत अवस्था र परिमाणात्मक अवस्था दर्शाउने सूचकहरू निर्धारण गरेको छ । आवधिक योजन तर्जुमा गर्दा यी सूचकहरू कार्यान्वयन हुने सुनिश्चिता गर्नुपर्दछ ।

### १.४.१० प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७

नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगर्ने प्रतिवद्धता सहित नागरिकलाई समानताको हकको प्रत्याभूति गरेको छ । यसैगरी नेपाल महिला, बालबालिका, अपाङ्गता भएको व्यक्तिको अधिकार लगायतका अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएकाले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानूनी रूपमा स्वीकार गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत व्यक्त गरेको छ । नेपाल सरकारका सबै विषयगत मन्त्रालयहरूले आर्थिक वर्ष २०६४/६५ देखि लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्दै आएका छन् र प्रत्येक मन्त्रालयले वार्षिक कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेट प्रणाली समावेश गरी तदनुरूप प्रतिवेदन समेत गर्ने गरेका छन् । नेपालको संविधान जारी भए पश्चात् सङ्घीय शासन प्रणाली अनुसार स्थापित प्रदेश तथा स्थानीय तहरूले संविधान तथा प्रचलित कानून बमोजिम वि.सं. २०७५ सालदेखि आफ्ना योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दै आएका छन् ।

### १.४.११ नेपालको पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१)

नेपालको पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) ले राज्यका तीनै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने रणनीति तय गरेको छ । नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गर्ने व्यबस्था गरेको छ । यसलाई कार्यान्वयनमा सहजीकरण गर्न नेपाल सरकार, अर्थ मन्त्रालयले प्रदेश सरकार तथा स्थानीय तहसँगको सहकार्यमा प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका तयार गरी जारी गरेको छ । यो निर्देशिकाले प्रदेश तथा स्थानीय तहमा विनियोजन गरिएका कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको महिला सशक्तिकरण र लैङ्गिक समानतामा गर्ने योगदानको

आधारमा वर्गीकरण गरी साङ्केतीकरण गर्नुपर्ने व्यवस्था गरेको छ । लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिले बजेट तयारीका समयमा विकसित गरिएका नीति तथा खर्च प्रस्तावबाट लाभग्राहीमा परेको प्रभाव मूल्याङ्कन गर्ने आधार प्रदान गर्दछ । साथै यसले महिला सशक्तीकरण तथा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने क्रियाकलापहरू समावेश गर्नुका साथै वर्गीकरण गरिएका क्रियाकलापहरूका लागि भएको विनियोजनका आधारहरूमा खर्चको अभिलेख राख्ने उद्देश्य राखेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी योजना तथा बजेट प्रणाली अबलम्बन गर्नुपर्नेछ ।

## १.५ स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरू बीचको अन्तरसम्बन्ध

स्थानीयतहले आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरुयोजना, आयोजना बैंङ्क, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ (चित्र १.१) ।




**चित्र १.१: विभिन्न योजनाहरू बीचको अन्तरसम्बन्ध**

स्रोत : राष्ट्रिय योना आयोग, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण र बालमैत्री, जलवायु परिवर्तन

अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्दछ। स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरू बीचको अन्तर सम्बन्ध देहायको चित्रबाट स्पष्ट गरिएको छ।

## १.६ संघ, प्रदेश र स्थानीय तहको आवधिक योजना बीचको अन्तरसम्बन्ध

सङ्घ, प्रदेश र स्थानीय तहका आवधिक योजनाहरू एक आपसमा अन्तर सम्बन्धित हुन्छन्। त्यसकारण स्थानीय तहले आवधिक योजना तर्जुमा गर्दा नेपाल सरकार र सम्बन्धित प्रदेश सरकारको आवधिक योजनासँग पनि तादम्यता कायम गर्नुपर्दछ। तहगत सरकारहरूले तर्जुमा गर्ने आवधिक योजना बीचको अन्तर सम्बन्धलाई तलको चित्रबाट स्पष्ट गरिएको छ (चित्र १.२)।




**चित्र १.२: संघ, प्रदेश र स्थानीय तहको आवधिक योजनाहरू बीच अन्तरसम्बन्ध**

स्रोत : राष्ट्रिय योजना आयोग, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

## १.७ स्थानीय तहको कार्यक्षेत्र तथा दिगो विकास लक्ष्य

नेपालको संविधान तथा कानूनहरूले स्थानीय तहमा प्रदान गरेको अधिकार र दिगो विकास लक्ष्य बीच बलियो सम्बन्ध रहेको पाइन्छ। स्थानीय स्तरमा महत्वपूर्ण सार्वजनिक सेवाहरूको प्रवाह र त्यसको निमित्त लगानी गर्ने कार्य स्थानीय तहको जिम्मेवारीमा पर्दछ। यी स्थानीय जिम्मेवारीहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ, कृषि, आधारभूत पूर्वाधार तथा सामाजिक समावेशीकरण एवम् संरक्षण प्रमुख रहेका छन्।

दिगो विकासका स्थानीयस्तरका लक्ष्यलाई स्थानीय तहको योजना तर्जुमाका बिभिन्न विषयगत समिति अनुरूप समूहकृत गर्नुपर्ने हुन्छ । स्थानीय तहमा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवम् संस्थागत विकास र सुशासन समितिहरूका क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुऱ्याउँछ । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विकासका यी पाँचै क्षेत्रमा प्रष्ट अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ (तालिका १.१) । स्थानीय तह विकास र राजनीतिक एकाईका अलावा एक सशक्त आर्थिक एकाई समेत हुन् ।

संविधानले नगरपालिका र नगरपालिकालाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमन सम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यी विषय दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चार वटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चार वटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) सम्बन्धित छ । नेपालको विकासमा भौतिक पूर्वाधार जस्तै स्थानीय सडक, यातायात, विद्युत, शहरी बिकास र बस्ती विकास एक महत्वपूर्ण क्षेत्रको रूपमा रहेको छ । सो अनुसार पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । दिगो विकासको चौथो आयाममा वातावरणीय दिगोपना पर्दछ । नेपालको सन्दर्भमा यसलाई वातावरण संरक्षण, जलवायु परिवर्तन, अनुकुलन र प्राकृतिक प्रकोप व्यवस्थापनको आयामको रूपमा हेरिनु पर्दछ । तथापी स्थानीय तहको वातावरणीय दिगोपना व्यवस्थापन सम्बन्धी खास भूमिका स्थानीय परिवेशमा भर पर्दछ । स्थानीय तहको कार्य क्षेत्रभित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहर मैला व्यवस्थापन साथै बिपद व्यवस्थापन विषय रहेका छन् । यी कार्य क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय तहले संघ र प्रदेशसँग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ (दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफ देहिता), लक्ष्य-१३ (जलवायु सम्बन्धी कार्य, लक्ष्य-१४ (समुद्रमुनिको जीवन) र लक्ष्य-१५ (जमिन माथिको जीवन) जोडिएका छन् । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत बिशेषः महत्व दिएको छ । दिगो विकास कार्य सूचीमा संस्थागत विकास तथा सुशासन सम्बन्धी विषय समेत समावेश भएका छन् जुन विषय दिगो विकास लक्ष्य १६ (शान्ति, न्याय, र सबल संस्था) र लक्ष्य १७ (विश्वव्यापी साझेदारी) सँग प्रत्यक्ष जोडिएका विषय हुन् ।

दिगो विकासको सन्दर्भमा सरकारका बिभिन्न तहहरूको संस्थागत क्षमता र कार्य क्षेत्रको सान्दर्भिकताको समेत लेखाजोखा गर्नुपर्ने हुन्छ । नेपालले सहकारी संघीयताको अवलम्बन गरेकाले दिगो विकास लक्ष्य हासिल गर्न सरकारका तीन वटै तहले आपसी सहकार्य र समन्वय गर्नु जरुरी छ । सामान्यतया संघ र प्रदेशको नीति निर्माण, मापदण्ड निर्धारण, वित्तीय हस्तान्तरणका साथै सापेक्ष रूपमा आर्थिक तथा पूर्वाधार विकासमा बढी भूमिका रहन्छ भने स्थानीय तह मूलत: स्थानीय विकास र स्थानीय सेवाका सम्वाहकको भूमिकामा केन्द्रित हुनु पर्दछ ।

**तालिका १.१: गाउँपालिका तथा नगरपालिकाको अधिकार तथा दिगो विकास लक्ष्य बीचको सम्बन्ध**

| क्र. सं. | दिगो विकास लक्ष्यका आयाम | स्थानीय तहको संवैधानिक अधिकार तथा कार्यदिशा (अनुसूची-८) | अधिकारको साझा सूची (अनुसूची-९) | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|
| १. | | २ सहकारी<br>१० स्थानीय बजार व्यवस्थापन<br>११ ग्रामीण सडक, कृषि सडक, सिचाई<br>१५ कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन,<br>१८ कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | १ सहकारी<br>४ कृषि<br>१० गरिबी निवारण<br>१३ सुकुम्बासी व्यवस्थापन | लक्ष्य १ गरीबीको अन्त्य लक्ष्य २ शून्य भोकमरी लक्ष्य ८ मर्यादित काम तथा आर्थिक वृद्धि लक्ष्य १० असमानतामा कमी |
| २. | सामाजिक विकास | ८ आधारभूत र माध्यमिक शिक्षा<br>९ आधारभूत स्वास्थ्य, सरसफाइ (ढल निकास) व्यवस्था<br>१६ ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन<br>१७ बेरोजगारको तथ्याङ्क संकलन<br>१९ खानेपानी<br>२२ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | २ शिक्षा<br>३ स्वास्थ्य<br>५ खानेपानी<br>१० सामाजिक सुरक्षा | लक्ष्य ३ राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन लक्ष्य ४ गुणस्तरीय शिक्षा लक्ष्य ५ लैङ्गिक समानता, लक्ष्य ६ स्वच्छ खानेपानी तथा सरसफाइ |
| ३. | पूर्वाधार विकास | ७ स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू,<br>११ स्थानीय सडक,<br>१४ घर जग्गा धनीपूर्जा | ५ विद्युत, सिंचाइ<br>१५ सवारी साधन अनुमति | लक्ष्य ७ धान्न सक्ने तथा स्वच्छ ऊर्जा, लक्ष्य ९ उद्योग, नवीन खोज तथा पूर्वाधार, लक्ष्य ११ दिगो सहर |

| क्र.सं. | दिगो विकास लक्ष्यका आयाम | स्थानीय तहको संवैधानिक अधिकार तथा कार्यदिशा (अनुसूची-८) | अधिकारको साझा सूची (अनुसूची-९) | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|
| | | वितरण,<br>१९ साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा | | तथा समुदाय |
| ४. | वातावरण व्यवस्थापन | ९ सरसफाइ (फोहरमैला व्यवस्थापन)<br>१० वातावरण संरक्षण र जैविक विविधता<br>२० विपद् व्यवस्थापन<br>२१ जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | ७ वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता<br>८ खानी तथा खनिज<br>९ विपद् व्यवस्थापन | लक्ष्य १२ दिगो उपभोग तथा उत्पादन लक्ष्य १३ जलवायु कार्य लक्ष्य १५ जमिन माथिको जीवन |
| ५. | संस्थागत विकास तथा सुशासन | १ नगर प्रहरी<br>३ एफ.एम (रेडियो) सञ्चालन<br>४ स्थानीय कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना<br>५ स्थानीय सेवाको व्यवस्थापन<br>६ स्थानीय तथ्यांक र अभिलेख संकलन<br>१२ नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन<br>१३ स्थानीय अभिलेख व्यवस्थापन | २ पत्रपत्रिका<br>६ कर, दस्तुर, दण्ड जरिवाना, रोयल्टी, सेवा शुल्क<br>११ व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाद दर्ता र तथ्याङ्क<br>१२क पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | लक्ष्य १६ शान्ति, न्यायपूर्ण तथा सबल संस्था लक्ष्य १७ बहुसरोकार साझेदारी |

स्रोतः राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यः स्थानीयकरण स्रोत पुस्तिका, २०७७

## १.८ आवधिक योजना तर्जुमा प्रक्रिया

यस नगरपालिकाको आवधिक विकास योजना तर्जुमा गर्दा निम्न अनुसारका विधि तथा प्रकृयाहरू अवलम्वन गरिएको थियो :




**चित्र १.३: आवधिक विकास योजना तर्जुमाको लागि अवलम्वन गरिने विधि तथा प्रकृयाहरू**

### १.८.१ योजना तयारी कार्यशाला गोष्ठी

आवधिक विकास योजना तर्जुमा पहिलो चरणमा नगर कार्यपालिकाको आयोजनामा कार्यपालिका पदाधिकारी, कर्मचारी र स्थानीय सरोकारवाला बीच आवधिक विकास योजना बारेमा साझा धारणा, योजना तर्जुमा प्रक्रिया, कार्ययोजना तयार र स्वीकृत गर्न २०७८ फाल्गुन १९ गते एक दिवसीय योजना तयारी कार्याशाला गोष्ठी आयोजना गरी कार्ययोजना तयार तथा स्वीकृत गरियो । नगर कार्यपालिकाका नगर प्रमुखज्यूको अध्यक्षतामा संचालन भएको कार्यशालामा उपमेयर, वडा अध्यक्ष समेत कार्यपालिकाका सदस्य, नगर कार्यपालिका कार्यालयका शाखा प्रमुख तथा वडा सचिवसमेत ३९ जनाको सहभागिता रहेको थियो । कार्यशालामा आवधिक विकास योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजनाबारे प्रस्तुती, जानकारी, छलफल र कार्ययोजना स्वीकृत गरिएको थियो । योजना तयारी कार्याशाला गोष्ठीमा सहभागी सदस्यहरूको सुची अनुसुची १ मा दिईएको छ ।

### १.८.२ अद्यावधिक स्थिति विश्लेषण

स्थानीय तहको आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहको वर्तमान आर्थिक, सामाजिक,

भौतिक पूर्वाधार, वातावरणीय र शासकीय सूचकहरूको अवस्थ के कस्तो रहेको छ त्यो स्पष्ट जानकारी हुने गरी तथ्याङ्क तथा विवरणहरू संकलन गरिएको थियो । तसर्थ, स्थानीय तहको जनसंख्या, गरिबी, बेरोजगारी/रोजगारी, कुल गार्हस्थल उत्पादन/प्रतिवक्ति, आय, सेवा सुविधाहरूको उपलब्धता, मातृ मृत्युदर, बाल मृत्युदर, औसत आयु, खानेपानी तथा सरसफाइ सुविधाको उपलब्धता, सडक, यातायात आदी विषयका तथ्याङ्क संकलन र विश्लेषण गरी स्थानीय तहको अद्यावधिक स्थिति तयार गरिएको थियो ।

वर्तमान स्थिति विश्लेषण गर्दा संघीय, प्रादेशिक र स्थानीय तहका आवधिक विकास योजना बीच राष्ट्रिय सरोकारका विषयहरू सम्बोधन गर्न सकिने सम्भावनाको विश्लेषण गरिएको थियो । जस्तै राष्ट्रिय गौरव र महत्वका कार्यक्रमका लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन बारे स्थानीय तहको भू-उपयोग योजनामा उल्लेख गरिएको थियो । प्रादेशिक योजनाका लागि आवश्यक जनशक्ति विश्लेषणबाट आवधिक योजनामा उल्लेख गरिनेछ । प्रादेशिक योजनाका लागि आवश्यक जनशक्ति विश्वलेषणबाट आवधिक योजनामा तयार गरिने लक्ष्यको कार्यान्वयन सुगमताबारे अनुमान गर्न सकिन्छ । राजनैतिक दलहरूको घोषणापत्रको विश्लेषणबाट योजना कार्यान्वयनमा राजनैतिक प्रतिबद्धता र प्राथमिकताका आयोजनाबारे एकीन गर्न सकिन्छ । पुनःसंरचना अघि र पछिको अवस्था विश्लेषणबाट नौला पक्षहरू उजागर भएको अवस्था पत्ता लाग्दछ ।

योजना तर्जुमा तथा कार्यान्वयनको मूलआधार भनेको जमिन हो । तसर्थ जमिनमा भू-धरातलीय स्वरूप, भू-उपयोग र भूस्वरूपमा परिवर्तनको अवस्था, जोखिम तथा संवेदनशील भू-क्षेत्रहरू, आर्थिक तथा सामाजिक र संरचनाको अवस्थिति, पूर्वाधार संरचनाको अवस्थिति, बस्ती विकास, प्राकृतिक श्रोत साधनको उपलब्धता र उपयोगको अवस्था, जोखिमयुक्त पूर्वाधार र वस्तीहरू लगायतका विषयहरूको विद्यमान अवस्थालाई नक्शामा चित्रण गरिएको थियो । यसरी जमिनको अवस्था नक्शामा चित्रण गर्ने कार्यको नतिजा नै **आधार नक्शा** हो । यही आधार नक्शाको आधारमा नगरको अवस्था पहिचान गरी कुन भौगोलिक तथा विषयगत क्षेत्रमा के कति परिमाणमा आयोजना तथा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्ने भन्ने कुराको यकिन गर्न सम्भव हुन्छ । भौतिक संरचना निर्माण हुने वा कुनै पनि आयोजना वा परियोजना कार्यान्वयन गरिने स्थान निर्धारण गर्ने आधार नै आधार नक्शा भएकाले स्थानीय तहको दीर्घकालीन, मध्यमकालीन र वार्षिक योजना तर्जुमा गर्दा वा यी योजना अन्तर्गत आयोजना तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व आधार नक्शा तयार गरिएको थियो । यस्तो नक्शा बनाउँदा बहुप्रकोप जोखिम विश्लेषण समेत गरिएको थियो ।

टोपो ग्राफिकल नक्शा तथा गुगल नक्सा प्रयोग गरी सहभागितामूलक नक्साङ्कन प्रक्रिया अनुसार सार्वजनिक तथा सामुदायिक स्रोत, पूर्वाधार, सम्पत्ति जस्तैः वनजङ्गल, नदीनाला, पोखरी, बजारक्षेत्र, सडक बाटो तथा पुल, सार्वजनिक स्थल, भूउपयोग, औद्योगिक तथा जोखिम संवेदनशील क्षेत्रको अवस्थिति, पहिचान र विवरण सङ्कलन गरिएको थियो । सहभागिता मूलक

नक्साङ्कन प्रक्रियाबाट सङ्कलित सूचना तथा विवरणको आधारमा भौगोलिक सूचना प्रणालीमा आधारित नक्सा तयार गरी सोको आधारमा वस्तुस्थिति विश्लेषण, आयोजना तथा कार्यक्रम स्थानगत अवस्थिति निर्धारण र स्थानगत नक्साङ्कन गरिएको थियो ।

### १.८.३ तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण

योजनाको लागि चाहिने विभिन्न विषयगत क्षेत्रहरूको तथ्याङ्क प्राथमिक तथा द्वितीय श्रोतबाट सङ्कलन गरिएको थियो । प्राथमिक श्रोतबाट तथ्याङ्क सङ्कलनका लागि घरपरिवार सर्भेक्षण, सहभागितामूलक छलफल, नक्साङ्कन तथा जानकार व्यक्ति अन्तर्वार्ता आदि विधिको उपयोग गरिएको थियो । द्वितीय श्रोतबाट तथ्याङ्क सङ्कलनका लागि संस्थागत सर्भेक्षण तथा दस्तावेज अध्ययन जस्ता विधिको अवलम्बन गरिएको थियो । तथ्याङ्क सङ्कलन गर्दा विपद्‌बाट हुन सक्ने क्षति, जलवायु परिवर्तनको असर, ऐतिहासिक तथ्य तथा विवरण र क्षमता लगायत विपद् तथा जलवायु जोखिमसँग सम्बन्धित विषयहरू समेत समावेश गरिएको थियो । धार्मिक स्थल तथा पर्यटनसम्बन्धी तथ्यांकहरु समेत संकलन गरिएको थियो । तथ्याङ्क सङ्कलन सम्बन्धी औजारमा लैङ्गिक तथा सामाजिक रूपले खण्डीकृत तथ्याङ्क उपलब्ध हुने सूचक समावेश गरिएको थियो । गुणात्मक तथ्याङ्कलाई विवरणात्मक तथा तार्किक रूपमा र परिमाणात्मक तथ्याङ्कलाई गणितीय तथा तथ्याङ्कशास्त्रीय विधिको उपयोग गरी विश्लेषण सहित प्रस्तुत गरिएको छ । यस्तो विश्लेषण गर्दा वर्तमान अवस्था कस्तो छ ? यो अवस्था निरन्तर रहन सक्छ कि सक्दैन ? अवस्थालाई निरन्तरता दिन के गर्नुपर्ने देखिन्छ ? त्यसको लागि आवस्यक तथ्याङ्कहरू उपलब्ध छन कि छैनन् ? योजना सञ्चालन पश्चात आएको परिर्वतनलाई कसरी मापन गर्ने ? आदी कुरामा ध्यान दिइएको थियो । तथ्याङ्क संकलनका लागि प्रयोग गरिएको चेक लिष्टहरू अनुसुची २, ३ र ४ मा दिईएको छ ।

### १.९.४ सम्भाव्य स्रोतको पहिचान र प्रक्षेपण

योजना तर्जुमा प्रक्रियामा वित्तीय स्रोतको सुनिश्चितता सबैभन्दा महत्वपूर्ण पक्ष हो । वित्तीय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कार्यान्वयन प्रभावकारी हुन र सोबाट अपेक्षित उपलब्धि हासिल हुन सक्दैन । तसर्थ योजना तर्जुमा गर्दा वित्तीय स्रोत साधनको यथार्थपरक विश्लेषण हुनुपर्दछ । आवधिक योजना अवधिमा उपलब्ध हुनसक्ने सम्भाव्य स्रोतको आकलन तथा विश्लेषण गर्दा आन्तरिक र बाह्य श्रोतबाट प्राप्त हुनसक्ने आयका अतिरिक्त निजी, गैरसरकारी, सहकारी र समुदाय लगायत सबै सरोकारवालाबाट लगानी हुनसक्ने स्रोतहरू समेतको आकलन गरी योजनामा उपलब्ध हुनसक्ने कुल स्रोतको प्रक्षेपण गरिने छ । स्थानीय तहलाई उपलब्ध हुने स्रोत साधनको बारेमा नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्पष्ट व्यवस्था गरेको छ ।

स्थानीय तहको वित्तीय अधिकार र उपलब्ध हुने स्रोतको बारेमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकार वित्त व्यवस्थापन ऐनले स्पष्ट गरेको छ । योजना

अवधिको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोत साधनको विश्लेषण गर्दा संविधानतः स्थानीय तहको राजस्व अधिकारका क्षेत्रबाट परिचालन हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अन्तर सरकारी वित्तीय हस्तान्तरण, आन्तरिक ऋण, जनसहभागिता र अन्य स्रोतहरूबाट प्राप्त हुन सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण गरिएको थियो । सम्भाव्य स्रोतको अनुमान तथा प्रक्षेपण गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६ मा व्यवस्था भएको वार्षिक योजना तथा बजेट तर्जुमाको लागि गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सहयोगमा निर्देशक समितिबाट गरियो ।

### १.८.५ सोंच, लक्ष्य, उद्देश्य र रणनीति निर्धारण कार्यशाला गोष्ठी

नगरपालिकाको आयोजनामा तथा प्राविधिक टोलीको सहजीकरणमा आवधिक योजना तर्जुमाका लागि विस्तृत कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा नगर विकासको दीर्घकालिन सोच (Vision) मा आधारित भई आवधिक योजनाको नतिजा तालिका (Results Framework), लक्ष्य (Goal), ध्येय (Mission), उद्देश्य (Objectives) तथा रणनीति (Strategies) हरूको निर्धारण, विषय क्षेत्रगत सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतिका बारेमा व्यापक छलफल गरिएको थियो । त्यस्तै अवलम्बन गर्नुपर्ने विषय क्षेत्रगत रणनीति (Sectoral Strategies) तय गर्ने कार्य पनि सम्पन्न गरिएको थियो । गोष्ठीमा नगर कार्यपालिकाका पदाधिकारी, विषयगत योजना समितिका पदाधिकारी, विषयगत शाखा र सेवा केन्द्र तथा इकाईका प्रमुख तथा सम्बन्धित कर्मचारी र समाज सेवीको उपस्थिति रहेको थियो । गोष्ठीमा वस्तुस्थिति विवरण, आधार सूचना तथा विषयगत वस्तुस्थिति विश्लेषण कार्यशालाबाट प्राप्त विवरणको आधारमा योजनाको नतिजा तालिका (नतिजा श्रृंखला तथा सूचक, आधार रेखा सूचना, भौतिक लक्ष्य, पुष्ट्याइँका आधार), कार्यान्वयन योजना (अपेक्षित नतिजा हासिल गर्न आवश्यक नविन तथा प्रमुख आयोजना कार्यक्रम, भौतिक लक्ष्य, आवश्यक स्रोत अनुमान र स्थानगत तथा कार्यक्रमको विवरण, विषय क्षेत्रगत अपेक्षित प्रतिफल हासिल गर्न अवलम्बन गर्ने कार्यनीति) तर्जुमा गरिएको थियो । यसका साथै कार्यशालामा आवधिक योजनाको अवधिमा नगरपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँडबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समेत अन्य विभिन्न स्रोतबाट प्राप्त विगतको स्रोतको आधारमा आगामी ५ वर्षभित्र उपलब्ध हुन सक्ने श्रोत समेत अनुमान तथा प्रक्षेपण गरिएको थियो । कार्यशालामा योजनाको नतिजा खाकामा आधारित भई प्रस्तावित प्रमुख आयोजनाको प्रक्रिया अनुगमन, प्रतिफल, असर तथा प्रभावको नतिजा अनुगमन तथा लेखाजोखाको खाँका समेत प्रस्तुत तथा छलफल गरिएको थियो । यस कार्यशाला गोष्ठीमा सहभागी सदस्यहरूको सुची अनुसुची ५ मा दिईएको छ ।

### १.८.६ समस्या विश्लेषण

वित्तीय स्रोतको विश्लेषण पछि स्थानीय तहलाई योजना अवधिभरमा परिचालन हुनसक्ने स्रोत परिमाण बारे नजिकको अनुमान प्राप्त भएको थियो । यसरी प्राप्त भएको संभाब्य स्रोतको

आधारमा विकासका महत्वपूर्ण क्षेत्रहरूमा प्राथमिकताका साथ लगानी केन्द्रित गर्नका लागि प्रत्येक क्षेत्रका चुनौती/समस्याका कारण र अवसरहरूको पहिचान गरी क्षेत्रगत लक्ष्य तथा उद्देश्य निर्धारण गरिएको थियो । क्षेत्रगत लक्ष्य तथा उद्देश्यका आधारमा नीति र कार्यक्रम तय हुने हुँदा समस्या विश्लेषण गर्दा विशेष ध्यान पुऱ्याइएको थियो । यस्तो विश्लेषणका लागि सहभागिता मूलक पद्धतिमा आधारित समस्या विश्लेषणका औजारहरूको प्रयोग गरिएको थियो ।

### १.८.७ विषय क्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति र प्रमुख कार्यक्रम निर्धारण

स्थानीय तहको समग्र स्रोत साधनको आंकलन र त्यसको क्षेत्रगत बाँडफाँड पछि स्थानीय तहको विभिन्न विषय क्षेत्रगत योजना तर्जुमा गरिएको थियो । विषय क्षेत्रगत योजना तर्जुमा गर्दा सो क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम र नतिजा बारेमा उल्लेख गरिएको थियो । स्थानीय तहमा संलग्न सबै तहका समुदायको क्षमता समेतलाई ध्यानमा राखी विकल्पहरू उपलव्ध गराइ सहभागितात्मक विधिद्वारा उद्देश्यहरू तय गरिएको थियो ।

### १.८.८ मस्यौदा दस्तावेज तयारी तथा प्रस्तुतीकरण

वस्तुस्थिति विवरण र अन्य स्रोतबाट प्राप्त आधार सूचना, योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषय क्षेत्रगत योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त निष्कर्षलाई तर्कबद्धरूपमा लिपिबद्ध गरी आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरिएको थियो । आवधिक योजना दस्तावेज तयार गर्दा सन्दर्भ सामग्रीको रूपमा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, अन्य नगरपालिकाको योजना, साविक जिल्ला, नगरपालिका तथा गाउँ विकास समितिका आवधिक, विषय क्षेत्रगत गुरुयोजनाको प्रारूपलाई उपयोग गरिएको थियो । योजनाविद्, विषय विज्ञ तथा सरोकारवालाको समेत सुझाव लिई योजनाको मस्यौदा दस्तावेज तयार गरिएको थियो । स्थानीय तहको आवधिक योजना तर्जुमा दिग्दर्शन २०७८ ले तोकेको ढाँचा अनुसार सहभागितामूलक कार्यशाला, विषय विज्ञको सुझाब र परामर्शका आधारमा तयार योजनाको मस्यौदा दस्तावेजलाई नगरपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवाला माझ कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो, जसको विवरण अनुसुचिमा दिइएको छ ।

### १.८.९ एकीकृत योजना दस्तावेज तयारी, स्वीकृति र प्रकाशन

मस्यौदा दस्तावेज माथि उठेको प्रश्न तथा प्राप्त सुझावहरूलाई सम्बोधन गरी अन्तिम दस्तावेजको तयारी गरिएको थियो । प्रस्तुती, विषय क्षेत्र समूह तथा वृहत समूह छलफल र परामर्श गरी आवधिक योजनालाई पूर्ण बनाउन आवश्यक सुझाव लिन कार्यशालाको आयोजा गरिने छ । कार्यशाला तथा सरोकारवालाबाट प्राप्त सुझाब तथा पृष्ठ पोषणलाई समावेश गरी नगरपालिकाको आवधिक विकास योजनाको दस्तावेजलाई अन्तिम रूप प्रदान गरियो ।

## १.९ सीमा

यस आवधिक विकास योजना तर्जुमाका सीमाहरू निम्न बमोजिम रहेका छन् :

- आवधिक विकास योजना तर्जुमा क्रममा गरिने वस्तुस्थिति विश्लेषणको लागि आवश्यक आधार तथ्याङ्क तथा सूचनाको मुख्य श्रोतको रूपमा नगरपालिकाको वस्तुस्थिति विवरणलाई लिइएको छ । वस्तुस्थिति विवरणबाट उपलब्ध तथ्याङ्कलाई वडाहरूमा भएको सर्वेक्षणबाट सत्यतथ्य जाँच गरी प्राप्त तथ्याङ्कलाई आधिकारिक बनाउने प्रयास गरिएको छ । वडागत रूपमा उपलब्ध बिषय क्षेत्रगत तथ्याङ्क तथा सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ । यसका साथै संघ, प्रदेशका प्रकाशन तथा दस्तावेज लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ ।
- प्रदेशस्तरमा प्रदेश सरकारले प्रादेशिक योजना तर्जुमाको क्रममा रहेको हुँदा प्रादेशिक र संघीय सरकारका विषय क्षेत्रभित्रका साझा अधिकारका क्षेत्रभित्र पर्ने योजना तथा कार्यक्रम यकिन गर्न सकिने अवस्था भइनसकेको हुँदा यो आवधिक योजनाले समेटेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्थाभएतापनि यो अभ्यास पूर्ण रूपमा कार्यान्वयनमा आइसकेको अवस्था नहुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन ।
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा नगरपालिकाले उक्त श्रोत साधनको प्रक्षेपण गरि नसकेकोले योजना तर्जुमाको यथार्थ श्रोत साधनको प्रक्षेपण हुन सकेन र अनुमानित श्रोत मात्र प्रक्षेपण गरिएको छ ।

# परिच्छेद २: महालक्ष्मी नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय

### उत्पत्ति र नामाकरण

प्रदेश एकको धनकुटा जिल्लामा अवस्थित महालक्ष्मी नगरपालिका धनकुटाको उत्तरी भेगमा रहेको सुन्दर नगरी हो । धनकुटा जिल्लाका ७ वटा स्थानीय तह मध्ये एक माहालक्ष्मी नगरपालिका तत्कालिन साविकका ६ वटागाविसहरु मारेककटहरे, डाँडागाँउ, चानुवा, लेगुवा, अखौंलेजीतपुर र मुर्तिढुँगा समेटी महालक्ष्मी नगरपालिकाको रुपमा २०७३ साल फागुन २७ गते स्थापना भएको हो ।महालक्ष्मी नगरपालिकाको नामाकरण दुईवटा खोलासँग जोडिएको छ। नगरको मध्य भागबाट बग्ने लक्ष्मी खोला र दक्षिणी सीमाना भई बग्ने महामाया खोलाको नामबाट नगरपालिकाको नाम महालक्ष्मी नामाकरण गरिएको हो ।यहाँ विभिन्न धर्मका अनुयायीहरु जस्तै हिन्दु, बौद्ध र किचियनहरुको बसोबास रहेको छ । यहाँको मुख्य भाषा भनेको नेपाली हो, त्यस्तै लिम्बु, बान्तवा, मगर भाषा पनि बोलिने गर्दछ ।

## २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

### भौगोलिक अवस्थिति

महालक्ष्मी नगरपालिकाको पूर्वमा तेह्रथुम जिल्ला, पश्चिममा भोजपुर जिल्ला, उत्तरमा संखुवासभा जिल्ला र दक्षिणमा पाखिवास नगरपालिका र छथर जोरपाटी गाउँपालिका रहेका छन् । १२६.३ वर्ग कि.मी. कुल क्षेत्रफल रहेको यस महालक्ष्मी नगरपालिका ८७ डिग्री, ८ मिनेट देखि ८७ डिग्री, ३३ मिनेट पुर्वी देशान्तर र २६ डिग्री, ३५ मिनेट देखि २७ डिग्री, १९ मिनेट उत्तरी अक्षांससम्म फैलिएको छ । काठमाण्डौबाट ४७० कि.मि.दुरी पार गरेपछि महालक्ष्मी नगरपालिकामा पुग्न सकिन्छ । धनकुटा जिल्लाको सदरमुकाम धनकुटाबाट ३७ कि. मि.को दुरीमा यस नगरपालिकाको केन्द्र जितपुर बजार रहेको छ । महालक्ष्मी नगरपालिकाको बजारको पहुँच, सिंधुवा, रामबजार, पाखीवास, हिले, धनकुटा, तेह्रथुम, धरान, इटहरी, विराटनगर, चैनपुर, खाँदवारी आदीसँग रहेको छ । बजारसँगको सम्बन्धको आधार कृषि उपज, खाद्यान्न, लत्ताकपडा, औषधी, उपचार, स्वास्थ्य, शिक्षा रहेको छ ।यस नगरपालिकामा खेती योग्य उर्वर भूमिको साथै पशुपालन लगायत व्यापार व्यवशाय र उद्योगको प्रचुर सम्भावना रहेको छ ।यस नगरपालिकामा विभिन्न धर्म तथा जात जातीका मानीसहरु बसोबास गर्दछन । जसको आफ्नै मातृभाषा, भेषभुषा र रहनसहन छ । दशै, तिहार जस्ता राष्ट्रिय चाड पर्वका अलावा होली, गाइजात्रा, माघे सक्रान्ती, जनै पुर्णिमा, ल्होसार, ईद, क्रिसमस, आदि जस्ता पर्वहरु मनाइन्छ ।

### महालक्ष्मी नगरपालिकाको ढलान

महालक्ष्मी नगरपालिका ०.२३ डिग्री देखि ५६.६७ डिग्री सम्म फैलियको छ। यस नगरपालिकाको अधिकांस भु-भाग २० डीग्री देखि ३५ डिग्री भित्र रहेको देखिन्छ। भू स्खलनको दृष्टिकोणले पनि यस नगरपालिकाको केहिं भू-भाग जोखिमपूर्ण देखिन्छ।

**तालिका २.१: महालक्ष्मी नगरपालिकाको ढलानसम्बन्धी विवरण**

| क्र.सं. | ढलान | क्षेत्रफल (व.मी.) |
|---|---|---|
| १ | <१० | ७.८४८९ |
| २ | २० | ५४.११६१ |
| ३ | २०-३५ | ६२.१६७५ |
| ४ | ३५-४५ | ५.५३२३ |
| ५ | >४५ | ०.५१८४ |

### महालक्ष्मी नगरपालिकाको उचाईको अवस्था

महालक्ष्मी नगरपालिका समुन्द्र सतहदेखि सरदर २५० मिटर उचाइमा छ । नगरक्षेत्रको भौगोलिक संरचना हेर्दा धनकुटा जिल्लाकै सबैभन्दा अग्लो ठाँउ पटकेडाँडा २६९६ मि.,सबैभन्दा होचो स्थान दमारवेशी २५० मि.,औषत उचाई १४७३ मि. रहेको छ । तापक्रमको अवस्था अधिकतम २३.८३ सेन्टीग्रेड, न्युनतम ४.४६ सेन्टीग्रेड, औषत १४.१५ सेन्टीग्रेड रहेको छ । मुलत उष्ण कटिवन्धीय, न्यानो उपोष्ण, ठण्डा समशितोष्ण हावापानी पाइन्छ। यो क्षेत्रमा वर्षा पर्याप्त मात्रामा हुनेगरेको छ। अधिकतम वर्षा ४६८.९ मिलिमिटर, न्युनतम फाटफुट हुने गरेको छ। औषत वर्षा २३४.५ मिलिमिटर हुने गरेको छ।

### भू- उपयोग तथा भू–आवरण

महालमी नगरपालिकको कुल क्षेफल मध्ये सबैभन्दा ठूलो हिस्सा (५२.७१%) वनगंगलले ओगटेको छ भने सबैभन्दा कम हिस्सा (०.२६%) वालुवाले ओगटेको छ। जसलाई तलको तालिका २.२ मा प्रस्तुत गरिएको छ।

### तालिका २.२ : भू- उपयोग तथा भू–आवरण

| महालक्ष्मी नगरपालिका भु-उपयोग विवरण (२०७९) | | | |
|---|---|---|---|
| **क्र.सं.** | **भू-उपयोग** | **क्षेत्रफ वर्ग कि.मि.** | **प्रतिशतमा (%)** |
| १ | जङ्गल | ६८ | ५२.७१ |
| २ | कृषि | ४८.६४ | ३७.७० |
| ३ | झाडी/बुटयान | ७.२१ | ५.५९ |
| ४ | बस्ती | २.२१ | १.७१ |
| ५ | सडक | २.१७ | १.६८ |
| ६ | नदि | ०.४६ | ०.३६ |
| ७ | वालुवा | ०.३३ | ०.२६ |
| कुल क्षेत्रफल | | १२९.०२ | १००.०० |




### चित्र २.१ : भू- उपयोग तथा भू–आवरण

## राजनीतिक तथा प्रशासनिक संरचना

महालक्ष्मी नगरपालिका धनकुटा जिल्लाको तत्कालिन साविकका ६ वटा गाविसहरु मारेक कटहरे, डाँडागाँउ, चानुवा, लेगुवा, अर्खौले जितपुर र मुर्तिढुँगासमेटी महालक्ष्मी नगरपालिका बनाइएको हो । हाल यस नगरपालिकालाई ९ वटा वडामा विभाजन गरी प्रशासनिक कार्य सञ्चालन भईरहेको छ ।

**तालिका २.३: वडागत रुपमा राजनीतिक तथा प्रशासनिक संरचना विवरण**

| वडा नं. | समावेस भएका साविकका गा.वि.स.हरु | साविक वडा नं. |
|---|---|---|
| १ | मारेककटहरे | १–५ |
| २ | मारेककटहरे | ६–९ |
| ३ | डांडागांउ | १–९ |
| ४ | चानुवा | १–९ |
| ५ | लेगुवा | ४,६–८ |
| ६ | लेगुवा | १–३,५,९ |
| ७ | अर्खौले जितपुर | १–७ |
| ८ | अर्खौले जितपुर | ८,९ |
| | मुर्तिढुंगा | १,६,९ |
| ९ | मुर्तिढुंगा | २–५,७,८ |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## प्राकृतिक तथा साँस्कृतिक सम्पदा

प्राकृतिक रुपमा उपलब्ध वा प्रकृतिद्धारा नै निशुल्क प्रदान गरेका हरेक श्रोत तथा साधनहरु नै प्राकृतिक सम्पदा भनेर भन्न सकिन्छ । हाम्रो देश भौगोलिक तथा जैविक विविधताले भरिएको देश हो । धनकुटा जिल्लामा अवस्थित महालक्ष्मी नगरपालिका पनि प्राकृतिक सम्पदाले भरिएको क्षेत्र हो । यहाँ रहेका विभिन्न प्रकृति प्रदत्त उपहारले यस क्षेत्रको गरिमालाई अझ बढी उजागर गरेको छ ।

देशका अन्य भागमा जस्तै महालक्ष्मी नगरपालिकाका बासिन्दाहरुले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्नो जाति र धर्म विशेषका चाडपर्वहरु र रीतिरिवाजहरु मान्दछन् । महालक्ष्मी नगरपालिकामा हरेक धर्ममा पनि जाति विशेष चाडपर्वहरु फरक फरक तरिकाले मनाउने गरेको पाइन्छ । परम्परागत रुपमा मनाइने चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, राम नवमी, शिवरात्री, फागु पुर्णिमा, बुद्ध जयन्ति, नाग पञ्चमी, माघे संक्रान्ती, साउने संक्रान्ती, कृष्ण जन्माष्टमी, चैते दशैं, हरिशयनी एकादशी, हरिवोधनी एकादशी, कुशेऔंसी तथा अन्य चाडपर्वहरु परम्परागत रुपमा मनाइन्छ भने योमरी पुन्ही, गठे मंगल, ल्होसार, उधौली, उभौली आदि जाति विशेषमा मनाइने गरिन्छ । विशेषगरी महालक्ष्मी नगरपालिकामा मुख्य हिन्दु धर्मावलम्वीहरुले दशैं तथा तिहार पर्व विशेष रुपमा मनाउने गर्दछन् । दशैं तथा तिहार बाहेक महालक्ष्मी नगरपालिकाका बासिन्दाहरुले मातातिर्थ औंसी, बुद्ध जयन्ती, गुरुपुर्णिमा, साउने संक्रान्ती, नागपञ्चमी, रक्षा बन्धन, कृष्णअष्टमी, तीज, सोह्र श्राद्ध, धान्य पुर्णिमा, स्वस्थानी ब्रत, माघे संक्रान्ती, ल्होसार, श्रीपञ्चमी, महाशिवरात्री, फागुपुर्णिमा, चैते दशैं आदि पर्वहरु पनि मनाउँछन् ।

## २.२ जनसांख्यिक अवस्था

### जनसंख्या वितरणको अवस्था

नेपालका सबै स्थानिय निकायहरुलाई राज्य पुर्नसंरचना पश्चात संशोधन गरी जम्मा ७५३ वटा स्थानीय तह कायम गरिएको छ । जसअनुसार महालक्ष्मी नगरपालिका साविकका ६ वटा गाविसहरु  मारेककटहरे, डाँडागाँउ, चानुवा, लेगुवा, अर्खौले जीतपुर र मुर्तिढुँगा समेटी स्थापना भएको हो । महालक्ष्मी नगरपालिकाको वडागत आधारमा जनसंख्या सम्बन्धी अध्ययन गर्दा यहाँको कुल जनसंख्या २७,११३ रहेको छ , जसमा पुरुषको कुल जनसंख्या १३,९२२ रहेको छ भने महिलाको कुल जनसंख्या १३,१९१ रहेको छ र तेस्रो लिङ्गी २ जना रहेको तथ्याङ्कले देखाएको छ । तुलनात्मक रुपमा हेर्दा वडा नं. ७ मा अन्य वडामा भन्दा बढी जनसंख्या रहेको छ । यसैगरी वडा नं ३ मा सबैभन्दा कम जनसंख्या २,२१२ रहेको र जसमा पुरुष जनसंख्या १,१३६ र महिला जनसंख्या १,१७६ जना रहेको देखाएको छ । साथै यस नगरपालिकामा जम्मा घरधुरी संख्या ५,५४३ रहेको छ । यसमा सबैभन्दा बढी घरधुरी संख्या वडा नं ६ मा ८४७ रहेको छ भने सबैभन्दा कम घरधुरी वडा नं ३ मा ४३५ रहेको पाइएको छ । यस सम्बन्धी विस्तृत जानकारी तलको तालिकामा देखाइएको छ (तालिका २.४ र चित्र २.२) ।

**तालिका २.४: घरधुरी र जनसंख्या सम्बन्धी विवरण**

| वडा | घरधुरी | पुरुष | महिला | तेस्रो लिंङ्गी | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| १ | ६७६ | १८१५ | १७०५ | ० | ३५२० |
| २ | ६३७ | १८५१ | १७३३ | २ | ३५८४ |
| ३ | ४३५ | ११३६ | १०७६ | ० | २२१२ |
| ४ | ६८३ | १८६१ | १७७५ | ० | ३६३६ |
| ५ | ५७४ | १३७५ | १३५२ | ० | २७२७ |
| ६ | ८४७ | १३३७ | १२४२ | ० | २५७९ |
| ७ | ७१२ | १९८७ | १८३६ | ० | ३८२३ |
| ८ | ४६४ | १२१९ | ११९५ | ० | २४१४ |
| ९ | ५१५ | १३४१ | १२७७ | ० | २६१८ |
| जम्मा | ५,५४३ | १३,९२२ | १३१९१ | २ | २७११३ |

स्रोत: महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६




| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| घरधुरी | ६७६ | ६३७ | ४३५ | ६८३ | ५७४ | ८४७ | ७१२ | ४६४ | ५१५ |
| पुरुष | १८१५ | १८५१ | ११३६ | १८६१ | १३७५ | १३३७ | १९८७ | १२१९ | १३४१ |

**चित्र २.२: घरधुरी र जनसंख्या सम्बन्धी विवरण**

महालक्ष्मी नगरपालिकाको वडागत लैङ्गिक अनुपात तथा औषत घरपरिवार संख्या सम्बन्धी अध्ययन गर्दा पुरुषको कुल जनसंख्या १३,५८९ र महिलाको १२,९४६ रहेकोमा लैङ्गिक अनुपात १०५ रहेको पाइयो । यस्तै कुल जनसंख्या २६,५३५ र कुल घरधुरी संख्या ५,४५९ रहेकोमा औषत घरपरिवार संख्या ४.८६ रहेको देखिन्छ।

## मातृभाषाको आधारमा परिवारसंख्या विवरण

महालक्ष्मी नगरपालिकाको परिवारसंख्यालाई मातृभाषाका आधारमा विस्लेषण गर्दा, यहाँको कुल परिवार संख्यामध्ये नेपाली भाषा बोल्ने परिवार संख्या सबैभन्दा बढी ३,९०२ रहेको पाइयो र यो संख्या कुल परिवार संख्याको ६९.९४ प्रतिशत हुन आउछ । यस्तै यस नगरपालिकामा सबैभन्दा कम लिम्बु ,राई र गुरुङ भाषा बोल्ने परिवार संख्या रहेको छ। मातृभाषाका आधारमा महालक्ष्मी नगरपालिकाभित्र रहेको परिवार संख्याको विवरणलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका २.५: मातृभाषाको आधारमा परिवारसंख्या विवरण**

| क्र.सं. | मातृभाषा | परिवारसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ३९०२ | ७०.४० |
| २ | तामाङ | २२३ | ४.०२ |
| ३ | नेवारी | १४७ | २.६५ |
| ४ | मगर | ५८८ | १०.६१ |
| ५ | गुरुङ | ६८ | १.२३ |
| ६ | राई | २ | ०.०४ |
| ७ | लिम्बु | ५ | ०.०९ |
| ८ | अन्य | ६०८ | १०.९७ |
| | जम्मा | ५५४३ | १०० |

स्रोत: महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६




**चित्र २.३: मातृभाषाको आधारमा परिवारसंख्या विवरण**

## जातिगत आधारमा घरपरिवार संख्या विवरण

महालक्ष्मी नगरपालिकामा बहु-सम्प्रदायिक जातजातिहरू पाउन सकिन्छ । आदिवासी जनजाति अन्तर्गतका विभिन्न जातजातिहरू विगतदेखि नै यस ठांउमा बसोवास गर्दै आएका छन् । महालक्ष्मी नगरपालिकामा रहेका जातजातिहरू मध्ये क्षेत्री जातिको बाहुल्यता धेरै रहेको छ । महालक्ष्मी नगरपालिकामा बसोवास गर्ने मानिसहरुको जातिगत विवरण तलको तालिकामा देखाईएको छ । तालिकामा देखाईए अनुसार महालक्ष्मी नगरपालिकामा १६ प्रकारका जातजातिका मानिसहरु बसोवास गर्ने गरेका छन् । तलको तालिकामा यस सम्बन्धी विवरणलाई देखाईएको छ (तालिका २.६) ।

**तालिका २.६: जातजाति अनुसार घर परिवार संख्यासम्बन्धी विवरण**

| क्र.सं. | जात/जाति | घर परिवार संख्या |
|---|---|---|
| १ | तामाङ्ग | १८५ |
| २ | क्षेत्री | २३२४ |
| ३ | ब्राम्हण | ३४२ |
| ४ | नेवार | ३२३ |
| ५ | दमाई | १७२ |
| ६ | कामी | १७० |
| ७ | बि.क,सुनार | १२० |
| ८ | सार्की | ११४ |
| ९ | मगर | ६६२ |
| १० | गुरुङ्ग | २५८ |
| ११ | लिम्बु | ७६ |
| १२ | शेर्पा | ८५ |
| १३ | राई | ९६ |
| १४ | ठकुरी | २ |
| १५ | घर्ती | ३ |
| १६ | अन्य | ६११ |
| | जम्मा | ५,५४३ |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## अपाङ्गताको आधारमा जनसंख्या विवरण

शारिरीकरुपमा असक्त, दृष्टि बिहिन/कम दृष्टि भएका, बहिरा/कम सुन्ने, दृष्टि बिहिन तथा बहिरा, बोल्न नसक्ने, मानसिक अपांग, बौद्धिक रुपमा असक्त, विविध अपांगता भएका मानिसहरु अपांगतामा पर्दछन् । जन्मजात र जन्म पश्चात पनि मानिसहरु अपांग हुने गर्दछन् ।अपांग हुनुका कारणहरुमा घरपरिवार र समुदायमा हुने गरेका हिंसा, आमा बाबु र अभिभावकको मृत्यु, कुपोषण, गरिबी, अशिक्षा, अज्ञानता तथा चेतनाको कमी, बाल शोषण, दुर्घटना आदी पर्दछन् । महालक्ष्मी नगरपालिकामा रहेका जम्मा जनसंख्या २६,५३५ मध्ये ३,४१४ जना अपाङ्गता भएका मानिसहरु फेला परेका छन् जसमा शारिरिक अपाङ्ग २७६६ जना, बौद्धिक अपाङ्ग ९८ जना, दृष्टिविहिन २४ जना र अन्य अपांगतामा ५२६ जना रहेका छन् । यस सम्बन्धी विस्तृत जानकारी तलको तालिकामा देखाइएको छ (तालिका २.७) ।

**तालिका २.७: अपाङ्गताको आधारमा जनसंख्या**

| क्र.सं. | अपाङ्गताको विवरण | जनसंख्या |
|---|---|---|
| १ | अपाङ्गता नभएको | २३,१२१ |
| २ | शारिरीक अपाङ्ग | २७६६ |
| ३ | बौद्धिक अपाङ्ग, सुस्त मनस्थिती | ९८ |
| ४ | दृष्टिविहिन, न्युन दृष्टिविहिन | २४ |
| ५ | अन्य | ५२६ |
| | **जम्मा** | **२६,५३५** |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## बसाइँसराई सम्बन्धी विवरण

सुखी र खुशी जीवन प्राप्तिका लागि एक ठाँउबाट अर्को ठाँउमा जाने भौगोलिक गतिशिलतालाई बसाइँ सराई भनिन्छ । यस प्रक्रियाले सामाजिक,सांस्कृतिक,आर्थिक व्यवहार, सम्बन्ध तथा विचारहरुमा समेत थुप्रै परिवर्तन ल्याँउदछ । बसाइँ सराइँले सामाजिक साँस्कृतिक परिवर्तनमा थप उर्जा प्रदान गर्दछ । सामाजिक, आर्थिक, राजनीतिक,,सांस्कृतिक, भौगोलिक आदि थुप्रै कारणहरुले गर्दा मानिस आफु बसिरहेको स्थान छोडेर गन्तव्य स्थानमा जान्छ । गाउँबाट शहर, हिमाल र पहाडबाट तराई बसाइँ सर्ने प्रकियाले समाजमा परिवर्तन ल्याएको छ । यसै सन्दर्भमा महालक्ष्मी नगरपालिकामा हाल साल बसाइँ सरेर आउने मानिसहरुको संख्या ६४ रहेको पाइन्छ भने बसाइँ सरी जानेको संख्या ५३३ रहेको छ यसबाट महालक्ष्मी नगरपालिकामा बसाइँ सरी जानेको संख्या बढि देखिन आएको छ । प्रशासनिक रुपमा बसाइँ तथा सराई गर्दा सम्बन्धित ठाँउमा गई दर्ता गराउने संख्या १८९ रहेको छ (तालिका २.८) ।

**तालिका २.८: बसाइँ सराईको अवस्था**

| क्र.सं. | बसाइँ सराई | परिवार संख्या |
|---|---|---|
| १ | आएको | ६४ |
| २ | गएको | ५३३ |
| ३ | बसाइँ सराई दर्ता गराउनेको संख्या | १८९ |
| | **जम्मा** | **७८६** |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## २.३ आर्थिक विकास अवस्था

### औसत आम्दानी विवरण

महालक्ष्मी नगरपालिकाका नगरबासीहरुले विभिन्न पेशा व्यवसाय गरेर जिवन निर्वाह गरेको पाइएको छ । यहाँका बासिन्दाहरुको मुख्य पेशा कृषि रहेको र कृषि बाहेक बैदेशिक रोजगार, व्यापार व्यवसाय र सीपयुक्त कामहरु पनि यहाँका मानिसहरुले गर्दै आएको सर्वेक्षणले देखाएको छ । महालक्ष्मी नगरपालिकाका मानिसहरुको मासिक आम्दानीको अवस्थालाई तलको तालिकामा दिइएको छ (तालिका २.९) ।

**तालिका २.९: औसत मासिक पारिवारिक आम्दानी**

| क्र.सं. | औषत मासिक पारिवारिक आम्दानी | घरपरिवार संख्या |
|---|---|---|
| १ | ५००० भन्दा कम | २२९४ |
| २ | ५००० देखि १०००० | ११९० |
| ३ | १०००० देखि २०००० | ८५५ |
| ४ | २०००० देखि ३०००० | ६१३ |
| ५ | ३०००० देखि ४०००० | २९५ |
| ६ | ४०००० देखि ५०००० | १७६ |
| ७ | ५०००० देखि ७०००० | ५९ |
| ८ | ७०००० भन्दा माथि | ६१ |
| | **जम्मा** | **५,५४३** |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

माथिको तालिकामा महालक्ष्मी नगरपालिकाका मानिसहरुको प्रति महिना आम्दानीको विवरण प्रस्तुत गरिएको छ । प्राप्त विवरण अनुसार महालक्ष्मी नगरपालिकाका मानिसहरुले मासिक रुपमा औषत रु ५,००० भन्दा कम कमाउनेको परिवार संख्या २२९४ रहेको देखिन्छ । ५,००० देखि १०,००० सम्म आम्दानी गर्नेको संख्या ११९० रहेको छ । त्यसैगरी १०,००० देखि २०,००० सम्म कमाउने परिवार संख्या ८५५ रहेको छ यस अनुसार २०,०००देखि३०,००० कमाउनेको संख्या ६१३ रहेको छ। त्यसै गरी ३०,००० देखि ४०,००० सम्म कमाउनेको संख्या २९५ रहेको छ भने १७६ घर परिवारले ४०,००० देखि ५०,००० सम्म आम्दानी गर्ने गरेको पाइएको छ । ५०,००० देखि ७०,००० सम्म कमाउनेको संख्या ५९ छ भने, ७०,००० भन्दा माथि कमाउने ६१ घर परिवार पाइएको छ ।

### खाद्यान्न सुरक्षाको अवस्था

महालक्ष्मी नगरपालिकाको खाद्यान्न उपलब्धताको स्थितिलाई हेर्दा वर्षभरी नै खान पुग्ने स्थिती नभएको देखियो । बचत सम्म हुने परिवार संख्या ७०२ रहेको छ र यो कुल घरपरिवार संख्याको १२.८६ प्रतिशत हुन आउछ । यस्तै यसमा उत्पादन गर्दै नगर्ने परिवार संख्या १३६५ रहेको र यो

कुल परिवार संख्याको २५ प्रतिशत हुन आउछ । यस सम्बन्धी तलको तालिकाबाट प्रष्ट पारिएको छ (तालिका २.१०) ।

**तालिका २.१०: खाद्यान्नको अवस्था सम्बन्धी विवरण**

| कृषि उत्पादनबाट खान पुग्ने | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| उत्पादन नगर्ने | १३८५ | २४.९९ |
| ३ महिना भन्दा कम | ४८५ | ८.७५ |
| ४ -६ महिना सम्म | १०८७ | १९.६१ |
| ७ -९ महिना सम्म | ८९५ | १६.१५ |
| १० -१२ महिना सम्म | ९७९ | १७.६६ |
| वर्षभरी नै पुग्ने र बचत हुने | ७१२ | १२.८५ |
| **जम्मा** | **५५४३** | **१००.००** |

स्रोत: महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६




**चित्र २.४: खाद्यान्नको अवस्था सम्बन्धी विवरण**

## कृषि तथा पशु विकास

कृषि र पशुपालनलाई हामी ग्रामीण समुदायमा बस्ने धेरै मानिसहरुको जनजीवनको आधार मान्दछौ । कृषि र पशुपालन एक अर्कोमा अन्तर सम्बन्धित हुन्छन् । किनकी खेतीपातीका लागि ग्रामीण भेगमा गाई वस्तुको मल प्रयोग गरिन्छ । मल नभएमा उत्पादन नहुने भएकाले जग्गा जमिन धेरै भएका किसानहरुले बाध्य भएर पशुपालन पनि धेरै गरेको पाईन्छ, ग्रामीण भेगमा धेरै मानिसहरुले कृषि तथा पशुपालनलाई मुख्य पेशा तथा व्यवसायको रुपमा अंगालेको पाइन्छ । यस नगरपालिकामा पनि धेरै घरपरिवारमा पशु चौपाया रहेको तलको तालिकाबाट थाहा हुन आउछ (तालिका २.११) ।

**तालिका २.११: कृषि तथा पशु विकास**

| पशुपक्षी/वडा | वडागत घरधुरी संख्या | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| गाई/गोरु | ४२ | ६९ | ११२ | ४९ | १२७ | ६४ | ३३ | ४ | १६ | ५१४ |
| भैसी/राँगो | ३६ | ३९ | ६० | २५ | ४८ | ९७ | ४१ | ११ | ४६ | ३९१ |
| बाख्रा/भेडा/भेडी | ९७ | ५४ | ६७ | ५४ | ६० | ६९ | १०७ | २८ | ३० | ५६१ |
| बंगुर/सुंगुर | | ६ | | ११ | | १० | १ | | ७ | ३० |
| हाँस/कुखुरा | ९ | ४१ | २ | ३३ | ६ | १३ | १८ | ४ | २५ | १५१ |
| गाई/गोरु/भैसी | १३ | ५१ | १४ | ३७ | १९ | ५५ | १६ | ३ | ६७ | २५५ |
| गाई/भैसी/बाख्रा | ४१ | ४३ | ४५ | ५९ | ६७ | ८५ | २२ | १३ | ३४ | ४०९ |
| गाई/बाख्रा | ६५ | ४५ | ४७ | ७५ | ६० | ७० | ७१ | २५ | ३५ | ४९३ |
| भैसी/बाख्रा | ७७ | ९० | ५६ | १२४ | ५६ | १०४ | ८७ | १७ | २९ | ६४० |
| गाई/भैसी र हाँस/कुखुरा | ७ | ४४ | ६ | १३ | ५ | ६ | ३२ | ४७ | ५५ | २०५ |
| केहि छैन | २८९ | १५५ | ३६ | २०३ | १२६ | २७४ | २८४ | ३१२ | १७१ | १,८२० |
| **जम्मा** | **६७६** | **६३७** | **४३५** | **६८३** | **५७४** | **८४७** | **७१२** | **४६४** | **५१५** | **५,५४३** |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## पशु वधशालाको स्थिति

जीवन उत्पतिदेखि आज सम्म खाद्यको रुपमा मासु रहेको छ । पशु बाहेक मानिसले माछा, रांगाभैंसी, सुँगुर, गाईगोरु, खसीबाखा, खरायो, कुखुरा अर्थात अन्य नियन्त्रणमा लिन सकिने चरा वर्गदेखि जलचर र थलचरसम्मका जीवहरुको वध गरी उपभोग गर्ने चलन मानव समाजमा रहेको छ । मानव जीवनको खाद्यान्नको मुख्य श्रोत यी जीवहरु भएता पनि यी जीवहरुमा हुने रोगको बारेमा सही जानकारी नहुँदा ती जीवनमा भएका रोगहरु मानिसमा संक्रमण हुने र ज्यानै जाने तहसनहस सम्मका घटनाहरु घट्ने गरेका छन् । यसको बैज्ञानिक व्यवस्थापन गर्नु सरोकारवाला सबैको मुख्य चासो र जिम्मेवारीको विषय बनेको छ । जुन समाज वा देशमा यसको सही व्यवस्थापन गरिएको छ त्यो समाज वा देश आधुनिक तथा विकसित मानिएको छ । यसको प्रभाव स्थानीय तहमा स्थानीय किसान पशुपालनमा प्रोत्साहित हुनेछ ।

## पर्यटन विकास

नेपाल प्राकृतिक, सांस्कृतिक, ऐतिहांसिक, धार्मिक एवं जैविक पर्यटकिय सम्पदाको धनी भएर पनि विश्व पर्यटन बजारमा आवश्यक पहुँच र प्रचार प्रसारको कमीले सोचे अनुसार पर्यटकहरूको संख्यामा वृद्धि र पर्यटन गतिविधिलाई विकास गरी यसबाट अपेक्षित लाभ लिन सकिरहेको छैन । नेपालमा पर्यटन विकासका प्रमुख आधार भनेको यहाँका प्राकृतिक,ऐतिहांसिक, धार्मिक एवं सांस्कृतिक सम्पदाहरू हुन् । उत्कृष्ट परम्परागत मान्यता एवं चालचलनका कारण प्राचिन आर्य सभ्यता र हिमाली संस्कृतिको समेत धनी रहेको नेपाली जनजीवन साँच्चै अनौठो र

रोचकपूर्ण रहेको छ भने तिनीहरूको आस्थाका केन्द्र मठमन्दिर, गुम्बा र स्मारकहरू पर्यटकहरुका लागि थप आकर्षणका केन्द्रका रूपमा रहेका छन् । बुद्धको जन्मस्थल लुम्बिनी, हिन्दूहरूका आराद्यदेव पशुपतिनाथ, मुक्तिनाथ, दामोदरकुण्ड, गोसाइकुण्ड, स्वर्गद्वारी, जनकपुरधाम, खप्तड आश्रम, बराहक्षेत्र लगायतका स्थानहरूले नेपालमा धार्मिक पर्यट्नको बलियो सम्भावना देखाएका छन् । सन् २०१२ मा नेपाल भित्रिने कुल पर्यटकमा १३.७ प्रतिशत धार्मिक पर्यटकहरू रहेको तथ्याङ्कले समेत यसलाई पुष्टि गरेको छ (MOTCA, 2013)। पर्यटकीय स्थलहरुको विवरण

महालक्ष्मी नगरपालिकामा रहेका प्रमुख धार्मिक एवं पर्यटकीय स्थानहरुमा ऐतिहासिक/धार्मिक र पर्यटकीय महत्व बोकेका केही स्थलहरु पर्दछन् । ती मध्ये केही प्रमुख स्थलहरुको नाम र ठेगाना तलको तालिकामा प्रस्तुत गरिएको छ (तालिका २.१२) ।

**तालिका २.१२: धार्मिक स्थल तथा केन्द्रहरू**

| वडा | नाम | ठेगाना (स्थान) |
|---|---|---|
| **धार्मिक स्थल तथा केन्द्रहरू** | | |
| १ | शिवालय मन्दिर | पारिखाप्राङ |
| १ | कोरचे पञ्चकन्या | तेलुङ |
| १ | लक्ष्मी मन्दिर | मचुपु |
| १ | शिव मन्दिर | कटहरे |
| १ | शिवालय मन्दिर | खाप्राङ |
| १ | तम्मु गुम्बा | घुमाउने |
| १ | शिवालय मन्दिर | शान्ती टोल |
| २ | धर्म देवी मन्दिर | माझ गाँउ |
| २ | जलेश्वर शिवालय | शिवालय |
| ३ | शिवालय मन्दिर | थामडाडाँ |
| ३ | तामाङ गुम्बा | थामडाडाँ |
| ३ | गुरुङ गुम्बा | बाटोखर्क |
| ३ | गणेश मन्दिर | ओलाङ |
| ३ | राम मन्दिर | भयाज्यङ |
| ४ | अरुण विशान्ती मन्दिर | दमार |
| ४ | रामजानकी मन्दिर | रामजानकी |
| ४ | पञ्चकन्या देविस्थान | रामजानकी |
| ४ | दुगदेश्वर महादेव स्थान | दुगेदेव |
| ४ | गणेश मन्दिर | पाङचा |
| ४ | महादेव थान | देविथान |
| ४ | नारायण मन्दिर | नेवार गाउ |

| वडा | नाम | ठेगाना (स्थान) |
|---|---|---|
| ४ | जालपा देवि मन्दिर | रामजानकी |
| ४ | सिंहदेवि मन्दिर | हलेदे |
| ५ | शिवालय मन्दिर | महङकाले टोल |
| ५ | विश्रानती मन्दिर | महङकाले टोल |
| ५ | पञ्चकन्या मन्दिर | भगवती टोल |
| ५ | सिंहदेवि मन्दिर | सिंहदेवी |
| ५ | शिद्धेश्वर महादेव | ज्यामीरे |
| ५ | आइतबारे | भगवती टोल |
| ५ | पञ्चकन्या देवी मन्दिर | गहिरी गाउँ टोल |
| ५ | शितल देवी मन्दिर | गहिरी गाउँ टोल |
| ५ | जलपा सिंहदेवी मन्दिर | माझी गाउँ |
| ५ | सेती देवी मन्दिर | ज्यामिरे |
| ५ | जलपा देवि मन्दिर | भर्ले |
| ६ | नागेश्वर महादेव मन्दिर | नागेश्वर |
| ६ | रानिगहना गुफा | बासपानी |
| ६ | सिँह देवि गदि मन्दिर | गढीको थुम्को |
| ६ | बौद्ध गुम्बा | बासपानी |
| ७ | महाक्ष्मी मन्दिर | जितपुर बजार |
| ७ | किरातेश्वर  महादेव | जाल्पादेवि टोल |
| ७ | याङपाङ टोल | याङपाङटोल |
| ७ | शिवालय मन्दिर | अर्खौले |
| ७ | बुढासुब्बा मन्दिर | आन्द्रुङ |
| ८ | सिहं देवि मन्चिर | पटेक |
| ८ | पार्वतेश्वर मन्दिर | देउराली |
| ८ | सिदेश्वर शिवालय | निगास्ने |
| ८ | लासा वौद्ध गूम्बा | देउराली |
| ८ | सिर्या मेथोडिक चर्च | याङलावुङ |
| ८ | शान्ति भुमि | देउराली |
| ८ | इमानोयल क्रिपा चर्च | निगाले |
| ८ | इमानोफ टोपिमा चर्च | आइतवारे |
| ९ | मुक्तिश्वर शिवालय | कोलचार |
| ९ | पञ्चश्वर सिदकाली | कोलचार |
| ९ | कालिका देवि | कोलचार |

| वडा | नाम | ठेगाना (स्थान) |
|---|---|---|
| ९ | टासि छीनिङ वौद गुम्वा | कोलचार |
| **पोखरी तथा ताल तलैया** | | |
| १ | घुमाउने पोखरी | घुमाउने |
| १ | कालि पोखरी | चित्रै |
| १ | शान्ति पोखरी | शान्तिटोल |
| ३ | दिलपा पोखरी | बाटोखर्क |
| ३ | थाम डाडाँ पोखरी | थामडाडाँ |
| ५ | माङमाप खेरा वगर | राम बजार |
| ५ | विग्रान्ती लेगुवा वगर | महङकाले |
| ७ | जाल्पा देवी पोखरी (पिक्निक स्पर्ट) | जाल्पा |
| ८ | काली पोखरी | चित्रे |
| ९ | ढुङगे बगैचा पोखरी | |
| **झर्ना, थुम्का, डाँडा लगायत** | | |
| १ | लक्ष्मी झर्ना | मचेपु |
| १ | इनद्रणी झर्ना | घुमाउने |
| २ | लेगुवा झर्ना | लेगुवा झनार्थ |
| २ | छाङगे झर्ना | हिलेखर्क |
| ३ | केवा झर्ना | चित्रेटोल |
| ३ | लेगुवा झर्ना | यामडाडाँ |
| ३ | तिनदोमाने झर्ना | ओलाङ |
| ४ | चुली थुम्का | पाङचा |
| ४ | काफल डाँडा | रामजानकी |
| ५ | कालिथुम्की डाडाँ | शिवरात्रि |
| ५ | होमादे डाडाँ | सिहदेवी |
| ५ | मुरमुरेडाडाँ | भगवती |
| ५ | वासथुम्की डाँडा | रामवजार मलै |
| ५ | पांच थुम्की डाँडा | ज्यामीरे |
| ६ | झाकी पार्क | छमलीङ |
| ६ | बनटार डाडाँ | छमलीङ |
| ८ | लक्ष्मी झर्ना | याङलावुङ |
| ८ | निगाले भ्यु टावर | निगाले |
| ९ | भ्यागुते महादेव झर्ना | खोला, कटहरे |
| ९ | ढुङ्गा वगैचा | आहाले |

| वडा | नाम | ठेगाना (स्थान) |
|---|---|---|
| ९ | भालु ढुङ्गा माङमाडे झर्ना | सिरिसे टोल |
| **पार्क, पिक्निक स्पट, मनोरञ्जन स्थल लगायत** | | |
| १ | शिवालय पार्क | पारिखाप्राङ |
| १ | बुढनिलकण्ठ पेन्टावार पार्क | चित्रे |
| १ | लालिगुरास पार्क | तोरीवारी |
| ३ | भयाञ्याङ पार्क | भयाज्यङ |
| ३ | थाम डाडाँ पार्क | थामडाडाँ |
| ३ | तिनदोभाने पार्क | ओलाङ |
| ३ | सामसा पार्क | बाटोखर्क |
| ४ | दमार पिक्निक स्पट | दमार |
| ५ | माङमावा खोला देखि अरुण केवा खोला सम्म | अरुण नदी |
| ५ | रामवजार पिक्निक स्पट | अरुण नदी |
| ५ | शिवरात्री पार्क | अरुण नदी |
| ५ | खराते डाँडा | महङकाले |
| ५ | संसारी डाँडा | ज्यामीरे |
| ६ | वनमात्री पार्क | लाटेभञ्ज्याङ |
| ६ | वनटार डाँडा | छमलीङ |
| ८ | पातले पानी पिक्निक स्पट | देउराली |
| ९ | ढुङगे बगैचा | |

स्रोतः संस्थागत अध्ययन, २०७८




## चित्र २.५: संस्कृति तथा पर्यटन स्थल

## सार्वजनिक पाटी पौवा र चौतारा

महालक्ष्मी नगरपालिका भित्र रहेका वडाहरुमा विभिन्न प्रकारका पाटीपौवा र चौतारा रहेको पाइन्छ । यस्ता ठाँउहरुमा विश्राम स्थल लगायत विभिन्न किसिमका छलफल र कार्यक्रमहरु संचालन गर्ने, वडा भेला गर्ने गरेको पाइन्छ । महालक्ष्मी नगरपालिका भित्र रहेका सार्वजनिक पाटीपौवा र चौतारा सम्बन्धी विवरणलाई देहाय बमोजिम तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.१३: सार्वजनिक पाटीपौवा र चौतारा सम्बन्धी विवरण**

| क.स. | सार्वजनिक पाटीपौवा र चौतारा विवरण | स्थान | उपयोग | कैफियत |
|---|---|---|---|---|
| १ | महालक्ष्मी १ | पिपलडाँडा | | |
| २ | महालक्ष्मी १ | कटहरे | | |
| ३ | महालक्ष्मी १ | स्कुलडाँडा तेलुङ. | | |
| ४ | महालक्ष्मी १ | पारिखा प्रागंड | | |
| ५ | अरुण शिवालय मन्दिर | महालक्ष्मी ५ | शिवरात्री | |
| ६ | जेष्ठनागरिक चौतारी | निगाले | भैरहेको | |

| क.स. | सार्वजनिक पाटीपौवा र चौतारा विवरण | स्थान | उपयोग | कैफियत |
|---|---|---|---|---|
| ७ | आहाले डाँडा पार्टी | आहाले,महालक्ष्मी ९ | मलामीलाई खाजा खुवाउने | |
| ८ | देउ ढुगाँ गुम्वा पार्टी | गर्जशटाहार | कार्यक्रमका लागि | |
| ९ | जेष्ठ नागरिक चौतारी | कौलचोर | | |
| १० | जेष्ठ नागरिक चौतारी | वडा कार्यालय | | |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## व्यापार, व्यवसाय

महालक्ष्मी नगरपालिका भित्र बसोवास गर्ने बासिन्दाहरु विभिन्न किसिमका व्यवसायमा संलग्न रहेको पाइन्छ । संख्यात्मक रुपमा हेर्ने हो भने यहाँका बासिन्दाले किराना पसल, होटल व्यवसायी, कपडा पसल, खाजा घर चिया पसल आदि संचालन गर्नेको संख्या अत्याधिक रहेको छ भने अरु विभिन्न प्रकारका व्यवसाय गर्नेको संख्या न्यून मात्रामा रहेको छ। तलको तालिकामा यस नगरपालिका भित्र रहेका व्यापार व्यवसाय सम्बन्धी विवरणलाई स्पष्ट पारिएको छ।

**तालिका २.१४: व्यापार, व्यवसाय सम्बन्धी विवरण**

| वडा | विवरण | स्थान | संख्या |
|---|---|---|---|
| १ | दाल, चामल तथा किराना पसल | | ६ वटा |
| १ | होटल, रेष्टुरेण्ट, चिया, खाजा तथा खाना पसल | | ५ वटा |
| २ | दाल, चामल तथा किराना पसल | | २ वटा |
| ३ | दाल, चामल तथा किराना पसल | | १० वटा |
| ३ | होटल, रेष्टुरेण्ट, चिया, खाजा तथा खाना पसल | | ४ वटा |
| ३ | लत्ता कपडा पसल (थान) | | ४ वटा |
| ३ | मासु पसल (माछा समेत) | | ४ वटा |
| ३ | भाँडाकुँडा पसल | | १ वटा |
| ४ | दाल, चामल तथा किराना पसल | | ४ वटा |
| ४ | होटल, रेष्टुरेण्ट, चिया, खाजा तथा खाना पसल | | ४ वटा |
| ४ | लत्ता कपडा पसल (थान) | | २ वटा |
| ४ | भाँडाकुँडा पसल | | १ वटा |
| ५ | दाल, चामल तथा किराना पसल | | ५० वटा |
| ५ | होटल, रेष्टुरेण्ट, चिया, खाजा तथा खाना पसल | | २५ वटा |
| ५ | लत्ता कपडा पसल (थान) | | २५ वटा |
| ५ | कपडा पसल (रेडिमेड) | | २५ वटा |

| वडा | विवरण | स्थान | संख्या |
|---|---|---|---|
| ५ | मासु पसल (माछा समेत) | | ४ वटा |
| ५ | भाँडाकुँडा पसल | | २ वटा |
| ५ | सुनका गहना पसल | | ३ वटा |
| ५ | किराना पसल | माझी गाउँ | १ वटा |
| ६ | दाल, चामल तथा किराना पसल | | १० |
| ६ | होटल, रेष्टुरेण्ट, चिया, खाजा तथा खाना पसल | | ३ |
| ६ | मासु पसल (माछा समेत) | | ८ |
| ७ | दाल, चामल तथा किराना पसल | | १० वटा |
| ७ | होटल, रेष्टुरेण्ट, चिया, खाजा तथा खाना पसल | | २५ वटा |
| ७ | लत्ता कपडा पसल (थान) | | ६ वटा |
| ७ | मासु पसल (माछा समेत) | | ४ वटा |
| ७ | भाँडाकुँडा पसल | | २ वटा |
| ७ | सुनका गहना पसल | | १ वटा |
| ८ | दाल, चामल तथा किराना पसल | | १५ वटा |
| ८ | होटल, रेष्टुरेण्ट, चिया, खाजा तथा खाना पसल | | १५ वटा |
| ८ | लत्ता कपडा पसल (थान) | | २ वटा |
| ८ | कपडा पसल (रेडिमेड) | | २ वटा |
| ८ | मासु पसल (माछा समेत) | | ३ वटा |
| ८ | भाँडाकुँडा पसल | | १ वटा |
| ९ | दाल, चामल तथा किराना पसल | | १० वटा |
| ९ | होटल, रेष्टुरेण्ट, चिया, खाजा तथा खाना पसल | | ३ वटा |

स्रोतः संस्थागत अध्ययन, २०७८

**तालिका २.१५: उद्योग सम्बन्धी विवरण**

| वडा | उद्योग |
|---|---|
| १ | मन्जु डेरि उद्योग |
| १ | मासकारी छुर्पि उद्योग |
| १ | औद्योगिक ग्राम |
| ७ | निगाले सिमेन्ट उद्योग |
| ८ | निगाले सिमेन्ट उद्योग |
| ९ | निगाले सिमेन्ट उद्योग |

स्रोतः संस्थागत अध्ययन, २०७८

## व्यापारी केन्द्रहरु सम्बन्धी विवरण

स्थानीय तहमा स्थानीय बासिन्दाहरुद्धारा नै उत्पादित वस्तुहरुको आयात तथा निर्यात गर्ने केन्द्रबिन्दुलाई स्थानीय व्यापारिक केन्द्र भन्ने गरिन्छ । साथै दैनिक उपभोग्य वस्तुहरुको स-शुल्क आदान प्रदान हुने केन्द्र व्यापारिक केन्द्र हो । महालक्ष्मी नगरपालिकामा पनि नगरबासीहरुको आवश्यकता चाहाना तथा स्रोत साधनको आधारमा विभिन्न स्थानमा व्यापारिक बजार केन्द्र व्यवस्थापन रहेका छन् । महालक्ष्मी नगरपालिकामा हाल संचालित बजार केन्द्रको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.१६: व्यापारी केन्द्रहरु सम्बन्धी विवरण**

| क्र.सं. | व्यापारिक बजार केन्द्र | मुख्य व्यापारिक वस्तुहरु |
|---|---|---|
| १ | जीतपुर | कृषिजन्य, तरकारी तथा खुद्रा व्यापार व्यवसाय, होटल, किराना तथा दैनिक उपभोग्य वस्तु, लत्ताकपडा, औषधी, स्टेशनरी आदि । |
| २ | चानुवा | |
| ३ | अर्खौले | |
| ४ | डांडागांउ | |
| ५ | चित्रेवजार | |
| ६ | लेगुवा | |
| ७ | मुर्तिढुंगा | |
| ८ | मारेककटहरे | |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## बैंक तथा वित्तिय संस्था सम्बन्धी विवरण

महालक्ष्मी नगरपालिकामा हाल ३ वटा लघुवित्त संस्थाले बैंकिङ्ग सेवा प्रदान गर्दै आएको पाइएको छ । यस नगरपालिकामा हाल तीन वटा विकास बैंक रहेको छन् । नगरपालिकामा व्यापारिक केन्द्रहरु रहेका जीतपुर, चानुवा, चित्रेवजार, लेगुवा आदी ठांउमा विभिन्न सहकारी संस्थाहरु पनि स्थापना भएका छन् । पछिल्लो समयमा सहकारी संस्थाहरु धेरै मात्रामा खोलिए पनि व्यवसायिकताको अभावका कारण ती सहकारी संस्थाहरुले अझै आर्थिक विकासमा लाग्न सकेको देखिदैन । महालक्ष्मी नगरपालिका भित्र रहेका विकास बैंक सम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.१७: बैंक, वित्तिय संस्था तथा तथा सम्बन्धी विवरण**

| वडा | संस्था |
|---|---|
| १ | राष्ट्रिय वाणीज्य वैंक |
| २ | राष्ट्रिय वाणीज्य वैंक |
| ७ | राष्ट्रिय वाणीज्य बैंक |
| ७ | एन.आइ.सी. एसिया बैंक |
| ५ | लक्ष्मी बैंक |
| ५ | माछापुच्छे बैंक |
| **बित्तीय संस्था** | |
| २ | जिवन विकास लघुवीत |
| २ | गुरास माइको फाइनान्स |
| **लघुबित्त संस्था** | |
| ५ | जिवन विकास |
| ५ | बिरुडे |
| ७ | जिवन विकास लद्युवित |
| ७ | समिट विकास लद्युवित |
| ७ | मिरमीरे लद्युवित |

स्रोतः संस्थागत अध्ययन, २०७८

व्यक्ति, परिवार, टोल, समुदाय वा समाज बीचको आन्तरिक अन्तरसम्वन्ध तथा सहकार्यबाट जुन साना तथा ठूला आर्थिक आवश्यकता तथा समस्याहरुको निवारण गर्नका लागि बनाईएको संगठनलाई सहकारी संस्था भनिन्छ । यस नगरपालिकामा प्रायः मानिसहरुले सानो रकमको आवश्यकतालाई टोल छिमेकबाटै सरसापटी लिई चलाउने गरेको पाईन्छ भने ठूलो रकमको आवश्यकताको बेलामा बैंक तथा सहकारी संस्थाबाट लिने गरेको पाइन्छ । यहाँका अधिकांश मानिसहरुले कुनै व्यवसाय संचालन गर्न वैदेशिक रोजगारीमा जान, घर बनाउन, सवारी साधन किन्न आदि विभिन्न कारणले सहकारी संस्था मार्फत ऋण लिइरहेका हुन्छन् । महालक्ष्मी नगरपालिकामा रहेका यस्ता सहयोगी संस्थाहरुबाट यहाँका बासिन्दाहरुको जीवनस्तर सहज, सरल र सफल बनेको छ ।

## २.४ सामाजिक विकासको अवस्था

यस परिच्छेदमा महालक्ष्मी नगरपालिका भित्र रहेको शिक्षा, स्वास्थ्य, खानेपानी, वालवालिका तथा महिला विकास आदि लगायतको वर्तमान अवस्थालाई अध्ययन विश्लेषण गरी तथ्याकं सहित राखिएको छ । नगरपालिका भित्र माथि उल्लेख गरिएका शिर्षकहरुको उपलब्ध हुन सकेसम्मका तथ्यांकहरुलाई संकलन गरी अध्ययन विश्लेषण गरिएको छ ।

## शिक्षाको अवस्था

नेपाल सरकारले सबै नेपालीलाई कम्तीमा साक्षर बनाउने नीति तथा रणनीति लिएको छ । नेपाल सरकार लगायत अर्न्तराष्ट्रिय समुदायले समेत शिक्षा प्रति लिएको चासोलाई मनन गर्दै अगाडी बढ्नु पर्ने देखिन्छ । यसै सर्न्दभमा नेपालको कुल साक्षरता ६५.९ प्रतिशत रहेकोमा शिक्षा शाखाको तथ्यांक अनुसार महालक्ष्मी नगरपालिकाको साक्षरता ७७ प्रतिशत रहेको देखिन्छ । यस नगरपालिकाको साक्षरतालाई आगामी दिनहरुमा द्रुतगतिमा अगाडी बढाउनका लागि सरोकारवाला निकायहरुसंग समन्वय गरी शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु संचालन गर्नुपर्ने महालक्ष्मी नगरपालिकाको आवश्यकता रहेको छ । साविकको जिल्ला शिक्षा कार्यालय, धनकुटा र निर्वाचित प्रतिनीधिहरुसंगको अन्तरकृया र स्थलगत सर्वेक्षणका अनुसार महालक्ष्मी नगरपालिकामा रहेका विद्यालयहरुको विवरणलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका २.१८: महालक्ष्मी नगरपालिकामा रहेका शैक्षिक संस्थाहरु सम्बन्धी विवरण**

| वडा | सामुदयिक विद्यालय | स्थान |
|---|---|---|
| १ | सरस्वती मा.वि.(१-१०) | कटहरे |
| १ | श्री मा.वि.(१-१२) | पाखिवाश |
| १ | हिमालय मा.वि.(१-१०) | घुमाउने |
| १ | शारदा आ.वि.(१-८) | तेलुङ |
| १ | लक्ष्मी प्रा.वि.(१-५) | मचेपु |
| १ | सिंहदेवि प्रा.वि.(१-६) | चित्रे |
| १ | कालिका प्रा.वि.(१-५) | टाहारी |
| २ | रेश्वर्प प्रा.वि (१-५) | सानेटार |
| २ | धर्मदय मा.वि. (१-१२) | मारेक |
| २ | जनता प्रा.वि. (१-५) | देविस्थान नेवार गाँउ |
| २ | शारदा मा.वि. (१-१२) | मुलखर्क |
| २ | श्री प्रा.वि. श्रीनागी | हिलेखर्क |
| २ | श्री नागी बाल विकास | हिलेखर्क |
| २ | कालिका बाल विकास | छयालुङ |
| २ | कान्ती वालविकास | श्री नागी |
| ३ | नविन शिसा सदन मा.वि (१-१२) | भयाज्यङ |
| ३ | युवा जन सहभागिता आ.वि. (१-८) | बाटोखर्क |
| ३ | जलकन्या आ.वि. (१-५) | चित्रेगेल |
| ३ | कैलाशेश्वरी प्रा. वि | यामडाडाँ |
| ४ | सरस्वति मा.वि.(१-१२) | रामजानकी |
| ४ | पानुवा मा.वि.(१-१२) | दमार |

| वडा | सामुदयिक विद्यालय | स्थान |
|---|---|---|
| ४ | वालकनया प्रा.वि.(१-५) | हलेदे |
| ४ | सिंहश्वरी प्रा.वि.(१-५) | नाम्को |
| ४ | शिदेश्वरी प्रा.वि.(१-५) | वरडाँडा |
| ४ | जलकन्या प्रा.वि. .(१-३) | जिमिगाउँ |
| ४ | भगवति प्रा.वि.(१-५) | झिलिमिले |
| ५ | अरुणोदय मा.वि. (१-१२) | गहिरीगाउँ |
| ५ | भगवती प्रा.वि. | भगवती टोल |
| ५ | सिर्जन सिल आ.वि. (१-३) | सिर्जन सिल |
| ५ | राम मा.वि. (१-१०) | राम बजार |
| ५ | पञ्चकन्या आ.वि. | |
| ६ | लक्ष्मी देवकोटा आ.वि. (१-५) | बासपानी |
| ६ | नागेश्वर मा.वि. (१-१२) | नागपोखरी |
| ६ | पञ्चकन्या आ.वि. (१-८) | पञ्चकन्या |
| ६ | शारादा आ.वि. (१-५) | हुमली |
| ७ | कालिका बाल प्रा.वि.(१-५) | मिश्रडाडाँ |
| ७ | सरस्वति आ.वि. (१-८) | अर्खौले |
| ७ | जनता मा.वि. (१-१२) | जितपुर बजार |
| ७ | जितपुर क्याम्पस | जितपुर |
| ७ | आइतबारे प्रा.वि.(१-३) | काफले |
| ७ | अन्नपुर्ण मा.वि. (१-१०) | आन्चुङ्ग |
| ७ | बालक प्रा.वि (१-५) | साम्चा |
| ७ | सरस्वति प्रा.वि. (१-५) | सेवारो |
| ८ | सुर्य दय प्रा.वि.(१-५) | आहाल डाडाँ |
| ८ | याङलावुङ प्रा.वि.(१-५) | यङलावुङ |
| ८ | जनता मा.वि.(१-१०) | निगाले |
| ८ | जाल्पा देवि प्रा.वि.(१-५) | आइतवारे |
| ८ | रामबेनी आ.वि.(१-७) | दौताचौक |
| ९ | राम मा.वि.(१-१२) | गणेशटोल |
| ९ | सिहदेवि मा.वि.(१-१०) | सिंहदेवि |
| ९ | लालिगुरास प्रा.वि.(१-५) | सिदकाली |
| ९ | जलकन्यान प्रा.वि.(१-३) | घुरघुरे |
| ९ | माहामाण प्रा.वि. | सिरीसे |

| वडा | सामुदयिक विद्यालय | स्थान |
|---|---|---|
| ९ | मुक्तिमहेश्वर मा.वि.(१-१०) | बोलचौर |
| ९ | सिंहबहिनी प्रा.वि.(१-३) | कटहरे |
| **संस्थागत विद्यालय (निजी)** | | |
| ४ | विरेन्द्र प्रा.वि.(१-५) | रुपाटार |
| ४ | दिपेन्द्र प्रा.वि. (१-५) | सिखरकटारी |
| ४ | जनता प्रा.वि. | गेरेढुङगा |
| ५ | चानुवा ई.वो.स्कुल | शिवराजि |
| ७ | जाल्पादेवी ईङ्गिलिस् बोडिङ्ग स्कुल (१-७) | जितपुर |
| ८ | प्रि लियुट वोडीङ | नेताचोर |

स्रोत: संस्थागत अध्ययन, २०७८




**चित्र २.६: शैक्षिक संस्थाहरु सम्बन्धी विवरण**

## साक्षरता सम्बन्धि विवरण

शिक्षा मानव जिवनको लागि अति आवश्यक छ। शिक्षाले नै मानिसको जिवन खुसी र सुखी हुने गर्दछ। शिक्षा विना मानिस अधुरो र अपुरो हुन्छ। मानव जिवन र समाज विकासको लागि

शिक्षा नभै हुँदैन । शिक्षा औपचारिक र अनौपचारिक विभिन्न तरिकाबाट ग्रहण गर्न सकिन्छ । साक्षर नगरपालिका बनाउन महालक्ष्मी नगरपालिकाले विभिन्न प्रयासहरु गरेको छ ।

**तालिका २.१९: जनसंख्याको साक्षरता सम्बन्धी विवरण**

| वडा नं. | साक्षर जनसंख्या | जम्मा जनसंख्या | साक्षरता प्रतिसत |
|---|---|---|---|
| १ | २८९८ | ३५२० | ८२.३३ |
| २ | ३४९४ | ३५८४ | ९७.४९ |
| ३ | ११२३ | २२१२ | ५०.७७ |
| ४ | २७१४ | ३६३६ | ७४.६४ |
| ५ | २१७७ | २७२७ | ७९.८३ |
| ६ | १५०० | २५७९ | ५८.१६ |
| ७ | ३१५७ | ३८२३ | ८२.५८ |
| ८ | १५२८ | २४१४ | ६३.३० |
| ९ | १९०९ | २६१८ | ७२.९२ |
| **जम्मा** | **२०५००** | **२७,११३** | **७५.६१** |

स्रोत: महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) को विवरण

हाल नेपाल सरकारले स्थानीय तहमा यथाशक्य नगरपालिका/गाउँपालिकाको प्रत्येक वडा भित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरेपछि देशका विभिन्न भागहरुमा स्वास्थ्य चौकी तथा अस्पतालहरु बन्न लागेका देखिन्छन् । यस महालक्ष्मी नगरपालिका भित्र वस्ने अधिकांश घरपरिवारहरुले बिरामी हुंदा सरकारी अस्पतालको सेवामा निर्भर रहेका हुन्छन भने केहि मात्रामा नीजि अस्पतालमा जाने गरेको पनि देखिन्छ । स्वास्थ्य सेवा तथा सुविधालाई ध्यानमा राखि महालक्ष्मी नगरपालिकामा रहेका विभिन्न स्वास्थ्य केन्द्र तथा सेवाहरुलाई तलको तालिकामा प्रष्ट्याइएको छ ।

**तालिका २.२०: विद्यमान स्वास्थ्य सेवा सम्बन्धी विवरण**

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या | बेड संख्या |
|---|---|---|---|
| १ | अस्पताल | १ | नगर स्वस्थ्य सेवा |
| २ | स्वस्थ्य चौकी | ४ | १ |
| ३ | उप स्वास्थ्य चौकी | १ | |
| ४ | प्राथमिक स्वास्थ्य केन्द्र | १ | |
| ५ | क्लिनिक | ६ | |
| ६ | बर्थिङ. सेन्टर | १ | १ |
| ७ | पोलि क्लिनिक | १ | |
| ८ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | १५ | |
| ९ | दक्ष स्वास्थ्यकर्मी बाट सुत्केरी गराउने प्रतिशत | १० | |
| १० | सुडेनीबाट सुत्केरी गराउने प्रतिशत | २० | |
| ११ | महिला स्वयम सेविका संख्या | ४५ | |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

महालक्ष्मी नगरपालिकाभित्र सामान्य चिकित्सक २ जना, हेल्थ असिस्टेन्ट ७ जना, अहेव १२ जना र अनमी १३ जना रहेका छन् । यसै गरी १ जना नर्स, २ जना ल्याव टेक्निसियन र ९ जना अन्य कर्मचारीहरु महालक्ष्मी नगरपालिका भित्रका स्वास्थ्य संस्थामा कार्यरत छन । यी स्वास्थ्यकर्मीहरु वडा नं २, ३, ४, ५, ६,७, ८ र ९ का स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा रहेका छन् । यस सम्बन्धी विवरणलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका २.२१: स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण**

| स्वास्थ्य संस्थाको नाम र ठेगाना | कार्यरत स्वास्थ्यकर्मीको संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा न. | विशेषज्ञ चिकित्सक | सामान्य चिकित्सक | हे. अ. | नर्स | अहेव | अनमी | ल्याव टेक्निसियन | अन्य |
| मारेककटहरे स्वास्थ्य चौकी,मारेक | २ | | | १ | | २ | २ | | १ |
| डाँडागाँउ स्वास्थ्य चौकी, डाँडागाँउ | ३ | | | १ | | २ | २ | | १ |
| चानुवा स्वस्थ्य चौकी, चानुवा | ४ | | | १ | | २ | २ | १ | १ |
| लेगुवा स्वास्थ्य चौकी, लेगुवा | ५ र ६ | | | १ | | २ | २ | | १ |
| प्राथमिक स्वास्थ्य केन्द्र जितपुर | ७ | | २ | १ | १ | २ | ३ | १ | ३ |
| मुर्तिढुगां स्वस्थ्य चौकी, मुर्तिढुगां | ९ | | | १ | | २ | २ | | १ |
| नगर स्वास्थ्य चौकी | ८ | | | १ | | | | | १ |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## स्वास्थ्य संस्था तथा सेवा सुविधाको अवस्था

महालक्ष्मी नगरपालिकाको स्वास्थ्य संस्था तथा सेवा सुविधाको सम्बन्धमा अध्ययन गर्दा लगभग सबै वडाहरुमा स्वास्थ्य चौकी भएको पाईयो । वडा नं २, ४, ७, ८ र ९ मा प्रसुती सेवा रहेको छ भने, सुरक्षित मातृत्व सेवा झण्डै सबै वडाहरुमा रहेको पाइयो । यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका २.२२: स्वास्थ्य संस्था तथा सेवा सुविधा विवरण**

| स्वास्थ्य संस्थाको नाम र ठेगान | वडा नम्वर | संस्थाको प्रकार | स्वास्थ्य कर्मी स्विकृत दरबन्दी | शैया संख्या | पुर्तिको अवस्था | प्रसुती सेवा | ल्याव | क्लिनिक | एक्सरे सेवा | परिवार नियोजन | खोप सेवा | एससिटी | परामर्श सेवा | सुरक्षित मातृत्व सेवा | रक्त संचार सेवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मारेक कटहरे स्वा.चौ. | २ | सरकारी | ५ | छैन | अपुर्ण | छ | छैन | छ | छैन | छ | छ | छैन | छ | छ | छैन |
| डाँडागाँउ स्वा.चौ. | ३ | सरकारी | ५ | छैन | अपुर्ण | छैन | छैन | छ | छैन | छ | छ | छैन | छ | छ | छैन |
| चानुवा स्वा.चौ. | ४ | सरकारी | ५ | छैन | अपुर्ण | छ | छ | छ | छैन | छ | छ | छैन | छ | छ | छैन |
| लेगुवा स्वा.चौ. | ५र६ | सरकारी | ५ | छैन | अपुर्ण | छैन | छैन | छ | छैन | छ | छ | छैन | छ | छ | छैन |
| प्रा.स्वा.जितपुर | ७ | सरकारी | १० | ३ | छ | छ | छ | छ | छ | छ | छ | छैन | छ | छ | छैन |
| मुर्तिढुगां स्वा. चौ. | ९ | सरकारी | ५ | छैन | छ | छ | छ | छ | छैन | छ | छ | छैन | छ | छ | छैन |
| नगर स्वा. चौ. | ८ | सरकारी | २ | छैन | छैन | छ | छैन | छैन | छैन | छ | छ | छैन | छ | छैन | छैन |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## प्रमुख रोग सम्बन्धी विवरण

हाल नेपाल सरकारले स्थानीय तहमा यथासक्य एउटा वडा भित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरेपछि देशका विभिन्न भागहरुमा स्वास्थ्य चौकी तथा अस्पतालहरु बन्न लागेका देखिन्छन् । महालक्ष्मी नगरपालिका भित्र बस्ने अधिकांश घरपरिवारहरुले बिरामी हुँदा नजिकको सरकारी अस्पतालको सेवामा निर्भर रहेका हुन्छन् भने केहि मात्रामा नीजि अस्पतालमा जाने गरेको पनि देखिन्छ । महालक्ष्मी नगरपालिकामा घरपरिवारका सदस्य बिरामी हुँदा सरकारी अस्पताल, निजी अस्पताल, स्वास्थ्य चौकी, निजी क्लिनिक जाने गरेका छन् । अज्ञानताको कारण लामा झाँक्री तथा फुकफाक गर्ने चलन पनि रहेको छ भने केही परिवारहरु कही पनि नगई आफै ठिक हुन्छ भनि बस्ने गरेको पनि पाईएको छ । समष्टिगत रुपमा महालक्ष्मी नगरपालिकामा बसोवास गर्ने परिवारहरुका सदस्यहरुमा देखा परेका प्रमुख रोगका प्रकारलाई तलको तालिकामा प्रस्तुत गरिएका छ ।

**तालिका २.२३: समुदायमा देखिने प्रमुख रोगहरु**

| क्र.सं. | रोगको नाम | क्र.स. | रोगको नाम |
|---|---|---|---|
| १. | झाडा पखाला | १७. | टि. बि. |
| २. | ज्वरो | १८. | दातँ सम्बन्धी |
| ३. | एलर्जी चिलाउने रोग | १९. | सुगर |
| ४. | घाउँ खटिरा | २०. | प्रेसर |
| ५. | वाथ | २१. | पेट सम्बन्धी रोग |
| ६. | स्वास प्रस्वास | २२. | दम |
| ७. | ग्यास्टिक | २३. | युरिक एसिड |
| ८. | ढाडको दुखाई | २४. | क्यान्सर |
| ९. | खुट्टा बाउडिने | २५. | थाईराइड |
| १०. | हाड जोर्नी | २६. | नशा सम्बन्धी |
| ११. | ट्रन्सिल | २७. | महिलाको पाठेघर सम्बन्धी |
| १२. | रुघाखोकी | २८. | हड्डी खिईने |
| १३. | टाउको दुख्ने | २९. | मानसिक रोग |
| १४. | फङगल ईन्फेक्सन | ३०. | जन्डीस |
| १५. | आँखा ईन्फेक्सन आँखा पाक्ने | ३१. | टाइफाइट् |
| १६. | जुका ईन्फेक्सन | ३२. | निमोनिया आदि |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

**तालिका २.२४: नगरपालिकामा देखा परेका प्रमुख रोग र तिनको उपचार सम्बन्धी विवरण**

| क.सं. | रोगको नाम | रोगी, विरामीको संख्या | उपचार भएको संख्या | फलोअप गरीएको संख्या | रेफर गरीएको संख्या | मृत्यु भएको संख्या |
|---|---|---|---|---|---|---|
| १ | निमोनिया | ६२९ | ६२४ | ५२६ | १५ | ० |
| २ | झाडा पखाला | ९६३ | ९६३ | ७६६ | ० | ० |
| ३ | मलेरिया | ० | ० | ० | ० | ० |
| ४ | कालाजार | ० | ० | ० | ० | ० |
| ५ | क्षय रोग | ९ | ९ | ९ | ० | ० |
| ६ | कुष्ठ रोग | १ | १ | १ | ० | ० |
| ७ | रक्तचाप | ४२५ | ३७५ | ३२५ | १०१ | ० |
| ८ | मुटु रोग | ० | ० | ० | ० | ० |
| ९ | ग्यास्टीक, अल्सर | २९०९ | २९०९ | २८९६ | ५०० | ० |
| १० | पक्षघात | ० | ० | ० | ० | ० |
| ११ | एचआइभि एडस | ० | ० | ० | ० | ० |
| १२ | क्यान्सर | ० | ० | ० | ० | ० |

| क.सं. | रोगको नाम | रोगी, बिरामीको संख्या | उपचार भएको संख्या | फलोअप गरीएको संख्या | रेफर गरीएको संख्या | मृत्यु भएको संख्या |
|---|---|---|---|---|---|---|
| १३ | मधुमेह | ७० | ७० | ७० | ० | ० |
| १४ | दम,स्वासप्रश्वास | ३६४ | २९४ | २९४ | १०० | ० |
| १५ | प्रसुतीजन्य रोग | १६७ | १६७ | १६७ | ३० | ० |
| १६ | हातिपाइले | १ | ० | १ | १ | ० |
| १७ | अन्य | ४५५ | ४५५ | ४४८ | ० | ० |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई स्वास्थ्यसँग प्रत्यक्ष सरोकार रहेको विषय हो । स्वस्थ जीवन जिउनका लागि यी तत्वको निकै महत्व रहेको हुन्छ र यस बारेमा सचेत पनि रहनु पर्दछ । खानेपानीले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रुपमा असर गर्ने गर्दछ तसर्थ खानेपानी सफा तथा शुद्ध हुन आवश्यक छ र यसको साथसाथै सरसफाईमा पनि त्यतिकै जानकारी राख्नु पर्दछ ।

## खानेपानीको मुख्य स्रोत

महालक्ष्मी नगरपालिकामा प्रयोग हुने पानीको मुख्य स्रोत भनेको सार्वजनिक/ सामुदायिक पाइपधारा रहेको छ । महालक्ष्मी नगरपालिकामा धरैजसो घरपरिवारमा निजी तथा सार्वजनिक धाराहरु रहेको र यहाँ खानेपानीको सुविधा प्रसस्त रहेको पाइयो । धारामा पानी नआउदा मानिसहरु घरबाट टाढा रहेको जरुवा वा मूलको पानी प्रयोग गर्ने गरेको पाइयो । यहाँ सार्वजनिक पाइपधारा प्रयोग गर्ने घरपरिवार संख्या जम्मा २२५४ रहेको छ र यो कुल घरपरिवार संख्याको ४०.६६ प्रतिशत हुन आउछ । यस्तै निजी पाइपधारा प्रयोग गर्ने घरपरिवार संख्या १२८५ रहेको र यो कुल घरपरिवार संख्याको २३.१८ रहेको छ । अन्य खानेपानीको स्रोतमा सामुदायिक धारा, नदी, खोला, मुहान, कुंवा, जरुवा, इनार पनि रहेको छ । यस सम्बन्धी विस्तृत विवरण तलको तालिका तथा चित्रमा देखाइएको छ ।

**तालिका २.२५: खानेपानी स्रोतको विवरण**

| क्र.सं. | खानेपानीको मुख्य स्रोत | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कुंवा, जरुवा र इनार | ३७५ | ६.७६५३ |
| २ | छिमेकीको धारा | ८२ | १.४७९३ |
| ३ | नदी, खोला र मुहान | १८८ | ३.३९१७ |
| ४ | व्यक्तिगत धारा | १२८५ | २३.१८२ |
| ५ | सामुदायिक धारा | १३५९ | २४.५१७ |
| ६ | सार्वजनिक धारा | २२५४ | ४०.६६४ |
| | **जम्मा** | **५५४३** | **१००** |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६




**चित्र २.७: खानेपानी स्रोतको अवस्था**

### शौचालय प्रयोगको अवस्था

महालक्ष्मी नगरपालिकाभित्र बस्ने ५,५४३ घरपरिवार संख्या मध्ये ९७.६२ प्रतिशत अर्थात ५,३९९ परिवारले चर्पी प्रयोग गर्ने गरेको देखिन्छ भने १४४ (२.६० प्रतिशत) को शौचालय नभएको देखिन्छ। तलको तालिकामा शौचालयको अवस्थालाई स्पष्ट पारिएको छ।

**तालिका २.२६: शौचालयको अवस्था**

| क्र.सं. | शौचालयको प्रयोग | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शौचालय भएको | ५,३९९ | ९७.४० |
| २ | शौचालय नभएको | १४४ | २.६० |
| | जम्मा | ५,५४३ | १०० |

स्रोत: महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

### फोहोरमैला व्यवस्थापन

यस नगरपालिकामा फोहोरमैलालाई कसरी व्यवस्थापन गर्ने भन्ने ज्ञानको कमी भएको देखिन्छ। जसको फलस्वरुप मानिसको स्वास्थ्यमा प्रतिकूल असर त पर्छ नै, यसको अलावा नगरको सुन्दरतामा समेत कमी हुन आउछ। यसका लागी समय समयमा विभिन्न किसिमका फोहोरमैला व्यवस्थापन कार्यक्रम संचालन गरेमा नगरपालिकालाई सफा, स्वच्छ तथा हरियाली वनाउन सकिन्छ। खानेपानी तथा सरसफाइ सम्वन्धी सहभागीतामुलक योजना निर्माण गरि यस नगरपालिकालाई खुलादिशा मुक्त नगरपालिका घोषणा भएको भए तापनि यसको उचित सम्बोधन अझ हुन सकेको देखिदैन।

**तालिका २.२७: फोहरमैला व्यबस्थापन गर्ने प्रकृतीका आधारमा परिवार संख्या**

| फोहर मैला व्यबस्थापन | परिवार संख्या |
|---|---|
| आफ्नै कम्पाउण्डमा | २८९८ |
| नदि वा खोल्सामा | २२६ |
| घरमानै लिन आउछ | २१९ |
| फोहर थुपार्ने ठांउमा | ४९२ |
| कम्पोष्ट मल बनाइन्छ | १८९ |
| अन्य | १५१९ |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## लैङ्गिक समानता, महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

विश्वमा आधा जनसंख्याको भाग ओगटेको महिलालाई विकासको मुल प्रवाहमा समाहित गर्दै लैजानु आजको चुनौती हो । "जहाँ महिला सहभागीता त्यहाँ विकासमा परिपक्वता" भने झै महिला सहभागीताले पनि यस नगरपालिकामा प्राथमिकता पाउन थालेको छ । महालक्ष्मी नगरपालिकामा वसोवास गर्ने परिवारका महिला सदस्यहरु वन उपभोक्ता समिति, युवा क्लव, वाल क्लव, महिला तथा आमा समूह, नागरीक मञ्च, सहकारी संस्था आदी विभिन्न संघ संस्थामा आवद्ध रहेको देखिन्छ। महालक्ष्मी नगरपालिका भित्र विभिन्न वाल क्लवहरु रहेका छन् । यी वाल क्लवहरुले वालवालिकाको हक अधिकार तथा शिक्षा र स्वास्थ्य  सम्वन्धी विभिन्न कार्य गर्दै आइरहेका छन् ।

## लैङ्गिक समानता र विकास

जन्म देखि नै पुरुष र महिलाको फरक पहिचान र भुमिका हुनु पर्छ भन्ने मान्यता हाम्रो समाजमा छ । अर्थात पुरुष र महिलाले यस्तो यस्तो भूमिका निर्वाह गरुन् भन्ने अपेक्षा समाजले लिएको हुन्छ । समाजमा भएका यस्ता मान्यता व्यक्तिले जन्मिदैं लिएर आएको हुदैंन उसलाई समाजले दिएको हुन्छ । यसरी महिला वा पुरुष भएकै आधारमा व्यक्तिलाई परिवार वा समाजले दिने भुमिका नै लैङ्गिकता हो भने महिला र पुरुष दुवैलाई सामाजिक विभेद नगरी समान दृष्टिकोणको समान व्यवहार गर्नु नै समानता भनिन्छ । समानतामा कुनै पनि व्यक्तिलाई जातिय, लिंग, धर्म, अपांगता आदिको कारणले भेदभाव नगरी समान दृष्टिकोणले हेरिन्छ । महालक्ष्मी नगरपालिकाको स्थलगत अध्ययन क्रममा प्राप्त जानकारी तथा तथ्याङ्कको आधारमा यस नगरपालिका भित्र घरमा विभिन्न विषयमा निर्णय गर्नुपर्दा वा सामाजिक कार्यहरुमा महिला र पुरुषको समान सहभागिता हुने गरेको छ र बिना भेदभाव छोराछोरीलाई शिक्षित बनाउने पनि पाइएको छ । लैङ्गिक समानता र विकासको सवालमा यो नगरपालिकालाई नमुनाको रुपमा लिन सकिन्छ ।

## युवा, खेलकुद तथा कला

खेलकुद मानव जिवनको एक अभिन्न अंङ्ग हो । मानिस स्वस्थ वन्न साथै स्वस्थ समाज निर्माण गर्न खेलकुदको महत्व अपरिहार्य जस्तै वनेको छ । महालक्ष्मी नगरपालिकामा पनि स-साना विभिन्न किसिमका खेदकुद मैदान रहेका छन् । यस्ता मैदानहरुमा प्रायः फुटवल तथा भलिवल खेल्ने गरेको पाइएको छ ।

## सरकारी सार्वजनिक जग्गाहरुको विवरण

महालक्ष्मी नगरपालिकाको जम्मा क्षेत्रफल १२६.३ वर्ग कि.मी. रहेको छ । जसमध्ये महालक्ष्मी नगरपालिकामा रहेका सरकारी सार्वजनिक जग्गाको विवरण र रहेको स्थानका बारेमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.२८: सरकारी सार्वजनिक जग्गाहरुको विवरण**

| क्र.सं. | जग्गा रहेको स्थान | क्षेत्रफल वर्ग कि.मी. | ठेगाना | स्वामीत्व |
|---|---|---|---|---|
| १. | सामुदायिक वन क्षेत्र | ८९०.६६ हे. | | वनको |
| २. | १ नं. वडा कार्यालय क्षेत्र | | महालक्ष्मी नगरपालिका, वडा नं. १ | |
| | १ नं. वडाका सरकारी विद्यालयको जग्गा, जमिन | | | सरकारी |
| | २ नं. वडाका सरकारी विद्यालयको जग्गा, जमिन | | | सरकारी |
| ३. | | | वडा नं. ३ | स्थानीय बासिन्दा |
| ४. | ३ नं. वडा कार्यालय क्षेत्र | | महालक्ष्मी नगरपालिका,वडा नं. ३ | |
| ५. | ३ नं. वडाका सरकारी विद्यालयको जग्गा, जमिन | | वडा नं. ३ | सरकारी |
| ६. | ४ नं. वडा कार्यालय क्षेत्र | ५ हेक्टर | वडा नं. ४ | नेपाल सरकार |
| ७. | ४ नं. वडाका सरकारी विद्यालयको जग्गा, जमिन | | वडा नं. ४ | .सरकारी |
| ८. | ५ नं. वडाका सरकारी विद्यालयको जग्गा, जमिन | | वडा नं. ५ | .सरकारी |
| ९. | मन्दिर क्षेत्र | | वडा नं. ५ | मन्दिर |
| १०. | ६ नं. वडा कार्यालय क्षेत्र | | महालक्ष्मी नगरपालिका,वडा नं. ६ | |
| ११. | ६ नं. वडाका सरकारी विद्यालयको जग्गा, जमिन | | वडा नं. ६ | .सरकारी |
| १२. | सामुदायिक वन क्षेत्र | | वडा नं. ६ | स्थानीय बासिन्दा |

| क्र.सं. | जग्गा रहेको स्थान | क्षेत्रफल वर्ग कि.मी. | ठेगाना | स्वामीत्व |
|---|---|---|---|---|
| १३. | | | वडा नं. ६ | स्थानीय बासिन्दा |
| १४. | ७ नं. वडा कार्यालय क्षेत्र | | महालक्ष्मी नगरपालिका, वडा नं. ७ | |
| | ७ नं. वडाका सरकारी विद्यालयको जग्गा, जमिन | | | .सरकारी |
| १५. | ७ नं. वडाका सरकारी विद्यालयको जग्गा, जमिन | | वडा नं. ८ | नेपाल सरकार |
| १६. | | | वडा नं. ८ | बिद्युत प्राधिकरण |
| १७ | ९ नं. वडा कार्यालय क्षेत्र | | महालक्ष्मी नगरपालिका, वडा नं. ९ | |
| | ९ नं. वडाका सरकारी विद्यालयको जग्गा | | महालक्ष्मी नगरपालिका, वडा नं. ९ | सरकारी |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## नगरपालिकामा संचालित एम्बुलेन्सको स्थिति

नगरपालिकामा अति जरुरी परेका बिरामीहरुको उद्धार कार्यको लागि आकस्मिक स्वास्थ्य सेवा चौविसै घण्टा खुला रहने व्यवस्था मिलाईएको छ। नगरपालिका भित्रका स्वास्थ्य संस्था र जिल्ला बाहिर उपचार गर्न लैजानको लागि हाल १ वटा एम्बुलेन्स सेवासंचालनमा रहेको छ । नगरपालिकामा उपचारको लागि विशेषज्ञ सेवाको अभावमा अन्य ठाउँहरुमा जानु पर्ने बाध्यता रहेकोले एम्बुलेन्स अझै अपुग भएको छ। नगरपालिकामा रक्त सञ्चार सेवाको अभाव रहेको छ। महालक्ष्मी नगरपालिकामा एम्बुलेन्स संचालन संस्थाहरुको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

## सुरक्षा स्थिति

गुणस्तरीय जीवनयापनको लागि मानिसको प्रमुख आवश्यकता मध्ये सामाजिक सुरक्षा पनि महत्वपूर्ण मानिन्छ। त्यसैले नगरपालिकामा बसोबास गरेका नागरिकहरुलाई सुरक्षात्मक सेवाको उचित व्यवस्था गरिनु पर्दछ। आगलागी महामहारी, दैविक प्रकोप एवं बिपत्तीका बेला तत्कालै जनतालाई सेवा पुऱ्याउनु पर्ने कुराहरु सुरक्षात्मक सेवामा समेटिएको हुन्छ। आगलागी तथा बाढीका बखत जिल्ला प्रशासन, प्रहरी, शसस्त्र प्रहरी, स्थानीय सरोकार वाला निकायहरु, नेपाली सेना रेडक्रस, राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु र स्थानीय व्यक्तिहरुबाट उद्धारका काम गरिदै आएको छ। जिल्लाका प्रत्येक ईलाका प्रहरी कार्यालयहरुमा दैविक प्रकोपलाई सामना गर्न आवश्यक सामग्री सहितको उद्धार टोलि गठन गरिने व्यवस्था रहेको छ । महालक्ष्मी नगरपालिकामा एउटा प्रहरी चौकी रहेको छ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### वन तथा जैविक विविधता

प्राकृतिक सम्पति जल, जमिन र जंगल (वन) को उचित उपयोगको स्थिति कुनै पनि राष्ट्रको सामाजिक उन्नती र विकासको सवाल सँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले जोडिएको हुन्छ । महालक्ष्मी नगरपालिकाको भू-भाग वन तथा झाडीले ओगटेको छ । यस नगरपालिकामा पाइने प्रमुख प्रजातीहरुमा सल्ला, कटुस र चिलाउने पर्दछन् । तल्लो भेगमा सालको वन पनि प्रशस्तै पाइन्छन् भने उच्च भेगमा गुँरास, खस्रु, बाँझ, चिमल आदि प्रजातीहरु पाइन्छन् ।

धनकुटा जिल्लाको वन क्षेत्रलाई सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियति वन, निजि वन, धार्मिक वन र संरक्षित क्षेत्रमा विभाजन गर्न सकिन्छ । संरक्षित क्षेत्रहरु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत पर्दछन् भने बाँकी वन क्षेत्रको व्यवस्थापनको कार्य जिल्ला वन कार्यालय अन्तर्गत भै आइरहेको छ । जिल्लाको धेरैजसो वनक्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण भई स्थानीय उपभोक्ता समूहलाई संरक्षण, व्यवस्थापन र सदुपयोगको जिम्मेवारी दिइएको छ ।

### स्थानीय तह बमोजिम वन क्षेत्रको विवरण

नेपालको संविधान, २०७२ अनुसार देशको संरचना संघीय स्वरुपमा परिवर्तन गर्ने क्रममा धनकुटा जिल्लालाई ३ वटा नगरपालिका र ४ वटा गाउँपालिका गरी ७ वटा स्थानीय तह कायम गरिएको छ । महालक्ष्मी नगरपालिकाको कुल क्षेत्रफल १२६.३३ (वर्ग कि.मि.) मध्ये ३६.७३३ प्रतिशत वन क्षेत्रले ओगटेको छ। महालक्ष्मी नगरपालिकामा रहेको सामुदायिक वनक्षेत्र सम्बन्धी विवरणलाई तल देखाइएको छ ।

**तालिका २.२९: सामुदायिक वन क्षेत्र सम्बन्धी विवरण**

| क.सं. | वनको नाम | ठेगाना | क्षेत्रफल, हेक्टर |
|---|---|---|---|
| १ | कटहरे | म.न.पा.,मारेककटहरे १ | ६७.८ |
| २ | धर्मदेवी सालबोटे | म.न.पा.,मारेककटहरे १ | ८४.१९ |
| ३ | पाल्लेवास | म.न.पा.,मारेककटहरे १ | २७.५ |
| ४ | वोके | म.न.पा.,मारेककटहरे १ | |
| ५ | मौवघारी | म.न.पा.,मारेककटहरे १,२ | १७.१२ |
| ६ | वनपाला | म.न.पा.,१,७ | १४.३ |
| ७ | पन्चकन्या कोप्चे | म.न.पा.,मारेककटहरे २ | ८५.३५ |
| ८ | जलकन्या देवी | म.न.पा.,मारेककटहरे २ | ११६.५ |
| ९ | विहानी | म.न.पा.,मारेककटहरे २ | ३६.६१ |
| १० | बालादेवी | म.न.प,मारेककटहरे २ | १५०.७५ |
| ११ | वैशाखे | म.न.पा., मारेककटहरे २ | १३०.५ |
| १२ | मिर्मिरे महिला | म.न.पा.,मारेककटहरे २ | ५६.८८ |

| क.सं. | वनको नाम | ठेगाना | क्षेत्रफल, हेक्टर |
|---|---|---|---|
| १३ | जलदवी | डाडागाँउ ३ | २०९.२७ |
| १४ | सिहँ देवी | डाडागाँउ ३ | २९० |
| १५ | कैवा खोला | डाडागाँउ २,३,४ | ३३.२७६ |
| १६ | सिद्द देवी | डाडागाँउ ३ | २८ |
| १७ | पिफ वोक्ताड. | डाडागाँउ ३ | ४६ |
| १८ | शिब कैलास | डाडागाँउ ३,४ | ३३ |
| १९ | छम्मु | डाडागाँउ ३,२ | ४२.३६ |
| २० | अरुण पिप्ले | चानुवा ४ | ५९ |
| २१ | सल्लेरी | चानुवा ४ | १४३.६७ |
| २२ | आइतवारे | चानुवा ४ | ६३.२२ |
| २३ | खाल्डे | चानुवा ४ | १४६.३० |
| २४ | सिहं देवी | चानुवा ४ | १७.१ |
| २५ | सिन्धुवसेरी | डाडागाँउ ४,३ | ४४७ |
| २६ | नेवार गाँउको माथिल्लो | चानुवा ४ | १२.१२ |
| २७ | कालिका देवी | ५ | ७३ |
| २८ | पारीपाखा वालुवानी | ५ | ३३.०३ |
| २९ | गढी सिहं देवी | लेगुवा ५ | ६२.०९ |
| ३० | धनमाने डुडे सिहं देवी | लेगुवा ५ | २०.८ |
| ३१ | मण्डली देवी | लेगुवा ५ | ४५.९९ |
| ३२ | वर्ने वेलायते | लेगुवा ५ | २०४.२० |
| ३३ | लाकुरी सिध्देवी | लेगुवा ५,६ | ७५.८८ |
| ३४ | जाल्पा देवी | म.न.पा. ५,९ | ६.१ |
| ३५ | कालिका सिहं देवी | लेगुवा ६ | २३.३५ |
| ३६ | शिवरात्री घाटथाखा | लेगुवा ६ | १२६.९० |
| ३७ | शर्मा देवी | म.न.पा. ७ | १२.६० |
| ३८ | च्याकीवर | म.न.पा. ७ | ३१ |
| ३९ | अर्खौली | म.न.पा. ७ | ४१.६० |
| ४० | फुलवारी | म.न.पा. ७ | २११.७८ |
| ४१ | रानी | म.न.पा. ७ | ११७.९ |
| ४२ | तुहुराक जाल्पादेवी | म.न.पा. ७ | ७६.३७ |
| ४३ | जौवारी | म.न.पा. ७ | २४ |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## विपद जोखिम व्यवस्थापन

अचानक प्रकृतिमा हुने असामान्य गतिविधीका कारण उत्पन्न भएका घटना वा नकारात्मक परिणामलाई प्राकृतिक प्रकोप भनिन्छ । प्राकृतिक प्रकोपका घटनाहरु कतिखेर घटछन् भनेर यकिन साथ भन्न सकिदैंन, मात्र यसको पुर्वानुमान गर्न सकिन्छ । प्राकृतिक विपत्तिले ठुलो जनधनको क्षति गराउनका साथै ठुलो मानसिक विचलन ल्याउने गर्दछ । त्यसैगरी हाम्रो देश नेपाल बाढी, पहिरोको उच्च जोखिमयुक्त मुलुक पनि भएको हुदाँ आईपर्ने प्राकृतिक विपत्ति प्रति

समयमा नै सावधानीका उपायहरु अपनाउनु आवश्यक छ। यसका लागि निर्माण गरिएका निति नियमका अक्षरस कार्यन्वयन गर्नुपर्ने देखिन्छ । साथै गृहमन्त्रालयको मातहतमा रहेको विपद व्यवस्थापन महाशाखा चनाखो रुपमा रही आफ्नो भुमिका निर्वाह गर्नुपर्दछ । महालक्ष्मी नगरपालिकामा भूकम्प, आँधीहुरी ,बाढी ,पहिरो ,आगजनी,डढेलो,हैजाको माहामारी जस्ता प्राकृतिक प्रकोपहरु हुन्छन्

विपद व्यवस्थापन रोकथामका उपायहरुमा विपद व्यवस्थापन सम्बन्धी आवश्यक निति नियम बनाउनुका साथै भौतिक संरचनाहरुको निर्माण गर्दा विषेश सावधानी अपनाउने त्यसैगरी वृक्षारोपण गर्ने तटबन्ध गर्ने साथै प्राकृतिक विपत्ति सम्बन्धी जनचेतना जगाउने कार्यक्रमहरु संचालन गर्नुपर्ने अवस्था छ।

अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, बाढीपहिरो, भुकम्प, ज्वालामुखी विष्फोट आदि प्रकोपहरु प्रकृति सिर्जित प्राकृतिक प्रकोप हुन् तर सबै किसिमका प्राकृतिक प्रकोपहरु प्राकृतिक कारणले मात्र हुदैंनन् मानविय लापरवाहीका क्रियाकलापहरुबाट पनि प्राकृतिक प्रकोप हुन सक्छ, जस्तै वनजङ्लमा आगजनी हुनु, बाँध फुट्नु, बाढीपहिरो जानु आदि । यस्ता प्राकृतिक प्रकोपहरुको रोकथाम तथा निवारणका लागि प्राकृतिक श्रोतहरुको संरक्षण, जनचेतनाको विकास, सुरक्षित बस्तीको निर्माण, वृक्षारोपण, वातावरणीय सरसफाइ, वनफँडानी रोकथाम सम्बन्धी कार्यक्रमहरु संचालन गरी आफ्नो जिम्मेवारी बहन गर्नका लागि समेत प्रोत्साहन गर्दै जानु पर्दछ।

**तालिका २.३०: महालक्ष्मी नगरपालिकामा विपद्को अवस्था (२०१७ देखि २०२२)**

| विपद् | आगो | बाढी | वन आगो | भरी वर्षा | पहिरो | चट्टयाङ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| घटना संख्या | १५ | २ | १ | ११ | ४ | २ | ३५ |
| पुरुष मृत्यु | ० | ० | ० | ० | ० | २ | २ |
| महिला मृत्यु | ० | ० | ० | १ | ० | ० | १ |
| जम्मा मृत्यु | ० | ० | ० | १ | ० | २ | ३ |
| प्रभावित परिवार संख्या | १९ | २ | ० | ११ | २५ | २ | ५९ |
| जम्मा अनुमानित क्षति रु. हजारमा | ८५५७९४० | | | ४१९५००० | ५९४९०० | | १३३४७८४० |
| पूर्णरूपमा क्षतिग्रस्त घर | ११ | ० | ० | ६ | १७ | ० | ३४ |
| आंशिक क्षतिग्रस्त घर संख्या | ४ | १ | ० | २ | ८ | ० | १५ |
| घरपालुवा जनावरको क्षय | १ | ० | ० | ० | ० | ० | १ |
| ठाउँ सर्न बाध्य घरगोठ | ५ | १ | ० | २ | ० | ० | ८ |

Source: http://drrportal.gov.np/

## २.६ पूर्वाधार तथा शहरी विकासको अवस्था

### यातायात पुर्वाधार

हरेक समुदाय देखि लिएर बस्ती बस्तीको आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक आधारभूत पूर्वाधार सडक यातायातको सबैभन्दा कम खर्चिलो माध्यम हो । महालक्ष्मी नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने मानिसहरूले पुर्वाधार विकासका आधारमा के कस्तो प्रकारका सेवा सुविधा पाईरहेका छन् र त्यसको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा अध्ययन गर्नको लागि यस क्षेत्रमा प्राप्त हुने न्युनतम् आधार क्षेत्रहरूलाई सहस्राब्दी विकास लक्ष्यले अंगिकार गरेको वातावरणीय दिगोपनलाई स्थानियकरण गरी अध्ययन तथा विश्लेषण गरिएको छ ।

### सडक सञ्जालको विद्यमान अवस्था

महालक्ष्मी नगरपालिका भित्र रहेका ग्राभेल तथा कच्ची सडक, ढुंगा छापेको, इटा बिच्छ्याएको र आर.सी.सी. सहितको सडक पाइएको छ । जसमात्रिसुले-जीतपुर सडक,सिधुवा–मुर्तिढुंगो-जीतपुरे–रामबजार सडक,दाह्रेगौडा–मारेक -लेगुवाघाट सडक,मुठे -डांडागांउ-चानुवा-रामबजार सडक, आहाले- खापाङ डांडागांउ सडक, बसन्तपुर-घुमाउने-तेलुंग सडक जस्ता सडकहरु रहेकाछन् ।

**तालिका २.३१: मुख्य सडकहरु**

| क्र.सं. | मुख्य सडकहरुको नाम |
|---|---|
| १ | त्रिसुले-जीतपुर सडक |
| २ | सिधुवा–मुर्तिढुंगो-जीतपुरे–रामबजार सडक |
| ३ | दाह्रेगौडा–मारेक -लेगुवाघाट सडक |
| ४ | मुठे -डांडागांउ-चानुवा-रामबजार सडक |
| ५ | आहाले- खापाङ डांडागांउ सडक |
| **मध्यम सडकहरु** | |
| ६ | पुरे-आन्द्रुङ्ग-हलेदे हुँदै चानुवा जोड्ने सडक |
| ७ | जितपुर याङ्लाबुङ्ग-मचेपे-मुलखर्क-डाँडागाँउ सडक |
| ८ | जितपुर-ढोडे-मारेक-कटहरे-चानुवा सडक |
| ९ | चित्रे-पारिखाप्राङ-कटहरे सडक |
| १० | लहरेबर हुँदै छथर गाँउपालिका र पाख्रिवास न.पा. जोड्ने सडक |
| ११ | बसन्तपुर-घुमाउने-तेलुंग सडक |
| १२ | ओखे-नागेश्वर-लक्ष्मी खोला जोड्ने सडक लगायत नगरमा खोलिएका सडकहरु |
| १३ | नगर भित्र खोलिएका सम्पुर्ण सहायक सडकहरु |
| १४ | लहरेवर अर्चले सडक |

| | |
|---|---|
| १५ | खालिङ चौतारा रातमाटे सडक |
| १६ | सालघारी मेलाङचुङ घान्दुङ सडक |
| १७ | घिर्लिङडांडा ज्यामिरे सडक |
| १८ | वरङदा ज्यामिरे सडक |
| १९ | हिले भोजपुर खांदवारी सडक |
| २० | रामवजार जितपुर सडक |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६




**चित्र २.८: सडक सञ्जालको विद्यमान अवस्था**

## पक्की तथा झोलुङ्गे पुलपुलेसा

यातायातलाई सहज बनाउनका लागि पुलपुलेसाहरुको पनि ठुलो महत्व रहेको हुन्छ । ठुला तथा साना नदिहरु भएको स्थानहरुमा सहज रुपमा यातायात संचालन गर्न गराउनका लागि मोटरेवल पुलहरुको आवश्यकता पर्दछ भने ग्रामिण स्थानहरुमा पक्की तथा झोलुङ्गे पुलहरुले यसको काम गरिरहेका हुन्छन् । महालक्ष्मी नगरपालिका भित्र साना ठुला गरी विभिन्न प्रकारका पुलहरु रहेको देखिन्छ । महालक्ष्मी नगरपालिकामा सडक पुल तथा कच्ची पुलहरु रहेका छन् । तलको तालिकामा यस नगरपालिकामा रहेका पुलका नाम र ठेगानाका बारेमा देखाइएको छ ।

**तालिका २.३२: पुल तथा कल्भर्ट सम्बन्धी विवरण**

| पुल, खोलाको नाम | दायाँ किनारा रहेको स्थान | बायाँ किनारा रहेको स्थान | निर्मित साल | सहयोगी निकाय | ठेगाना |
|---|---|---|---|---|---|
| लक्ष्मी खोला झोलगँ पुल | जितपुर ७ | मारेककटहरे | | | वडा न.१ |
| लक्ष्मी खोला पुल | वडा न. ८ | वडा न. १ | | | |
| ठेगुवा खोल पुल | वडा न. १ | वडा न. २ | | | |
| केवाँ खोला | वडा न. ३ | धर्मदेवी न.पा. ९ | २०६८ | | वडा न ३ |
| लेगुवा खोला | वडा न. ३ | म.न.पा. २ | २०६८ | | वडा न ३ |
| लेगुवा खोला झो.पु. | म.न.पा.४ | म.न.पा.५ | | | वडा न ५ |
| लेगुवा खोला मोटरएवल पुल | म.न.पा.४ | म.न.पा.५ | | | वडा न. ५ |
| लेगुवा खोला झो.पुल | म.न.पा.५ | म.न.पा.५ | | | वडा न.५ |
| अरुण नदि झो.पुल | म.न.पा.५ | म.न.पा. ३ | | | वडा न.५ |
| अरुण नदि मोटरएवल पु. | म.न.पा.५ | म.न.पा.४ | | | वडा न.५ |
| माड.माया झो.पुल | पाखरीवास | महालक्ष्मी वासपानी | | नेपाल सरकार | वडा न.६ |
| वासपानी झो.पुल | पाखरीवास | महालक्ष्मी वासपानी | | नेपाल सरकार | वडा न.६ |
| लक्ष्मीखोला | आम्द्रड. | मारेक | | नेपाल सरकार | वडा न.७ |
| माड.माया खोला | सेरा | दानिखर्क | | नेपाल सरकार | वडा न.७ |
| लक्ष्मी खोला | ढोडे | मारेककटहरे | | | वडा न.८ |
| माड.माया खोला झो.पुल | हुथर,जोरपाटी सल्ले | महालक्ष्मी ९ सल्ले | | जि.वि.स. | वडा न.९ |
| माड.माया खोला झो.पु. | हुथर जोरपाटी,मजुवा | महालक्ष्मी ९ | | जि.वि.स. | वडा न.९ |
| माड.माया खोला झो.पु. | हुथर जोरपाटी हात्तिखर्क | महालक्ष्मी ९ | | जि.वि.स. | वडा न.९ |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

## विद्युत् तथा वैकल्पिकऊर्जा

### इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार)

महालक्ष्मी नगरपालिकामा काठ र दाउरा इन्धनको प्रमुख स्रोतको रुपमा प्रयोग गरिएको छ । यहाँ काठ र दाउरा प्रयोग गर्नेको संख्या ४२९२ रहेको छ र यो कुल घरपरिवारको ७७.४३ प्रतिशत हुन आउछ । त्यस्तै एल.पी. ग्याँसको प्रयोग गर्ने घरपरिवार ५३५ रहेको छ । तलको तालिका खाना पकाउने इन्धनको किसिम सम्वन्धी विवरणलाई दिईएको छ ।

**तालिका २.३३: खाना पकाउने इन्धनको किसिम सम्बन्धी विवरण**

| क्र.सं. | इन्धनको प्रकार | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काठ र दाउरा | ४२९२ | ७७.४३ |
| २ | एल.पी. ग्याँस | ५३५ | ९.६५ |
| ३ | गोवर ग्यांस | ७०५ | १२.७२ |
| ४ | मट्टितेल | ८ | ०.१४ |
| ५ | अन्य | ३ | ०.०५ |
| | **जम्मा** | **५५४३** | **१००.००** |

स्रोत: महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६




**चित्र २.९: खाना पकाउने इन्धनको किसिम सम्बन्धी विवरण**

### बत्ती बाल्ने इन्धनको प्रयोगको आधारमा विद्युत तथा वैकल्पिक उर्जा

महालक्ष्मी नगरपालिकाको कुल जनसंख्या मध्य प्रायजसो परिवारमा बिजुली सेवा उपलब्ध छ । महालक्ष्मी नगरपालिकामा बसोबास गर्ने बासीहरुलेबिजुली सेवा प्रयोग गरेका छन् । जस अनुसार ५,३२६ परिवारले बिजुली सेवा प्राप्त गरेका छन् । यो संख्या महालक्ष्मी नगरपालिकाको कुल घरपरिवार संख्याको ९६.०९ प्रतिशत हुन आउदछ । त्यस्तै २१७ घरपरिवार बिजुली नभएको

परिवार रहेको छ । तलको तालिका तथा डायग्राममा बिजुली तथा उज्यालो सेवा उपलब्ध परिवारको विवरणलाई देखाईएको छ ।

**तालिका २.३४: विद्युत सेवा उपलब्ध परिवार**

| क्र.सं. | बिजुली बत्तीको उपलव्धता | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बिजुली भएको | ५,३२६ | ९६.०९ |
| २ | बिजुली नभएको | २१७ | ३.९१ |
| | **जम्मा** | **५,५४३** | **१००** |

स्रोतः महालक्ष्मी नगरपालिकाको पार्श्वचित्र, २०७६

### सूचना, सञ्चार तथा प्रविधि

नेपाल टेलिकम प्रा.लि. तथा एनसेल प्रा.लि. मार्फत महालक्ष्मी नगरपालिकामा विभिन्न दूर सञ्चार सेवाहरु उपलब्ध रहेका छन् । सञ्चार प्रणालीमा हुलाक, निजी कुरियर, टेलिफोन, फ्याक्स तथा इन्टरनेट जस्ता आधुनिक सञ्चार सुविधाहरु पनि महालक्ष्मी नगरपालिकामा उपलब्ध रहेका छन् । साथै यस्ता सेवा ठाउँ-ठाउँमा खुलेका साइबर क्याफेहरु, होटल, लज, विद्यालय र क्याम्पसहरुमा पनि उपलब्ध रहेकाले दुर सञ्चार सेवामा सर्वसाधारणको पहुँच सजिलो भएको छ । नेपाल टेलिकम प्रा.लि.को नमस्ते र स्काई मोबाईलका साथै ईमेल, एडिएसएल र पिएसटिन लाइन फ्याक्स आदि सेवाहरु र एनसेल प्रा.लि.को मोबाईल सेवा प्रयोग गरिरहेका छन् । यहाँ एनसेल प्रा.लि.को एउटा टावर छ ।

### टेलिफोन सेवाको स्थिति

महालक्ष्मी नगरपालिकाका सम्पूर्ण वडाहरुमा टेलिफोन सेवा उपलव्ध रहेको छ । सञ्चार क्षेत्रमा हालैका दिनहरुमा देशमा भएको तिव्र विकास संग सँगै यस नगरपालिकाका वडाहरु टेलिफोन सम्पर्कमा समेटिन आएको हो । नेपाल टेलिकम र नीजि क्षेत्रबाट सञ्चालित एनसेलका मोबाईलहरुबाट देश विदेशमा सिधै सम्पर्क राख्न सकिने भएको छ । टेलिफोन बाहेक नगरपालिकामा मुख्य बजारहरु जितपुर, चित्रे बजार, चानुवा, मारेककटहरे, डांडागांउ ईन्टरनेट सेवा सर्व साधारणका लागि उपलब्ध रहेको छ । ईन्टरनेट सेवा सहज र सुलभ बन्न पुगेको छ । नगरपालिकाका अन्य स्थानमा सि.डि.एम.ए. मोबाईलबाट समेत ईन्टरनेट सेवा उपयोग गर्न सकिन्छ ।

## २.७ सुशासन तथा संस्थागत व्यवस्था

### संस्थागत तथा सुशासनको स्थिति

संस्थागत विकास र सुशासन स्थानीय स्वायत्त सरकारका आधार स्तम्भहरू हुन् । प्रभावकारी सेवा प्रवाह र सुशासनको प्रत्याभूतिबाट मात्रै स्थानीय शासन तथा तह संस्थागत हुने गर्दछ ।

स्थानीय सरकार संचालन ऐन २०७४ लगायत सम्बन्धित ऐन, नियम, निर्देशिकाले स्थानीय तहलाई स्थानीय सरकारको जिम्मेवारी दिएको छ । उपरोक्त कानूनी व्यवस्था अनुसार विकास सम्बन्धी गतिविधि सञ्चालन तथा सेवा प्रवाहलाई परिणाममुखी र प्रभावकारी बनाउन स्थानीय तहको पुर्ण तथा समन्वयकारी भूमिकाको अपेक्षा गरिएको छ । नगर विकासका प्रयासहरुलाई व्यवस्थित, नतिजामूलक तथा प्रभावकारी बनाउन नगरपालिकाको समग्र नेतृत्व र विषयगत निकायहरुको विषयगत नेतृत्वमा योजना तर्जुमा, कार्यान्वयन र नतिजा अनुगमन तथा मूल्याङ्कन प्रक्रिया संस्थागत हुन आवश्यक छ ।

नगरपालिका तथा हालको स्थानीय सरकारको समग्र समन्वय र विषयगत निकायहरुको विषयगत क्षेत्रको नेतृत्वमा नगर विकासको विद्यमान स्थितिको चित्रण गर्दै विकासका सम्भावना र आवश्यकताका आधारमा नगरपालिकाको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली संस्थागत गर्न आवश्यक देखिन्छ । यसबाट नगरको एकिकृत विकासमा स्थानीय तथा वाह्य श्रोत साधनको पहिचान तथा परिचालन र नगर विकासका सरोकारवाला (सरकारी, गैर सरकारी, निजी र नागरिक) बीच समन्वय, सहकार्य तथा साझेदारीमा अभिबृद्धि भई विकासका प्रयासहरु व्यवस्थित, नतिजामूलक तथा प्रभावकारी हुन सक्दछ ।

स्थानीय सरकार संचालन ऐन २०७४ लगायत अन्य कानूनी शासनको मूल्य तथा मान्यता अनुरुप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारितामा अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएको छ । सुशासन ऐन २०६४ र नियमावली २०६५ ले सार्वजनिक निकायहरुले क्षतिपूर्तीसहितको नागरिक वडापत्र, गुनासो सुनुवाई, पारदर्शिता र जवाफदेहितासहित सेवाग्राहीमैत्री कार्यप्रणाली अपनाउनु पर्ने व्यवस्था गरेको छ। यसैगरी स्थानीय तहका सेवा प्रदायक निकायलाई सेवाग्राहीप्रति जवाफदेही बनाउन उत्तरदायित्व सम्बन्धी संयन्त्रहरुको कार्यान्वयन रणनीति तथा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण कार्यविधि तथा सूचनाको हकसम्बन्धी कानूनी र नीतिगत व्यवस्था र औजारहरु उपलब्ध रहेको छ ।




**चित्र २.१०: नगरपालिकाको संगठनात्मक ढाँचा**

महालक्ष्मी नगरपालिका अर्न्तगतका ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु निम्न छन् ।

## १. ऐन

- महालक्ष्मी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०७४
- महालक्ष्मी नगरपालिकाको विनियोजन ऐन २०७४
- महालक्ष्मी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०७५
- महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन २०७५)
- महालक्ष्मी नगरपालिकाको सहकारी ऐन २०७५

## २. नियमावली

- नगर कार्यपालिका (कार्य सम्पादन) नियामावली, २०७४
- नगर कार्यपालिका (कार्य विभाजन) नियामावली, २०७४
- महालक्ष्मी नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण ( कार्यविधि) नियमावली, २०७४

## ३. कार्यविधि

- नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७४
- महालहक्ष्मी नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४
- महालक्ष्मी नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन कार्यविधि २०७५
- महालक्ष्मी नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४
- महालक्ष्मी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४
- “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४
- महालक्ष्मी नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५

## ४. निर्देशिका, दिग्दर्शन, आचारसहिंता

- महालक्ष्मी नगरपालिकाको वार्षिक योजना तर्जुमा दिर्ग्दशन, २०७४
- महालक्ष्मी नगरपालिकाको पदाधिकारीहरुको आचारसंहिता, २०७४
- ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७५
- महालक्ष्मी नगरपालिकाको व्यवसाय कर निर्देशिका २०७५

# परिच्छेद ३: सोंच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

सङ्घीय शासन प्रणाली अनुरूप सङ्घीय र प्रदेश सरकारले अवलम्बन गरेका समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोंचसँग तादाम्यता हुने गरी महालक्ष्मी नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ । नगरपालिकाको आवधिक विकास योजना (आ.व.२०७८/७९-२०८२/८३) मा अपेक्षित विकासको लक्ष्य हासिल गर्नका लागि दीर्घकालीन सोंच निर्धारण गर्नुपर्ने हुन्छ । दीर्घकालीन सोंच सामान्यतः आवधिक योजना अवधि भित्रमा प्राप्त हुने अवस्थामात्र नभई दुई/तीन दशक अवधिसम्मको आदर्श कल्पनाका रूपमा निर्धारण गरिएको हुन्छ । प्रथम आवधिक विकास योजनाले लिएको दीर्घकालीन सोंच र समयको परिवर्तनसँगै विकासका नयाँ सिद्धान्त, सम्भावना र समस्याहरूलाई समेत सम्बोधन गर्नका लागि पन्ध्रौ पञ्चवर्षीय योजनाको दीर्घकालीन सोंच **समृद्ध नेपाल, सुखी नेपाली** समेतलाई ध्यानमा राखिएको छ ।

प्रथम आवधिक विकास योजनाको कार्यान्वयनको क्रममा हालसम्म हासिल हुन नसकेका विकासका लक्ष्यहरूलाई समेत समावेश गरी दिगो विकासका लक्ष्यहरू समेत हासिल गर्दै रोजगारमुखी र न्यायोचित वितरण सहितको आर्थिक वृद्धि हासिल गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई परिपूरक रूपमा परिचालन गर्नु आवश्यक छ । यी तीन ओटै क्षेत्रबाट थप लगानी र लगानीको उत्पादकत्व वृद्धिको माध्यमबाट उच्च आर्थिक विकास हासील गरी स्थानीय जनताको प्रतिव्यक्ति आयमा वृद्धि हुने स्तरमा पुऱ्याउने र अन्ततः दिगो आर्थिक समृद्धि हासिल गर्नेतर्फ प्रथम आवधिक विकास योजनालाई केन्द्रित गरिएको छ ।

दीर्घकालीन सोंच निर्धारण गर्दा जनप्रतिनिधि एवं सरोकारवालाहरूको आम सहमतिका आधारमा तयार गरिएको छ । सङ्घीय शासन व्यवस्थाले निर्दिष्ट गरेका विकासको मार्ग र निर्वाचनका बेला राजनीतिक दलहरूले जनताका बिचमा गरेको प्रतिबद्धता प्रथम आवधिक योजनामा प्रतिविम्बित भएको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

आर्थिक वृद्धि र त्यसको न्यायपूर्ण वितरण मार्फत् गरिबी निवारण, मानव विकास र दिगो आर्थिक सामाजिक विकासको पथमा लैजाने कार्य निकै चुनौतीपूर्ण छ । आयको वितरणमा आउन सक्ने असमानता घटाई सामाजिक न्यायमा आधारित समतामूलक तथा लोककल्याणकारी नगरपालिकाको रूपमा स्थापित गर्न पनि त्यतिकै जरुरी छ । आर्थिक क्षेत्रको विस्तार मार्फत् रोजगारीका अवसर सिर्जनागरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने र नगरपालिका भित्र नै पर्याप्त कामका अवसरहरू सिर्जना गर्ने कार्य पनि चुनौतीपूर्ण छ । त्यस्तै, निर्वाहमुखी कृषिलाई रूपान्तरण गरी प्रतिस्पर्धात्मक एवं व्यवसायमुखी बनाउँदै यसलाई नगरपालिकाको

औद्योगिक विकासमा आबद्ध गर्ने कार्य झनै चुनौतीपूर्ण छ । ऊर्जासङ्कट हटाउने, प्रकोप सम्बन्धी सम्भाव्य जोखिमहरूको न्यूनीकरण गर्दै आर्थिक-सामाजिक विकासका सबै प्रयासहरूलाई जलवायु परिवर्तन अनुकूल बनाउने कार्य अझ ठूलो चुनौतीको रूपमा रहेको छ । पूर्वाधारको निर्माण तथा विकास र आबद्धतासँगै ग्रामीण र सहरी विकासलाई अन्तर सम्बन्धित तुल्याई यसलाई आर्थिक वृद्धिको स्रोतको रूपमा स्थापित गर्नुपर्नेछ । नगरपालिकाको विकास व्यवस्थापनको क्षमता बढाउँदै जवाफदेही, स्वच्छ र प्रभावकारी विकास प्रशासन कायम गर्ने कार्य पनि चुनौतीकै रूपमा रहेको छ ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

उर्वर जमिन, जलस्रोत, वन, खानी, जैविक विविधता एवं भौगोलिक सुन्दरता जस्ता प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोगबाट समृद्धि हासिल गर्नसक्ने प्रसस्त सम्भावना छन् । कुल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय हुने जनसङ्ख्याको अनुपात बढ्दै जानुका साथै आर्थिक सामाजिक विकासलाई द्रुतता प्रदान गर्न स्वस्थ र क्रमशः शिक्षित हुँदै गइरहेको सक्षम जनशक्ति विकास हुँदैछ । उपयोग हुनै नसकेका तथा कम उपयोग भइरहेका भौतिक तथा अन्य पूर्वाधार उपयोग गर्ने अवसर छ ।

हालसम्मको सामाजिक र आर्थिक क्षेत्रमा भएको लगानीको उच्चतम प्रतिफल लिनसक्ने अवस्था छ । आर्थिक रूपले सक्रिय जनसङ्ख्याको आधाआधी जनसङ्ख्या सहकारी तथा सामुदायिक प्रणालीमा आबद्ध भएको छ, जुन आफैंमा सहभागितामूलक विकासका लागि आधारशिला बनिसकेको छ । सहकारी र निजी दुवै क्षेत्र प्रवर्द्धन गर्ने नीतिबाट प्राप्त अवसरको उपयोग गर्दै नगरपालिकालाई आर्थिक रूपले समृद्ध बनाउन संघ तथा प्रदेशसंग परिपूरकको भूमिका निर्वाह गर्न तत्पर छन् ।वैदेशिक रोजगारीबाट प्राप्त सीप, पुँजी र उद्यमशीलताबाट ज्ञान, प्रविधि र पुँजी परिचालन गर्न यस नगरपालिकालाई थप अवसर प्राप्त भएको छ ।

## ३.४ निर्देशक सिद्धान्त

दीर्घकालिन सोंचलाई मुर्त रूप दिनका लागि शिक्षा, कृषि पर्यटन र पूर्वाधारमा विशेष प्राथमिकता सहित राष्ट्रिय योजना र नीतिका मुलभुत पक्षलाई स्थानीयतामा आन्तरिकिकरण गर्दै देहाय अनुसार विकासको निर्देशक सिद्धान्त तय गरिएको छ ।

**स्थानीय अर्थतन्त्रको विकास र विस्तारः** संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ ।

**व्यवस्थित भू-उपयोग र योजनाबद्ध विकास**ः राष्ट्रिय भूउपयोग नीति २०७२ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तताका, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भूउपयोग क्षेत्र निर्धारण सहित भू-उपयोग योजना तर्जुमा गरी सोको पालना अभिवृद्धि गर्ने संयन्त्र र

कानूनी र नीतिगत व्यवस्था गरिनेछ ।

**उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधार** : भूउपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिबृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकुलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियमवली अनुसार वायोइञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

**प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** नगरपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ ।

**निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः** पूर्वाधार निर्माण, संचालन, सेवा प्रवाहमा निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धीलाई प्रभावकारी बनाइनेछ । कृषि पशुपालन, ब्यापार/व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाई, इञ्जिनियरिङ्ग जस्ता निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थालाई संलग्न गराई स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाईनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिबृद्धि गरिनेछ ।

**समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धन** :सुशासन र विकास समृद्धिको पूर्व सर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वहिष्करण अन्त्य, कानून तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफ देहिताको उच्चतम अभ्यास गरिनेछ ।समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अबलम्बन र सामाजिक जवाफदेहिता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी गरिनेछ ।

प्राकृतिक स्रोतको दिगो उपयोग तथा वातावरणमैत्री विकासः नगरपालिकाले विकास योजना सञ्चालन गर्दा स्थानीय स्रोत, साधन, सम्पदाको बुद्धिमतापूर्ण एवं दिगो रुपमा उपयोग गर्ने र वातावरणलाई क्षति नपुग्ने गरी योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ । प्राकृतिक रुपमा अति नै सम्बेदनसिल भूभाग रहेको यो नगरपालिकाको विकास पूर्वाधारका योजनाहरु सञ्चालन गर्दा प्राकृतिक भूभागलाई नखल्वल्याउने गरी विकास गर्न पहल गरिनेछ विशेषगरी जल, जंगल र जमिनको दीगो उपयोग र व्यवस्थापन गरी जनताको आर्थिक सम्वृद्धि हासिल गरिने छ ।

**सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन** : विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईने छ । यस प्रक्रियामा सूचना प्रविधि,

अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

## ३.५ सोंच, लक्ष्य तथा उद्देश्य

### ३.५.१ नगरपालिकाको विकासको दीर्घकालिन सोंचः

आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत नगरपालिकाको वस्तुस्थिति विश्लेषण तथा सहभागितामूलक छलफल तथा परामर्शका आधारमा विकासका सम्भावना, अवसर र नगरपालिकावासीको अपेक्षित चाहनालाई मध्यनजर गरी देहाय अनुसार नगरपालिकाको दीर्घकालिन सोंच तय गरिएको छः

**"महालक्ष्मी नगरका पाँच आधार शिक्षास्वास्थ्य, कृषि, उद्यम, पर्यटन र स्वरोजगार"**

कृषि, उद्यम, पर्यटन, र स्वरोजगारलाई विकासको आधारको रूपमा प्रयोग गरी स्वस्थ, शिक्षित, आत्मनिर्भर र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने नगरपालिकाको रूपमा विकास गरिनेछ ।

### ३.५.२ नगरपालिकाको लक्ष्य

यस नगरपालिकाको विकासको समग्र लक्ष्य देहाय अनुसार रहेको छः

- जैविक कृषि उत्पादन, पशुपालन, पर्यटन, व्यापार, लघु उद्योग तथा गुणस्तरीय शिक्षा र स्वास् थ्यबाट नागरिकको आयस्तरमा उल्लेखनीय रुपमा वृद्धि गर्दै चार वर्ष भित्रमा मध्यम आय भएका देशका नागरिक सरह बनाउर्ने ।

### ३.५.३ नगरपालिकाका उद्देश्यहरू

यस नगरपालिकाको समग्र विकासमा उद्देश्यहरू देहाय अनुसार रहेको छन्:

१. कृषि व्यवसाय, पर्यटन, उद्योग तथा व्यापारलाई सहयोग पुग्ने गरी महालक्ष्मी नगर रिङरोडको निर्माण गर्ने ।

- जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको नमुना गन्तव्य बनाउने ।

- सबै वडा कार्यालयहरूलाई सधै यातायात संचालन हुने गरी सडक सञ्जालले जोड्ने र क्रमशः सडकहरू ग्राभेल र कालोपत्र गर्ने ।

- राष्ट्रिय भू-उपयोग नीति २०७२ अनुसार कृषि, आवासीय, व्यवसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी तथा ताल तलैया र आवश्यकताअनुसार तोकिएका अन्य क्षेत्रमा जमिनको विभाजन गर्ने ।

- नगरपालिकाको उपयुक्त क्षेत्रमा उच्च शिक्षा प्रदान गर्ने प्राविधिक शिक्षालयको स्थापना गर्ने ।

- नगरपालिकामा रहेका स्वास्थ्य संस्था र अस्पतालहरूलाई स्तरोन्नती गरी सुविधा सम्पन्न स्वास्थ्य संस्था र अस्पतालको रुपमा विकास गर्ने ।

- सबै वडामा सञ्चालित विद्यालयहरूमा प्राविधिक र गुणस्तरीय शिक्षाको प्रत्याभूति दिलाउने ।

- राष्ट्रिय कार्यक्रम अनुसार "एक घर, एक धारा" अवधारणा अनुरुप सबै घरमा स्वच्छ खानेपानी उपलब्ध गराउने ।

- पूर्ण सरसफाइयुक्त नगर निर्माण गर्ने ।

- बालमैत्री र वातावरणमैत्री नगर निर्माण गर्ने ।

- नगरपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्दै उक्त कार्यक्रमहरूको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरूबाट पारदर्शीता एवम् स्थानीय सुशासन कायम गर्न "टोल सुधार संस्था" लाई निरन्तरता तथा थप परिस्कृत गर्दै टोल सुधार संस्था मार्फत टोल सुधार गर्ने ।

- आधुनिक कृषि र उद्यम व्यवसाय गर्न प्रोत्साहन गर्दै इच्छुक युवाहरूलाई स्वरोजगार बनाउन "महाल क्ष्मी कृषि आधुनिकीकरण तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम" लागु गर्ने ।

- महिलाहरूको सीप विकास मार्फत आत्मनिर्भर बनाउन "प्रथम उपमेयर जीविका जागरण" कार्यक्रमलाई निरन्तरता दिने ।

- "मेयर टोल सुधार संस्थालाई" थप व्यवस्थित र जिम्मेवार बनाउने ।

- घरेलु हिंसा, महिला हिंसामुक्त नगर निर्माण गर्ने ।

- प्राकृतिक विपद न्युनीकरणका र जोखिममा रहेकाहरूको उद्धारको लागि "मेयर राहत कोष" स्थापना गरी सोही कोषमार्फत तुरुन्तै उद्धार गर्ने ।

- नगदेवालीलाई प्रोत्साहन गर्दै नगदेबाली प्रशोधन केन्द्र स्थापना गरी व्यापारिक केन्द्रको रुपमा स्थापित गर्ने ।

- निकासीजन्य वस्तुको बजारीकरण गरी कृषि उपजको निकासी प्रवर्द्धन गर्ने ।

- अनुगमन र मूल्याङ्कन संयन्त्र समृद्ध बनाई योजना तथा आयोजनाको मूल्याङ्कन गर्ने ।
- गरिबी पहिचान तथा स्वास्थ्य बिमाको व्यवस्थापन गर्ने ।

३.६ परिमाणात्मक लक्ष्य

महालक्ष्मी नगरपालिकाको आवधिक योजनाका परिमाणात्मक लक्ष्य तल प्रस्तुत गरिएको छः ( तालिका ३.१) ।

**तालिका ३.१ आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरू**

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८२/८३ को लक्ष्य | पुस्टयाइँका स्रोत |
|---|---|---|---|---|---|
| **क.** | **आर्थिक विकास क्षेत्र** | | | | |
| १. | कृषि बिमा | प्रतिशत | ० | १० | नगरपालिका |
| २. | पशुपंक्षी बिमा | प्रतिशत | ७ | १५ | नगरपालिका |
| ३. | बाख्रा फार्म/कृषक समुह | सङ्ख्या | ४१ | ५० | नगरपालिका |
| ४. | कृषि तथा पशुपंक्षी फार्म | सङ्ख्या | ४७ | ७० | नगरपालिका |
| ५. | कोल्ड स्टोर (निर्माणाधिन) चिस्यान केन्द्र | सङ्ख्या | १४ | २० | नगरपालिका |
| ६. | कृषि हाटबजार | सङ्ख्या | ३ | ५ | नगरपालिका |
| ७. | बैंकको शाखा (क र ख वर्ग) | सङ्ख्या | ४ | ६ | नगरपालिका |
| ८. | लघुवित्त संस्थाको शाखा | सङ्ख्या | ४ | ५ | नगरपालिका |
| ९. | बचत तथा ऋण सहकारी संस्था | सङ्ख्या | ७ | ९ | नगरपालिका |
| १०. | कृषि सहकारी संस्था | सङ्ख्या | २३ | ३० | नगरपालिका |
| ११. | महिला सहकारी संस्था | सङ्ख्या | १ | ५ | नगरपालिका |
| १२. | अन्य सहकारी | सङ्ख्या | ३३ | ४० | नगरपालिका |
| १३. | सहकारी सुपथ मूल्यका पसल स्थापना | सङ्ख्या | ० | २० | नगरपालिका |
| १४. | भूमिहिन घरपरिवार | सङ्ख्या | | १०० | नगरपालिका |
| १५ | आन्तरिक राजस्व | रू. हजारमा | ४४०० | ३०००० | नगरपालिका |
| १६ | होमस्टे (सामुदायिक र निजि) | सङ्ख्या | ० | ५ | नगरपालिका |
| १७ | पर्यटन पदमार्ग | सङ्ख्या | ० | ५ | नगरपालिका |
| १८ | औद्योगिक ग्रामको स्थापना | सङ्ख्या | ० | १ | नगरपालिका |
| १९ | निरपक्ष गरीवीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | २५ | ५ | नगरपालिका |
| **ख)** | **सामाजिक क्षेत्र** | | | | |
| २० | प्राविधिक शिक्षा अध्ययन गराउने विद्यालय | सङ्ख्या | ० | २ | नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | कम्प्युटर ल्याव स्थापना भएको विद्यालय | सङ्ख्या | १ | ५ | नगरपालिका |
| २२ | विज्ञान प्रयोगशाला स्थापना भएका विद्यालय (६ -१२) | सङ्ख्या | १० | १५ | नगरपालिका |
| २३ | स्नातक तह अध्ययन गराउने क्याम्पस | सङ्ख्या | १ | ५ | नगरपालिका |
| २४ | नमुना बालविकास केन्द्र | सङ्ख्या | १ | ६ | नगरपालिका |
| २५ | इ- हाजिरी भएका विद्यालय | सङ्ख्या | १७ | ५३ | नगरपालिका |
| २६ | सिसि क्यामरा जडान भएका विद्यालय | सङ्ख्या | १७ | ४३ | नगरपालिका |
| २७ | कोभिडको भ्याक्सिन लगाउने जनसंख्या | प्रतिशत | ८९ | १०० | नगरपालिका |
| २८ | सुत्केरी भत्ता लिने | प्रतिशत | ८० | १०० | नगरपालिका |
| २९ | दक्ष प्रसुतिकर्मीबाट जन्मने बच्चा | प्रतिशत | १०० | १०० | नगरपालिका |
| ३० | संस्थागत प्रसुति | प्रतिशत | ८० | ५ | नगरपालिका |
| ३१ | परम्परागत उपचारमा संङ्लग्न जनशक्तिलाई क्षमता विकास तालिम | सङ्ख्या | ० | ५ | नगरपालिका |
| ३२ | खोपकेन्द्र | सङ्ख्या | २४ | २८ | नगरपालिका |
| ३३ | आयुर्वेद औषधालय | सङ्ख्या | १ | २ | नगरपालिका |
| ३४ | जनघनत्व (जना प्रति वर्ग. कि. मि.) | जना | १९२ | २०० | नगरपालिका |
| ३५ | प्रति परिवार औसत सदस्य सङ्ख्या | जना | ४.५ | ४ | नगरपालिका |
| ३६ | वार्षिक औसत जनसङ्ख्या वृद्धिदर | प्रतिशत | ०.३८ | ०.२८ | नगरपालिका |
| ३७ | ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ता | प्रतिशत | ९५ | १०० | नगरपालिका |
| ३८ | गैससका कार्यक्रम नगरपालिकाको योजना प्रणालीमा आबद्धता | सङ्ख्या | ३ | ७ | नगरपालिका |
| **ग) भौतिक पूर्वाधार विकास** | | | | | |
| ३९ | ३० मिनेट सम्मको दुरिमा यातायात पहुँच भएको परिवार | प्रतिशत | २० | ५० | नगरपालिका |
| ४० | कालोपत्रे सडक | कि. मि. | २१ | १०० | नगरपालिका |
| ४१ | ग्राभेल सडक | कि. मि. | १३० | २०० | नगरपालिका |
| ४२ | कृषि सडक | कि. मि. | १३० | १५० | नगरपालिका |
| ४३ | कच्ची सडक स्तरोन्नती | कि. मि. | ९३ | ६ | नगरपालिका |
| ४४ | पक्की पुल | सङ्ख्या | ४ | ६ | नगरपालिका |
| ४५ | झोलुङ्गे पुल | सङ्ख्या | १० | १२ | नगरपालिका |
| ४६ | काठको पुल | सङ्ख्या | ० | ० | नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | कल्भर्ट | सङ्ख्या | ० | ० | नगरपालिका |
| ४८ | सवै मौसममा सडक सगँ आबद्ध वडा | सङ्ख्या | ९ | ९ | नगरपालिका |
| ४९ | वडालाई स्मार्ट वडाका रूपमा विकास गर्ने | सङ्ख्या | ० | १ | नगरपालिका |
| ५० | ट्राफिक पोस्ट स्थापना प्रहरी विट | सङख्या | २ | ५ | नगरपालिका |
| ५१ | ट्राफिक संङकेत | सङख्या | ० | ५ | नगरपालिका |
| ५२ | जेब्रा क्रसिङ्ग | सङख्या | ५ | १० | नगरपालिका |
| ५३ | बसपार्क निर्माण | सङ्ख्या | ३ | ५ | नगरपालिका |
| ५४ | प्रयाप्त खानेपानी सुविधा पुगेको घरधुरी | प्रतिशत | ८० | १०० | नगरपालिका |
| ५५ | नीजि धाराबाट खानेपानी पुगेको घरधुरी | प्रतिशत | ५ | ४० | नगरपालिका |
| ५६ | विद्युत्मा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ९५ | १०० | नगरपालिका |
| ५७ | गोबरग्यास जडित् घरधुरी | सङख्या | १५० | ३०० | नगरपालिका |
| ५८ | खर, झिंगटी/स्लेट को छाना भएको घरधुरी | प्रतिशत | ५ | ० | नगरपालिका |
| ५९ | आरसिसि भएका व्यत्तिगत घरधुरी | प्रतिशत | १.४ | ८ | नगरपालिका |
| ६० | वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन | हेक्टर | ५४०० | ७०० | नगरपालिका |
| ६१ | नियमित मर्मत तथा पुर्नस्थापना सिँचाइ योजना | सङ्ख्या | ६ | १० | नगरपालिका |
| **घ) वन,वातावरण तथा विपद् व्यवस्थापन विकास क्षेत्र** | | | | | |
| ६२ | सामुदायिक वन | संङ्ख्या | ४३ | ४३ | नगरपालिका |
| ६३ | वनले ढाकेको क्षेत्रफल | हेक्टर | ५२.९५ व.कि.मि. | ५२.९५ व.कि.मि. | नगरपालिका |
| ६४ | जलाधारको संरक्षण | सङख्या | २० | २० | नगरपालिका |
| ६५ | जोखिममा परेका बस्ती स्थानान्तरण | सङख्या | ० | २ | नगरपालिका |
| ६६ | विपद् जोखिम नक्सांङ्कन | सङ्ख्या | ४ | ६ | नगरपालिका |
| ६७ | विपद वाट भएको वार्षिक क्षति | रुपैयाँमा | २ करोड | २० लाख | नगरपालिका |
| ६८ | विपद् वाट प्रभावित परिवार संख्या | सङ्ख्या | ८७ | ० | नगरपालिका |
| ६९ | प्रकोप वाट पूर्वाधारमा भएको क्षति | रुपैयाँमा | ७० लाख | १० लाख | नगरपालिका |
| ७० | पहिरोवाट प्रभावित परिवार संख्या | सङ्ख्या | ४४ घर | ० | नगरपालिका |
| **ङ) संस्थागत तथा सुशासन विकास क्षेत्र** | | | | | |
| ७१ | नगरसभामा दलित | सङ्ख्या | ९ | १५ | नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | महिलाको प्रतिनिधित्व | | | | |
| ७२ | रेडियो प्रयोग गर्ने घरधुरी | प्रतिशत | ४ | ३ | नगरपालिका |
| ७३ | टेलिभिजन प्रयोग गर्ने घरधुरी | प्रतिशत | ५० | ७० | नगरपालिका |
| ७४ | मोवाइलमा पहुँच पुगेको जनसङख्या | प्रतिशत | ९५ | १०० | नगरपालिका |
| ७५ | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ५० | ६५ | नगरपालिका |
| ७६ | सूचना माग गर्ने | सङ्ख्या | १५ | ५० | |
| ७७ | सार्वजनिक सुनुवाई गर्ने वडा | सङ्ख्या | ९ | ९ | नगरपालिका |
| ७८ | इ-विडिङ्ग मार्फत आयोजनाको सार्वजनिक खरिद | प्रतिशत | १० | ५० | नगरपालिका |
| ७९ | योजनाको अनुगमन तथा मूल्यांकन | प्रतिशत | १०० | १०० | नगरपालिका |
| ८० | अध्ययन, अनुसन्धान तथा परामर्श सेवा | सङ्ख्या | १० | २० | नगरपालिका |
| ८१ | बजार अनुगमन | पटक | २ | ५ | नगरपालिका |
| **च) अन्तसम्बन्धित विकास क्षेत्र** | | | | | |
| ८२ | प्रहरी चौकी स्थापना र भवन निर्माण | सङ्ख्या | ४ | ५ | नगरपालिका |
| ८३ | मानव अधिकार उलङ्घनका घटना | सङ्ख्या | ० | | नगरपालिका |
| ८४ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नागरिक | प्रतिशत | ६० | १०० | नगरपालिका |
| ८५ | दर्ता भएका लैङ्गिक हिंसा लगायत अपराध अनुसन्धानको अनुपात | सङ्ख्या | १९ | ० | नगरपालिका |
| ८६ | नगरपालिकाको कूल खर्चमा बेरूजुको अनुपात | प्रतिशत | १५ | ० | नगरपालिका |
| ८७ | साना होटल तथा रेष्टुरेन्ट | सङ्ख्या | ६० | ८० | नगरपालिका |
| ८८ | थोक तथा खुद्रा व्यापार | सङ्ख्या | १०२ | १५० | नगरपालिका |

## ३.७ रणनीति तथा प्राथमिकता

### ३.७.१ रणनीति

महालक्ष्मीनगरपालिका क्षेत्रको समिष्टगत विकासका लागि आवधिक योजनाले देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई सञ्चालन गर्ने रणनीति अवलम्बन गरिनेछः

- कृषि र पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, विविधिकरण र औद्योगिकरण गर्ने
- स्थानीय स्रोतमा आधारित उद्योग र व्यवसायको सिर्जना र विकास गर्ने,

- गुणस्तरीय तथा व्यवसायिक शिक्षा, स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सरसफाई सुविधा, सामाजिक सुरक्षा तथा सशक्तीकरण प्रवर्द्धन तथा सुनिश्चित गर्ने,
- यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधार विकास र विस्तार गर्ने,
- वातावरण तथा विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, जैविक विविधता संरक्षण, समावेशीकरण तथा सुशासनलाई स्थानीय शासन तथा विकास प्रक्रियामा एकीकृत गर्ने,
- अन्तर सरकार, निजी क्षेत्र, सहकारी र नागरिक समाजको साझेदारी र सहशासनलाई सुदृढ बनाउने ।

### ३.७.२ प्राथमिकता तथा कार्यनीतिहरू

१. कृषि क्षेत्रको व्यवसायीकरणका माध्यमबाट दिगो उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ ।
२. प्राङ्गगारिक तरकारी खेतीको विकास गरी मूल्य अभिवृद्धि श्रृङखलामा आवद्ध गरिनेछ ।
३. फलफूलमा सुन्तला खेतीलाई व्यवसायिक गरिनेछ ।
४. निर्वाहमूखी बाख्रापालन ब्यवसायलाई व्यवसायीकरण गर्दै लगिनेछ।
५. सबै नागरिकलाई सहकारीमा जोडिनेछ ।
६. स्थानीय श्रोत, साधन, सीप र श्रममा आधारित उद्योगहरूलाई प्रोत्साहन गर्दै युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
७. शिक्षा, स्वास्थ्य तथा पोषण र सामाजिक सुरक्षामा पहुँच र गुणस्तरीयता वृद्धि गरिनेछ ।
८. नगरपालिकामा रहेका मुख्य सडकको चौडाई २२ फिट कायम गरिनेछ ।
९. सबै वडाका सडकको दिगो विकास, विस्तार र स्तरवृद्धि गरी सडक कालोपत्रे गरिनेछ ।
१०. शुद्ध खानेपानी व्यवस्थाका लागि **एक घर, एक धारा**को अभियान कार्यान्वयन गरिनेछ ।
११. वृक्षारोपणलाई अभियानका रूपमा कार्यान्वयन गरिनेछ ।
१२. भौतिक पूर्वाधार निर्माण गर्दा दिगो वातावरणीय सन्तुलन कायम गरिनेछ ।
१३. स्थानीय शासनलाई जनमुखी, उत्तरदायी र पारदर्शी बनाउनका लागि सामाजिक जवाफदेहिता र नतिजामुखी अनुगमनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
१४. पाँच वर्षको अवधिमा एक ओटा वडालाई स्मार्ट वडा बनाइनेछ ।
१५. वि.सं. २०८२ सम्ममा प्रसुति सेवालाई संस्थागत गरि निःशुल्क गरिनेछ ।
१६. वैकल्पिक सिकाई प्रणाली (भर्चुअल प्रणाली) लाई प्रवर्द्धन र कार्यान्वयन गरिनेछ ।
१७. सबै विषयगत क्षेत्रहरूको वस्तुस्थिति विवरण (प्रोफाइल), सडक गुरूयोजना, भू-उपयोग योजना, साना बजार विकास योजना तयारी कार्यहरू आवधिक योजनाको पहिलो वर्षमा  कार्यान्वयन गरिनेछ ।

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँड

स्थानीय तहको निर्वाचन भए पश्चात नगरपालिका विकास, स्थायित्व र समृद्धिको दिशातर्फ अघि

बढे अनुरूप सुशासन कायम भएको छ । धेरैजसो कार्यक्रम निर्धारित समय र लागतमा सम्पन्न भएका छन् । विगत ४ आ.व.मा कृषि, पशुपंक्षी, सहकारी, फलफूल, पूर्वाधार र साना सिँचाइ क्षेत्रका कार्यक्रमहरू केही सम्पन्न भएका छन् । स्थानीय तहको अधिकार क्षेत्र बमोजिम सार्वजनिक खर्चमा उल्लेख्य वृद्धि भएको छ । सार्वजनिक खर्चको लागत कटौती तथा उत्पादनमा अभिवृद्धि भई पूँजीको उत्पादकत्वमा वृद्धि हुने अनुमान गरिएको छ । यसका लागि कृषि, पशुपंक्षी, सहकारी, फलफूल, साना तथा मझौला घरेलु उद्योग, सेवा क्षेत्र तथा विद्युतीय माध्यमको अवलम्बन सहित आर्थिक विकासको लागि व्यवसायीकरण र आधुनिकीकरण गर्नु आवश्यक रहेको छ । नेपालको संविधान २०७२ कार्यान्वयनलाई प्रमुख आधार लिँदै आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न स्थानीय स्रोत साधनको आँकलन गरिएको छ । दिगो उत्पादन, विकास र समृद्धिको आधार निर्माण गर्न, सार्वजनिक, निजी र सहकारी क्षेत्र बीचको सहकार्य तथा परिपूरक भूमिका निर्वाह गर्न, एवं संघ, प्रदेश र स्थानीय तह बीचको सहमति र सहकार्यबाट अर्थतन्त्रमा उल्लेखनिय परिवर्तन ल्याउने गरी वार्षिक राजस्वको अनुमान गरिएको छ । योजनाले निर्धारण गरेका रूपान्तरणका सम्वाहक क्षेत्रमा आवश्यक स्रोत साधनको बाँडफाँड गरिएको छ । समुदायस्तरका कार्यक्रम वडातहबाट नै सम्पन्न गर्नेगरी स्रोतको आँकलन तथा बाँडफाँड गरिएको छ । निर्वाचनपछि विकास निर्माणलाई पूर्णता दिन, आधारभूत पूर्वाधार निर्माण तथा प्रवर्द्धन गर्न, दिगो विकास लक्ष्य हासिल गर्नको लागि स्रोत बाँडफाँड गरी योजना तयार गरिएको छ ।

आवधिक योजनाले लिएको जनताको गुणस्तरीय जिवनको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा पशुपंक्षी, पर्यटन, सहकारी, वन तथा जडीबुटी, साना घरेलु उद्योग, दिगो पूर्वाधार निर्माणमा लगानी केन्द्रित गरिएको छ । उपभोक्ताको सहकार्यमा रोजगारीका अवसरहरू सिर्जना गर्ने कोशिस भएको छ । सार्वजनिक नीजि साझेदारी मार्फत योजनालाई प्राथमिकीकरण गरिएको छ । उत्पादन क्षेत्रको व्यवसायीकरण, बाख्रापालन, फलफूल (आँप र लिच्ची) उत्पादन, तरकारी तथा सुपारी लगायतका नगदेवाली, शैक्षिक विकास, पर्यटन एवं पूर्वाधार विकास क्षेत्रमा लक्षित हुने अनुमान गरिएको छ । विकास निर्माणका कार्यमा अधिकतम मानव पूँजी प्रयोग र सोको उच्चतम उपयोगले उत्पादकत्व अभिवृद्धि, उच्च रोजगारीका आधारहरूको निर्माण र विकासको अनुभूति हुने अपेक्षा गरिएको छ । स्वरोजगार, पर्यावरण संरक्षण, आन्तरिक पर्यटनमा वृद्धि न्यायपूर्ण समाज निर्माण र सुखको अनुभूति हुने अपेक्षा गरिएको छ ।

# परिच्छेद ४: आर्थिक क्षेत्र

## ४.१ कृषि तथा पशुपंक्षी

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले खाद्य सम्बन्धि अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। यसै सन्दर्भमा विभिन्न कारणले उत्पन्न हुनसक्ने खाद्य तथा पोषण सङ्कटको अवस्थालाई अध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि यस नगरपालिकामा पनि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधारको आवस्यकता छ। नगरपालिकालाई खाद्य सम्प्रभु तुल्याउन र नगरपालिकाको स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य मात्रामा लगानी बढाउन आवश्यक छ। नेपालको संविधानको आधिकार सूची तथा कृषि क्षेत्रको समग्र विकासका लागि मार्गचित्रको रूपमा रहेको कृषि विकास रणनीति (सन् २०१५ - २०३५) र दिगो विकास लक्ष्यलाई नगरपालिकामा कृषि क्षेत्रको विकासका लागि मार्गदर्शनको रूपमा लिइएको छ। उक्त रणनीतिले कृषि तथा पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ। यसैगरी दिगो विकास लक्ष्यले लिएको भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने तथा दिगो कृषिको प्रवर्द्धन गर्ने लक्ष्य हासिल गर्ने गरी यस क्षेत्रमा स्रोत र साधनको परिचालन गरिनेछ। विशेषतः कृषि क्षेत्रको व्यवसायीकरणका माध्यमबाट थप रोजगारी सिर्जना गरी आयआर्जन तथा गरीबी निवारण समेत सम्बोधन गरिनेछ। यस नगरपालिकाको लगानीलाई कृषि क्षेत्रको समग्र विकासमा परिचालन गरिनेछ।

### ४.१.२ समस्या तथा चुनौती

यस नगरपालिकाको कृषि उत्पादकत्व वृद्धि गर्न आवश्यक भौतिक पूर्वाधारहरू जस्तै सिँचाई, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र तथा विद्युत आदिको अपर्याप्तता मूल समस्याका रूपमा देखिएका छन्। कृषिजन्य उत्पादनमा आशातीत उपलब्धि हासिल गर्न अत्यावश्यक उन्नत नश्ल तथा बीउको प्रतिस्थापन दर पनि अत्यन्तै कम छ। यसको अतिरिक्त जमिनको तीब्र खण्डीकरण प्रमुख समस्याको रूपमा रहेको छ।

अनुसन्धानबाट विकास भएका प्रविधि पर्याप्त मात्रामा विस्तार नहुनु, वैज्ञानिक जनशक्ति व्यवस्थापन कमजोर हुनु, अनुसन्धानको लागि प्रयोगशाला लगायत अन्य पूर्वाधारहरूको कमी हुनुले कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणमा थप बाधा पुगेको छ। यसले गर्दा भूमि तथा श्रमशक्तिको उत्पादकत्व निकै न्यून रहेको छ। फलस्वरूप, नगरपालिकामा खाद्यान्नको आयात अपेक्षित रूपमा घट्न सकेको छैन। उत्पादित खाद्यबस्तुहरूको पनि समुचित भण्डारण, प्रशोधन तथा मूल्य अभिवृद्धि गरी प्रतिफल यथोचित रूपमा बढाउन सकिएको छैन। जलवायु परिवर्तनबाट यस क्षेत्रमा पर्न गएको प्रभावलाई कम गर्न अनुकुलनको माध्यमबाट

जलवायु उत्थानशील तथा वातावरणमैत्री कृषि प्रणालीको विकास गर्न पनि समस्या रहेको छ ।

कृषि कार्य हुने क्षेत्रहरूमा अनियन्त्रित र असन्तुलित रूपमा जीवनाशक विषादी, एण्टिबायोटिक्स तथा रासायनिक पदार्थको प्रयोगले मानव तथा वातावरणीय स्वास्थ्यमा असर पुगेको छ । खाद्य पदार्थहरूमा पौष्टिक तत्वहरूको स्रोत र उचित उपयोगबारे चेतनाको कमीले गर्दा स्वस्थकर खानपान तथा सोको लागि व्यवहार परिवर्तन गर्न कठिनाई देखिएको छ । साथै, खाद्यवस्तुको गुणस्तर नियमन प्रणाली पनि कमजोर रहेको छ ।

### ४.१.३ सम्भावना तथा अवसर

नगरपालिकाले कृषि क्षेत्रको विकासको लागि स्पष्ट रणनीति र कार्यक्रम तय गर्नु, विदेशिएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधि सहित कृषि क्षेत्रमा विस्तारै आकर्षित हुँदै जानु, कृषि व्यवसाय प्रति किसानहरूको आकर्षण बढ्नु र विभिन्न संस्था र अन्य निजी क्षेत्रहरू समेतको यस क्षेत्रमा आकर्षण बढ्दै जानु कृषि क्षेत्रका अवसर हुन् । पछिल्ला वर्षहरूमा सहुलियतपूर्ण कृषि ऋण, कृषि बिमा, नयाँ प्रविधिहरूको उपयोग र सिँचाइ सुविधामा हुँदै गरेको विस्तारले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदैछन् ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *४.१.४.१ लक्ष्य*

कृषी र पशुपंक्षी उपक्षेत्रको विकासका लागि यस नगरपालिकाले निम्न लक्ष निर्धारण गरेको छः

- कृषी र पशुजन्य उत्पादन र उत्पादकत्व बृद्धि गरी आय र रोजगारीमा बृद्धि गर्नु ।

#### *४.१.४.२ उद्देश्य*

यस नगरपालिकामा कृषी र पशुपंक्षी उपक्षेत्रको विकासका लागि निन्न उद्देश्यहरू निर्धारण गरिएका छन्:

१ कृषिजन्य वस्तुहरूको दिगो उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर हुनु ।

२. तरकारी र फलफूलको उत्पादन वृद्धि गरी उत्पादित वस्तुको मूल्य अभिबृद्धि सृङ्खलाको आधारमा बजारीकरण गर्नु ।

३. पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।

४. घाँस उत्पादनलाई व्यवसायीकरण गर्नु ।

#### *४.१.४.३ रणनीति तथा कार्यनीति*

कृषी र पशुपंक्षी उपक्षेत्रको विकासको लागि निम्न रणनीति तथा कार्यनीति निर्धारण गरिएका छन् (तालिका ४.१) ।

**तालिका ४.१: कृषी र पशुपंक्षी उपक्षेत्रको विकासको लागि लिइएका रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न प्रोत्साहन गर्ने । | (१) कृषकमैत्री ऐन, नियम र कार्यविधीहरू तर्जुमा गरिनेछ ।<br>(२) माटो परीक्षण गरी माटो सुहाउँदो खेती गरिनेछ । यसको लागि नापी विभागले गरेको माटो परीक्षणको परिणामलाई आधार बनाइने छ ।<br>(३) कृषि सामाग्री (मल, बिउ, सिँचाइ आदि), कृषि उपजको उचित मूल्य (कृषकलाई कम्तिमा लागत मूल्यमा २० देखि २५ प्रतिशत मुनाफाको सुनिश्चिता) र बजारमा पहुँचको व्यवस्था गरिने छ ।<br>(४) एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिनेछ ।<br>(५) कृषि सम्बन्धी नयाँ प्रविधिहरू कृषकको पहुँचमा पुऱ्याउने र प्रयोगको लागि अभिमुखीकरण कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>(६) "एक टोल एक उत्पादन" कार्यक्रम लागु गरिनेछ । |
| (२) कृषि क्षेत्रमा विकास साझेदार निकाय, निजी, समूह र सहकारी क्षेत्रको लगानी अभिवृद्धि र अनुदानको व्यवस्था गर्ने। | (१) स्थानीयस्तरमा उपलब्ध हुने रैथाने प्रजातिका विउहरूलाई विज बैङ्क निर्माण गरी संरक्षण र प्रवर्द्धन गरिनेछ ।<br>(२) कृषक परिचयपत्र वितरण गरिनेछ ।<br>(३) सरकारी, निजी र सहकारी बीचको सम्बन्धलाई कार्यगत साझेदारीमा विकास गरिनेछ ।<br>(४) सहकारीलाई विभिन्न उत्पादनमूलक कृषि क्षेत्रमा कम्तिमा ३० प्रतिशत लगानी लगाउन आवश्यक पहल गरिनेछ ।<br>(५) पशुपंक्षी जन्य उत्पादनमा वृद्धि गरी व्यवसायीकरण र विविधीकरणको माध्यमबाट निर्यात प्रवर्द्धन गरिनेछ ।<br>(६) कृषि बिमा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>(७) स्थानीय रैथाने जातका गाई, भैंसी, बाखा, कुखुरा आदिको संरक्षण, प्रवर्द्धन र व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(८) साना डेरी उद्योग प्रवर्द्धन गर्न अनुदान सहयोग गरिनेछ ।<br>(९) कृषि सम्वन्धी तथ्याङ्कहरू नियमित रूपमा अध्यावधिक तथा प्रकाशन गरिनेछ । |
| (३) तरकारी र फलफूललाई व्यवसायीकरण र बजारीकरण गर्ने | (१) आलु खेतीलाई नमुना कार्यक्रमको रूपमा सञ्चालन गरिनेछ ।<br>(२) कोल्डस्टोर निर्माण गरी सञ्चालन गरिनेछ ।<br>(३) वार्षिक रूपमा व्यवसायिक कृषकलाई अवलोकन भ्रमण गराइनेछ ।<br>(४) आगामी पाँच वर्ष भित्र तरकारी तथा फलफूलमा आत्मनिर्भरताका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>(५) सहकारी र समूह मार्फत सामूहिक बाखापालन, तरकारी र फलफुल |

| रणनीति | कार्यनीति |
|---|---|
| | खेती प्रणालीलाई प्रोत्साहन गरी अनुदानको व्यवस्था गरिनेछ ।<br>(६) कृषकले उत्पादन गरेका वस्तुको उत्पादन लागत घटाउन घाँस खेतीलाई प्राथमिकता दिइने छ । |
| (४) बाख्रापालन, व्यवसायलाई स्तरोन्नति गरिनेछ । | (१) बाख्रापालनलाई मिसन आयोजनाका रूपमा सञ्चालन गरिनेछ ।<br>(२) बाख्रा विकास फार्म स्थापना गरिनेछ ।<br>(३) कृषकलाई पूर्वाधार विकास, खोर निर्माण तथा खर्क सुधारमा अनुदान सहयोग गरिनेछ ।<br>(४) बाख्रामा नश्ल सुधार गरी उत्पादत्व वृद्धि गरिनेछ ।<br>(५) बाख्रा पोषण प्याकेज कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>(६) सबै वडामा सफास्वच्छ मासु पसल सञ्चालनको व्यवस्था गरिनेछ । |

### *४.१.४.४ कार्यक्रम तथा आयोजना*

आवधिक योजना अवधिमा यस नगरपालिकामा संचालन गरिने कार्यक्रम तथा आयोजनाहरू तलको तालिकामा दिइएको छ (तालिका ४.२) ।

## तालिका ४.२: कृषी तथा पशुपन्छी उपक्षेत्रको लागि कार्यक्रम तथा आयोजना

| विषय क्षेत्र | अनुमानित लागत (रु लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण[१] | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **१. आर्थिक क्षेत्रसँग सम्बन्धीत भावी योजनाहरु** | | | | | | | | |
| **१.१ कृषि तथा पशुपंन्छी** | | | | | | | | |
| १. कृषि पकेट क्षेत्र विकास कार्यक्रम थप विस्तार गर्ने (प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत) | ३० | सबै वडाहरूमा | | √ | √ | √ | | |
| २. जैविक मल तथा विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम | ३० | सबै वडाहरूमा | √ | √ | √ | √ | | |
| ३. कृषि प्राविधिक शिक्षालय स्थापना गर्ने | १०० | जितपुर | | | √ | | | √ |
| ४. बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र संचालनगर्ने | ४० | सबै वडाहरूमा | | | | | √ | |
| ५. फलफूल खेतीको विकास र विस्तार गर्ने | १५ | सबै वडाहरू | √ | | | √ | | |
| ६. कृषि उपज संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्ने | ३० | सबै वडाहरू | | √ | √ | √ | | |
| ७. खाद्यान्न तथा वीउ भण्डारण गृह निर्माण | २५ | सबै वडाहरू | √ | √ | | √ | | |
| ८. उन्नत घाँसेबाली विस्तार कार्यक्रम | १५ | सबै वडाहरू | | √ | √ | √ | | |
| ९. गाईभैसी नमूनाफर्म स्थापना र संचालन गर्ने | ३० | सबै वडाहरू | | √ | √ | √ | | |
| १०. वोयर वाख्रा स्रोत केन्द्र स्थापना गर्ने | १० | जितपुर, लेगुवा | √ | | | √ | | |
| ११. कृत्रिम गर्भाधान केन्द्र स्थापना र संचालन गर्ने | २५ | जितपुर, लेगुवा | √ | | √ | | √ | |
| १२. चिस्यान केन्द्र स्थापना गर्ने | १५० | जितपुर, लेगुवा | | √ | √ | | √ | |
| १३. व्यवसायिक माछापालन कार्यक्रम | १० | वडा १-२ सिर्जनशिल टोल, | √ | | √ | | √ | |

[१]**प्राथिमिकीकरणका आधारहरू:** उपलब्ध हुन सक्ने स्रोत र समयावधी, स्थानीय जनताको आशातित सन्तुष्टि, प्राविधिक र वित्तीयदृष्टिले संभाव्य, लगानीको संभावित प्रतिफल, स्थानीय जनता तथा पदाधिकारीले महशूस गरेका परियोजनाको अत्यावश्यकता

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | रामवजार | | | | | | |
| १४. कृषि तथा पशु विमाका लागि विमा जागरण कार्यक्रम | ३० | सबै वडा | √ | √ | | | √ | |
| १५. आत्मनिर्भर वाली तथा तरकारी उत्पादन कार्यक्रम (धान,मकै, आलू, प्याज, लशुन, मोटरकोशा, तरुल) | २५ | सबै वडा | √ | √ | | √ | | |
| १६. १५. उच्च मूल्यका बाली उत्पादनसम्बन्धी तालिम | ३५ | सबै वडा | √ | | | √ | | |
| १७. कृषकसँग नगरपालिका कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण | ७५ | सबै वडा | | √ | √ | √ | | √ |
| १८. कृषि विउ बैंकको स्थापना | २५ | सबै वडा | | | | | | |
| १९. "एक वडा एक कृषि तथा पशु प्राविधिक" कार्यक्रम | ५० | सबै वडा | | √ | | | √ | |
| २०. माटो परीक्षण गर्ने प्रयोगशाला स्थापना | १०० | जितपुर | | | √ | | | √ |
| २१. कृषिजन्य उपजहरूलाई बाँदर लगायत अन्य वन्यजन्तुहरूबाट संरक्षण | ४० | सबै वडा | √ | √ | | √ | | |
| २२. भूमिहीन सुकुम्बासी किसानहरूलाई स्थायी आवास र रोजगारीको सिर्जना | १२५ | सबै वडा | | | √ | | | √ |
| २३. किसान कल सेन्टरको व्यवस्था | २० | जितपुर, लेगुवा | | √ | | | √ | |
| २४. "एक टोल एक उत्पादन" कार्यक्रम | ३० | सबै वडा | √ | √ | | √ | | |
| २५. मेयर टोल सुधार अभियान अन्तर्गतका संस्था मातहत कृषि पकेट क्षेत्र निर्धारण | ४० | वडा १, २, ३, ८ र ९ तरकारी तथा दुग्ध पकेट क्षेत्र तथा वडा ४, ५, ६ र ७ मासुजन्य, फलफूल तथा अन्न र नगदेबाली पकेट क्षेत्र निर्धारण | √ | √ | | √ | | |
| २६. जडिबुटी प्रसोधन केन्द्र स्थापना | ५ | जितपुर | √ | | | √ | | |
| २७. नश्ल सूधार कार्यकम | २० | सबै वडा | | √ | √ | √ | | |
| २८. पशु स्वास्थ्य कार्यकम औषधी,खोपसम्वन्धी शिविर | १५ | सबै वडा | | √ | √ | √ | | |
| २९. कृषक स्तरमा क्षमता अभिवृद्धि कार्यकम | २५ | सबै वडा | | √ | √ | √ | | |
| ३०. कृषि मेलाको आयोजना | १० | जितपुर | √ | | | √ | | |
| ३१. कृषक समूहको क्षमता अभिवृद्धि | १० | जितपुर | √ | | | √ | | |
| ३२. कृषि भ्रमणको आयोजना | ५ | नगरपालिका | √ | | | √ | | |
| ३३. नश्ल सुधारका लागि अनुदान कार्यक्रम | २५ | वडा ६ | | | | | | |
| ३४. वोयर वाख्रा स्रोत केन्द्र स्थापना गर्ने | ३० | सबै वडा | | √ | | | √ | |
| ३५. उच्च मुल्य भएका तरकारी तथा | १५ | सबै वडा | √ | √ | | | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| फलफूल खेतिलाई प्रोत्साहन | | | | | | | | |
| ३६. बाख्रा पालन व्यवसाय प्रवर्द्धन | २० | वडा ५ र ६ | √ | | | | √ | |
| ३७. सामुहिक वंगुर पालन | १५ | वडा १ लालिगुराँस टोल | √ | | | √ | | |
| ३८. सामुहिक कालिज पालन | १० | वडा १ पञ्चकन्या टोल | √ | | | √ | | |
| ३९. माछापालन व्यवसाय प्रोत्साहन ( ट्राउट माछा समेत) | २० | वडा ५को सिर्जना टेल र ढुङ्गे बगैंचा | | √ | | | | √ |
| ४०. दुग्धजन्य पदार्थमा आधारित उद्योग संचालन | ५० | जितपुर | | | √ | | | √ |
| ४१. अर्गानिक विषादी बनाउन टोल टोलमा ट्याङ्की निर्माण | २० | सबै वडा | √ | | | √ | | |
| ४२. गोठ सुधार कार्यक्रम | १५ | सबै वडा | √ | | | √ | | |
| **कूल जम्मा** | **१४१५** | | | | | | | |

### ४.१.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका

आवधिक योजनाको अन्त्य सम्ममा कृषि क्षेत्रमा संलग्न बहुसंख्यक कृषकहरू व्यवसायिक भएका हुनेछन् । युवाहरूको कृषि क्षेत्र तर्फको आकर्षण अपेक्षित रूपमा बढ्नेछ । तरकारी र फलफूलको व्यवसायिक उत्पादन भएको हुनेछ । उत्पादित वस्तुलाई कोल्डस्टोरमा राखेका हुनेछन् ।

व्यवसायिक रूपमा बाख्रापालन विकास भएको हुनेछ । नगरपालिका मासुमा आत्मनिर्भर भएको हुनेछ । सबै वडाहरूमा आधुनिक पशुपंक्षी फार्महरू खुलेका हुनेछन् । सबै नागरिकले वधशालाबाट सफा र स्वच्छता भएको मासु प्राप्त गरेका हुनेछन् । न्यूनतम पौष्टिकताको आपूर्तिकालागि चाहिने प्रतिव्यक्ति प्रतिवर्ष दूध, मासु र अन्डा पूरा भएको हुनेछ ।

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

उल्लेखित योजनाहरू कार्यान्वयनमा आउनका लागि सिंचाइको सहज व्यवस्थापन, अनुकूल मौसम, रासायनिक मलको सहज आपूर्ति र वितरण, पशुपन्छीमा अस्वभाविक स्वास्थ्य प्रकोप ( जस्तै फ्लु) को कमी, कृषिबालीमा सलह  जस्ता प्रकोपको कमी, कृषि विकास रणनीति (२०१६-२०३५) ले प्रक्षेपण गरे अनुसारको बजेट विनियोजन, कृषि सडकको विकास हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने ती कुराहरूको प्रतिकूलताले योजनाको कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुर्‍याई कृषिको उत्पादकत्व बढाउन सिँचाइको

दिगो व्यवस्था गर्न आवश्यक छ । परम्परागत सिँचाइ प्रणालीको मर्मत-सम्भार र नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार भइरहेको छ । सिँचाइ पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिँचाइ संघबाट, मझौला सिँचाइ प्रणालीको निर्माण पछिको मर्मत-सम्भार, व्यवस्थापन एवम् सञ्चालनमा उपभोक्ता समुदायको सक्रिय सहभागितालाई थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ । सिँचाइको थप पूर्वाधार विकास र सम्पन्न सिँचाइ प्रणालीको सुदृढीकरण गरी व्यवस्थित बनाउन लगानी वृद्धि गर्न आवश्यक छ ।

### ४.२.२ समस्या तथा चुनौती

सम्पूर्ण कृषियोग्य भूमिमा उपयुक्त प्रविधिको छनोट गरी भरपर्दो वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउने सिँचाइ प्रणाली निर्माण गर्नु, निर्माण सम्पन्न भएका प्रणालीहरूको मर्मत-सम्भारका लागि प्रभावकारी व्यवस्थापन गर्नु, बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि साना र मझौला खालका नदीहरूको जल तथा भूमिगत जल उपयोग गर्ने योजना निर्माण गर्नु, सिँचाइ सुविधा उपलब्ध भएका र हुने जमिन कृषिका लागि सुरक्षित राख्नु, जलवायु परिवर्तनबाट सिर्जित असर तथा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको कारण पानीको उपलब्धतामाआएको जोखिम व्यवस्थापन गर्नु सिँचाइ क्षेत्रका चुनौती हुन् ।

### ४.२.३ सम्भावना तथा अवसर

सतह र भूमिगत जलस्रोतको ठूलो भण्डार उपलब्ध हुनु, सिँचाइ विकास र विस्तारका लागि उपयुक्त प्रविधी र जनशक्ति स्वदेशमै उपलब्ध हुनु, सिंचाइ विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच बढ्दै जानु, सिंचाइको विकास नगरपालिकाको प्राथमिकतामा पर्नु कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सिँचाइको भरपर्दो र दिगो व्यवस्था गर्नैपर्ने अवस्था सिर्जना हुनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *४.२.४.१ लक्ष्य*

सिंचाईको विकासका लागि निम्न लक्ष्य निर्धारण गरिएको छः

- कृषि योग्य भूमिमा भरपर्दो र दिगो सिँचाइ सेवा मार्फत् कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिमा सहयोग गर्ने ।

#### *४.२.४.२ उद्देश्य*

सिंचाईको विकासका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएको छः

१. सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुउद्देशीय उपयोगमा जोड दिनु ।

२. स्थानीय सिँचाइ प्रणालीमा स्थानीय जनताको सहभागिता हुने सिँचाइ प्रणालीलाई दिगो बनाउनु ।

३. सिँचाइको आवश्यकता भएको स्थान र समयमा स्थायीरूपमा पानीको उपलब्धता बढाउनु ।

### *४.२.४.३ रणनीति र कार्यनीति*

सिंचाईको विकासका लागि निम्न अनुसारको रणनीति तथा कार्यनीति लिईएको छ (तालिका ४.३) ।

**तालिका ४.३: सिंचाईको विकासका लागि रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. जलवायु परिवर्तन अनुकूलन हुने गरी सिँचाइ योजनाहरूको विकास एवं विस्तार गर्ने । | १. प्राविधिक, आर्थिक र वातावरणीय पक्षबाट सम्भाव्य साना, मझौला ञर ठूला सतह सिँचाइ आयोजना प्राथमिकीकरण, निर्माण तथा विस्तार गरिनेछ ।<br>२. स्थानीयको सम्भाव्य स्थानमा भूमिगत जलस्रोतमा आधारित स्यालो तथा ट्युववेल कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।<br>३. सिँचाइमा जलवायु परिवर्तनबाट हुने प्रभावको अध्ययन गरी सोही अनुरूप प्रणाली डिजाइन एवं सञ्चालनमा आवश्यक सुधार गर्दै लगिनेछ । |
| २. स्थानीय तहको प्रयत्नमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन नगरपालिका भित्र साना र मझौला सिँचाइ आयोजनालाई प्राथमिकताका साथ अगाडी बढाउने । | १. पानीको स्रोत न्यून हुने तथा वर्षैभरी सिँचाइ उपलब्ध हुन नसक्ने क्षेत्रमा सिँचाइ सेवा पऱ्याउन भूमिगत जलस्रोत र आकाशे पानीको संकलन, पोखरीमा भण्डारण गरी थोपा, फोहोरा जस्ता प्रविधि समेत उपयोग गरिनेछ । |
| ३. भूमिगत सिँचाइ योजनाको विस्तार सहित उपयोगमा जोड दिने । | १. सिँचाइ प्रणालीहरूको दिगो व्यवस्थापनका लागि सेवा शुल्कको सुनिश्चिता सहित निजी क्षेत्रको समेत संग्लग्नताको लागि प्रोत्साहन गरिनेछ ।<br>२. सिँचाइ सेवाको दक्षता सहित कृषि उत्पादकत्व तथा उत्पादन बृद्धिका लागि समन्वयात्मक रूपमा एकीकृत बाली तथा जल व्यवस्थापनमा जोड दिइनेछ । |
| ४. सिँचाइ प्रणालीको मर्मत-सम्भार एवम् दिगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने । | ५. सिँचाइ क्षेत्रको संस्थागत विकास तथा जनशक्तिको क्षमता अभिबृद्धि गरिनेछ ।<br>६. सहकारी तथा समुदायको सहभागितामा सिँचाइ प्रणालीको व्यवस्थापन गरिनेछ ।<br>७. सिँचाइ प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरूको स्रोत सहितको सहभागितामा सोको नियमित मर्मत- |

| रणनीति | कार्यनीति |
|---|---|
| | सम्भार, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिनेछ । |

### *४.२.४.४ कार्यक्रम तथा आयोजना*

सिंचाईको विकासको लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना तलको तालिकामा दिइएको छ ।

### तालिका ४.४: सिंचाईको विकासको लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **१. आर्थिक क्षेत्रसँग सम्बन्धीत भावी योजनाहरु** | | | | | | | | |
| **१.२ सिंचाई** | | | | | | | | |
| १. साना सिँचाई तथा थोपा सिँचाइ कार्यक्रमलाई निरन्तरता | १३ | सबै वडा | √ | | | √ | | |
| २. मुक्ति ढुङगा मछेप सिचाई | ४५ | मचेपु वडा १ | | √ | √ | √ | | |
| ३. भाङटार टाहारी जाने कुलो | ४५ | मासवारी वडा १ | | √ | √ | | | √ |
| ४. ठेगुवा खोला टहरे सिचाई | २३ | कटहरे वडा १ | | √ | √ | √ | | |
| ५. ठेगुवा खोला ओखरबोटे | २७ | शान्ती टोल वडा १ | | √ | √ | √ | | |
| ६. आसेखोला मासवारी | ४० | मासवारी वडा १ | √ | | √ | | √ | |
| ७. महेन्द्र कुलो | १३५ | हिलेखर्क वडा २ | | √ | √ | | | √ |
| ८. छयालुङ लाकटाङ | १३५ | श्री नागी वडा २ | | □ | √ | | | √ |
| ९. ओम्बु वेतीनी कुलो | ४५ | माझगाँउ वडा २ | | √ | √ | | √ | |
| १०. पुरानातिन चौतारे झर्ना सिचाँई | ४५ | झर्ना वडा २ | √ | | √ | | | √ |
| ११. भाङटार सानेटार सिचाँई | २३ | सनिटार वडा २ | | √ | √ | √ | | |
| १२. ठेगुवा खो्ला भञ्याज्याङ सिचाई | २३ | सानेटार वडा २ | | | √ | √ | | |
| १३. गोहुरे मुलखर्क लाबिक | २२ | मुलखक | | | √ | | √ | |
| १४. खारपेक सिचाई | ४५ | वडा नं. ३ र ४ | | √ | √ | | | √ |
| १५. नगुयली सिचाई | २७ | वडा नं. ३ | | √ | √ | | √ | |
| १६. केवा सिचाई | २७ | वडा नं. ३ | | √ | √ | | √ | |
| १७. चिनेटार सिचाई | २२ | वडा नं. ३ | √ | | √ | | √ | |
| १८. वलाङ सिचाई | २२ | वडा नं. ३ | | √ | √ | | | √ |
| १९. बाटो खर्क | २३ | वडा नं. ३ | | | √ | | √ | |
| २०. जनकल्याण सिचाई | २३ | वडा नं. ३ | | | √ | | √ | |
| २१. सवारा सिचाई | ४५ | वडा नं. ३ | | | √ | √ | | |
| २२. हलेदे बैकुण्ठ, यारले | ९० | वडा ४ हलैदे, बैकुण्ठ | | √ | √ | | | √ |
| २३. जनकल्यान सिचाई | १३५ | वडा ४ नाम्फु | | √ | √ | | √ | |
| २४. स्वारा सिचाई आयोजना | २ | वडा नं. ४ | | √ | √ | | | √ |
| २५. विरेन्द्र सिंचाई आयोजना | ४५ | वडा ४ जिमिगाउँ | √ | √ | √ | | | √ |
| २६. बेल्टार दमार सिंचाई | ४५ | वडा नं. ४ | | √ | √ | √ | | |
| २७. लक्ष्मी खोला लहरे वर सिचाँई आयोजना | ४०५ | ५ नं. वडा | | √ | √ | | √ | |
| २८. जनता नगर लक्ष्मी नहर | २२५ | भगवति वडा ५ | √ | √ | √ | | | √ |
| २९. लक्ष्मी खोला राई टोल जनता सिँचाई कुलो | १८० | सिर्जनासिल वडा ५ | √ | √ | √ | | | √ |
| ३०. लेगुवा खोला माझ गाउँ | १३५ | सिर्जनासिल वडा ५ | | √ | √ | | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१. माङमाया खोला देखि वाङगेशाल | २२५ | राम वजार ज्यामिरे वडा ५ | √ | √ | √ | | | √ |
| ३२. माङमाप वरडाँडा रामवजार | २२५ | ५ नं. वडा | √ | √ | √ | | | √ |
| ३३. फर्म सिचाई | ५४० | वडा नं. ६ पुरै | | √ | √ | | | √ |
| ३४. सिस्ने माङमाङे लेगुवा सिचाई | २२५ | वडा नं. ६ पुरै | | √ | | | | √ |
| ३५. सिखर कट्टेरी सिचाई | ४५ | बासपानी वडा ६ | √ | √ | | | √ | |
| ३६. माङमाङे बाङगे | २२५ | बासपानी वडा ६ | | √ | √ | | √ | |
| ३७. माझ कुलो | ९० | बासपानी खन्नेखर्का वडा ६ | | √ | √ | | √ | |
| ३८. लक्ष्मी सिचाई | ७२० | साविक ६, ७, ८ | | √ | | | | √ |
| ३९. लक्ष्मी कुलो | २२५ | अर्खौले वडा ७ | | √ | √ | | | √ |
| ४०. माङमाया अरखौले | ४५ | वडा ७ | | √ | √ | | √ | |
| ४१. लक्ष्मी सिचाई | ४५ | जितपुर वडा ७ | | √ | √ | √ | | |
| ४२. लक्ष्मी देउराली सिचाँई | ९ | आइतवारे देउराली वडा ८ | | √ | √ | √ | | |
| ४३. लक्ष्मी निगाले सिचाँई | ४५ | निगाले वडा ८ | | | √ | | √ | |
| ४४. माहामाई कालिखोला सिंचाई | ३६ | सिदकाली सिंहदेवि वडा ९ | | √ | √ | √ | | |
| ४५. माथिलो स्वस्तिवारी | २३ | घुरघुरे वडा ९ | | √ | √ | | √ | |
| ४६. तल्लो स्वस्तिवारी | २७ | सल्लेरी वडा ९ | | √ | √ | √ | | |
| ४७. माहामाया खाल्टे वारी | ४५ | सिरीसेकोलचेवा वडा ९ | | √ | √ | | | √ |
| ४८. माहामाया अरखल जितपुर | ४५ | वडा ९ | | √ | √ | | | √ |
| ४९. पुच्छार सिंचाई | १४ | सिरिसे वडा ९ | | √ | √ | √ | | |
| ५०. कालिखोला सिचाई | ९ | सिरिसे वडा ९ | | √ | √ | √ | | |
| **कूल** | ४९८० | | | | | | | |

### ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सतह तथा भूमिगत जलस्रोतबाट प्रथम योजनाको अन्तमा सतह सिँचाइतर्फ तथा नयाँ प्रविधि सिँचाइतर्फ थप जमिनमा सिँचाइ सुविधा पुगेको हुने र सिँचाइ आयोजनाहरूमा समुदायको सहभागिता र जलवायु अनुकूलनता सुनिश्चित भएको हुनेछ ।

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेख गरिएका योजनाहरू कार्यान्वयनमा आउनको लागि सिंचाइमा उपयुक्त प्रविधिको प्रयोग, जग्गा प्राप्तिमा सहजता, संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक बजेटको विनियोजन, किसानहरूको सहभागिता, जलवायु परिवर्तनको प्रभाव पर्ने छैन भन्ने पूर्वानुमान गरिएको छ भने ती कुराहरूको प्रतिकूलताले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई नगरपालिकाको आर्थिक विकासको एक प्रमुख आधारको रूपमा विकास गर्न जरूरी छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरीबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ । नजिकको तराइक्षेत्र भएको ठूलो जनसङ्ख्या र स्थल तथा वायुसेवाको पहुँचबाट सिर्जित अवसरबाट लाभ प्राप्त गरी यस नगरपालिकाको पर्यटन आगमन द्रूततर रूपमा वृद्धि हुने राम्रो सम्भावना रहेको छ । यसबाट उच्च रोजगारी सिर्जना र आयको वितरणमा पनि सहयोग पुग्नेछ । पर्यटन क्षेत्रलेयस नगरपालिकाको अर्थतन्त्रमा योगदान गर्न सक्ने अवस्था रहे तापनि पर्यटनबाट आशातीत प्रतिफल प्राप्त हुन सकेको छैन । खासगरी पर्यटन पूर्वाधार विकास नहुनु, नगरपालिकाका पर्यटकीय स्थलहरूको बारेमा प्रचार प्रसार नहुनु र निजी क्षेत्रलाई पर्यटनसंग जोड्न नसक्नु जस्ता कारणहरूले पर्यटन व्यवसायबाट हालसम्म नगरपालिकाले अपेक्षित लाभ लिन सकेको छैन ।

### ४.३.२ समस्या तथा चुनौती

यस नगरपालिकाको पर्यटन विकासमा पर्यटन उपज र पर्यटन क्रियाकलापको अपेक्षित विकास र विविधीकरण हुन नसक्नु पर्यटन पूर्वाधारको कमी हुनु, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण सम्बर्द्धन र पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त सहभागी गराउन नसक्नु, पर्यटन क्षेत्रको विकासमा उद्यमशीलता विकासलाई जोडन् नसकिनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण हुन नसक्नु र पर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनु जस्ता प्रमुख समस्या रहेका छन् ।

यस नगरपालिकालाई प्रमुख आकर्षक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्नु, पर्यटकीय सेवा-सुविधाको गुणस्तर वृद्धि गर्नु, नयाँ गन्तव्य स्थलहरूको पहिचान र विविधीकरण गर्नु, पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु, यस क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उपलव्ध गराउनु र यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिमबाट आउने असर कम गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ४.३.३ सम्भावना तथा अवसर

स्थानीय तहबाट पर्यटन क्षेत्रमा उत्साहजनक काम गर्ने वातावरण तयार हुनु, नयाँ पर्यटकीय गन्तव्यहरूको विकास हुँदै जानु, पर्यटन पूर्वाधारहरूको निर्माणले गति लिनु, प्राकृतिक सुन्दरता, सौम्यता, जैविक विविधता, सामाजिक साँस्कृतिक विविधता बीचको एकता, अतिथिलाई सत्कार गर्ने संस्कार आदि यस नगरपालिकाको पर्यटन विकासको अवसरको रूपमा रहेको छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *४.३.४.१ लक्ष्य*

पर्यटन, संस्कृति र संपदाको विकासका लागि निम्न लक्ष्य निर्धारण गरिएको छ:

- पर्यटन क्षेत्रको विकासमार्फत् आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने ।

#### *४.३.४.२ उद्देश्य*

पर्यटन, संस्कृति र संपदाको विकासका लागि निम्न उद्देश्यहरू हुनेछन् ।

१. महालक्ष्मी नगरपालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गरी पर्यटन आगमनमा उल्लेखनीय वृद्धि मार्फत जनताको आयस्तरमा वृद्धि गर्नु ।
२. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
३. प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्द्धन गर्नु ।
४. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्नु ।

#### *४.३.४.३ रणनीति तथा कार्यनीति*

पर्यटन, संस्कृति र संपदाको विकासका लागि निम्न रणनीति र कार्यनीतिहरू हुनेछन् (तालिका ४.५) ।

**तालिका ४.५: पर्यटन, संस्कृति र सम्पदा विकासको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) नगरपालिकामा भएका पर्यटकीय स्थलहरूको पहिचान गरी विकासको लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । | (१) नगरपालिकाका जनशक्तिलाई आन्तरिक पर्यटन तर्फ प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।<br>(२) पर्यटकहरूलाई सहज आतिथ्यताका लागि होमस्टे सञ्चालन गरिनेछ ।<br>(३) विभिन्न जातजातिहरूको सांस्कृतिक संपदाको प्रचारप्रसार गरिनेछ ।<br>(४) पर्यटन गुरूयोजना तयार गरिनेछ ।<br>(५) नगरपालिकामा उत्पादित बस्तुको प्रचारप्रसारका लागि कोसेलीघर स्थापना गरिनेछ ।<br>(६) नगरपालिकामा भएका मुख्य मुख्य पर्यटकीय स्थलहरूलाई एक आपसमा जोड्ने गरी सडक सन्जाल निर्माण गरिनेछ । |
| (२) सार्वजनिक, निजी,सहकारी र | (१) नगरपालिकाका पर्यटकीय स्थलहरूको विकास एवम् प्रवर्द्धन गर्नका लागि निजी क्षेत्र, सार्वजनिक-निजी, साझेदारी र सहकारी |

| रणनीति | कार्यनीति |
|---|---|
| सामुदायिक क्षेत्रसँग पर्यटन प्रवर्द्धन र विकास गर्न साझेदारी एवम्सहकार्य गर्ने । | क्षेत्रको भूमिका वृद्धि गरी रोजगारीका अवसरहरूको सिर्जना गरिनेछ ।<br>(२) नगरपालिका र वडा स्तरीय पर्यटन विकास समिति गठन गरिनेछ ।<br>(३) सबै क्षेत्रको सहकार्यमा पर्यटन उपजको विकास गर्न स्थानीय साधन र उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>(४) पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ । |

### *४.३.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रको कार्यक्रम तथा आयोजना तलको तालिकामा दिईएको छ (तालिका ४.६)

**तालिका ४.६: पर्यटन, संस्कृति तथा संपदा विकासको लागि लिईएको कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **१. आर्थिक क्षेत्रसँग सम्बन्धीत भावी योजनाहरु** | | | | | | | | |
| **१.३ पर्यटन, संस्कृति तथा सम्पदा** | | | | | | | | |
| १. पर्यटन गुरुयोजना तयारी | ९ | नगरपालिका | √ | | | √ | | |
| २. कृषि पर्यटन कार्यक्रम | ९ | नगरपालिका | √ | | | √ | | |
| ३. पर्यटकीय पदमार्ग मार्ग विकास | १८ | नगरपालिका | √ | √ | | | √ | |
| ४. पर्यटकीय पूर्वाधार विकास कार्यक्रम | २३ | सबै वडामा | | √ | √ | | | √ |
| ५. साँस्कृतिक महोत्सव | ४ | नगरपालिका | √ | | | √ | | |
| ६. सम्पदा अध्ययन तथा वृतचित्र | ४ | नगरपालिका | √ | | | √ | | |
| ७. स्थानीय सम्पदा संरक्षण | ११ | सबै वडामा | √ | | | | | √ |
| ८. पालिका स्तरीय कला साहित्य वहूसांस्कृतिक ग्रमको स्थापना र व्यवस्थापन | ९ | जितपुर | √ | √ | | √ | | |
| ९. पर्यटन गुरुयोजना तयारी | ९ | नगरपालिका | | √ | | | √ | |
| १०. पटेक डाँडा, घुमाउने डाँडा र थाम डाँडामा पेन टावर निर्माण | ४५ | पटेक डाँडा, घुमाउने डाँडा र थाम डाँडा | | √ | √ | | √ | |
| ११. कोशेली घरको निर्माण | ९ | जितपुर, Nigale | | | | | √ | |
| १२. नगरस्तरीय सङ्ग्रहालय स्थापना | ४५ | | | √ | √ | | | √ |
| १३. केवलकार निर्माणको सम्भाव्यता अध्ययन | ९ | नगरपालिका | √ | | | √ | | |
| १४. शिवालय मन्दिर भौतिक संरचना तथा पूर्वाधार निर्माण | ९ | वडा १ | | √ | √ | | √ | |
| १५. कोरचे पञ्चकन्या भौतिक संरचना तथा पूर्वाधार निर्माण | ८ | तेलुङ वडा १ | √ | √ | | | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६. लक्ष्मी मन्दिर भौतिक संरचना तथा पूर्वाधार निर्माण | ८ | मचुपु वडा १ | √ | √ | | √ | | |
| १७. शिव मन्दिर भौतिक संरचना तथा पूर्वाधार निर्माण | ९ | कटहरे वडा १ | √ | √ | | | | √ |
| १८. शिवालय मन्दिर भौतिक संरचना तथा पूर्वाधार निर्माण | ९ | खाप्राङ वडा १ | √ | √ | | √ | | |
| १९. तम्मु गुम्बा भौतिक संरचना तथा पूर्वाधार निर्माण | १३ | घुमाउने वडा १ | √ | √ | | | √ | |
| २०. शिवालय मन्दिर भौतिक संरचना तथा पूर्वाधार निर्माण | ७ | शान्ती टोल वडा १ | √ | √ | | √ | | |
| २१. धर्म देवी मन्दिर भौतिक संरचना तथा पूर्वाधार निर्माण | ९ | माझ गाँउ वडा २ | | | √ | | √ | |
| २२. जलेश्वर शिवालय भौतिक संरचना तथा पूर्वाधार निर्माण | ८ | शिवालय वडा २ | | √ | √ | | | √ |
| २३. शिवालय मन्दिर भौतिक संरचना तथा पूर्वाधार निर्माण | ९ | थामडाडाँ वडा ३ | | √ | √ | √ | | |
| २४. तामाङ गुम्बा भौतिक संरचना तथा पूर्वाधार निर्माण | ८ | थामडाडाँ वडा ३ | | √ | √ | | √ | |
| २५. गुरुङ गुम्बा भौतिक संरचना तथा पूर्वाधार निर्माण | ९ | बाटोखर्क वडा ३ | √ | √ | | √ | | |
| २६. गणेश मन्दिर भौतिक संरचना तथा पूर्वाधार निर्माण | ९ | ओलाङ वडा ३ | √ | √ | | | √ | |
| २७. राम मन्दिर भौतिक संरचना तथा पूर्वाधार निर्माण | ९ | भयाज्यङ वडा ३ | √ | √ | | | | |
| २८. अरुण विशान्ती मन्दिर | ९ | दमार वडा ४ | | √ | √ | √ | | |
| २९. रामजानकी मन्दिर | ९ | रामजानकी वडा ४ | √ | √ | | | √ | |
| ३०. पञ्चकन्या देविस्थान | ९ | रामजानकी वडा ४ | √ | √ | | | | √ |
| ३१. दुगदेश्वर महादेव स्थान | ९ | दुगेदेव वडा ४ | √ | √ | | √ | | |
| ३२. गणेश मन्दिर | ९ | पाङचा वडा ४ | √ | | | | √ | |
| ३३. महादेव थान | ९ | देविथान वडा ४ | √ | | | | | √ |
| ३४. नारायण मन्दिर | ९ | नेवार गाउ वडा ४ | √ | | | √ | | |
| ३५. जालपा देवि मन्दिर | ९ | रामजानकी वडा ४ | √ | | | | √ | |
| ३६. सिंहदेवि मन्दिर | ९ | हलेदे वडा ४ | √ | | | | | √ |
| ३७. शिवालय मन्दिर | ९ | महङकाले टोल वडा ५ | | √ | √ | √ | | |
| ३८. विश्रानती मन्दिर | ९ | महङकाले टोल वडा ५ | | √ | √ | | √ | |
| ३९. पञ्चकन्या मन्दिर | १० | भगवती टोल वडा ५ | √ | √ | | | | √ |
| ४०.सिंहदेवि मन्दिर | ९ | सिंहदेवी वडा ५ | √ | √ | | √ | | |
| ४१. शिद्देश्वर महादेव | ९ | ज्यामीरे वडा ५ | √ | √ | | √ | | |
| ४२. आइतबारे | ९ | भगवती टोल वडा ५ | √ | √ | | | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४३. पञ्चकन्या देवी मन्दिर | ९ | गहिरी गाउँ टोल वडा ५ | √ | | | | | √ |
| ४४. शितल देवी मन्दिर | ९ | गहिरी गाउँ टोल वडा ५ | √ | | | √ | | |
| ४५. जलपा सिंहदेवी मन्दिर | ९ | माझी गाउँ वडा ५ | √ | √ | √ | | √ | |
| ४६. सेती देवी मन्दिर | ९ | ज्यामिरे वडा ५ | √ | √ | √ | √ | | |
| ४७. जलपा देवि मन्दिर | ७ | भर्ले वडा ५ | | | | | √ | |
| ४८. नागेश्वर महादेव मन्दिर | ९ | नागेश्वर वडा ६ | | √ | √ | | | √ |
| ४९. रानिगहना गुफा | ९ | बासपानी वडा ६ | √ | √ | | √ | | |
| ५०. सिँह देवि गदि मन्दिर | ८ | गढीको थुम्को वडा ६ | √ | √ | | | √ | |
| ५१. बौद्ध गुम्बा | ९ | बासपानी वडा ६ | √ | √ | | | | √ |
| ५२. महाक्ष्मी मन्दिर | ९ | जितपुर बजार वडा ७ | | √ | √ | √ | | |
| ५३. किरातेश्वर महादेव | ९ | जाल्पादेवि टोल वडा ७ | | √ | √ | √ | | |
| ५४. याङपाङ टोल | ९ | याङपाङटोल वडा ७ | √ | √ | | √ | | |
| ५५. शिवालय मन्दिर | ९ | अर्खौले वडा ७ | √ | √ | | | √ | |
| ५६. बुढासुब्बा मन्दिर | ९ | आन्द्रुङ वडा ७ | | √ | √ | | | √ |
| ५७. सिहं देवि मन्दिर | ९ | पटेक वडा ८ | | √ | √ | | | √ |
| ५८. पार्वतेश्वर मन्दिर | १० | देउराली वडा ८ | √ | √ | | | √ | |
| ५९. सिदेश्वर शिवालय | ९ | निगस्ने वडा ८ | √ | √ | | √ | | |
| ६०. लासा वौद्ध गूम्बा | ७ | देउराली वडा ८ | √ | √ | | √ | | |
| ६१. सिर्या मेथोडिक चर्च | ९ | याङलावुङ वडा ८ | √ | √ | | | √ | |
| ६२. शान्ति भुमि | ८ | देउराली वडा ८ | √ | √ | | | | √ |
| ६३. इमानोयल क्रिपा चर्च | ९ | निगाले वडा ८ | √ | | | √ | | |
| ६४. इमानोफ टोपिमा चर्च | ७ | आइतवारे वडा ८ | √ | | | | √ | |
| ६५. मुक्तिश्वर शिवालय | ९ | कोलचार वडा ९ | | √ | √ | √ | | |
| ६६. पञ्चश्वर सिदकाली | ८ | कोलचार वडा ९ | | √ | √ | | √ | |
| ६७. कालिका देवि | ९ | कोलचार वडा ९ | | √ | √ | | | √ |
| ६८. टासि छीनिङ वौद गुम्वा | ९ | कोलचार वडा ९ | | √ | √ | √ | | |
| ६९. घुमाउने पोखरी | १४ | घुमाउने वडा १ | √ | √ | √ | | √ | |
| ७०. कालि पोखरी | २२ | चित्रै वडा १ | √ | √ | √ | | √ | |
| ७१. शान्ति पोखरी | २३ | शान्तिटोल वडा १ | √ | | | √ | | √ |
| ७२. दिलपा पोखरी | ९० | बाटोखर्क वडा ३ | | √ | √ | | √ | |
| ७३. थाम डाडाँ पोखरी | २२५ | थामडाडाँ वडा ३ | | √ | | √ | | |
| ७४. माङमाप खेरा वगर | ९ | राम बजार वडा ५ | √ | √ | √ | | √ | |
| ७५. विग्रान्ती लेगुवा वगर | ९ | महङकाले वडा ५ | √ | | | | √ | |
| ७६. जाल्पा देवी पोखरी (पिक्निक स्पर्ट) | १८० | जाल्पा वडा ७ | | √ | √ | | | √ |
| ७७. काली पोखरी | ४५ | चित्रे वडा ८ | | √ | √ | | √ | |
| ७८. ढुङगे बगैचा पोखरी | ४५ | वडा नं. ९ | | √ | √ | √ | | |
| ७९. लक्ष्मी झर्ना | २२ | मचेपु वडा १ | | √ | √ | | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८०. इनद्रणी झर्ना | २४ | घुमाउने वडा १ | | √ | √ | √ | | |
| ८१. लेगुवा झर्ना | १३५ | लेगुवा झनार्थ वडा २ | | | √ | √ | | √ |
| ८२. छाङगे झर्ना | ४५ | हिलेखर्क वडा २ | | √ | √ | | √ | |
| ८३. केवा झर्ना | १८० | चित्रेटोल वडा ३ | | √ | √ | | | √ |
| ८४. लेगुवा झर्ना | १८० | यामडाडाँ वडा ३ | | √ | √ | √ | | |
| ८५. तिनदोमाने झर्ना | १८० | ओलाङ वडा ३ | | √ | √ | | √ | |
| ८६. चुली थुम्का | ४५ | पाङचा वडा ४ | √ | √ | | √ | | |
| ८७. काफल डाँडा | १२ | रामजानकी वडा ४ | √ | √ | | | √ | |
| ८८. कालिथुम्की डाडाँ | १४ | शिवरात्रि वडा ५ | | √ | √ | | √ | |
| ८९. होमादे डाडाँ | १३ | सिहदेवी वडा ५ | | √ | √ | | | √ |
| ९०. मुरमुरेडाडाँ | ७ | भगवती वडा ५ | | √ | √ | | √ | |
| ९१. वासथुम्की डाँडा | २२ | रामवजार मलै वडा ५ | | √ | | | | √ |
| ९२. पांच थुम्की डाँडा | २१ | ज्यामीरे वडा ५ | | √ | | √ | | |
| ९३. झाकी पार्क | २२५ | छमलीङ वडा ६ | | √ | √ | | √ | |
| ९४. बनटार डाडाँ | ४५ | छमलीङ वडा ६ | | √ | √ | | √ | |
| ९५. लक्ष्मी झर्ना | ९० | याङलावुङ वडा ८ | | √ | √ | | | √ |
| ९६. निगाले भ्यु टावर | ४५ | निगाले वडा ८ | | √ | √ | | √ | |
| ९७. भ्यागुते महादेव झर्ना | २० | खोला, कटहरे वडा ९ | | √ | √ | | √ | |
| ९८. ढुङ्गा वगैचा | ४ | आहाले वडा ९ | √ | | | | √ | |
| ९९. भालु ढुङ्गा माङमाङे झर्ना | ९ | सिरिसे टोल वडा ९ | √ | | | | √ | |
| १००. शिवालय पार्क | ९० | पारिखाप्राङ वडा १ | | | | | √ | √ |
| १०१. बुढनिलकण्ठ पेन्टावार पार्क | ६७५ | चित्रे वडा १ | | √ | √ | | | √ |
| १०२. लालिगुरास पार्क | ६३० | तोरीवारी वडा १ | | √ | √ | | | √ |
| १०३. भयाञ्याङ पार्क | ४५ | भयाज्यङ वडा ३ | | √ | √ | | √ | |
| १०४. थाम डाडाँ पार्क | ४५ | थामडाडाँ वडा ३ | | √ | √ | | | √ |
| १०५. तिनदोभाने पार्क | ४५ | ओलाङ वडा ३ | | √ | | √ | | |
| १०६. सामसा पार्क | ४५ | बाटोखर्क वडा ३ | | √ | | | √ | |
| १०७. दमार पिक्निक स्पट | ४५ | दमार वडा ४ | | √ | √ | | √ | |
| १०८. माङमावा खोला देखि अरुण केवा खोला सम्म | २३ | अरुण नदी वडा ५ | | √ | √ | | | √ |
| १०९. रामवजार पिक्निक स्पर्ट | २२ | अरुण नदी वडा ५ | | √ | | √ | | |
| ११०. शिवरात्री पार्क | १२ | अरुण नदी वडा ५ | | | | √ | | |
| १११. खराते डाँडा | ११ | महङकाले वडा ५ | | | | √ | | |
| ११२. संसारी डाँडा | १३ | ज्यामीरे वडा ५ | | | | √ | | |
| ११३. वनमात्री पार्क | ४५ | लाटेभञ्ज्याङ वडा ६ | | √ | | | | √ |
| ११४. वनटार डाँडा | ४५ | छमलीङ वडा ६ | | | | | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११५. पातले पानी पिक्निक | ९० | देउराली वडा ८ | | √ | √ | | | √ |
| ११६. ढुङगे बगैचा | १३ | वडा नं. ९ | | √ | | | √ | |
| **कूल** | ४५८४ | | | | | | | |

### ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

पर्यटन सूचना केन्द्र स्थापना भई पर्यटकहरूको तथ्याङ्क व्यवस्थित भएको हुनेछ । पर्यटन पूर्वाधार, होटल, होमस्टे, पदमार्ग, पर्यटकीय स्थललाई जोड्ने सडकको विकास भएको हुनेछ । आन्तरिक र वाह्य पर्यटन आवागमन संख्यामा उल्लेख्य वृद्धि भएको हुनेछ ।

### ४.३.६ अनुमान तथा जोखिम पक्ष

उल्लेखित योजनाहरू कार्यान्वयनमा आउनको लागि निजी क्षेत्रको सहभागिता, होमस्टे संचालनमा जनसहभागिता, आवश्यक बजेटको विनियोजन, नीति नियमहरूको कार्यान्वयन कोभिड जस्ता स्वास्थ्य प्रकोपहरू देखिने छैनन् भन्ने पूर्वानुमान गरिएको छ भने ती कुराहरूको प्रतिकूलताले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ४.४ उद्योग, व्यापार, व्यावसाय तथा आपुर्ति

### ४.४.१ पृष्ठभूमि

औद्योगिक क्षेत्र आर्थिक विकासको इन्जिन हो । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवम् बृहत् आधारसहितको औद्योगिक विकास मार्फत् रोजगारी श्रृजना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय श्रोत साधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ ।

वाणिज्य क्षेत्रको विकासले वस्तु र सेवाको सहज आपूर्ति र उत्पादित वस्तु र सेवाको निर्यातबाट आर्थिक वृद्धि हुन सक्दछ । वस्तु तथा सेवाको व्यापारबाट नगरपालिकाको अर्थतन्त्रले बढी फाइदा लिन सक्दछ । यसर्थ व्यापार नै आर्थिक वृद्धि र आर्थिक विकासको मेरूदण्ड हो ।

नागरिकहरूको दैनिक जीवनयापन गर्न आवश्यक वस्तु एवम् सेवा, खाद्यान्नको व्यवस्था, स्वास्थ्य उपचारका लागि आवश्यक औषधी, सामग्री र पेट्रोलियम पदार्थ आदि सहज, सुलभ र उचित मूल्यमा उपभोक्ताले पाउने व्यवस्था गर्नु अति आवश्यक हुन्छ । नगरपालिकाको एकातिर प्रतिस्पर्धी र स्वस्थ बजार संयन्त्रमार्फत् आपूर्ति व्यवस्थापन गर्नुपर्दछ भने अर्कोतिर सामाजिक न्याय र नगरपालिकाको दायित्व पूरा गर्ने क्रममा आर्थिक रूपले कमजोर वर्गका जनतालाई अत्यावश्यक उपभोग्य वस्तुमा सहज पहुँचको वातावरण निर्माण गर्नुपर्दछ । यसका साथै उपभोक्ताको हकहितको संरक्षण र प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको नियमित आपूर्ति गर्नु नगरपालिकाको महत्वपूर्ण जिम्मेवारी हो ।

### ४.४.२ समस्या तथा चुनौती

उद्यमशील सोंचको विकास हुन नसक्नु, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पूँजी, सीप, कच्चा पदार्थ र प्रविधिको संयोजन गर्न नसक्नु, स्थानीय कच्चा पदार्थको कम उपयोग हुनु समस्याका रूपमा रहेका छन् । कृषि क्षेत्रलाई अपेक्षित रूपमा यान्त्रिकरण तथा व्यवसायीकरण गर्न नसक्दा यसको उत्पादन तथा उत्पादकत्व न्यून भई कृषिजन्य आयात वृद्धि हुनु यस क्षेत्रका समस्या रहेका छन् ।

अत्यावश्यक वस्तु तथा सेवा गुणस्तरीय एवम् सहज रूपमा उपलब्ध हुन नसक्नु, खाद्यमा हुने मिसावट, ठगी, कार्टेलिङ् र सिण्डिकेट जस्ता विकृतिका कारण बजारमा कृत्रिम अभाव सिर्जना हुनु, बजार अनुगमन प्रभावकारी हुन नसक्नु, संस्थागत क्षमता कमजोर हुनु, सबै वडामा उत्पादन हुने अतिरिक्त खाद्यवस्तुको सङ्कलन र उचित व्यवस्थापन एवम् भण्डारण गरी अभाव भएका समुदायमा सहजै वितरण गर्ने सरल र छिटो तथा भरपर्दो संरचना नहुनु यस क्षेत्रका समस्या रहेका छन् ।

नगरपालिकामा उपभोग्य वस्तु तथा सेवाको आपूर्तिलाई उचित व्यवस्थापन सम्बन्धी कुनै नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था नहुनु, यहाँका जनताको लागि आवश्यक पर्ने अत्यावश्यक वस्तुहरू जस्तैः खाद्य पदार्थ, औषधि, इन्धन, निर्माण सामग्री तथा सेवाहरू, स्वास्थ्य, सञ्चार, विद्युत्, यातायात, खानेपानी, पाठ्यसामाग्री आदिको उपलब्धताको अवस्थाको बारेमा नगरपालिकामा पर्याप्त र विश्वसनीय सूचना तथा तथ्याङ्कहरू समेत उपलब्ध नहुनु, साना बजार सञ्चालनतथा व्यवस्थापन हुन नसक्नु र स्रोत साधनको अभाव हुनु यस क्षेत्रका समस्या रहेका छन् ।

### ४.४.३ सम्भावना तथा अवसर

कृषि, पशुपंक्षी एवम् पर्यटन क्षेत्रलाई उद्योगसँग आवद्ध गरी विस्तार गर्ने प्रचुर सम्भावना हुनु, राजनीतिक स्थिरता, खाद्यान्नमा आत्मनिर्भरताका लागि स्थानीय स्तरमा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने प्रयासको निरन्तरता हुनु अवसर रहेका छन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *४.४.४.१ लक्ष्य*

यस उपक्षेत्रको लक्ष्य देहाय अनुसार हुनेछ ।

- उद्योग, व्यापार, व्यवसाय र आपूर्ति तथा औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी वस्तु तथा सेवाको सर्वसुलभ वितरणको व्यवस्था मिलाई यस नगरपालिकाको अर्थतन्त्रको अभिवृद्धि गर्ने ।

### ४.४.४.२ *उद्देश्य*

यस उपक्षेत्रका उद्देश्यहरू निम्न अनुसार हुनेछन् ।

- औद्योगिक लगानी आकर्षित गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नु ।
- स्थानीय स्रोत, साधन र सीपमा आधारित घरेलु तथा साना उद्योगको विकास एवम् प्रवर्द्धन गर्नु ।
- उपभोक्ताको हकहित संरगरी दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमा आपूर्ति हुने व्यवस्था मिलाउनु ।
- आपूर्ति व्यवस्थालाई दिगो, सुनिश्चित, गुणस्तरीय र प्रभावकारी बनाउनु ।

### ४.४.४.३ *रणनीति तथा कार्यनीति*

यस उपक्षेत्रका रणनीति तथा कार्यनीति निम्न अनुसार हुनेछन् (तालिका ४.७)

**तालिका ४.७: उद्योग, ब्यापार, व्यवसाय तथा आपूर्ति उपक्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) उद्योग, व्यापार व्यवसाय तथा आपूर्तिका लागि आवश्यक नीति र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा जोड दिने। | (१) निजी क्षेत्रको प्रभावकारी नियमन गर्न कानूनी एवम् संस्थागत सुधारमा जोड दिइनेछ । <br>(२) पारदर्शी किसिमले व्यवसाय सञ्चालनका लागि व्यवसायीलाई अभिमुखीकरण तालिम प्रदान गरिनेछ । <br>(३) हाटबजारको स्थापना र त्यसको व्यवस्थापनमा जोड दिईने छ । <br>(४) सहकारीलाई सुपथ मूल्यका पसल खोल्न विउ पूँजी मार्फत प्रोत्साहन गरिनेछ । |
| (२) उद्योग-धन्दाको विकास र विस्तारको लागि क्षमता विकास । वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने । | (१) औद्योगिक क्षमता अभिवृद्धि गर्न उद्योगमा नयाँ प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ । <br>(२) व्यवसाय सञ्चालनका लागि आवश्यक पूँजी उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था गरिनेछ । <br>(३) व्यावसायिक किसान र महिला उद्यमीलाई सहुलियत सहितको वित्तीय पहुँच सुनिश्चित गरिनेछ । |
| (३) उद्योग क्षेत्रलाई अन्य उत्पादन मूलक क्षेत्रको अन्तर सम्बन्धको आधारमा विकास र विस्तार गर्ने । | (१) उद्योगलाई कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तान्य उद्यमशील क्षेत्रसँग आबद्ध गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ । <br>(२) कन्तीमा एक औद्योगिक ग्राम स्थापना गर्ने नीति अनुरूप नगरपालिकामा औद्योगिक क्षेत्र स्थापना गरिनेछ । |

### ४.४.४.४ *कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रका कार्यक्रम तथा आयोजना तलको तालिकामा दिईएको छ (तालिका ४.८)

**तालिका ४.८: उधोग, ब्यापार, व्यवसाय तथा आपूर्ति उपक्षेत्रको विकासका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **१. आर्थिक क्षेत्रसँग सम्बन्धीत भावी योजनाहरु** | | | | | | | | |
| **१.४ उद्योग व्यापार** | | | | | | | | |
| १. फलफुलका जुस उत्पादन उद्योगको संभाव्यता अध्ययन | १५ | नगरपालिका | √ | | | √ | | |
| २. कृषि, जडिबुटी र पशुपंक्षीजन्य उपजको प्रशोधन उद्योग स्थापना | ५० | जितपुर | | √ | | | √ | |
| ३. दक्ष जनशक्ति उत्पादन कार्यक्रम | २० | नगरपालिका | √ | | | √ | | |
| ४. साना घरेलु उद्योग स्थापना सहयोग | ७५ | सबै वडा | | √ | √ | | | √ |
| ५. औद्योगिक ग्राम स्थापना | २०० | वडा नं. १ को कटहरे | | √ | √ | | | √ |
| ६. दहि, दुध, मासु, उन लगायत बस्तुलाई निर्यात गर्न पुर्वाधार निर्माण गर्न | ५० | जितपुर | | √ | | | √ | |
| ७. अचार उद्योगलाई प्रोत्साहन | २० | सबैवडा | √ | | | √ | | |
| ८. डेरी उद्योग | ३० | सबैवडा | √ | | | √ | | |
| ९. छुर्पि उद्योग | ३० | वडा १ | | | √ | | | |
| १०. मिनिरल वाटर उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन | २० | | | √ | | | √ | |
| ११. स्थानीय श्रोत साधनमा आधारिसाना तथा मझौला उद्योगको सम्भाव्यता अध्ययन | २० | नगरपालिका | √ | | | √ | | |
| १२. उद्योग विकास रणनीति योजना निर्माण | २० | नगरपालिका | √ | | | √ | | |
| **जम्मा** | **५५०** | | | | | | | |

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सार्वजनिक कार्यालयमा स्थानीय उत्पादनका वस्तुहरूको उपयोगमा वृद्धि भएको हुनेछ । नगरपालिकामा व्यापारिक गतिविधि बढेको हुनेछ । अत्यावश्यक वस्तुहरूको पर्याप्त भण्डार गरी खाद्य सुरक्षाको वातावरण सिर्जना भएको हुनेछ । बजार अनुगमन र नियमन गर्ने संयन्त्र प्रभावकारी भएको हुनेछ । साना, लघु तथा घरेलु उद्योगको उत्पादनमा वृद्धि भएको हुनेछ । स्वरोजगार उन्मुख र सीपयुक्त जनशक्तिको संख्यामा वृद्धि भएको हुनेछ ।

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कार्यान्वयनमा आउनका लागि जनतामा उद्यमशीलताको विकास, सकारात्मक लगानी वातावरण, आवश्यक ऐन, कानून समयमै स्वीकृत, अवरोध विनाको ढुवानी, छिमेकी देशबाट नाकाबन्दी नहुने, राज्यद्वारा सहजिकरण, बैंकबाट सहज किसिमले ऋण प्रवाह जस्ता अनुकूल अवस्थाहरू हुनेछन् भन्ने पूर्वानुमान गरिएको छ भने उल्लेखित कुराहरूमा आउने अवरोधहरू योजना कार्यान्वयनका लागि जोखिम पक्ष हुन् ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ । नगरपालिकाको जनसंख्याको ठूलो हिस्सा कृषि क्षेत्रमा संलग्न छ । यस्तो जनशक्ति उद्योग र सेवा क्षेत्रको विकास उपयुक्त रूपमा हुन नसकेकोले कृषि क्षेत्रमा बढी आश्रित हुनुपर्ने अवस्था रहेको छ । साथै, कृषि क्षेत्रमा अर्धबेरोजगारीको अवस्था उच्च छ ।

### ४.५.२ समस्या तथा चुनौती

श्रम बजारमा प्रवेश गर्ने युवालाई पर्याप्त रोजगारी सिर्जना गर्नु, रोजगारीमूलक तालीम कार्यक्रम सञ्चालनमा देखिएको दोहोरोपना हटाउनु, वैदेशिक रोजगारीका सबै चरणहरूलाई व्यवस्थित, भरपर्दो र सुरक्षित बनाउनु, विप्रेषणबाट प्राप्त अधिकांश रकम उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, श्रम बजारमा रहेको सीपयुक्त श्रमको माग र आपूर्तिबीचको असन्तुलनलाई कम गर्नु, बढ्दो शिक्षित जनशक्तिलाई रोजगारीका अवसरहरू प्रदान गर्नु, औद्योगिक क्षेत्रमा श्रममूलक प्रविधिको प्रयोग बढाउनु, सामाजिक सुरक्षालाई योगदानमूलक बनाउँदै पहुँच वृद्धि गर्नु, मर्यादित रोजगारी सुनिश्चित गर्नु र रोजगारी सूचनालाई प्रभावकारी बनाउनु प्रमुख चुनौतीहरू रहेका छन् ।

हरेक वर्ष प्रभावहीन नयाँ कार्यक्रम थप्दै जाने प्रवृत्तिलाई रोक्नु, सामाजिक सुरक्षा सम्बन्धी विभिन्न समूह तथा समुदायको बढ्दो मागलाई सम्बोधन गर्नु, उपयुक्त नीतिगत, कानुनी र नियमनकारी प्रारूपको विकास गर्नु, सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, छरिएका र अव्यवस्थित सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई पुनरावलोकन तथा एकीकृत गर्दै गरिबी, वञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन् ।

### ४.५.३ सम्भावना तथा अवसर

कृषि, पर्यटन तथा पूर्वाधार विकास जस्ता श्रम-सघन क्षेत्र नगरपालिकाको प्राथमिकतामा पर्नु, रोजगार केन्द्रित विकासको अवधारणाले प्राथमिकता पाउनु, शिक्षित जनशक्ति बढनु, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सीप तथा कार्य संस्कृति सकारात्मक हुनु, दिगो विकासको लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गर्नु, सूचना र प्रविधिमा भएको विकासले रोजगारी र स्वरोजगारीका विषयमा जनचेतनाको विस्तार हुनु, कूल जनसङ्ख्यामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिस्सा बढ्नु श्रम तथा रोजगारका लागि अवसर हुन् ।

यस नगरपालिकामा सामाजिक संरक्षणका कार्यक्रमहरूको लगानीमा उल्लेखनीय रूपमा बृद्धि हुँदै गएको छ । यस क्षेत्रलाई सारभूत र गुणात्मक रूपमा अघि बढाउने कुरामा राजनीतिक सहमति स्थापित भएको छ । सामाजिक सुरक्षा कोषको स्थापनाले योगदानमूलक सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई नीतिगत, कानुनी र संस्थागत सुधारसहित अघि बढाउन मार्ग प्रशस्त गरेको छ ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *४.५.४.१ लक्ष्य*

श्रम रोजगारी र सामाजिक सुरक्षाका लागि  निम्न लक्ष्य निर्धारण गरिएको छः

- रोजगारीका नयाँ अवसरहरू सृजना गर्दै सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई गुणस्तरीय एवं प्रभावकारी बनाउने ।

#### *४.५.४.२ उद्देश्य*

श्रम रोजगारी र सामाजिक सुरक्षाका लागि निम्न उद्देश्यहरू लिइने छः

- रोजगारीका लागि सीप तथा तालिमका अवसरहरू वृद्धि गरी प्रतिस्पर्धा गर्नसक्ने श्रमशक्तिको विकास गर्नु ।
- सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका सबैभन्दा विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु ।
- स्थानीय युवाले वैदेशिक रोजगारीबाट प्राप्त गरेका शीप र पूँजीलाई नगरपालिका भित्र प्रयोग गरी लाभ हासिल गर्ने वातावरण निर्माण गर्नु ।

#### *४.५.४.३ रणनीति तथा कार्यनीति*

यस उपक्षेत्रको विकासको लागि लिइने रणनीति तथा कार्यनीति तलको तालिकामा दिइएको छ (तालिका ४.९)

**तालिका ४.९: श्रम रोजगारी र सामाजिक सुरक्षाका लागि लिइने रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) विकास निर्माणका कार्यमा श्रमशक्तिको प्रयोगलाई प्रोत्साहन गर्ने । | (१) श्रमिकहरूलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ ।<br>(२) अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमा रूपान्तरण गरिनेछ ।<br>(३) बालश्रमको अन्त्य गर्ने नेपाल सरकारको गुरूयोजनालाई प्रभावकारी कार्यान्वयन गर्दै बालश्रम अन्त्य गरिनेछ । |
| (२) श्रमिकको कार्य क्षमतामा अभिवृद्धि गर्ने। | (१) रोजगारीमा महिलाको सुरक्षा सुनिश्चित हुने व्यवस्था गरिनेछ ।<br>(२) न्यूनतम रोजगारीको प्रत्याभूत गरी प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।<br>(३) रोजगार सूचनाकेन्द्र स्थापना गरी निजी क्षेत्रमा सिर्जना हुने रोजगारीको मागलाई पूर्ति गरिनेछ । |
| (३) योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने । | (१) सबै विकास कार्यक्रममा सामाजिक सुरक्षालाई मूलप्रवाहीकरण गरिनेछ ।<br>(२) योगदानमा आधारित सामाजिक सुरक्षालाई सबल र दिगो बनाइनेछ ।<br>(३) सामाजिक सुरक्षा भत्ता वडाको समन्वयमा सहजै उपलब्ध गराइनेछ । |
| (४) आर्थिक सामाजिक वञ्चितीकरण तथा जोखिममा परेका क्षेत्र, लिङ्ग, वर्ग र समुदायको सामाजिक सुरक्षामा पहुँच बढाउने । | (१) जीवनयापन गर्ने आयस्रोत नभएका,श्रम गर्न नसक्ने अशक्त र असहाय, एकल महिला, अपाङ्गता भएका, बालबालिकाको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिनेछ ।<br>(२) सबैका लागि अनिवार्य स्वास्थ्य बिमा कार्यक्रम तयार गरी लागू गरिनेछ ।<br>(३) विपद्‌बाट सिर्जना हुने सम्भावित जोखिम/प्रकोपको सामना गर्न सक्ने गरी सामाजिक सुरक्षा कार्यक्रमलाई विपद् संवेदनशील बनाइनेछ ।<br>(४) अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउनलक्षित कार्यक्रम सञ्चालन गरिनेछ । |

### *४.५.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रका लागि कार्यक्रम तथा आयोजना निम्न अनुसार निर्धारण गरिएको छ (तालिका ४.१०)

### तालिका ४.१०: श्रम रोजगारी र सामाजिक सुरक्षाका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **१. आर्थिक क्षेत्रसँग सम्बन्धीत भावी योजनाहरु** | | | | | | | | |
| **१.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा** | | | | | | | | |
| १. अपाँगको रातो र निलो कार्ड भएकालाई भत्ता | २५ | नगरपालिका | √ | √ | √ | | | √ |
| २. घरेलु श्रमिकको पेसालाई मर्यादित र सुरक्षित गराउन तथाङ्क सङ्कलन र विश्लेषण | २० | नगरपालिका | √ | | | | √ | |
| ३. रोजगार बजारको विश्लेषणको आधारमा व्यवसाय तथा सीप विकास तालिम | २० | नगरपालिका | √ | | | | √ | |
| ४. रोजगार सूचना केन्द्र स्थापना | ३० | नगरपालिका | √ | √ | | √ | | |
| ५. वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूको सीप तथा क्षमताको उपयोग प्रोत्साहन कार्यक्रम | ३० | सबै वडा | √ | √ | | | | √ |
| ६. बालश्रम निवारणको लागि गुरुयोजनाको तर्जुमा र कार्यान्वयन | २० | नगरपालिका | √ | | | | √ | |
| ७. सामाजिक सुरक्षा सम्बन्धी जनचेतना तथा प्रचारप्रसार | ५ | सबै वडा | √ | | | √ | | |
| ८. उद्यमशीलता सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन बिउ पुँजीको व्यवस्था | ३० | नगरपालिका | √ | √ | | √ | | √ |
| ९. क्षमता विकास तथा रोजगारमूलक तालिम | ४० | नगरपालिका | √ | √ | | | | √ |
| १०. वैदेशिक रोजगारीमा जाने युवाको तथ्याङ्क संकलन | १५ | नगरपालिका | √ | | | √ | | |
| **कूल** | २३५ | | | | | | | |

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

सामाजिक सुरक्षाको दायरा फराकिलो भएको हुने, सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा तर्जुमा भएको हुने, सामाजिक सुरक्षा सम्बन्धी विधेयक स्वीकृत भई कार्यान्वयन भएको हुने, छरिएर रहेका कार्यक्रमहरू एकीकृत भई व्यवस्थित रूपमा कार्यान्वयन भएका हुने र समाजमा विद्यमान रहेको असमानता न्यूनीकरण भएको हुनेछ ।

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

उल्लेखित योजनाहरू कार्यान्वयनमा आउनका लागि निजी क्षेत्रको लगानीमा वृद्धि, अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली कामदारको मागमा वृद्धि, दक्ष श्रमशक्ति निर्माण सम्बन्धी संरचनाको निर्माण, सामाजिक सूरक्षा ऐन, २०७३ को कार्यान्वयन र कोभिड जस्ता महामारी देखिने छैन भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा आउने गतिरोधहरू योजना कार्यान्वयनका लागि जोखिम पक्ष हुन् ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ ।

### ५.१.२ समस्या तथा चुनौती

जनसङ्ख्याको अनुपात अनुरूप स्वास्थ्य संस्थाहरूको न्यायोचित वितरण गर्नु, निःशुल्क वितरण गरिने औषधि आवश्यकताका आधारमा उपलब्ध गराउनुका साथै त्यसको गुणस्तर सुनिश्चित गर्नु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमन  गर्नु, सबैको लागि स्वास्थ्य बिमा लागू गर्नु, स्वास्थ्य संरचनाहरूको निर्माण गर्ने कार्यलाई तीव्रता दिनु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ५.१.३ सम्भावना तथा अवसर

स्वास्थ्य संस्थाहरूको नगरपालिका भित्र सञ्जाल तयार हुनु, सर्वसाधारणहरूको स्वास्थ्य सेवा र पोषणको महत्वबारे बढ्दो जागरण र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि गरिएको विभिन्न व्यवस्थाका कारण स्वास्थ्य सेवाहरूलाई थप व्यवस्थित र गुणस्तरयुक्त बनाउने अवसर प्राप्त भएको छ ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *५.१.४.१ लक्ष्य*

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछः

- सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क रूपमा उपलब्ध गराउने ।

### *५.१.४.२ उद्देश्य*

यस उपक्षेत्रका उद्देश्यहरू निम्न अनुसार निर्धारण गरिएका छन्:

- सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गर्नु ।
- स्वस्थ जनशक्ति तयार गर्नको लागि प्रतिरोधात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवा प्रणालीको विकास गर्नु

### *५.१.४.३ रणनीति तथा कार्यनीति*

स्वास्थ्य तथा पोषणको विकासका लागि निम्न किसिमका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छ (तालिका ५.१) ।

**तालिका ५.१: स्वास्थ्य तथा पोषणको सुधारको लागि लिइने रणनीति तथा कार्यनीतिहरू**

| रणनिती | कार्यनीति |
|---|---|
| (१) आधारभूतदेखि विशिष्टीकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने । | (१) निःशुल्क आधारभुत स्वास्थ्य सेवामा नागरिकको सर्वसुलभ पहुँचको लागि प्याकेज र प्रोटोकल तयार गरी कार्यान्वयन गरिनेछ ।<br>(२) स्वास्थ्य सेवालाई सर्बसुलभ रूपमा प्रवाह गर्न गैह्रसरकारी र निजी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ्य सेवा कार्यक्रमको कार्यविधि बनाई कार्यन्वयन गरिनेछ ।<br>(३) स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य पूर्वाधार विकास मापदण्ड एवम् न्यूनतम सेवा मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आवश्यक बजेट सुनिश्चित गरीनेछ । |
| (२) आयूर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धतिहरूको योजनावद्ध विकास र विस्तार गर्ने । | (१) स्थानीय स्तरमा उपलब्ध औषधिजन्य जडिवूटी, खनिज आदिको पहिचान, संकलन, संरक्षण र प्रवर्द्धनको लागि संरचना निर्माण गरिनेछ ।<br>(२) प्रचलित प्राकृतिक चिकित्सा,वैकल्पिक तथा अन्य चिकित्सा पद्धति तथा सेवाहरूलाई निश्चित मापदण्डका आधारमा सूचीकृत तथा व्यवस्थित गर्दै लगिनेछ । |
| (३) सबै समुदायका नागरिकको आधारभुत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा पहूँच सुनिश्चित गर्ने । | (१) सुरक्षित मातृत्व, बाल स्वास्थ्य,किशोरी तथा प्रजनन् स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(२) नगरपालिका, वडा कार्यालय र अन्य सरकारी कार्यालयमा स्तनपान कक्षको निर्माण गरिनेछ ।<br>(३) नगरपालिका भित्र सुरक्षित प्रसुति सेवाका लागि अवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>(४) नगरपालिकामा आफ्नै एम्वुलेन्स खरिद गरी सेवा सञ्चालन |

| रणनिती | कार्यनीति |
|---|---|
| | गरिनेछ ।<br>(५) आयुर्वेद औषधालयको संरचना निर्माण र विकास एवं स्थानीय आयुर्वेदिक औषधीको प्रचारप्रसार गरिनेछ ।<br>(६) विपद तथा महामारीको समयमा (कोभिड, हैजा, डेंगो) आइपर्ने आपतकालिन अवस्थालाई सम्वोधन गर्न नीतीगत तथा संस्थागत संरचनाको व्यवस्था गरिनेछ ।<br>(७) समुदायमा स्वास्थ्य सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने विभिन्न कार्यशाला, गोष्ठी, अभिमूखीकरण कार्यक्रम तथा गाउँ/टोल तहमा प्रचारप्रसारका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।<br>(८) विद्यालयमा पढ्ने अति विपन्न परिवारका बालबालिकाहरूलाई पोषण कार्यक्रममा समावेश गरिनेछ । |
| (४) नागरिकको व्यवहार परिवर्तनका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । | (१) स्वास्थ्यको प्रोफाइल तयार गरि गुरूयोजना निर्माण गरिनेछ ।<br>(२) स्वास्थ्य संस्थामा प्रसुति हुने महिलालाई प्रोत्साहन स्वरूप थप रकम दिने व्यवस्था मिलाइनेछ ।<br>(३) महिला स्वास्थ्य स्वयंसेविकाबाट दिइने सेवाको पहुँचबाट टाढा रहेको बस्तीमा थप स्वयंसेविका व्यवस्थापन गरिने छ ।<br>(४) स्वास्थ्य बिमा कार्यक्रमलाई सबै घरधुरीमा पुऱ्याइ प्रभावकारी बनाइने छ । |

### *५.१.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रको विकासका लागि निम्न कार्यक्रम तथा आयोजना निर्धारण गरिएको छः

**तालिका ५.२ : स्वास्थ्य तथा पोषण विकास सम्बन्धि कार्यक्रम तथा आयोजना**

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **२. सामाजिक क्षेत्र** | | | | | | | | |
| **२.१ स्वास्थ्य तथा पोषण** | | | | | | | | |
| १. स्वास्थ्य सेवा गुणस्तर सुधार कार्यक्रम | २५ | सबै वडा | √ | | | √ | | |
| २. दश शैयाको अस्पताल निर्माण | ७५ | जितपुर | | | √ | | | √ |
| ३. स्वास्थ्य पूर्वाधार बिकास | ५० | सबै वडा | √ | √ | | | √ | |
| ४. स्वास्थ्य चौकीको मानवीय र भौतिक संशाधनको विकास | ५० | सबै वडा | √ | | | √ | | |
| ५. स्वास्थ्य सेवा विस्तार कार्यक्रम | ५५ | सबै वडा | | √ | √ | | √ | |
| ६. स्वास्थ्य सेव क्षमता विकास कार्यक्रम | २५ | सबै वडा | √ | | | √ | | |
| ७. बर्थिङ सेन्टर स्थापना | १०० | सबै वडा | | √ | √ | | | √ |
| ८. जेष्ठ नागरीक स्वास्थ्य परीक्षण कार्यक्रम | २० | सबै वडा | √ | | | √ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. स्वास्थ्य बिमा कार्यक्रममा बिपन्न परिवारलाई सहयोग | ५० | सबै वडा | √ | | | √ | | |
| १०. पौष्टिक आहार र अखाद्य वस्तु सम्बन्धी अभिमूखीकरण कार्यक्रम | ५ | सबै वडा | √ | | | √ | | |
| ११. एम्वूलेन्स सेवा | ५० | सबै वडा | | √ | √ | | | √ |
| १२. उपचरात्मक, प्रवर्द्धनात्मक र निदानात्मक रोगसम्बन्धी सचेतना कार्यक्रम | २० | सबै वडा | √ | | | √ | | |
| १३. सरुवा तथा महामारीजन्य रोगथामका बारेमा पूर्वतयारी कार्यक्रम | १५ | सबै वडा | | √ | | √ | | |
| १४. सबै स्वास्थ्य संस्थामा इन्टरनेट सेवा बिस्तार | २० | सबै वडा | √ | | | √ | | |
| १५. "हाम्रो गाउँ घरः स्वस्थ्य नगर" को नारा अनुरुपघुम्ती शिविर तथा स्वास्थ्य शिविरहरू संचालन | ५० | सबै वडा | | | √ | | | √ |
| १६. महिनावारी भएका छात्राहरूको लागि निःशुल्क स्यानिटरी प्याड वितरण | १५ | √ | | | | √ | | |
| १७. प्रत्येक घरमा धुँवारहित चुलोको निर्माण | १० | सबै वडा | √ | | | √ | | |
| १८. घरमुली स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन | १० | सबै वडा | √ | √ | | √ | | |
| **कूल** | ६४५ | | | | | | | |

## ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरपालिका बासीको स्वस्थ, सबल र सक्रिय जीवन सहितको औसत आयुमा बृद्वि हुनेछ । प्रोटोकल अनुसार कम्तीमा चार पटक गर्भवती जाँच गराउने महिला, दक्ष स्वास्थ्य कर्मीको उपस्थितिमा जन्मिएका बालबालिका, सुपोषित बालवालिका र पूर्ण खोप पाउने बालबालिकाको संख्या बृद्वि हुनेछ । सबै स्वास्थ्य संस्थाहरू स्वास्थ्य मापदण्ड अनुरूप सुदृढीकरण भएका हुनेछन् । नगरपालिकामा आवधिक योजनाको अन्त्य सम्ममा पोषण प्रमुख कार्यक्रमका रूपमा सञ्चालन भएको हुनेछ ।

## ५.१.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कार्यान्वयनमा आउनको लागि स्वास्थ्य सम्बन्धी तथ्याङ्कहरूको नियमित उपलब्धता, निःशुल्क रूपमा उपलब्ध हुने औषधीहरूको सहजरूपमा उपलब्धता, आवश्यक बजेटको उपलब्धता, विकास साझेदार संस्थाहरूको नियमित सहयोग, पोषण सम्बन्धी जनचेतनामा वृद्धि, कोभिडजस्ता महामारी निर्मूल हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा आउने गतिरोधहरू योजना कार्यान्वयनका लागि जोखिम पक्ष हुन् ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहको विषय प्रष्ट पारिएको छ । शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको संवाहकको रूपमा विकास गर्ने, शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् ।

### ५.२.२ समस्या तथा चुनौती

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यवसाय तथा रोजगारीमूलक बनाउने, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई आमनागरिकको पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्ति बीच सन्तुलन कायम गर्ने, लगानी अनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान प्रदत्त शिक्षासम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने कार्य चूनौतीपूर्ण छ।

### ५.२.३ सम्भावना तथा अवसर

सबै तह र विधाका शैक्षिक पूर्वाधारहरूको विस्तारमा बृद्धि भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि भएको छ। यस्तै समुदायमा शिक्षा प्रतिको आकर्षण बढेको, स्वास्थ्य तथा सरसफाइ, वातावरण संरक्षण र आफ्ना हक अधिकारप्रतिको सजगता बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिक सुशासनका लागि आधारशिला तयार भएको साथै शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएका आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *५.२.४.१ लक्ष्य*

यस उपक्षेत्रको लक्ष्य देहाय अनुसार हुनेछः

- सबैलाई जीवन उपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख

तथा नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गरी रोजगारी एवम् स्वरोजगारीका लागि सीपमूलक शिक्षाको विस्तार गर्ने

### ५.२.४.२ उद्देश्य

यस उपक्षेत्रको उद्देश्य देहाय अनुसार हुनेछः

१. राष्ट्रियता प्रतिको प्रेम, सामाजिक सद्भाव र संस्कारयुक्त शिक्षित जनशक्ति उत्पादन गर्नु ।

२. शिक्षामा समतामूलक अवसरहरू सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय-सान्दर्भिक र गुणस्तरयुक्त बनाउनु ।

३. बजारको माग अनुसारको शिक्षित जनशक्ति उत्पादन गर्नु ।

४. शैक्षिक प्रशासनमा निरन्तर सुधार, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्नु ।

### ५.२.४.३ रणनीति तथा कार्यनीति

यस उपक्षेत्रको रणनीति तथा कार्यनीति तलको तालिकामा दिइएको छ -तालिका ५.३)

**तालिका ५.३ शिक्षा, विज्ञान तथा नवप्रबर्तनका लागि लिइने रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको विभिन्न अंगको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागिअनिवार्य गर्ने । | (१) कम्तीमा एक विद्यालय, एक बालविकास केन्द्रको अवधारणा अन्तर्गत नगरपालिका मार्फत बालविकास केन्द्रहरूको विकास गरिनेछ ।<br>(२) प्रारम्भिक बाल विकास शिक्षाका शिक्षकको न्यूनतम शैक्षिक योग्यतार तालिम अवधिको पुनरावलोकन गरी योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरिनेछ ।<br>(३) प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिई खेल सामग्री, सिकाइ सामग्री, मनोरन्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षा कोठा व्यवस्थापन गरिनेछ । |
| (२) अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने | (१) विद्यालय बाहिर रहेको सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने अभियानलाई राजनीतिक दल, स्थानीय बुद्धिजिवी, समाजसेवी, सरकारी तथा गैरसरकारी निकायहरूको साझेदारीमा निरन्तरता दिई सबै बालबालिकालाई अनिवार्य रूपमा विद्यालय जाने वातावरण सिर्जना गरिनेछ ।<br>(२) कक्षा छाड्ने समस्या समाधान गर्ने र विद्यालयमा विद्यार्थी टिकाइ राख्नका लागि आधारभूत तहका बालबालिकालाई दिवा खाजा, अपाङ्ता भएका बालबालिका एवम् विपन्न लक्षित छात्रवृत्ति र स्थानीय स्वास्थ्य केन्द्रमा आधारित स्वास्थ्य परीक्षण |

| रणनीति | कार्यनीति |
|---|---|
| | र उपचार जस्ता प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(३) नगरपालिका भित्रका विद्यालयहरूमा विषयगत शिक्षक दरबन्दी व्यवस्था गर्न संघ, प्रदेश र नगरपालिका बीच समन्वय र सहकार्य गरी सबै विद्यालयमा न्यूनतम शिक्षक सुनिश्चित नहुँदासम्मका लागि एकमुष्ट अनुदान तथा पटके अनुदान जस्ता वैकल्पिक विधिहरूबाट शिक्षक व्यबस्थापन गरिनेछ ।<br>(४) शिक्षण संस्थाहरूमा प्रविधि सहितको भौतिक पूर्वाधार विकासको लागि प्राथमिकता दिइनेछ । |
| (३) निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफा मूलकबाट सेवा मूलकमा रूपान्तरण गर्ने । | (१) स्थानीय तहद्वारा निजी लगानीका विद्यालय सहित सबै विद्यालयको भौतिक वातावरण, शिक्षक तथा कर्मचारी दरवन्दी अवस्था एवम् उनीहरूको विद्यालयमा नियमितता एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा नियमन गरिनेछ ।<br>(२) निजी लगानीका विद्यालयहरूको प्रभावकारिताका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थालाई सेवा मूलक बनाइने छ । |
| (४) शिक्षालाई प्राविधिक, व्यवसायिक, सीपमूलक, गुणस्तरीय, जीवन उपयोगी र रोजगारमुखी बनाउने । | (१) सबै वडामा कम्तिमा १/१ वटा नमूना विद्यालय र पालिकाभित्र कम्तिमा एउटा प्राविधिक शिक्षालय सञ्चालन गरिनेछ ।<br>(२) बालिका शिक्षालाई प्रोत्साहन गर्न विद्यालयमा स्यानीटरी प्याड लगायत स्वास्थ्य कार्यक्रम सञ्चालनमा सहयोग र सहजीकरण गरिनेछ ।<br>(३) गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृतिप्रदान गरिनेछ ।<br>(४) समयमै निःशुल्क पाठ्यपुस्तक वितरण गरिनेछ ।<br>(५) नगर क्षेत्रभित्र एग्रो फरेस्ट्रि कलेज सञ्चालन गरिने छ । |
| (५) शैक्षिक पूर्वाधारको विकास तथा नीतिगत सुधार गर्ने । | (१) नगरपालिका केन्द्रमा सुविधा सम्पन्न एक वटा पुस्तकालय स्थापना गरिनेछ ।<br>(२) भौगोलिक अवस्था र विद्यार्थी संख्याको आधारमा विद्यालय मर्जर गर्दै लगिनेछ ।<br>(३) विद्यालयमा बालमैत्री र आपाङ्ग मैत्री पूर्वाधार निर्माण गरिनेछ।<br>(४) शिक्षा विकासको लागि आवश्यक नीतिगत सुधार गरिनेछ ।<br>(५) आवश्यकताको आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार विकासमा सहयोग गरिने छ । |

### *५.२.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रको कार्यक्रम तथा आयोजना तलको तालिकामा दिइएको छ (तालिका ५.४) ।

## तालिका ५.४: शिक्षा, विज्ञान तथा नवप्रवर्तनका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **२. सामाजिक क्षेत्र** | | | | | | | | |
| **२.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन** | | | | | | | | |
| १. विद्यालयमा दिवा खाजा कार्यक्रम | ३० | सबै वडा | √ | | | √ | | |
| २. अंग्रेजी माध्यमबाट पठनपाठन | ३५ | सबै वडा | √ | √ | | | | √ |
| ३. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको उपयोग | १० | सबै वडा | √ | | | √ | | |
| ४. भर्ना अभियान घरदैलो कार्यक्रम, | १० | सबै वडा | √ | | | √ | | |
| ५. शैक्षिक नीति तथा योजना तर्जुमा, | १० | नगरपालिका | √ | | | | √ | |
| ६. हरेक बिद्यालयमा कम्तिमा एक कम्प्युटर शिक्षकको व्यवस्थापन, | २० | नगरपालिका | √ | | | | | √ |
| ७. शिक्षकहरुको क्षमता विकास कार्यक्रम | १० | नगरपालिका | √ | | | | | √ |
| ८. माध्यमिक विद्यालयहरूमा डिजिटल हाजिरी | १० | सबै वडा | √ | | | √ | | |
| ९. जितपुर क्याम्पस जितपुरलाइ बहुमुखी क्याम्पसको रूपमा अगाडि बढाउने | १५० | जितपुर | | √ | | | | √ |
| १०. तीन वर्षे डिप्लोमा कोर्षको एक प्राविधिक शिक्षालय सञ्चालन | ७५ | जितपुर | √ | √ | | | √ | |
| ११. आर्थिक रूपमा विपन्न विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान | १५ | सबै वडा | √ | | | √ | | |
| १२. अपाङ्गता भएका विद्यार्थीहरूलाई निःशुल्क रुपमा उच्च शिक्षासम्म अध्ययन | १० | सबै वडा | √ | | | √ | | |
| १३. शैक्षिक प्रोफाइल तर्जुमा | १५ | नगरपालिका | √ | | | √ | | |
| १४. सरस्वती मा.वि.(१-१०) पूर्वाधार निर्माण | १२५ | कटहरे वडा १ | | √ | √ | | | √ |
| १५. श्री मा.वि.(१-१२) पूर्वाधार निर्माण | १०० | पाख्रिवाश वडा १ | | √ | √ | √ | | |
| १६. हिमालय मा.वि.(१-१०) पूर्वाधार निर्माण | १०० | घुमाउने वडा १ | | √ | √ | | | √ |
| १७. शारदा आ.वि.(१-८) | १०० | तेलुङ वडा १ | | √ | √ | | √ | |
| १८. लक्ष्मी प्रा.वि.(१-५) | ७० | मचेपु वडा १ | | √ | √ | | | √ |
| १९. सिंहदेवि प्रा.वि.(१-६) | ७५ | चित्रे वडा १ | | √ | √ | | √ | |
| २०. कालिका प्रा.वि.(१-५) | ६५ | टाहारी वडा १ | | √ | √ | | | √ |
| २१. रेश्वर्प प्रा.वि (१-५) | ७० | सानेटार वडा २ | | √ | √ | | √ | |
| २२. धर्मदय मा.वि. (१-१२) | ११० | मारेक वडा २ | | √ | √ | | | √ |
| २३. जनता प्रा.वि. (१-५) | ११० | देविस्थान नेवार गाँउ वडा २ | | √ | √ | | √ | |
| २४. शारदा मा.वि. (१-१२) | १२५ | मुलखर्क वडा २ | | √ | √ | √ | | |
| २५. श्री प्रा.वि. श्रीनागी | ७५ | हिलेखर्क वडा २ | | | | | √ | |
| २६. श्री नागी बाल विकास | ५० | हिलेखर्क वडा २ | | | | | √ | |
| २७. कालिका बाल विकास | ५० | छयालुङ वडा २ | | | | | | √ |

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| २८. कान्ती वालविकास | ९० | श्री नागी वडा २ | | | | √ | | |
| २९. नविन शिसा सदन मा.वि (१-१२) | ११० | भयाज्यङ वडा ३ | | √ | √ | | √ | |
| ३०. युवा जन सहभागिता आ.वि. (१-८) | ९० | बाटोखर्क वडा ३ | | √ | √ | √ | | |
| ३१. जलकन्या आ.वि. (१-५) | ५० | चित्रेगेल वडा ३ | √ | √ | | | √ | |
| ३२. कैलाशेश्वरी प्रा. वि | ५० | यामडाडाँ वडा ३ | √ | √ | | | | √ |
| ३३. सरस्वति मा.वि.(१-१२) | १०० | रामजानकी वडा ४ | | | √ | | √ | |
| ३४. पानुवा मा.वि.(१-१२) | ९० | दमार वडा ४ | | √ | √ | √ | | |
| ३५. वालकनया प्रा.वि.(१-५) | ५० | हलेदे वडा ४ | √ | √ | | √ | | |
| ३६. सिंहश्वरी प्रा.वि.(१-५) | ५० | नाम्को वडा ४ | √ | √ | | | | √ |
| ३७. शिदेश्वरी प्रा.वि.(१-५) | ५० | वरडाँडा वडा ४ | √ | √ | | √ | | |
| ३८. जलकन्या प्रा.वि. .(१-३) | ५० | जिमिगाउँ वडा ४ | √ | √ | | | √ | |
| ३९. भगवति प्रा.वि.(१-५) | ६० | झिलिमिले वडा ४ | √ | √ | | √ | | |
| ४०.अरुणोदय मा.वि. (१-१२) | २२५ | गहिरीगाउँ वडा ५ | | √ | √ | | √ | |
| ४१. भगवती प्रा.वि. | १२५ | भगवती टोल वडा ५ | √ | √ | √ | | | √ |
| ४२.सिर्जन सिल आ.वि. (१-३) | २०० | सिर्जन सिल वडा ५ | √ | √ | √ | | | √ |
| ४३. राम मा.वि. (१-१०) | २०० | राम बजार वडा ५ | √ | √ | √ | | √ | |
| ४४. पञ्चकन्या आ.वि. | ७५ | वडा ५ | | √ | √ | | | √ |
| ४५.लक्ष्मी देवकोटा आ.वि. (१-५) | १०० | बासपानी वडा ५ | | √ | √ | √ | | |
| ४६. नागेश्वर मा.वि. (१-१२) | १५० | नागपोखरी वडा ६ | | √ | √ | | | √ |
| ४७.पञ्चकन्या आ.वि. (१-८) | १०० | पञ्चकन्या वडा ६ | | √ | √ | | √ | |
| ४८. शारादा आ.वि. (१-५) | ५० | हुमली वडा ६ | | √ | √ | | | √ |
| ४९.कालिका बाल प्रा.वि.(१-५) | २० | मिश्रडाडाँ वडा ७ | √ | √ | | √ | | |
| ५०.सरस्वति आ.वि. (१-८) | १० | अर्खौले वडा ७ | √ | √ | √ | | √ | |
| ५१. जनता मा.वि. (१-१२) | ११० | जितपुर बजार वडा ७ | | √ | √ | √ | | |
| ५२. जितपुर क्याम्पस | ९० | जितपुर वडा ७ | | √ | | √ | | |
| ५३. आइतबारे प्रा.वि.(१-३) | ५० | काफले वडा ७ | √ | √ | | | √ | |
| ५४.अन्नपुर्ण मा.वि. (१-१०) | ९० | आन्चुङ्ग वडा ७ | √ | √ | | | | √ |
| ५५. बालक प्रा.वि (१-५) | ८० | साम्चा वडा ७ | √ | √ | | √ | | |
| ५६. सरस्वति प्रा.वि. (१-५) | १०० | सेवारो वडा ७ | √ | √ | | | √ | |

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| ५७. सुर्य दय प्रा.वि.(१-५) | ५० | आहाल डाडाँ वडा ८ | √ | √ | | √ | | |
| ५८. याङलावुङ प्रा.वि.(१-५) | ९० | यङलावुङ वडा ८ | | √ | √ | | √ | |
| ५९. जनता मा.वि.(१-१०) | ११० | निगाले वडा ८ | | √ | √ | | | √ |
| ६०. जाल्पा देवि प्रा.वि.(१-५) | ५० | आइतवारे वडा ८ | √ | √ | | √ | | |
| ६१. रामबेनी आ.वि.(१-७) | ८५ | दौताचौक वडा ८ | √ | √ | | | √ | |
| ६२. राम मा.वि.(१-१२) | ११० | गणेशटोल वडा ९ | | | | √ | | √ |
| ६३. सिहदेवि मा.वि.(१-१०) | ९० | सिंहदेवि वडा ९ | | √ | √ | | | √ |
| ६४. लालिगुरास प्रा.वि.(१-५) | २०० | सिदकाली वडा ९ | | √ | √ | | √ | |
| ६५. लालिगुरास प्रा.वि.(१-५) | २०० | घुरघुरे वडा ९ | | √ | √ | | | √ |
| ६६. जलकन्यान प्रा.वि.(१-३) | ७५ | सिरीसे वडा ९ | | √ | √ | | √ | |
| ६७. माहामाण प्रा.वि. | ९० | बोलचौर वडा ९ | | | √ | | | √ |
| ६८. मुक्तिमहेश्वर मा.वि.(१-१०) | ८५ | कटहरे वडा ९ | | √ | √ | | √ | |
| ६९. सिंहबहिनी प्रा.वि.(१-३) | ११० | कटहरे वडा १ | | √ | √ | | | √ |
| **कुल** | **५५८५** | | | | | | | |

### ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हासिल गरेका विद्यार्थीको संख्यामा बृद्धि हुनेछ । प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या आवधिक योजनाको अन्त्यसम्ममा दोब्बर हुनेछ । माध्यमिक तहका सबै विद्यालयमा पुस्तकालय र प्रयोगात्मक विषय पढाई हुने विद्यालयमा ल्याव स्थापना भएको हुनेछ । आधारभूत र माध्यमिक तहको खुद भर्नादर बढ्नेछ । सबै शैक्षिक संस्थाहरूमा भौतिक पूर्वाधारको स्तरोन्नती हुनेछ ।

### ५.२.५ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कार्यान्वयनमा आउनकालागि तथ्याङ्कहरूको नियमित रूपमा उपलब्धता, अभिभावकको चेतनास्तरमा वृद्धि, सरकार र निजी क्षेत्रको सहभागिता, विकास साझेदार संस्थाहरूको सहयोगमा निरन्तरता, आवश्यक बजेट संघ, प्रदेश र स्थानीय तहबाट विनियोजन, सरकारका अन्तर निकायबीच समन्वय, युवा वैज्ञानिकहरूलाई प्रोत्साहन, सरकारी नीति नियमको पूर्ण कार्यान्वयन हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने उल्लेखित पक्षहरूमा उत्पन्न हुने प्रतिकूलताले याजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाई सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ । खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रूपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनु आवश्यक भएको छ ।  खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्ने र  सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षातको पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ ।खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गरी वातावरणीय सरसफाइमा विशेष जोड दिनु आवश्यक छ । यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ ।

### ५.३.२ समस्या तथा चुनौती

वातावरणीय प्रभाव, जलवायु परिवर्तन, बजारको विकास, जथाभावि सडक सन्जालको विकास र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका श्रोतहरू सुक्दै जानु र श्रोत प्रदूषित हुनु, स्वास्थ्यलाई खानेपानी तथा सरसफाइ सुविधाको अभिन्न अङ्गका रूपमा लैजान नसक्नु, निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसकिनु, बढ्दो बसाइँसराइको कारण सहरी क्षेत्रमा खानेपानीको अत्यधिक माग रहनु, बजार क्षेत्रमा ढलनिकास व्यवस्थित गरी नदीनाला, पोखरी आदिको संरक्षण र स्वच्छता कायम गर्न कठिनाइ हुनु र खानेपानी तथा सरसफाइका क्षेत्रमा संलग्न सरोकारवालाहरू बीच प्रभावकारी समन्वय हुन नसक्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ५.३.३ सम्भावना तथा अवसर

पानी तथा सरसफाई सेवा एवम् संरचनाको विकास तथा विस्तारमा स्थानीय तह, विकास साझेदार, गैरसरकारी संस्था तथा उपभोक्ता समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु, विभिन्न वडामा खानेपानी तथा सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू क्रियाशील रहनु र सरसफाइ कार्यक्रमले सामाजिक अभियानको रूप लिनु आदि कारणहरूले गर्दा यस क्षेत्रमा आशातित सुधार गर्न सकिने अवस्था सिर्जना हुन गएको छ ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *५.३.४.१ लक्ष्य*

खानेपानी तथा सरसफाईका लागि लिईएका लक्ष्य निम्न रहेकोछः

- सबै जनसंख्यालाई आधारभूत खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने

#### *५.३.४.२ उद्देश्य*

खानेपानी तथा सरसफाईका लागि लिइएका उद्देश्यहरू निम्न छन्:

१. सबै जनसङ्ख्यालाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु ।

२. मध्यम तथा उच्चस्तरको खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्नु ।

### *५.३.४.३ रणनीति, तथा कार्यनीति*

खानेपानी तथा सरसफाईका लागि लिइने रणनीति तथा कार्यनीति तलको तालिकामा दिइएको छ (तालिका ५.५) ।

**तालिका ५.५: खानेपानी तथा सरसफाईका लागि लिइने रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) आधारभूत खानेपानी तथा सरसफाइ सेवा वापत वञ्चित रहेका समुदायको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने । | (१) आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट विमुख समुदायको पहिचान र नक्शाङ्कन गरिनेछ ।<br>(२) आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित रहेका क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने कार्यक्रमलाई उच्च प्राथमिकता दिई सञ्चालन गरिनेछ ।<br>(३) एक घर, एक धाराको अवधारणा अनुरूप खानेपानी अयोजना निर्माण गरिनेछ ।<br>(४) विद्यालयका विद्यार्थी तथा समुदाय लक्षित सरसफाई सम्बन्धी तालिमहरू संचालन गरी जनचेतना बढाइनेछ ।<br>(५) खानेपानीको मुहानहरुलाई संरक्षण गरिने छ । |
| (२) आयोजना समयमै निर्माण सम्पन्न गर्ने तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाका उचित मर्मत-सम्भार, पुनर्स्थापना तथा समय सापेक्ष सेवास्तर अभिबृद्धि गर्दै जाने । | (१) दिगो उपलब्धिका लागि लाभान्वितसमुदायको सहभागितामा आयोजनानिर्माण गरिनेछ ।<br>(२) पुराना र सञ्चालनमा अन्य समस्या भएका आयोजनाको उचित मर्मत-सम्भार तथा पुनर्स्थापनगरी भरपर्दो सेवाको प्रत्याभुति गरिनेछ ।<br>(३) सेवा सञ्चालनमा समयसापेक्ष सुधार गर्न आयोजनाको भौतिक संरचनागतसुधारका साथै उपभोक्ता समितिको क्षमता विकासका कार्यलाई प्रभावकारीरूपमा अघि बढाइनेछ । |
| (३) खानेपानी तथा सरसफाइ आयोजनाहरूलाई जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण हुने गरी दिगोपना कायम गर्ने । | (१) खानेपानी तथा सरसफाइ सेवाको डिजाइन तथा निर्माणमा जलवायुपरिवर्तन प्रभाव न्यूनीकरण तथा प्राकृतिक विपद् व्यवस्थापन अनुकूलनकाअवयवलाई समेत समावेश गरिनेछ । |

### *५.३.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रको कार्यक्रम तथा आयोजना तलको तालिकामा दिइएको छ (तालिका ५.६)।

**तालिका ५.६: खानेपानी तथा सरसफाईका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना**

| **विषय क्षेत्र** | **अनुमानित लागत (रु. लाखमा)** | **स्थानगत विवरण** | **सम्पन्न गर्ने निकाय** | | | **प्राथमिकीकरण** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **आफै** | **प्रदेश** | **संघ** | **१** | **२** | **३** |
| **२. सामाजिक क्षेत्र** | | | | | | | | |
| **२.३ खानेपानी तथा सरसफाई** | | | | | | | | |
| १. एकघर एकधारा कार्यक्रम | १५० | सबै वडा | | √ | √ | | | |
| २. खानेपानी उपभोग र सरसफाई तालिम | २५ | नगरपालिका | √ | | | √ | | |
| ३. खानेपानी प्राविधिक तालिम | ५ | नगरपालिका | √ | | | √ | | |
| ४. शुद्ध खानेपानीको बारेमा चेतनामूलक कार्यक्रम | १० | सबै वडा | √ | | | √ | | |
| ५. कटहरे खा.पा. | ५० | कटहरे वडा १ | √ | √ | √ | | √ | |
| ६. गगने खोला तेलुङ,ओखरवुटे खा.पा. | ५० | शान्तीटोल वडा १ | √ | √ | √ | | √ | |
| ७. धकलधारा ओखरवोटे खा.पा. | १० | शान्तीटोल वडा १ | | | | √ | | |
| ८. ठेगुवा खोला ओखरबोटे खा.पा. | ५ | शान्तीटोल वडा १ | | | | √ | | |
| ९. खाप्राङ खा.पा. | १५ | वडा १ | | | | | √ | |
| १०. लेगुवा खोला | १०० | वडा २ | | √ | √ | | | √ |
| ११. डाडाँगाउ खानेपानी | १०० | डाडाँगाउ वडा ३ | | √ | √ | | | √ |
| १२. परडेप खानेपानी | ८० | वडा ३ | | √ | √ | | | √ |
| १३. भालुवास खानेपानी | ३०० | वडा ३ | | √ | √ | | | √ |
| १४. मलाले खानेपानी | १० | मुल्के वडा ३ | √ | | | √ | | |
| १५. बाटोखर्क खानेपानी | २० | ओलाङ वडा ३ | | √ | √ | √ | | |
| १६. सलेनी डाडा खानेपानी | २५ | बाटो जलेश्वरी वडा ३ | | √ | | √ | | |
| १७. लिम्हीङ सिंचाई खा.पा. | ५०० | वडा नं. ४ | | √ | √ | | | √ |
| १८. चानुवा वृहत खा.पा. | ११० | वडा नं. ४ | | √ | √ | | | √ |
| १९. नम्फु खा.पा. | ५० | बाम्फु वडा नं. ४ | √ | √ | | | | √ |
| २०. डाडाखर्क खा.पा. आयोजना | ५० | डाडडख वडा नं. ४ | √ | | | | | √ |
| २१. सिखर कहेरी खा.पा. | ५० | सिखर वडा नं. ४ | √ | √ | | | | √ |
| २२. कमरेबैकुण्ठ खा.पा. | १० | कमरे वडा नं. ४ | | | | | √ | |
| २३. वुहत खानेपानी | ३० | गहिरी गाउँ वडा नं. ५ | √ | √ | | | √ | |
| २४. वुहत खानेपानी | ३० | ज्यामिरे वडा नं. ५ | √ | √ | | | √ | |
| २५. अरुणदण खानेपानी | २५ | गहिरी गाउँ वडा नं. ५ | √ | √ | | | √ | |
| २६. भालुखोला खानेपानी | २० | सिहदेवी वडा नं. ५ | √ | √ | | √ | | |

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| २७. राम वाजर खानेपानी | ५० | राम वाजार वडा नं. ५ | √ | √ | | | √ | |
| २८. लेगुवा बृहत खानेपानी | ९० | वडा नं. ५ | | √ | √ | √ | | |
| २९. सोहेमरे खानेपानी | २ | खन्नेखर्का वडा नं. ६ | √ | √ | | | √ | |
| ३०. अरुण देखि जितपुर लिफटिङ खानेपानी | ५०० | वडा नं ५, ६, ७ | | √ | √ | √ | | |
| ३१. जितपुर खानेपानी | १२५ | जितपुर वडा ७ | | √ | √ | | | √ |
| ३२. अर्खोले जितपुर खानेपानी | १२५ | अरखौला वडा ७ | | √ | √ | | | √ |
| ३३. अर्खोले खानेपानी | ५० | वडा ७ | | √ | √ | | √ | √ |
| ३४. साफ खानेपानी | ४० | जाल्पादेवि वडा ७ | | √ | √ | | √ | |
| ३५. टारी खानेपानी | ३० | जाल्पादेवि वडा ७ | | √ | √ | | | √ |
| ३६. निगुरे खानेपानी | १५ | जाल्पादेवि वडा ७ | | √ | √ | | √ | |
| ३७. मगुवा ढाण खानेपानी | १५ | जाल्पादेवी वडा ७ | | | | | √ | |
| ३८. लुम्ली खानेपानी | १५ | जाल्पादेवी वडा ७ | | | | | √ | |
| ३९. दमाईटार खानेपानी | १५ | आन्द्रङ्ग वडा ७ | | | | √ | | |
| ४०.भरतेक बाझोगढा | १५ | आन्द्रङ्ग वडा ७ | | | | √ | | |
| ४१. चुम्रुङ्ग खानेपानी | १५ | आन्द्रङ्ग वडा ७ | | | | | √ | |
| ४२. निगुवा खानेपानी | १५ | आन्द्रङ्ग वडा ७ | | | | | √ | |
| ४३. कृष्णे डाडाँ खानेपानी | 5 | आन्द्रङ्ग वडा ७ | | | | | √ | |
| ४४. आन्दूङ्ग डाडाँ खानेपानी | १० | आन्द्रङ्ग वडा ७ | | | | √ | | |
| ४५. टाहारी डाडाँ खानेपानी | १० | आन्द्रङ्ग वडा ७ | | | | √ | | |
| ४६. वन आङढुङ्ग खानेपानी | १० | आन्द्रङ्ग वडा ७ | | | | √ | | |
| ४७.चेस्दाङ खानेपानी | १० | आन्द्रङ्ग वडा ७ | | | | √ | | |
| ४८. राना गाउँ आलेगाउँ आनेपानी | ३० | झोरले स्यारो वडा ७ | | | | √ | | |
| ४९.लक्ष्मी खोला मुहान | १५० | आइतबारे वडा ८ | | √ | | | | √ |
| ५०. निगाले नेताचोक खानेपानी | ७० | निगाले, नेताचोक वडा ८ | | √ | √ | | | √ |
| ५१. देउराली खानेपानी | २० | देउराली वडा ८ | | √ | | | √ | |
| ५२. याङलावुङ खानेपानी | २० | याङलावुङ वडा ८ | √ | √ | | | √ | |
| ५३. ढोरे खानेपानी | ५० | ढोरे वडा ८ | √ | √ | | | √ | |
| ५४.लक्ष्मी खोला | ७५ | तल्लो खालेकटार वडा ९ | | √ | √ | √ | | |
| ५५. ञौउवारी खा.पा. | ५० | घुरघुरे सिंहदेवि वडा ९ | | √ | | √ | | |
| ५६. बुठि ढुङगा खा.पा. | ५० | गुरास डाँडा वडा ९ | | √ | | √ | | |
| ५७. आलडाँडा खा.पा. | ५० | सिंहदेवि वडा ९ | | √ | | √ | | |
| ५८. ढिस्कुरो खा.पा. | २० | पिसदकाली वडा ९ | √ | | | | √ | |
| ५९. बागढाण माङमाङ खा.पा. | ५ | वडा ९ | | √ | | √ | | |
| ६०. छरछरे कटहरे खा.पा. | ३० | कटहरे वडा ९ | √ | √ | | √ | | |
| ६१. धुरधुरे टोल सिरीसे खा.पा. | ५० | वडा ९ | √ | | | √ | | |
| ६२. माङमाङ | ३० | वडा ९ | | | | | √ | |

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **कूल** | ३६९२ | | | | | | | |

### ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजना अवधिमा शत प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी सुविधा पुगेको हुनेछ। सबैको घरमा फोहोर व्यवस्थापन भएको हुनेछ । प्रत्येक घरमा जुठेल्नो निर्माण भएको हुनेछ । सबै नागरिकमा व्यक्तिगत सरसफाइ साथै आनीबानीमा परिवर्तन आएको हुनेछ ।

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

पालिकाले निर्धारण गरेका योजनाहरू कार्यान्वयनमा आउनका लागि बजेटको सुनिश्चितता, निरन्तर जनसहभागिता, जलवायुको अनुकूल प्रभाव, बजेटको सुनिश्चितता, पानीका मुहान सम्बन्धी विवादको निराकरण हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने उल्लेखित पक्षहरूमा देखिने प्रतिकूलताहरू योजना कार्यान्वयनका लागि जोखिम पक्ष हुन् ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी महिलाका लागि पैतृक सम्पत्तिमा समान हक र प्रजनन सम्बन्धी हकको प्रत्याभूत र उनीहरूमाथि हुने सबै प्रकारका हिंसाजन्य क्रियाकलापलाई दण्डनीय मानेको छ । महिलाहरूको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा नै महिलाको हक प्रत्याभूत गरिएको छ । लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन् ।महिलाहरूको सामाजिक तथा आर्थिक स्तरलाई विकासको महत्वपूर्ण सूचक मानिएको छ। समाजमा व्याप्त अशिक्षा र रूढीवादी विचारधाराले गर्दा जनसहभागिता परिचालन कार्यमा अवरोध उत्पन्न हुन आएको छ । तसर्थ चौतर्फी विकास प्रक्रियामा देखापरेका समस्या तथा अवरोधहरूको क्रमशः निराकरण गरी विकास कार्यमा महिला सहभागिता बढाउने नीति रहेको छ ।

### ५.४.२ समस्या तथा चुनौती

नगरपालिकामा लैङ्गिकमैत्री ऐन-कानून निर्माण नहुनु, महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, लैङ्गिक विभेद तथा हिंसालाई बढवा दिने सामाजिक संरचना, सोंच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला तथा बालिकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु र सरकारी तथा विकास साझेदार संस्थाहरूबाट हुने

कार्यक्रममा समन्वयको कमी हुनु यस क्षेत्रका समस्या रहेका छन् ।

महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, सम्पत्तिमाथि महिलाको पहुँच स्थापित गर्नु र ग्रामीण महिला सहित समग्र महिलाको जीवन स्तरमा सुधार ल्याउनु, विभिन्न निकायहरूमा लैङ्गिक मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत गर्नु, पारिवारिक र सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, महिलामाथि हुने सबै किसिमका हिंसा,विभेद र शोषणको अन्त्य गर्नु, धार्मिक संस्कारहरू महिला मैत्री नहुनु, सम्पत्तिमाथि महिलाको पहुँच स्थापित गर्नु, ग्रामीण महिलासहित समग्र महिलाको जीवन स्तरमा सुधार ल्याउनु र महिला अधिकारका क्षेत्रमा बनेका कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु यस क्षेत्रका चुनौती रहेका छन् ।

### ५.४.३ सम्भावना तथा अवसर

संविधानले समानताको हक सुनिश्चित गर्नु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, स्थानीयतहमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक रहनु, नगरपालिकामा उपाध्यक्ष महिला हुनु, सामाजिक संघ-संस्थाहरू क्रियाशील रहनु, समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु यस क्षेत्रका अवसर रहेका छन् ।

### ५.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *५.४.३.१ लक्ष्य*

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछः

- सामाजिक, आर्थिक र राजनीतिमा समान सहभागिता सुनिश्चित गरी समान अवसरहरू प्रदान गर्ने ।

#### *५.४.३.२ उद्देश्य*

यस उपक्षेत्रको उद्देश्यहरू निम्न अनुसार हुनेछन्:

(१) महिलाको सामाजिक, आर्थिक र राजनीतिक सशक्तिकरण गर्नु ।

(२) राजनीतिक, आर्थिक र सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु ।

(३) बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।

(४) बालबालिका र किशोरकिशोरीउपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा रदुर्व्यवहारको अन्त्य गर्नु ।

#### *५.४.३.३ रणनीति तथा कार्यनीति*

यस उपक्षेत्रको रणनीति तथा कार्यनीतिहरू तलको तालिकामा दिइएको छ (तालिका ५.७) ।

**तालिका ५.७: महिला, बालबालिका तथा लक्षित वर्गको विकासका लागि लिइने रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) नगरपालिकामा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने । | (१) लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्दै लैङ्गिक बजेट विनियोजन अनुपात बृद्धि गरिनेछ ।<br>(२) महिला लक्षित बजेट विनियोजन व्यवस्था अनिवार्य गरिनेछ । |
| (२) महिला विरूद्ध हुने सबै किसिमका हिंसा, विभेदर बहिष्करण अन्त्यका लागि अभियानको सुरुवात गर्ने | (१) आर्थिक, सामाजिक र राजनीतिमा सशक्तिकरण गर्दै नगरपालिकाको संरचनामा महिला प्रतिनिधित्व बृद्धि गरिनेछ ।<br>(२) महिला सशक्तीकरण, क्षमता अभिवृद्धि, लैङ्गिक मूल प्रवाहीकरण, समावेशीकरण, स्रोत र साधनमा महिलाहरूको पहुँचलाई बृद्धि गरिने छ ।<br>(३) एकल महिला सुरक्षा कोषमा बृद्धि गरिनेछ । |
| (३) आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिदै आर्थिक सशक्तिकरण र सामाजिक रूपान्तरण गर्ने । | (१) उद्यमशिलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थिक सशक्तीकरण गर्नको लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(२) सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(३) प्राविधिक शिक्षामा रहेको लैङ्गिक खाडल कम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(४) विपन्न तथा ग्रामीण महिलाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि राष्ट्रिपति महिला सशक्तीकरण कार्यक्रमलाई नगरपालिकामा सञ्चालनगरिनेछ ।<br>(५) नगरपालिकामा महिला समूहद्वारा प्रवर्द्धित महिला सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय तथा स्वरोजेगारको क्षेत्रमा परिचालन गरिनेछ ।<br>(६) महिला प्रति रहेको सामाजिक विभेद हटाउन सचेतामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(७) वञ्चितीमा परेका सबै समुदायका महिला तथा किशोरीको आय-आर्जन क्षमता विकास र सशक्तिकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(८) महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी |

| रणनीति | कार्यनीति |
|---|---|
| | स्वरोजगार तथा उद्यमशिलता विकास गर्न सहुलियत पूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ । |
| (४) बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने । | (१) बालबालिका तथा किशोरकिशोरीको पोषण अवस्थामा सुधार गर्न पोषण सम्बन्धी कार्यक्रमको विस्तार गरिनेछ ।<br>(२) बालबालिकाहरूमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाई बाल मृत्युदर घटाइनेछ ।<br>(३) किशोरकिशोरीहरूलाई स्वास्थ्य तथा प्रजनन स्वास्थ्यशिक्षा तथा सेवा उपलब्ध गराइनेछ ।<br>(४) विद्यालयमा अध्यापन गर्ने शिक्षक शिक्षिकाहरूलाई बाल अधिकार, यौन तथा प्रजनन स्वास्थ्यका विषयमा आधारभूत तहको प्रशिक्षण दिइनेछ । |
| (५) विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जिवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने । | (१) बाल क्लब, बाल समूह, किशोरकिशोरी समूह जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिका तथा किशोरकिशोरीको सहभागिता बढाइनेछ ।<br>(२) बालबालिका मैत्री नीति निर्माण गरिनेछ । |

#### *५.४.३.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रको कार्यक्रम तथा आयोजना निम्न अनुसार निर्धारण गरिएको छ (तालिका ५.८) ।

## तालिका ५.८: महिला, बालबालिका तथा लक्षित वर्गको विकासका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **२. सामाजिक क्षेत्र** | | | | | | | | |
| **२.४ महिला, वालवालिका तथा लक्षित वर्ग** | | | | | | | | |
| १. महिला सशक्तिकरण कार्यक्रम ( साक्षरता, सिपमूलक, नेतृत्व विकास, आयआर्जन) | २५ | सबै वडा | √ | √ | | √ | | |
| २. बाल संरक्षण कार्यक्रम | १५ | सबै वडा | √ | √ | | √ | | |
| ३. बाल विकास कार्यक्रम (बाल क्लव, संजाल गठन, तालिम, विविध कार्यक्रम) | १५ | सबै वडा | √ | √ | | √ | | |
| ४. अपाङ्ग मैत्री स्वरोजगार कार्यक्रम | २० | सबै वडा | √ | √ | | √ | | |
| ५. असहाय जेष्ठ नागरिक आश्रय स्थल निर्माण | ३० | जितपुर | | | | | | √ |
| ६. महिला उद्यमशिलता कार्यक्रम | २० | सबै वडा | √ | √ | | √ | | |
| ७. वेवारीसे/अभिभावक विहिन वालवालीका /महिला संरक्षण तथा पूनरस्थापना केन्द्र स्थापना | ३० | जितपुर | √ | √ | | | √ | |
| ८. वाल विवाह विरुद्धको अभियान कार्यक्रम | १० | सबै वडा | √ | | | √ | | |
| ९. लैंगिकतामा आधारीत हिंशा न्युनिकरण कार्यक्रम | ५ | सबै वडा | √ | | | √ | | |
| १०. महिला कानुनी सचेतना तालिम | ५ | सबै वडा | √ | | | | √ | |
| ११. जातिय विभेद अन्त्यको लागि चेतनामुलक कार्यक्रम संचालन | ५ | सबै वडा | √ | | | √ | | |
| १२. लक्षित वर्ग दलित, अपाङ्ग, जनजाति महिला लाई शसक्तीकरण कार्यक्रम अन्तरगत लोक सेवा तयारी कक्षा निरन्तर संचालन गर्ने | ५ | जितपुर | √ | | | √ | | |
| १३. अपाङ्ग स्वरोजगार कार्यक्रम | १० | सबैवडा | √ | | | √ | | |
| **कूल** | १९५ | | | | | | | |

### ५.४.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजनाको अन्त्य सम्ममा लैङ्गिकमैत्री कानून तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । सबै किसिमका विभेद र शोषणमा उल्लेख्य रूपमा कमी आएको हुनेछ । सबै विषयगत कार्यालयमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली संस्थागत भएको हुनेछ । लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन भएको हुनेछ । नगरपालिकामा एकल महिला सुरक्षा कोष स्थापना भएको हुनेछ । सबै वडामा मनोविमर्श सेवा कार्यान्वयनमा आएको हुनेछ ।

### ५.४.५ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहले बनाएका ऐन तथा नीति, नियमहरूको कार्यान्वयन, आवश्यक बजेटको सुनिश्चितता, विकास साझेदार संस्थाहरूको सहयोग, सरकारी निकायहरूबीच समन्वय हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा पैदा हुने अवरोधहरूले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ५.५ युवा तथा खेलकूद

### ५.५.१ पृष्ठभूमि

शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्ति विकास गरी यो जनसाङ्ख्यिक प्रवृत्तिलाई पुँजीकृत गर्दै राष्ट्र निर्माणमा लगाउन सकिएमा युवाहरूले देशको सामाजिक एवम् आर्थिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन् । यसलाई मध्यनजर गरी राष्ट्रिय युवा नीति, २०७२ एवम् राष्ट्रिय युवा परिषद्को गठन गरिएको छ । राष्ट्रिय युवा नीति, २०७२ को प्रभावकारी कार्यान्वयन गर्दै युवाशक्ति विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभवहरूबाट सिकेका पाठहरूलाई समेत मनन गर्दै युवाहरूलाई देशको सामाजिक आर्थिक रूपान्तरणमा मूलप्रवाहीकरण गर्नुपर्ने भएको छ ।

विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवम् समुदायबीच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउन खेलकुदको योगदान महत्वपूर्ण रहेको हुन्छ । खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी 'सबैको लागि खेलकुद' भन्ने अभियानलाई साकार पार्न खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक छ ।

### ५.५.२ समस्या तथा चुनौती

स्वदेशमा मध्यम र उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने प्रवृति तीव्र रहनु, सामाजिक र आर्थिक सेवाहरूमा युवाहरूको पहुँच न्यून हुनु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउन नसक्नु, युवाको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गर्नका लागि तालिम प्रदायक निकायहरूबीच समन्वयको अभाव रहनु जस्ता अवस्थाहरू यस क्षेत्रको मुख्य समस्या तथा चुनौतीका रूपमा रहेका छन् ।

खेलकुद गतिविधिहरू सञ्चालन गर्न भौतिक पूर्वाधारहरूको कमी हुनु, खेलकुद सम्बद्ध निकायहरू बीच आपसी सहयोग, समन्वय र सहकार्य नहुनु, खेलकुद गतिविधिमा निजी क्षेत्रलाई परिचालन गर्न नसकिनु, खेलाडी तथा प्रशिक्षकहरूका लागि समयसापेक्ष प्रशिक्षण तथा अभ्यासको व्यवस्था

प्रभावकारी रूपमा सञ्चालन एवम् विस्तार गर्न नसक्नु खेलकुद क्षेत्रका मुख्य चुनौतीहरू हुन् ।

### ५.५.३ सम्भावना तथा अवसर

बढ्दो युवा जनसङ्ख्यालाई सीप र उद्यमशीलतायुक्त बनाई जनसाङ्ख्यिक लाभांश हासिल गर्ने पर्याप्त सम्भावना रहनु, युवाहरूलाई राष्ट्र निर्माणमा मूलप्रवाहीकरण गर्ने राजनीतिक सोच र इच्छाशक्ति देखिनु, युवाहरूमा आफ्नो शक्ति र भूमिकाप्रति जागरूकता आउनु, राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै उनीहरूका अधिकारहरूको उपयोग गर्ने वातावरण सिर्जना गर्ने संवैधानिक प्रतिबद्धता आदि यस क्षेत्रका अवसर हुन् ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *५.५.४.१ लक्ष्य*

युवा तथा खेलकुदको विकासका लागि निम्न लक्ष्य लिइएको छः

- खेलकुद क्षेत्रको विकास गरी स्वस्थ, अनुशासित, सृजनात्मक र क्रियाशील नागरिक निर्माण गर्ने ।

#### *५.५.४.२ उद्देश्य*

यस उपक्षेत्रको विकासको लागि निम्न उद्देश्यहरू लिइएको छः

- युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक-सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु ।
- खेल पूर्वाधारको विकास तथा विस्तार गर्नु ।
- खेलाडी तथा खेलकुद प्रतियोगितालाई गुणात्मक बनाउनु ।

#### *५.५.४.३ रणनीति तथा कार्यनीति*

यस उपक्षेत्रको रणनीति तथा कार्यनीति तलको तालिकामा दिइएको छ (तालिका ५.९) ।

**तालिका ५.९: युवा तथा खेलकुदको विकासका लागि लिइएको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसर बिस्तार गर्ने । | (१) प्राविधिक तथा व्यावसायिक तालिमका अवसर अभिवृद्धि गरी युवा उद्यमशिलताका लागि संघ, प्रदेश र स्थानीय तह बीच सहकार्य गरिनेछ । |
| (२) युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने । | (१) युवामा उद्यमशिलता विकासका लागि बजारको माग अनुरूप परामर्श सेवा तथा पैरवी सेवा र प्राविधिक सहयोग विस्तार गरिनेछ ।<br>(२) युवालाई उद्यमशील, रोजगार र स्वरोजगार बनाउन आवश्यक सहयोग उपलब्ध गराउन संयन्त्रहरू विकास गरिनेछ ।<br>(३) वैदशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका, ज्ञान, सीप, प्रविधि, पुँजी र अनुभवलाई नगरपालिका भित्र उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ । |
| (३) युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रबर्द्धन गर्ने । | (१) युवामैत्री उद्यमशिलता सम्बन्धी परामर्श तथा पैरवी सेवा र प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।<br>(२) युवा उद्यमशिलता तथा रोजगार अभिृद्धिको लागि अन्तर निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ । |
| (४) युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने । | (१) नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा युवालाई जिम्मेवार बनाउन स्वयं सेवा कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>(२) सामाजिक कुरीति, अन्धविश्वास, विभेद र असमानता विरुद्ध युवा परिचालन गरिनेछ । |
| (५) खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने । | (१) नगरपालिका भित्र खेल मैदानको स्तरोन्नती गरिनेछ ।<br>(२) कम्तिमा एउटा कभर्डहलको निर्माण गरिनेछ ।<br>(३) खेलकुद तालिम केन्द्र (Sports Training Centre) स्थापना र सञ्चालनमा जोड दिइनेछ । |
| (६) प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने । | (१) वडा स्तरदेखि नै प्रतियोगिता आयोजना गरी प्रतिभावान खेलाडीको पहिचान तथा विकास गरिनेछ ।<br>(२) प्रतिभाशाली खेलाडीहरू तथा प्रशिक्षकलाई प्रोत्साहन तथा पुरस्कृत गर्दै नियमित रूपमा प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>(३) विद्यालयमा खेलाडीहरूलाई प्रशिक्षणको व्यवस्था गरिनेछ । |

### *५.५.४.४ कार्यक्रम तथा आयोजना*

युवा तथा खेलकुदको विकासको लागि विर्धारण गरिएका कार्यक्रम तथा आयोजना निम्न अनुसार छ (तालिका ५.१०) ।

**तालिका ५.१०: युवा तथा खेलकुद विकासका कार्यक्रम तथा आयोजनाहरू**

| विषय क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **२. सामाजिक क्षेत्र** | | | | | | | | |
| **२.५ युवा तथा खेलकुद** | | | | | | | | |
| १. युवाक्लवलाई प्रोत्साहन कार्यक्रम | ५० | सवै वडा | | √ | | | √ | |
| २. युवा उद्यमशीलता कार्यक्रम | १०० | सबै वडा | | √ | √ | | | √ |
| ३. युवा क्षमता विकास कार्यक्रम | १० | सबै वडा | √ | | | √ | | |
| ४. लोकसेवा कक्षा सञ्चालन | १० | जितपुर | √ | | | | | √ |
| ५. दुर्वसन नियन्त्रण कार्यक्रम | २५ | सबै वडा | √ | √ | | √ | | |
| ६. वहुउद्देश्यीय युवा सिप विकास तालिम केन्द्र स्थापना (भवन-जनशक्ती) | ५० | जितपुर | √ | √ | | | √ | |
| ७. अध्यक्ष कप रनिङ सिल्ड | ५ | नगरपालिका | √ | | | √ | | |
| ८. छात्रा संग उत्पादनका कार्यकम | ५ | सबै वडा | √ | | | √ | | |
| ९. विद्यालयस्तरीय खेलकुद कार्यक्रमको आयोजना | ३० | सबै विद्यालय | √ | | | √ | | |
| १०. युवाहरुलाई खेलकुदसम्बन्धी सीपविकास तालिम | २० | नगरपालिका | √ | | | √ | | |
| ११. सवैवडामा खेलमैदान निर्माण तथा विस्तार | २०० | सबै वडा | | √ | √ | | √ | √ |
| **कूल** | **५०५** | | | | | | | |

### ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरपालिकाको विकासमा युवाको भूमिका प्रदर्शित भएको हुने, युवामा सकारात्मक सोचको विकास भई स्वयंसेवामा संलग्न भएको हुने, युवाको क्षमता अभिवृद्धि भई स्वरोजगार र उद्यमशील भएको हुने, युवा प्रतिभाहरू सम्मानित भएको हुने र युवा स्वयंसेवकहरू परिचालन गरिएको हुनेछ । नियमित रूपमा खेलकुद प्रतियोगिता आयोजना हुनेछ । विद्यालयमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासमा वृद्धि भएको हुनेछ । कक्षा ९-१२ सञ्चालन भएका विद्यालयमा एक जना खेल प्रशिक्षकको व्यवस्था भएको हुनेछ ।

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कार्यान्वयनका लागि खेल मैदानको निर्माणका लागि समयमै विस्तृत आयोजना प्रतिवेदन निर्माण, खेलाडीलाई तालिम दिने निकायहरूको व्यवस्थापन, आवश्यक

बजेटको व्यवस्थापन, खेल सम्बन्धी नीति, नियमको पूर्ण कार्यान्वयन हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा हुने प्रतिकूलताले योजनाहरूको कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

# परिच्छेद ६: पुर्वाधार क्षेत्र

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

निजी क्षेत्रसमेतको सक्रियतामा सबैका लागि क्षमता अनुसारको सुरक्षित आवासको व्यवस्था गर्न किफायती, वातावरणमैत्री तथा भूकम्पको जोखिममुक्त सार्वजनिक तथा निजी भवनहरू निर्माण तथा विकास गर्नुपर्ने आवश्यकता रहेको छ । २०७२ वैशाखमा गएको विनासकारी भूकम्प र यसले पुऱ्याएको क्षतिलाई समेत मध्यनजर गरी भवन संहितालाई कडाइका साथ कार्यान्वयन गर्ने तथा भएका भवनहरूको जोखिम परीक्षण गरी आवश्यकता अनुसार सबलीकरण गर्नु उत्तिकै जरूरी छ । प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भन्ने मौलिक हकको व्यवस्था नेपालको संविधानले गरेको छ भने सबैका लागि सुरक्षित, पर्याप्त र औकात अनुसारको आवास उपलब्ध गराउने दूरदृष्टि सहितको राष्ट्रिय आवास नीति, २०६८ को प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ ।

### ६.१.२ समस्या तथा चुनौती

सुरक्षित बस्ती विकासका लागि जग्गा प्राप्त गर्नु तथा जोखिममा रहेका बस्ती स्थानान्तरण गर्नु, स्थानीय निर्माण सामग्रीहरूको गुणस्तरमा सुधार ल्याउन आवश्यक अनुसन्धान गरी मानक तयार गर्नु र समयानुकूल आवास तथा भवन क्षेत्रमा नयाँ प्रविधिहरूको प्रयोग गर्नु, राष्ट्रिय भवन संहिताको पालन गरी सबै किसिमका भवन सुरक्षित तरवले निमार्ण गर्नु, सरकारी भवनको निर्माणको कार्य एकद्वार प्रणालीबाट सम्पादन गराउनु, न्यून आय वर्गका लागि सुरक्षित बसोबासको व्यवस्था गर्नु, ठूलो सङ्ख्यामा आवश्यक पर्ने सिकर्मी र डकर्मीहरूलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालिम दिई दक्ष बनाउनु, ठूलो सङ्ख्यामा रहेको आवासको माग पूरा गर्नु र सबैलाई सुरक्षित, सुलभ र व्यवस्थित आवास उपलब्ध गराउनु प्रमुख चुनौती रहेको छ ।

### ५.१.३ सम्भावना तथा अवसर

सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा सम्बन्धमा मन्त्रिपरिषद्बाट एकीकृत कार्यालय भवन निर्माण सम्बन्धी नीतिगत निर्णय हुनु, संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० स्वीकृत गरी कार्यान्वयन गरिनु, संयुक्त आवास, सामूहिक र योजनाबद्ध आवास सम्बन्धी मापदण्ड तयार गरिनु, भवन मर्मत सूचना प्रणाली सफ्टवेयर विकास गरिनु, भूकम्पबाट क्षतिग्रस्त भवनहरूको पुनर्निर्माण गर्ने क्रममा निर्माण हुने नयाँ संरचना र आवासलाई व्यवस्थित र प्रकोप प्रतिरोधी बनाउने प्रतिबद्धता सबै क्षेत्रबाट आउनु प्रमुख अवसरहरू हुन् ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *६.१.४.१ लक्ष्य*

यस उपक्षेत्रको लक्ष्य देहाय अनुसार हुनेछ:

- वातावरणमैत्री, सुरक्षित र सुलभ सार्वजनिक भवन तथा निजी आवासको विकास गर्ने ।

#### *६.१.४.२ उद्देश्य*

यस उपक्षेत्रका उद्देश्यहरू निम्न अनुसार हुनेछन्:

१. व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु ।

२. भूकम्प लगायतका सबै प्रकारका प्रकोप प्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु ।

#### *६.१.४.३ रणनीति तथा कार्यनीति*

यस उपक्षेत्रको रणनीति तथा कार्यनीति तलको तालिकामा दिइएको छ (तालिका ६.१) ।

**तालिका ६.१: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको विकासका लागि लिइने रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) वातावरणीय दृष्टिले सन्तुलित, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त एवम् सुरक्षित तथा व्यवस्थित एकीकृत बस्तिहरूको विकास गर्ने । | (१) बसोबासको लागि नयाँ जग्गाको विकास गर्दा पूर्वाधार सेवाको निमाोण र वितरण व्यवस्था सकभर न्यूनतम लागतमा सम्पन्न गराउने उपयुक्त प्रविधि र डिजाइनलाई प्रोत्साहन गरिनेछ ।<br>(२) स्थानीय निर्माण सामाग्री र स्थानीय प्रविधि प्रयोग गरी न्यून लागतका आवास एकाइ तथा आवास निर्माण गरिनेछ । |
| (२) संस्थागत क्षमता विकास गर्दै सरकारी कार्यलाई सेवामूलक तथा कार्यमूलक बनाउन एकीकृत सरकारी भवनको निर्माण गर्ने । | (१) राष्ट्रिय भवन सहिताको समय सापेक्ष परिमार्जनतथा आवश्यकता अनुसार नयाँ भवन सहिताको निर्माण तथा प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।<br>(२) भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षण कार्यमा संलग्न जनशक्तिको क्षमताविकास गरिनेछ ।<br>(३) सरकारी भवनको एकीकृत लगत तयार गरिनेछ । |

### *६.१.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रको कार्यक्रम तथा आयोजना तलको तालिकामा दिइएको छ (तालिका ६.२)।

**तालिका ६.२: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजनाहरू**

| **३. पूर्वाधार क्षेत्र** | **अनुमानित लागत (रु. लाखमा)** | **स्थानगत विवरण** | **सम्पन्न गर्ने निकाय** | | | **प्राथमिकीकरण** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **आफै** | **प्रदेश** | **संघ** | **१** | **२** | **३** |
| **३.१ वस्ती, आवास भवन तथा सार्वजनिक निर्माण** | | | | | | | | |
| १. सार्वजानिक शौचालयको निर्माण | १०० | सबै बडाहरु | √ | | | √ | | |
| २. एकिकृत वस्ती विकास | १५० | वडा १, ३ र ६ | | √ | √ | √ | | |
| ३. बजार व्यवस्थापन | १५० | वडा २ र ४ | √ | √ | | √ | | |
| ४. वडा कार्यालय भवन | १५० | वडा ४ | √ | | √ | √ | | |
| ५. प्रतिक्षालय निर्माण | १५ | वडा १, ३ र ६ | √ | | | √ | | |
| ६. पार्किङ स्थल | ५० | वडा १, २,३ र ६ | | √ | | | | √ |
| ७. युवाक्लवलाई प्रोत्साहन | ५० | सबैवडा | | √ | | | | √ |
| ८. वस्तीको अवस्थिति परिवर्तन | ५०० | डाँडाखर्क वडा ४, तल्लो बाँसपानी वडा ६ र आले गाउँ वडा ७ | | | √ | | | √ |
| ९. नगरपालिकाको पार्किङ्ग स्थान निमाृण | ३० | | | √ | √ | | √ | |
| १०. वडा कार्यालय भवन निर्माण | १०० | वडा नं. १, ४, ५, र ७ | | | √ | | | √ |
| ११. सवै वडा कार्यालयमा सभा भवन निर्माण | १५० | सवै वडा | | | | √ | √ | |
| **कुल** | **१४४५** | | | | | | | |

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

योजनाको अन्त्यसम्ममा सुरक्षित (भवन आचार सहिताको मापदण्ड अनुसार निर्मित) आवासमा बसोबास गर्ने जनसंख्यामा बृद्धि भएको र आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार संख्या बढेको हुनेछ।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कार्यान्वयनमा आउनको लागि भवन, आवास तथा बस्ती विकास सम्बन्धी आवश्यक कार्यविधि, नीति, नियमहरू समयमै स्वीकृति, भवन निर्माणको लागि पर्याप्त जमीनको खोजी, जलवायु परिवर्तन तथा अन्य प्राकृतिक कारणले प्रकोपहरू उत्पन्न नहुने

अवस्था, पर्याप्त बजेट विनियोजन, भवन संहिताको पूर्ण पालन हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा हुने प्रतिकूल परिवेशले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ मा यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चि गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक  यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित र व्यवस्थित बनाउने व्यवस्था रहेको छ ।

गाउँपालिकाको आर्थिक-सामाजिक विकासलाई गतिशील पार्न, सर्वसाधारणलाई पुऱ्याइने सेवालाई सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरणद्वारा विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । यसर्थ नगरपालिकाको विगतका योजनाहरूले सडक यातायातलाई उच्च प्राथमिकतामा राख्दै आएका छन् ।सर्वसाधारणको निर्वाध पहुँचका अतिरिक्त व्यापार, व्यवसाय तथा सेवालाई सहजीकरण गर्न यातायात क्षेत्रको अहम् भूमिका रहेको छ । यो क्षेत्र आर्थिक वृद्धिसँग बहुआयामिक रूपमा अन्तरसम्बन्धित रहेको छ ।

### ६.२.२ समस्या तथा चुनौती

नगरपालिकामा सडक गुरुयोजना निर्माण नहुनु, सडक निर्माण आवश्यकता नभइ पहुँचका आधारमा हुनु, सडकको स्पष्ट वर्गीकरण नहुनु, नगरपालिका स्तरका सडकको पहिचान नहुनु, टुक्रे योजनाको संख्या अत्यधिक हुनु, योजना र विनियोजित बजेटको बिचमा तालमेल नहुनु, गुणस्तरीय सडक निर्माण हुन नसक्नु, मापदण्ड विना योजना पहिचान तथा छनोट हुनु, आवश्यक पूर्वतयारी विना योजना कार्यान्वयनमा लैजानु, दक्ष श्रमिक तथा अन्य विषयगत जनशक्ति उपलब्धतामा कमी रहनु, सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, ठेक्का व्यवस्थापनमा कमजोरी रहनु, सम्भाव्यता अध्ययन, डिपिआर, सर्भे विना काम गर्नु, उपभोक्ताले आफूखुसी सडक निर्माण गर्नु, संघीय र प्रदेशको लक्ष्य अनुरूप नगरपालिकाले योजना नवनाउनु यस क्षेत्रका समस्या रहेका छन् ।

सन्तुलित, सुरक्षित, दिगो, वातावरणमैत्री र गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु, प्राकृतिक प्रकोपलाई समेत ध्यानमा राखी सडक संरचना निर्माण गर्नु, सानातिना सडक आयोजनाहरूमा बजेट छर्ने प्रवृत्ति अन्त्य गर्नु, रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावरणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक तथा पदमार्गको संरक्षण र मर्मत सम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु यस क्षेत्रका चुनौती रहेका छन् ।

### ६.२.३ सम्भावना तथा अवसर

नगरपालिकाले सडकलाई उच्च प्राथमिकतामा राख्नु, जनसहभागिता जुट्ने अवसर हुनु, सबै राजनीतिक दल र जनप्रतिनिधिको प्राथमिकताको विषय रहनु, झोलुङ्गे पुलनिर्माणबाट बहुउद्देश्यीय फाइदा हुनु जस्तैः आन्तरिक पर्यटक साथै ढुवानीको लागि छोटो र भरपर्दो सुविधा हुनु, नगरपालिकामा धेरै बेरोजगार युवालाई पूर्वाधार विकासको काममा रोजगारी दिनु, यातायात पहुँचको विस्तारबाट उत्पादनशील क्षेत्रमा लगानी गर्नु, स्थानीय उत्पादन तथा तुलनात्मक लाभका वस्तुहरूको बजारसम्म सहज पहुँच हुनु, यातायातका साधनमा रोजगारी सृजना हुनु र पर्यटकीय स्थलहरूमा सडकको पहुँच हुनु अवसरका रूपमा रहेका छन् ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *६.२.४.१ लक्ष्य*

सडक, पूल तथा यातायात क्षेत्रको विकासका लागि निम्न लक्ष्य लिइएको छः

- यातायातसंग संबन्धित पूर्वाधारहरूको विकास तथा स्तरोन्नती गर्ने ।

#### *६.२.४.२ उद्देश्य*

सडक, पूल तथा यातायात क्षेत्रको विकासका लागि निम्न उद्देश्य लिइएको छः

१. प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवामार्फत्आर्थिक क्रियाकलाप विस्तार र सेवा प्रवाहको प्रभावकारिता बढाउनु ।
२. निर्माण सम्पन्न र नयाँ निर्माण हुने यातायातका पूर्वाधारको संरक्षण र सम्वर्धन गर्नु ।

#### *६.२.४.२ रणनीति तथा कार्यनीति*

यस उपक्षेत्रको लागि निम्न रणनीति तथा कार्यनीति निर्धारण गरिएको छ (तालिका ६.३)

**तालिका ६.३: सडक, पूल तथा यातायात क्षेत्रको विकासका लागि लिइएका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) नगरपालिकामा यातायात संजाल निर्माण गर्दा आर्थिक सामाजिक रूपान्तरणलाई ध्यान दिने । | (१) पाँच लाखभन्दा माथिका सडकहरूको निर्माण गर्दा सोही योजनाबाट दुई प्रतिशत रकम कट्टा गरी मर्मत संभार कोषको व्यवस्था गरिनेछ ।<br>(२) उपभोक्ता समिति मार्फत् सडक आयोजना कार्यान्वयन गर्दा ठूला उपकरणहरू प्रयोग गर्न निरूत्साहित गरिनेछ ।<br>(३) यातायात क्षेत्रको विकास निर्माण गर्दा कम्तिमा पचास प्रतिशत मानव स्रोतबाट संपन्न गरी रोजगारीका अवसर सृजना गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | (४) सडक निर्माण गर्दा पानीको मुहानमा पर्न सक्ने असरलाई ख्याल गरिनेछ ।<br>(५) सडक संजालको विस्तार गर्दा बजार केन्द्र, उत्पादनशील क्षेत्र र घना बस्ती क्षेत्रलाई जोड्ने गरिनेछ । |
| (२) डिजाइन, निर्माण र मर्मत सम्भारमा आधुनिक प्रविधि तथा वातावरणमैत्री पूर्वाधारमा जोड् दिने । | (१) सडक यातायात गुरूयोजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।<br>(२) योजना डिजाइन देखि सम्पन्न नहुँदासम्मको गुणस्तरीय सुनिश्चित गर्दै लगिनेछ ।<br>(३) नगरपालिका भित्रका मुख्य सडकलाई ६ मि. को बनाइनेछ ।<br>(४) नगरपालिकाको केन्द्र र सबै वडा केन्द्र जोड्ने सडक निर्माणलाई कालोपत्रे गरिनेछ ।<br>(५) नगरपालिका भित्रका सबै ऐतिहासिक,धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ ।<br>(६) सडक सुरक्षाका लागि आवश्यक लाइन, ट्राफिक सङ्केत, मोड सुधार, चोक व्यवस्थापन तथा नाली निर्माण गरी व्यवस्थित गरिनेछ ।<br>(७) सडकको नियमित रूपमा मर्मत सम्भार गर्नका लागि आवश्यक समपुरक कोषको व्यवस्था गरिनेछ ।<br>(८) मूल सडकहरुको लगत कट्टा गरिने छ ।<br>(९) सडकहरु निर्माण गर्दा मुख्य सडकको चौडाई १४ मि., मध्यमस्तरका सडकहरुको चौडाइ १० मि. र सहायक सडकको चौडाई ६ मिटर राख्ने नीति लिइने छ । |
| (३) प्राकृतिक प्रकोप तथा जलवायु प्रतिकूलताका कारण हुनसक्ने सम्भाव्य असर वा हानी नोक्सानीलाई न्यूनीकरण गर्ने । | (१) वाढी पहिरो तथा आकस्मिक दुर्घनाको कारण सडक बन्द हुने समयावधिलाई कम गर्न वैकल्पिक उपायहरू अबलम्बन गरिनेछ ।<br>(२) प्राकृतिक प्रकोप तथा जलवायु प्रतिकूतलताका कारण हुन सक्ने असर तथा नोक्सानीलाई न्यूनीकरण गर्न सडक डिजाइन तथा निर्माणमा विशेष सतर्कता अपनाइनेछ । |

### *६.२.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रका कार्यक्रम तथा आयोजना निम्न अनुसार छन् (तालिका ६.४) ।

## तालिका ६.४: सडक, पूल तथा यातायातको विकास लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना

| ३. पूर्वाधार क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **३.२ सडक, पुल तथा यातायात** | | | | | | | | |
| १. मचेपु देखि उत्तर परिखाफाङ वडा कार्यालय, पिपल डाँडा हुदै गोगुने खोला सम्मको सडक ( आले निगुरेटार मुलखर्क डाँडा गाउ सडक) , | १८०० | वडा १ | | | √ | √ | | |
| २. चित्रैबजार देखि दारेगौडा हुदै घुमाउने देखि वासवस्ने सम्मको सडक दारेगौडा मारिक लेगुवा सडक | ४५० | वडा १ | | | √ | | √ | |
| ३. लक्ष्मी खोला देखि सरस्वती मा.वि. कटहरे हुदै ठेगुवा खोला सम्मको सडक (जितपुर कटहरे धर्मदेवी को ) सडक | ४५० | वडा १ | | | √ | | √ | |
| ४. लक्ष्मी खोला देखि मासवारी हुदै वडा कार्यालय जोडने सडक | २७० | वडा १ | | | √ | | | √ |
| ५. चित्रै देखि खाप्राङ सडक | ९० | वडा १ | √ | | √ | | | √ |
| ६. चित्रै मचेपु सडक | २१ | वडा १ | | √ | √ | | √ | |
| ७. चित्रै देखि निगुरे टार सम्मको सडक | २३ | वडा १ | √ | √ | | | √ | |
| ८. घुमाउने तोरीवारी हुदै वडा कार्यालय सम्मको सडक | ३० | वडा १ | √ | √ | | | √ | |
| ९. विजय टोल देखि वस्नतपुर चौकी सम्मको सडक | ४५ | वडा १ | √ | | √ | | | √ |
| १०. बस्नतपुर हुदै पुवर गाउँ बोके सडक | ३६ | वडा १ | √ | | √ | | | √ |
| ११. घुमाउने हुदै तेलुङ कटहरे सडक | ९० | वडा १ | √ | | √ | √ | | |
| १२. मासवरी हुदै कनिके कटहरे सडक | ४५ | वडा १ | | | | | √ | |
| १३. च्यान डाँडा देखि उत्तर तोरीवारी, मुलखर्क पुवारगाउँ, वडा कार्यालय धर्मदेवि मन्दिर, मारेक, सान्नेटार, वडा नं. ४ जोडने सडक (दारेगौडा, मारेक, लेगुवा सडक) | ६७५ | वडा २ | | | | | | √ |
| १४. मुलखर्क देखि ठेगुवा खोला सम्मको | ४५० | वडा २ | | | | | | √ |
| १५. मुलखर्क डाडाँगाउँ सडक | १८० | वडा २ | | | | | √ | |
| १६. मारेक लेगुवा झर्ना सडक | १३५ | वडा २ | | | | | √ | |
| १७. धर्मदेवि कटहरे सडक | २२५ | वडा २ | √ | | | | | √ |
| १८. तोरिवारी पिङडाडा सडक | २२५ | वडा २ | | | | | √ | |
| १९. वडा कार्यालय देखि छ्यालुङ्ग | २१ | वडा २ | √ | | | | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सम्मको सडक | | | | | | | | |
| २०. गुरुङ गाँउ देखि श्रीनागी सम्मको सडक | २२ | वडा २ | √ | | | | √ | |
| २१. घुमाने टार गाउघर क्लिनिक सम्मको सडक | २३ | वडा २ | √ | | | | √ | |
| २२. नेवार गाउँ देखि पुर्व थामडाडाँ, जिमिगाउँ भञ्जयाङ वडा कार्यालय भुजेल गाउँ, भुल्के बाटो खर्क, मुडे सनिसरी वजार सम्मको सडक (मुडे सनिसरि डाडाँगाउँ, पातुवा ग्रामिण सडक | ४५० | वडा ३ | | | √ | | | √ |
| २३. भञ्ज्याङ देखि चित्रे गाउँ हुदै भुल्के सम्मको सडक | २२५ | वडा ३ | | | √ | | | √ |
| २४. भुल्के देखि लेगुवा खोला सम्मको सडक | १३५ | वडा ३ | | | | | √ | |
| २५. रिद्धी डाडाँ तिनदोभाने सडक | ९० | वडा ३ | √ | | √ | | √ | |
| २६. जिमि गाउँ देखि तल्लो गाउँ सम्मको सडक | २१ | वडा ३ | √ | | √ | | √ | |
| २७. थामडाडाँ नान्फु सडक | ३६ | वडा ३ | √ | | √ | | | √ |
| २८. जिमि गाउँ देखि खोलाखर्क हुदै सँखुवासभा जोडने | ४५ | वडा ३ | | | √ | | | √ |
| २९. जिमि गाउँ देखि छेसिङ सम्मको सडक | ४५ | वडा ३ | | | √ | | | √ |
| ३०. भञ्ज्याङ गहिरी गाउँ साहवा सडक | ४५ | वडा ३ | | | √ | √ | | |
| ३१. गणेश मन्दिर निरौला गाउँ सम्मको सडक | २३ | वडा ३ | | | √ | √ | | |
| ३२. लेगुवा खोला, अधेरीखोला, गुयली पाखा ओलाङ सडक | ४५ | वडा ३ | | | √ | | √ | |
| ३३. दमार देखि उत्तर पूर्व अरुण पिपले सा.उ.व. हुदै वडा कार्यालय, सरस्वति मा.वि. हुदै माथिलो सा.उ.व. हुदै वडा नं.३ जोडने | २२ | वडा ४ | | | √ | | | |
| ३४. लेगुवा सिघुवा सम्को सडक ( नगर स्तरीय हेर्नुपर्ने) | ९ | वडा ४ | | | √ | | | |
| ३५. लेगुवा देखि दोभान सडक | ४५० | वडा ४ | | | √ | | | √ |
| ३६. हलेदेखि सङ्खे पिपल सडक | ९० | वडा ४ | | | √ | | √ | |
| ३७. सरस्वती मा.वि. डाँडाखर्क सडक | २२५ | वडा ४ | | | √ | | | √ |
| ३८. ढुङढुङ खोला झिलिमिले सम्म हाल ३ मि., | ४५ | वडा ४ | √ | | √ | √ | | |
| ३९. खरिखोला देखि झिलिमिले हुदै केवाखोला सम्मको | ४७० | वडा ४ | √ | | √ | | | √ |
| ४०. बुधवारे बजार, जिमिगाउँ केवा खोला सम्म | ९० | वडा ४ | | | √ | | √ | |
| ४१. झिलिमिले सिदयान सडक | ४५ | वडा ४ | | | √ | √ | | |
| ४२. सङग्रान्ती डाँडा हुदै मारेक जोडने | ४५ | वडा ४ | | | √ | √ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सडक | | | | | | | | |
| ४३. पुलडाडाँ देखि दक्षिण सडकहरु खराने डाडाँ भण्डारी डाडाँ अरुणोदय मा.वि. गहिरे गाउँ हुदै वडा नं. ६ जोड्ने सडक लेगुवा जितपुर सडक | ४५० | वडा ५ | | | √ | | | √ |
| ४४. पुलडाडाँ देखि पुर्व माझिगाउँ पखाले खोला, सोतिडाडाँ, मेलङ्चुङ भालुखोला हुदै आङदुङ( कृष्ण डाडाँ सम्मको सडक) | ४५० | वडा ५ | | | √ | | | √ |
| ४५. बरडाडाँ देखि राम वजार, लेगवा खोला हुदै वडा नं ४ जोड्ने सडक (हिले लेगुवा खाढवारी, संखुवासभा जोड्ने सडक) | ३६ | वडा ५ | | | | | √ | |
| ४६. सेरा देखि दक्षिण बरडाडाँ भरले, वेसि, वर्नवेलपाते सा.उ.व. विसाउने चौतारा, सिमपानी, सेतो, ढुङ्गा, अम्वैटे कुवा, रातो डाडाँ, जिमी गाउँ, गहीरी गाउँ सम्मको सडक (ज्यामिरे ग्रामिण कृषि सडक) | ३१५ | वडा ५ | | | √ | | | √ |
| ४७. सालघारी देखि सिपाही गाउँ पखाले खोला, डाडाँखेत, काल्ले चौतारा तामाङगाउँ हुदै आदुङ अन्नपुर्ण मा.वि. सम्मको सडक ( सालघारी, डाडाखेत चौतारा, अन्नपुर्ण मा.वि. आङढुङ सम्मको सडक) | १८० | वडा ५ | | | √ | √ | | |
| ४८. पखाले खोला मेलङ्चुङ, चौतारी सम्मको सडक हाल | ४५ | वडा ५ | √ | | √ | √ | | |
| ४९. सालघारी देखि वडा नं. ६ जोड्ने सडक | ४५ | वडा ५ | √ | | √ | √ | | |
| ५०. सुनसरी डाडाँ खालीगाउँ जोड्ने सडक | २० | वडा ५ | √ | √ | | √ | | |
| ५१. खालीन चौतारा, पञ्कन्या, वासवारी | २७ | वडा ५ | | | | √ | | |
| ५२. देउराली, सिरिस, जनेली डाँडा | २१ | वडा ५ | | | | √ | | |
| ५३. पञ्चकन्या नागेश्वर | २१ | वडा ५ | | | | √ | | |
| ५४. माङमाया सिम्ले देखि उक्तर पुर्व सिखर कट्टेरी, वास्यानाी, मुगाले गाउँ जलजले लाटेभञ्ज्याङ जोडने सडक | ४५० | वडा ६ | | | √ | √ | | √ |
| ५५. छिमसुवा खोला देखि पश्चिम तामाङ गाउँ शारदा आ.वि., जलजले सिरान, लाटेभञ्ज्याङ नागेश्वर मा.वि. वडा कार्यालय हुदै वडा नं ५ जोडने सडक | २२५ | वडा ६ | | | √ | | √ | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| हात्ती खर्क, जितपुर लेगुवा सडक | | | | | | | | |
| ५६. हिमसुवा खोला देखि ढकाल गाउँ सम्मको सडक | ४५ | वडा ६ | √ | | √ | √ | | |
| ५७. हुमलीङ देखि वडा नं. ६ कार्यालय सम्मको सडक | ४५ | वडा ६ | | | √ | | | √ |
| ५८. खन्याखर्क देखि वडा नं. ६ जोडने सडक | ७५० | वडा ६ | √ | | √ | | | √ |
| ५९. वडा कार्यालय देखि बास्पानी ओखथे दोमान सम्मको सडक | ४५ | वडा ६ | | | √ | | √ | |
| ६०. सिम्ले माङयायमा प्रवेश गेट | ९ | वडा ६ | √ | | √ | √ | | |
| ६१. वडा कार्यालय ५ नं. वडाको काल्ले सडक | २२५ | वडा ६ | √ | | √ | | | √ |
| ६२. ६ नं. वडा कार्यालय देखि रामपुर काफले सडक | ४ | वडा ६ | √ | | √ | | √ | |
| ६३. वासपानी आढोर सात्ने सडक | ३ | वडा ६ | √ | | √ | | √ | |
| ६४. कालिमाटी, बजगाउँ, जितपुर वजार हुदै काफले सम्मको सडक (सिधुवा जितपुर-लेगुवा सडक) भित्रको | २२५ | वडा ७ | | | √ | | √ | |
| ६५. त्रिसुले हात्ती खर्क आर्खौले हुदै जितपुर सम्मको सडक | १८० | वडा ७ | | | √ | √ | | |
| ६६. जितपुर वजार देखि साफु ढेडी हुदै लक्ष्मी खोला सम्मको सडक | ४५० | वडा ७ | | | √ | | | √ |
| ६७. काफ्ले देखि उत्तर आन्दूङ्ग अन्नपुण मा.वि., लेगुवा लक्ष्मी दोभान, | ४५० | वडा ७ | | | √ | | | √ |
| ६८. जितपुर रातमाटे, माङमावा खोला सम्मको सडक जोडने | १८० | वडा ७ | | | √ | | √ | |
| ६९. आर्खौले नेवार गाउँ हुदै याङपाङ सम्मको सडक | ९० | वडा ७ | | | √ | √ | | |
| ७०. जितपुर देखि ठुलो ढोरडे हुदै लक्ष्मी खोला सम्मको सडक | ४५ | वडा ७ | | | √ | | √ | |
| ७१. ढोडे देखि सालडाङ निगुरे ढाण मगुवा हुदै ढयाडी सम्मको सडक | २७ | वडा ७ | | | √ | √ | | |
| ७२. साफु साम्चा हुदै मगुवा जोड्ने सडक | ४५ | वडा ७ | | | √ | √ | | |
| ७३. ढोडे देखि खोला सम्मको (जितपुर मारेकटहरे सडक) | २३ | वडा ७ | | | √ | √ | | |
| ७४. बाङमय खोला देखि पुर्व आले, देउराली, नेताचोक, निगाले, कालिमाटी सम्मको सडक ( सिधुवा, जितपुर सडक) | २७० | वडा ८ | | | √ | | √ | |
| ७५. गुरास डाडाँ देखि आयतवारे हुदै निगाले सम्मको सडक (गुरास डाडाँ निगाले) | २२५ | वडा ८ | | | √ | | √ | |
| ७६. निगाले देखि पिपल डाडाँ | ४५ | वडा ८ | | | √ | | √ | |
| ७७. नेताचोक देखि दलित वस्ती | २२ | वडा ८ | √ | | √ | √ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग्रामिण सडक | | | | | | | | |
| ७८. आहाले मणेपु सडक | ४५ | वडा ८ | √ | | √ | √ | | |
| ७९. जितपुर कटहरे सडक | २२५ | वडा ८ | | | √ | | √ | |
| ८०. जितपुर ढोरे याङलावुङ मभेपु सडक | २२५ | वडा ८ | | | √ | | √ | |
| ८१. निगाले देखि सेपिनी याङलावुङ सडक | १८० | वडा ८ | | | √ | | √ | |
| ८२. देउराली देखि याङलावुङ सम्मको सडक | १३५ | वडा ८ | | | | | √ | |
| ८३. कागते खोलामा | ४५ | वडा ८ | | | | | √ | |
| ८४. निगले, देउराली, नेता चोक | ९० | वडा ८ | | | | √ | √ | |
| ८५. सौडिडाँडा देखि गणेश, कटहरे, हङग्रायो खोला सम्मको सडक | ६७५ | वडा ९ | | | √ | | | √ |
| ८६. पौडिडाँडा देखि सिंहदेवि विद्यालय हुदै देउराली सम्मको सडक ( सुविधा , जितपुर लेगुवा सडक) | १८० | वडा ९ | | | √ | | √ | |
| ८७. यैसेलु खोला देउराली ग्रामिण सडह | ९० | वडा ९ | | | √ | | √ | |
| ८८. सिदकालि जिरो घाइन्ट देखि निगाले जोडने सडक | ४५ | वडा ९ | √ | | √ | | √ | |
| ८९. आहाले जिरोवाइन्ट देखि मारेकटहारे | ४५ | वडा ९ | √ | | √ | | √ | |
| ९०. आहाले जिरोवाइन्ट देखि ढुङगै वगैचा हुदै भालुखोला सम्मको | १८० | वडा ९ | | | √ | | √ | |
| ९१. भाङटार देखि चित्रै सम्मको सडक | २३ | वडा ९ | √ | | √ | √ | | |
| ९२. गणेटार घुरघुरे, सिरिसे खाल्डे टुनिबोट सडक | ४५० | वडा ९ | | | √ | | √ | |
| ९३. माङमाङ्गे खाल्ले हङग्रामे सडक | १८० | वडा ९ | | | √ | | √ | |
| ९४. हङग्रायो सिरिवानि, छयर नगरपालिका जोडने सडक | १३५ | वडा ९ | | | √ | | | √ |
| ९५. गणेशटार पिपलडाँडा बजगाउँ सम्मको सडक | ४५ | वडा ९ | | | √ | √ | | |
| ९६. कोलचौर सिरिसे सडक | ९० | वडा ९ | | | √ | | √ | |
| ९७. चौकी डाँडा स्वागत गेट | ५ | वडा ९ | | | | √ | | |
| ९८. निगुरे खोला | १२ | वडा १ | √ | √ | | √ | | |
| ९९. लक्ष्मी खोला | ४५ | वडा १ | | √ | √ | √ | | |
| १००. झाक्री खोला | १३ | वडा १ | √ | √ | | | √ | |
| १०१. देवी खोला | १८ | वडा १ | √ | √ | | | √ | |
| १०२. आसे खोला | ११ | वडा १ | √ | √ | | √ | | |
| १०३. टेगुवा खोला पुल | ४५ | वडा १ | √ | √ | | √ | | |
| १०४. सागु खोला | २० | वडा ३ | √ | √ | | | | √ |
| १०५. छारछारे खोला | ३६ | वडा ३ | √ | √ | | | | √ |
| १०६. चित्रे खोला | ४५ | वडा ३ | √ | √ | | | | √ |
| १०७. मुल्के खोला | २० | वडा ३ | √ | √ | | | | √ |
| १०८. लेगुवा खोला पुल | ९० | वडा ४ | | | √ | | √ | |
| १०९. सालघारी मिलाङचुङ चौतारा | १२ | वडा ५ | | | | √ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११०. पखाले खोला ,कलभर्ट | १८ | वडा ५ | | | | √ | | |
| १११. आहाल, कुसुमवोटे, अम्बोटे खोला किनार | २७ | वडा ५ | | | | √ | | |
| ११२. छिमसुवा सोला पुल | ४५ | वडा ६ | | √ | √ | | √ | |
| ११३. वासपानी ज्यामीरे सात्ने पाखीवास जोडने झुलुङगे पुल | ४५ | वडा ६ | | √ | √ | √ | √ | |
| ११४. लुम्ली नालीङ भिर जोड्ने झुलुङ्गे पुल | १३ | वडा ७ | √ | √ | | √ | | |
| ११५. लेगुवा लक्ष्मी खोला | ४५ | वडा ७ | | √ | | | √ | |
| ११६. लक्ष्मी झर्ना पुल | २३ | वडा ८ | √ | √ | | √ | | |
| ११७. माहामाया खोला | ३० | वडा ९ | | | | √ | | |
| ११८. मौवा खोलामा | २२५ | वडा ९ | | √ | | | √ | |
| **कूल** | **१७५७१** | | | | | | | |

### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरपालिकाको केन्द्रबाट सबै वडामा जोड्ने सडकको स्तरोन्नति गर्ने र कालोपत्रे गर्ने कार्य सम्पन्न भएको हुनेछ । यातायात गुरूयोजना निर्माण भई कार्यान्वयनमा आएको हुनेछ । नगरपालिकाभित्रका सबै सडक सर्वयाम सञ्चालनमा आएका हुनेछन् । शत प्रतिशत सडकको ट्रयाक खोलिएको हुनेछ । आवधिक योजनाको अन्तिम सम्ममा वातावरणमैत्री सडक निर्माण भएका हुनेछन् ।

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कर्यान्वयनका लागि जलवायु मैत्रि सडक तथा पूलको डिजाइन, निर्माण कम्पनीहरूको नियमित अनुगमन, अन्तर सरकारी निकायबीच समन्वय, पर्याप्त बजेटको विनियोजन, नीति, नियम तथा कानूनहरूको कार्यान्वयन हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा आउने प्रतिकूल असरहरू योजना कार्यान्वयनका जोखिम पक्ष हुन् ।

## ६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

जलविद्युत् नै ऊर्जाको महत्वपूर्ण एवम् भरपर्दो स्रोत हो । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । ऊर्जा विकासको मेरूदण्ड भएकोले नगरपालिकाका योजनाहरूमा ऊर्जा क्षेत्रले पनि प्राथमिकता पाउँदै आएको छ । नगरपालिकामा घरायसी ऊर्जाको मुख्य स्रोत एल.पि. ग्यास र दाउरा नै रहेको छ । धुँवाले स्वास्थ्यमा पार्ने नकारात्मक असर तथा वनजंगल जोगाउने नीतिले गर्दा यस्ता पर्दाथको प्रयोग निरूत्साहित भएको र क्रमशः एलपिग्यासको प्रयोग बढ्दै गई ऊर्जामा परनिर्भरता बढेको छ ।

दिगो विकासका लक्ष्य, सबैका लागि दिगो ऊर्जाको अवधारणा, जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न अन्य नवीकरणीय तथा वैकल्पिक ऊर्जा क्षेत्रको तीव्र विकास हुन आवश्यक छ । नेपालको संविधानले नवीकरणीय ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो उर्जाको आपूर्ति गर्ने नीति अङ्गिकार गरेको छ । छरिएर रहेका ग्रामीण बस्तीहरूमा विद्युत सेवा पुऱ्याउन, सहरी क्षेत्रमा बढ्दो ऊर्जा सङ्कटलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउन र परम्परागत एवम् आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्न तथा अन्य नवीकरणीय तथा वैकल्पिक ऊर्जाको विकास र प्रवर्द्धन गरी यस क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउन जरुरी छ ।

### ६.३.२ समस्या तथा चुनौती

नवीकरणीय ऊर्जाका कार्यक्रमलाई टिकाइ राख्नु, उपभोक्तालाई सहज रूपमा वित्तको व्यवस्था गर्नु तथा दिगो विकासको लागि दीर्घकालीन योजना बनाइ कार्यान्वयन गर्नु वैकल्पिक ऊर्जा क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.३.३ सम्भावना तथा अवसर

ऊर्जालाई आर्थिक विकासको मेरूदण्डका रूपमा अङ्गिकार गरी आर्थिक समृद्धिको माध्मका रूपमा यसको पहिचान हुनु, ऊर्जा क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहनु, लगानीको प्रसस्तै अवसर देखिनु, उर्जा क्षेत्रका अवसरका रूपमा लिन सकिन्छ ।

न्यून आय भएका जनसमुदायमा नवीकरणीय ऊर्जाको पहुँचमा वृद्धि हुनु, यस क्षेत्रमा विभिन्न विकास साझेदारहरूको सहभागिता बढ्दै जानु, नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धनमा वित्तीय संस्था तथा निजी क्षेत्रहरूको सहभागिता बढ्दै जानु, उर्जा क्षेत्रका विद्यमान अवसरहरू हुन् ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *६.३.४.१ लक्ष्य*

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछः

जल विद्युत र बैकल्पिक उर्जाको माध्यमबाट परम्परागत उर्जा माथिको निर्भरतालाई न्यूनिकरण गर्ने ।

### ६.३.४.२ उद्देश्य

यस उपक्षेत्रका उद्देश्यहरू निम्न अनुसार हुनेछन्:

१. भरपर्दो र सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत् सेवाको पहुँचमा विस्तारगरी बिद्युत खपत बढाउनु ।
२. स्वच्छ र नवीकरणीय उर्जाको उत्पादन बढाई आधुनिक ऊर्जाको पहुँच बढाउनु ।
३. राष्ट्रिय बिद्युत प्रसारण लाइन नपुगेको तथा पुऱ्याउन लागत प्रभावकारी नभएका क्षेत्रहरूमा वैकल्पिक बिद्युत सेवाको पहुँच बढाउनु ।

### ६.३.४.३ रणनीति तथा कार्यनीति

यस उपक्षेत्रका रणनीति तथा कार्यनीति तलको तालिकामा दिइएको छ (तालिका ६.५) ।

**तालिका ६.५: जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) विद्युत तथा वैकल्पिक ऊर्जाको विस्तार र प्रवर्द्धन गर्ने । | (१) दाउराको प्रयोग न्यून गर्न घर परिवारहरूलाइ सुधारिएको चुलो प्रयोग गर्न प्रोत्सहित गरिनेछ ।<br>(२) सार्वजनिक स्थलहरू लगायत विद्यालयमा सौर्य ऊर्जाको उपयोग गरिनेछ ।<br>(३) विद्युत नपुगेका सार्वजनिक कार्यालय र घरमा विद्युत सेवा पुऱ्याइनेछ । |
| (२) नगरपालिकाले विद्युत र सौर्य ऊर्जा सम्बन्धी नीति र कार्यविधि तर्जुमा गर्ने । | (१) विद्युत चुहावट रोक्न विद्युत कार्यालयलाई सहयोग गरिनेछ ।<br>(२) विद्युत महसुल बुझाउन अनलाइन प्रणालीको विकास गरिनेछ ।<br>(३) वायोग्याँस र सौर्य उर्जालाई प्रोत्साहन गर्न आवश्यक नीति तथा कार्यविधि निर्माण गरिनेछ ।<br>(४) महिला समूहहरु र वन उपभोक्ता समूहहरुमार्फत् ब्रिकेट कोइला उत्पादनलाई प्रवर्द्धन गरिने छ । |
| (३) नवीकरणीय ऊर्जाको उत्पादन तथा उपभोगमा वृद्धि गर्ने । | (१) गरिब तथा विपन्न वर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>(२) अति विपन्न तथा एकल महिला, अपाङ्गता भएका व्यक्ति र असहाय ज्येष्ठ नागरिकका लागि वैकल्पिक उर्जा उपलब्ध गराउन थप प्रोत्साहन गरिनेछ । |
| (४) कार्यालय तथा सेवा केन्द्रमा वैकल्पिक | (१) नगर कार्यपालिका कार्यालय, वडा कार्यालयमा सोलार प्रणालीमा आधारित पावर व्याकअपको व्यवस्थाद्वारा सूचना |

| रणनीति | कार्यनीति |
|---|---|
| ऊर्जाको व्यवस्थापन गर्ने | प्रविधिको प्रयोगलाई सहज बनाइनेछ ।<br>(२) स्वास्थ्य संस्था र विद्यालयहरूमा इन्टरनेटको पहुँच विस्तारलाई नियमित बनाउन बैकल्पिक उर्जाको (सोलार) प्रयोगलाई प्रोत्साहन गरिनेछ । |

### *६.३.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रको लागि निम्न लिखित कार्यक्रम तथा आयोजना संचालन हुनेछन् (तालिका ६.६) ।

**तालिका ६.६: जलश्रोत, विद्युत तथा बैकल्पिक, उर्जा विकासका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना**

| ३. पूर्वाधार क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **३.४ सुचना, संचार तथा प्रविधि** | | | | | | | | |
| १. ल्याण्डलाइन टेलिफोनको विस्तार | २० | बजार क्षेत्रमा | | √ | | √ | | |
| २. फ्री वाइफाई क्षेत्र निर्धारण | ५ | सेवाग्राही बढी हुने ठाउँ | √ | | | √ | | |
| ३. विकास वुलेटिन प्रकाशन | ५ | नगरपालिका | √ | | | | | √ |
| ४. जनप्रतिनिधि सेवाग्राही संवाद कार्यक्रम | ५ | नगरपालिका | | √ | | √ | | |
| ५. सुरक्षालाई मध्यनजर गरी आवश्यक ठाउँमा सि.सि क्यामेरा जडान | ५ | नगरपालिका | √ | | | √ | | |
| ६. नगरपालिका लगायत वडा कार्यलयलाई सुचना प्रविधी मैत्री बनाउन लागि आवश्यक सफट्वयर जडान | ३५ | नगरपालिका | √ | | | | | √ |
| **कूल** | ७५ | | | | | | | |

### ६.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

विद्युत सेवा नपुगेका घरमा विद्युत सेवा विस्तार भएको हुनेछ । खाना पकाउने इन्धनको रूपमा परम्परागत इन्धनको प्रयोगमा कमी आएको हुनेछ ।

### ६.३.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कार्यान्वयन हुनको लागि विद्यमान ऐन, नियम तथा नीतिहरूमा समयसापेक्ष सुधार, प्रसारण लाइनको विस्तार, नवीकरणीय उर्जा सम्बन्धी प्रविधिको हस्तान्तरण,

परम्परागत उर्जाको प्रयोग कम गरी विद्युतको उपभोगमा वृद्धि, जलवायु मैत्री पूर्वाधारहरूको निर्माण, स्थिर जलवायु हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा हुने प्रतिकूल परिवेशले योजना कार्यान्वयनमा जोखिम पैदा गर्ने छन् ।

## ६.४ सुचना, सञ्चार तथा प्रविधी

### ६.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमाभित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोग गरी सर्वसुलभ रूपमा सेवा सुविधामा विविधीकरण गर्दै नगरपालिकाको आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउनुपरेको छ।

### ६.४.२ समस्या तथा चुनौती

ग्रामीणस्तरसम्म दूरसञ्चार सेवाको पहुँच विस्तारसँगै गुणस्तर कायम गर्ने कार्य एक प्रमुख चुनौतीको रूपमा देखिएको छ । विद्युतीय सञ्चार माध्यमको अनुगमन गर्नु,सार्वजनिक निकायमा रहेको सूचनालाई डिजिटाइज गरी अनलाइनबाट सूचना माग्ने र उपलब्ध गराउने यस क्षेत्रका अन्य चुनौतीहरू हुन् ।

### ६.४.३ सम्भावना तथा अवसर

सूचना तथा सञ्चारको माध्यमबाट जनताको सुसूचित हुन पाउने संवैधानिक हकको प्रत्याभूति हुनु, सेवा प्रभावकारिता बढाउने शासन संयन्त्रलाई बढी सहभागितामूलक एवम् पारदर्शी बनाउनु, इन्टरनेटको बढ्दो प्रयोगले विकास प्रक्रिया सहज हुनु यस क्षेत्रका अवसरहरू हुन् ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *६.४.४.१ लक्ष्य*

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछः

- घर-घरमा इन्टरनेट, सार्वजनिक स्थल र संस्थाहरूमा फ्रि-वाईफाई सेवा पुऱ्याउने ।

#### *६.४.४.२ उद्देश्य*

यस उपक्षेत्रका निम्न उद्देश्य हुनेछः

- सूचना तथा सञ्चार प्रविधिलाई नवीनतम, भरपर्दो, गुणस्तरीय र पहुँचलाई समावेशी बनाई पालिकाको समष्टिगत विकासमा योगदान पुऱ्याउनु ।

### ६.४.४.३ रणनीति तथा कार्यनीति

यस उपक्षेत्रका निम्न रणनीति तथा कार्यनीतिहरू हुनेछन्:

**तालिका ६.७: सुचना, सञ्चार तथा प्रविधीको विकासका लागि दिइने रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) नगरपालिकालाई डिजिटलपालिकाको रूपमा विकास गर्ने । | (१) वि.सं. २०८२ सम्ममा पेपरलेस बनाइ डिजिटल नगरपालिका घोषणा गरिनेछ ।<br>(२) विद्युतीय भुक्तानी सेवा सञ्चालन गरिनेछ ।<br>(३) शिक्षण संस्थाहरू र अन्य औपचारिक तथा अनुपचारिक कार्यक्रममा वैकल्पिक सिकाईको रूपमा अनलाइन माध्यमलाई प्रवर्द्धन र कार्यान्वयन गरिनेछ । |
| (२) सूचना प्रविधिको प्रयोगबाट सार्वजनिकसेवालाई सहज एवम् सर्वसुलभ बनाउने । | (१) नगरपालिकामा भएका प्रगतिको मासिक र चौमासिक बुलेटिन प्रकाशन गरिनेछ।<br>(२) नगरपालिकाले प्रत्येक महिनामा गरेका कार्यहरू सार्वजनिकीकरण गर्ने पद्धतिको विकास गरिनेछ ।<br>(३) सार्वजनिक तथा निजी सेवाहरू क्रमश: अनलाइन मार्फत प्रदान गरिनेछ । |
| (३) सूचनामा सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गर्ने । | (१) सबै नागरिकमा सूचनाको पहुँच पुऱ्याउन आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ ।<br>(२) सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ । |
| (४) दूरसञ्चार सेवाको पहुँच पुऱ्याउने । | (१) दूरसञ्चार पूर्वाधार विकास गरिनेछ ।<br>(२) नगरपालिकामा दूरसञ्चार सेव विस्तार गरिनेछ । |
| (५) डिजिटाईजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने । | (१) डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरिनेछ ।<br>(२) आमसञ्चार माध्यमलाई डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ ।<br>(३) सार्वजनिक तथा निजी सेवाहरू क्रमश: अनलाइन मार्फत प्रदान गरिनेछ । |

### *६.४.४.४ कार्यक्रम तथा आयोजना*

**तालिका ६.८: सुचना, सञ्चार तथा प्रविधीको विकासका लागि दिइने कार्यक्रम तथा आयोजना**

| **३. पूर्वाधार क्षेत्र** | **अनुमानित लागत (रु. लाखमा)** | **स्थानगत विवरण** | **सम्पन्न गर्ने निकाय** | | | **प्राथमिकीकरण** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **आफै** | **प्रदेश** | **संघ** | **१** | **२** | **३** |
| **३.४ सुचना, संचार तथा प्रविधि** | | | | | | | | |
| ७. ल्याण्डलाइन टेलिफोनको विस्तार | २० | बजार क्षेत्रमा | | √ | | √ | | |
| ८. फ्री वाइफाई क्षेत्र निर्धारण | ५ | सेवाग्राही बढी हुने ठाउँ | √ | | | √ | | |
| ९. विकास वुलेटिन प्रकाशन | ५ | नगरपालिका | √ | | | | | √ |
| १०. जनप्रतिनिधि सेवाग्राही संवाद कार्यक्रम | ५ | नगरपालिका | | √ | | √ | | |
| ११. सुरक्षालाई मध्यनजर गरी आवश्यक ठाउँमा सि.सि क्यामेरा जडान | ५ | नगरपालिका | √ | | | √ | | |
| १२. नगरपालिका लगायत वडा कार्यलयलाई सुचना प्रविधी मैत्री बनाउन लागि आवश्यक सफट्वयर जडान | ३५ | नगरपालिका | √ | | | | | √ |
| **कूल** | **७५** | | | | | | | |

### ६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजनाको अन्त्य सम्ममा सबैको घरमा इन्टरनेट सेवा र सबै सार्वजनिक स्थल लगायत संस्थाहरूमा फ्री-वाइफाइ सेवा उपलव्ध भएको हुनेछ । सबै सार्वजनिक सेवा विद्युतीय माध्यमबाट प्रवाह भएको हुनेछ। सबै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था भएको हुनेछ।

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

उल्लेखित योजनाहरू कार्यान्वयन हुनको लागि सूचना, संचार प्रविधि सम्बन्धी ऐन, नीति, नियम कार्यान्वयन अन्तर सरकारी निकायबीच समन्वय, अपेक्षित बजेटको विनियोजन भएको हुनेछ, भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा हुने नकारात्मक परिवेशले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ । रोजगारीको सिर्जना, आयवृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तैः काठ, दाउरा, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ ।

यसका साथै जनसहभागिता मूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय सामाजिक आर्थिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको छ ।

### ७.१.२ समस्या तथा चुनौती

वन क्षेत्रबाट उत्पादन हुने लाभ तथा सेवालाई न्यायोचित आधारमा बाँडफाँड गर्नु स्थानीय जनताको आधारभूत आवश्यकताहरू (काठ, दाउरा, घाँस, स्याउला) को आपूर्ति व्यवस्थापनलाई समुदायस्तरमा व्यवस्थापन गर्नुका साथै सरोकारवालाहरूसँग सहकार्य गरी वनको दिगो र वैज्ञानिक व्यवस्थापनलाई अझ सुदृढ गर्नु वन क्षेत्रका प्रमुख चुनौती हुन् । महालक्ष्मीक्षेत्रको कमजोर भूगर्भ र अव्यवस्थित दोहनबाट भावर र तराई क्षेत्रको जीवनाधारमा परेको जोखिम न्यूनीकरण गर्नु, वनक्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुऱ्याउनु, वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय क्षमता र जिम्मेवारी वृद्धि गर्नु र भौतिक, सामाजिक तथा आर्थिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौती रहेका छन् ।

### ७.१.३ सम्भावना तथा अवसर

वनले ओगटेको भूभागमा वृद्धि हुँदै जानु, वनको दिगो र वैज्ञानिक व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक उत्पादन र वितरण हुने अवस्था बन्नु, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत गर्ने तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण गर्दै जलश्रोत अभिवृद्धि र कृषि विकासमा टेवा पुऱ्याउने अवसरहरू वन क्षेत्रमा रहेका छन् ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *७.१.४.१ लक्ष्य*

यस उपक्षेत्रको निम्न लक्ष्य हुनेछः

- वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवर्द्धन र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने ।

#### *७.१.४.२ उद्देश्य*

यस उपक्षेत्रका निम्न उद्देश्यहरू हुनेछन्:

१. दिगो वन व्यवस्थापनद्वारावन पैदावारको उत्पादन र वन क्षेत्रको उत्पादकत्ववृद्धि गर्नु ।
२. जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
३. जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलनका उपाय अवलम्बन गर्नु ।
४. वन, जडीबुटी र जैविक विविधता क्षेत्रमा सम्भाव्यता-अध्ययन, अनुसन्धान गरी वनमा आधारित जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्नु ।
५. खाली जमिनमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्नु ।

#### *७.१.४.३ रणनीति तथा कार्यनीति*

यस उपक्षेत्रका रणनीति तथा कार्यनीति निम्न अनुसार हुनेछन् (तालिका ७.१)

**तालिका ७.१: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) वन क्षेत्रको दिगो व्यवस्थापन, उपयोगमा स्थानीय जनताको पहुँच बढाउने । | (१) सामुदायिक वन लगायत नीजि जग्गामा बिरूवा रोपण अभियान सञ्चालन गरिनेछ ।<br>(२) वन क्षेत्रमा जैविक विविधताको संरक्षण एवम् पानी रिचार्ज (जल पुनर्भरणका) लागि पोखरी निर्माण गरिनेछ ।<br>(३) नगरपालिकामा रहेको वन क्षेत्र मध्ये पशुचरणको लागि छुट्टै क्षेत्र वर्गीकरण गरिनेछ ।<br>(४) निजी तथा सार्वजनिक जग्गाहरूमा वृक्षारोपण अभियानका रूपमा सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| (२) वन क्षेत्रको दिगो व्यवस्थापन र संरक्षणमा समुदायको सहभागिता बृद्धि गर्ने । | (१) सामुदायिकवन उपभोक्ता समूहहरूको संस्थागत सुदृढीकरण गर्दै लगिनेछ ।<br>(२) स्थानीय वन ऐनलाई कार्यान्वयन गरिनेछ ।<br>(३) जंगली जनावरबाट हुने क्षतिलाई क्षतिको मूल्याङ्कनका आधारमा नगरपालिकाबाट क्षतिपूर्तिको व्यवस्था गरिनेछ ।<br>(४) दिगो वन व्यवस्थापनका लागि राम्रो कार्य गर्ने समुदायलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।<br>(५) वन क्षेत्रको अतिक्रमण नियन्त्रणका लागि नीतिगत र संरचनागत व्यवस्था गरी अन्तर निकाय समन्वय गरिनेछ ।<br>(६) वन डढेलो नियन्त्रण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । |
| (३) वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आय-आर्जन र रोजगारीसँग आबद्ध गर्ने । | (१) गरिब तथा विपन्न परिवारलाई प्रत्यक्ष लाभ र आय वृद्धिमा योगदान हुने गरी सामुदायिक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(२) स्थानीय जलवायु अनुकूलन कार्ययोजनाको निर्माण र कार्यान्वयन गरिनेछ । |
| (४) वैज्ञानिक वन व्यवस्थापन मार्फत वनको संरक्षण तथा गुणस्तर वृद्धि गर्दै आम्दानीको स्रोतका रूपमा समेत स्थापित गर्ने । | (१) नमुनाका रूपमा सानो क्षेत्रबाट वैज्ञानिक वन व्यवस्थापनको काम सुरु गरिनेछ ।<br>(२) क्षेत्र पहिचान, कार्ययोजना निर्माण गरी सरोकारवाला निकाय/पक्षहरूसँगको समन्वयमा कार्य गरिनेछ ।<br>(३) नांगाडाँडा तथा बिग्रिएका वन क्षेत्रमा कबुलियती वनको विकास मार्फत वन क्षेत्र, आय आर्जन तथा पर्यटन विकास गरिनेछ । |
| (५)जडीबुटी खेतीलाई प्राथमिकता प्राप्त कार्यक्रमका रूपमा सञ्चालन गरी आय आर्जनसँग आबद्ध गर्ने । | (१)क्षेत्र पहिचान, क्षमता अभिवृद्धि तालिम, संकलन केन्द्र, बजार<br>(२)पहुँच तथा व्यवस्थापन गरी जडीबुटी उत्पादन पकेट क्षेत्रहरू तयार गरी जडीबुटी खेतीको प्रवर्द्धन गरिनेछ ।<br>(३)युवा पिंढीलाई आकर्षित गरी आधुनिक, व्यवसायिक रूपमा जडीबुटी खेतीमा संलग्न गराइनेछ ।<br>(४) जडीबुटी खेतका लागि आयुर्वेद कार्यालय तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| (६) सामुदायिक वनको सीमाङ्कन, रेखाङ्कन गरी वन क्षेत्रको अतिक्रमण न्यूनीकरण गर्ने तथा वन संरक्षण तथा आर्यआर्जनका कार्यक्रम समानान्तर रूपमा सञ्चालन गर्ने । | (१) कागजमा मात्र सीमित भएको राष्ट्रिय तथा सामुदायिक वनको सीमालाई जमिनमा रेखांकित गरी वन क्षेत्रको सीमाना सम्बन्धी विवाद अन्त्य गरिनेछ ।<br>(२) सम्बन्धित निकायहरूसँग समन्वय गरी वन सीमाङ्कन, रेखाङ्कन गरिनेछ ।<br>(३) राष्ट्रिय वनलाई सामुदायिक वनमा हस्तान्तरण गरी वन संरक्षणमा स्थानीय समुदायलाई जिम्मेवार बनाइने छ ।<br>(४) कृषि वनको प्रवर्द्धन गरी स्थानीय समुदायको आय आर्जनका अवसर बृद्धि गरिनेछ । |
| (७) जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूक्षय नियन्त्रण गर्ने । | (५) स्थानीयस्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी नाङ्गाडाँडाहरूमा हरियाली र समग्रमा वन क्षेत्रको गुणात्मक वृद्धि गरिनेछ ।<br>(६) खोला खोल्साको किनार लगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ । |
| (८) सार्वजनिक पूर्वाधार निर्माण,भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापन तथा विपत व्यवस्थापन कार्य संचालन गर्ने | (१) राष्ट्रिय भू-उपयोग नीति अनुसार भूउपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ ।<br>(२) भूसंरक्षण तथा जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रूपमा एकीकृत गरी संचालन गरिनेछ ।<br>(३) भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण तथा उत्पादन बृद्धिमा विशेष जोड दिइनेछ ।<br>(४) विपत व्यवस्थापन तथा उद्धारका लागि प्रत्येक वडामा कम्तिमा ५ जना युवालाई दक्ष बनाइने छ ।<br>(५) मौसमी विपत व्यवस्थापनको लागि तीन महिना अगाडि नै जनचेतना अभिबृद्धि सम्बन्धी कार्यक्रम गरिने छ ।<br>(६) नगर विपत व्यवस्थापनको सञ्चालन गरिने छ ।<br>(७) विपत यवस्थापनको लागि प्रत्येक वडामा कम्तिमा १/१ वडा खुला स्थानको व्यवस्थापन गरिने छ । |
| (९) वन, व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक | (१) वन क्षेत्रमा सामुदायिक वन लगायतका वन व्यवस्थापन पद्धतिमा लैङ्गिक तथा सामाजिक समावेशीकरण |

| रणनीति | कार्यनीति |
|---|---|
| समावेशीकरणलाई संस्थागत गरी यस क्षेत्रबाट प्राप्त लाभको न्यायोचित विवरण गर्ने । | रणनीतिलाई समय सापेक्ष परिमार्जन गरी कार्यन्वयन गरिनेछ । |

### *७.१.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रका लागि निर्धारण गरिएका कार्यक्रम तथा आयोजना तलका तालिकामा दिइएको छ (तालिका ७.२) ।

**तालिका ७.२: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका कार्यक्रम तथा आयोजना**

| ४. वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **४.१ वन तथा जैविक विविधता** | | | | | | | | |
| १. वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम | १० | सबै वडा | √ | | | √ | | |
| २. वन डढेलो नियन्त्रण सम्बन्धी तालिम | २५ | सबै वडा | √ | | √ | | √ | |
| ३. वृक्षारोपण कार्यक्रम | २० | सबै वडा | | √ | | √ | | |
| ४. जैविक विविधता संरक्षण कार्यक्रम | १० | सबै वडा | | | √ | | | √ |
| ५. आगलागी नियन्त्रण सम्बन्धी चेतनामुलक कार्यक्रम | ५ | न.पा. | | √ | √ | √ | | |
| ६. सामुदायिक वनक्षेत्रमा वृक्षरोपण तथा घेरावार | २०० | वडा १-८ | | | √ | | | √ |
| **कूल** | २७० | | | | | | | |

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

वन अतिक्रमण तथा डढेलो नियन्त्रण भई वन तथा वन्यजन्तुहरूको उचित संरक्षण भएको हुनेछ । वन्यजन्तु तथा जैविक विविधताको सर्भेक्षण गरि अवस्था एकीन भएको हुनेछ । वृक्षारोपण अभियानका रूपमा सञ्चालन भई हरियाली प्रवर्धन भएको हुनेछ । कृषि वनको उत्पादनमा वृद्धि गरी व्यवसायीकरण भएको हुनेछ ।

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कार्यान्वयन हुनको लागि सामुदायिक वन उपभोक्ता समूहको वन व्यवस्थापनमा संलग्नता, जलवायु परिवर्तन अनुकूलन योजनाको कार्यान्वयन, वन तथा जैविक

विविधता सम्बन्धी कानून तथा नीतिहरूको कार्यान्वयन, बहु सरोकारवालाहरूबीच समन्वय, वृक्षारोपणमा जनसहभागिता हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी अवस्थामा उत्पन्न हुने प्रतिकूलताहरूले योजनाको कार्यान्वयनमा जोखिम उत्पन्न गर्नेछन् ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमी

नेपालको संविधान, २०७२ मा प्राकृतिक साधन स्रोतको संरक्षण,संवर्द्धन र उपयोग सम्बन्धी नीतिमा उल्लेख गरेको छ । जलाधार संरक्षण सम्बन्धी अधिकार स्थानीय तहलाई दिइएको छ ।

### ७.२.२ समस्या तथा चुनौती

जलाधार तथा भू-संरक्षण सम्बन्धी स्थानीय सरकारको अधिकार स्पष्ट नहुनु, नगरपालिकामा कार्यविधि तयार भइ नसक्नु, जोखिम नक्साङ्कन नहुनु, पहिरो रोकथाममा पहल नहुनु र सडक निर्माणमा बायोइन्जिनियरिङ्ग प्रयोगमा ध्यान नदिनु समस्या रहेका छन्।

जलाधार संरक्षण गर्नु, जोखिमयुक्त भू-बनोट, अव्यवस्थित बस्ती, प्रकोप सम्भाव्य क्षेत्रको नक्साङ्कन गर्नु, जोखिम सूचना प्रणालीको व्यवस्था गर्नु, जलाधार क्षेत्रको संरक्षण गर्नु र जोखिमयुक्त क्षेत्रमा बस्ती विकास हुनु चुनौती रहेका छन् ।

### ७.२.३ सम्भावना तथा अवसर

संविधानले जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै प्रकोप जोखिम न्यूनीकरण गर्ने नीति अबलम्बन गर्नु, जनसहभागिताको सम्भावना रहनु, दिगो विकासका जलाधार तथा वातावरण संरक्षण सम्बन्धी लक्ष्य स्थानीयकरण हुनु, वातावरण र प्रकोप व्यवस्थापन सम्बन्धी जनचेतना बढ्नु अवसरका रूपमा रहेका छन् ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *७.२.४.१ लक्ष्य*

भू-संरक्षण तथा जलाधार व्यवस्थापनको लागि निम्न लक्ष्य लिइनेछः

- जलाधारको बहुउद्देश्य उपयोगबाट आर्थिक विकास गरी रोजगारी सृजना गर्ने ।

#### *७.२.४.२ उद्देश्य*

यस उपक्षेत्रको निम्न उद्देश्य हुनेछः

- जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गरी बहुआयामिक उपयोग मार्फत् आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्नु ।

### ७.२.४.३ रणनीति तथा कार्यनीति

यस उपक्षेत्रको लागि निम्न रणनीति तथा कार्यनीति लिइनेछ (तालिका ७.३)

**तालिका ७.३: भू-संरक्षण तथा जलाधार व्यवस्थापनका लागि लिइने रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) जल र भू-क्षय उत्पन्न प्रकोपबाट हुने जोखिमलाई कम गर्ने। | (१) खोला किनार र जोखिमजन्य क्षेत्रको संरक्षणका लागि बायोइन्जिनियरिङ्ग प्रविधिको उपयोग गरिनेछ।<br>(२) अन्तरपालिका बिच समन्वय गरिनेछ।<br>(३) प्रकोप जोखिम सचेतना अभियान सञ्चालन गरिनेछ।<br>(४) जल, जमिन र जङ्गलको समुचित उपयोग गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ।<br>(५) जोखिम नक्सा, रिमोटसेन्सिङ् र भौगोलिक सूचना प्रणाली जस्ता विधिहरूको प्रयोग गरी प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ। |
| (२) भूक्षय नियन्त्रणमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गरी यस क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने। | (१) भूक्षय नियन्त्रणमा लैंगिक तथा सामाजिक समावेशीकरण रणनीतिलाई समय सापेक्ष परिमार्जन गरी कार्यान्वयन गरिनेछ।<br>(२) नगरपालिका भित्र भूक्षयका समस्या निराकरण गर्न र त्यससँग जोडिएका स्थानीय सुदायका परम्परागत ज्ञान, सीप, अभ्यास तथा सामाजिक-साँस्कृतिक पद्धति प्रयोग गरिनेछ।<br>(३) भूक्षय नियन्त्रणको लागि जोखिम क्षेत्रमा वाँस, निगालो लगाउने तथा वायो इन्जिनियरिङ्ग विधी अपनाइनेछ। |

### ७.२.४.४ कार्यक्रम तथा आयोजना

यस उपक्षेत्रको लागि निम्न अनुसारका कार्यक्रम तथा आयोजनाहरू निर्धारण गरिएका छन् (तालिका ७.४):

**तालिका ७.४: भू-संरक्षण तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित कार्यक्रम तथा आयोजना**

| **४. वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | **अनुमानित लागत (रु. लाखमा)** | **स्थानगत विवरण** | **सम्पन्न गर्ने निकाय** | | | **प्राथमिकीकरण** | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **आफै** | **प्रदेश** | **संघ** | **१** | **२** | **३** |
| **४.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | | | | | | | | |
| १. सामुदायिक नर्सरी तथा वृक्षारोपण कार्यक्रम | १० | सबै प्रभावित क्षेत्र (सडकहरूमा) | √ | | | √ | | |
| २. पहिरो तथा बाढी नियन्त्रण कार्यक्रम | ७५ | वडा १, ५, ४ र ६ | √ | | √ | | | √ |
| ३. पानी मुहान संरक्षण | २५ | सबै मुलहरूमा | √ | √ | √ | √ | | |
| ४. खहरे खोला नियन्त्रण | १०० | सबै वडाहरूमा | √ | | √ | | | √ |
| ५. खोल्सी नियन्त्रण | १० | सबै वडा | √ | √ | | | | |
| ६. चेक ड्याम निर्माण | २५ | सबै प्रभावित क्षेत्र | √ | √ | | √ | | |
| **कूल** | **२४५** | | | | | | | |

### ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

जलाधार र भू-संरक्षण नियन्त्रणका लागि रणनीति योजना तयार भएको हुनेछ । जोखिम क्षेत्र पहिचान भई नक्साङ्कन भएको हुनेछ । पहिरो रोकथाम भएका हुनेछन् । नागरिकहरूको सक्रिय सहभागितामा जलाधार पहिचान, वर्गीकरण र प्राथमिकीकरण भएको हुनेछ ।  नगरपालिका भित्रका जलाधारहरूको संरक्षण भएका हुनेछन् ।

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

उल्लेखित योजनाहरू कार्यान्वयन हुनको लागि भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा स्थानीय समूहहरूको निरन्तर संलग्नता, वनेका ऐन, नियम तथा नीतिहरूको कार्यान्वयन, बजेटको सुनिश्चितता, जलवायु मैत्री संरक्षण क्रियाकलाप, जलवायु परिवर्तन अनुकूलन योजनाको कार्यान्वयन हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा पर्ने नकारात्मक असरले योजनाहरूको कार्यान्वयनमा जोाखिम पैदा गर्नेछन् ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

जलवायु परिवर्तनका असरहरू एकआपसमा सम्बन्धित हुने भएकोले यसको प्रभावको सामना गर्न वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै विकासका लक्ष्यहरू हासिल गर्नुपर्ने हुन्छ । वातावरणीय पक्षमा पर्ने प्रभाव तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात गर्नुपर्दछ । स्थानीय अनुकूलनका लागि रणनीतिक कार्यक्रमहरू वातावरणीय संवेदनशीलताका मुद्दाहरूको आन्तरिकीकरण र सम्बोधन जस्ता

प्रयासहरू गर्नुपर्ने हुन्छ ।

### ७.३.२ समस्या तथा चुनौती

जलाधार संरक्षण गर्नु, जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु, मानवीय क्रियाकलापहरूबाट हुने हरितगृह ग्यासको उत्सर्जनलाई न्यून गर्नु, गरिबी र अन्य कारणहरूबाट हुने वन विनासलाई रोक्नु, जलवायु परिवर्तनको असरबाट जोखिममा रहेका क्षेत्र र समुदायमा कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा नै आन्तरिकीकरण गर्नु चुनौती रहेका छन् ।

फोहोर व्यवस्थापनका लागि आर्थिक समस्या हुनु, कर्मचारी र साधनको व्यवस्थापन नहुनु, पूर्वाधार विकास र वातावरणबिच सन्तुलन नहुनु, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वनजङ्गलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र दिगो पूर्वाधार विकासबिच सामञ्जस्यता स्थापित हुन नसक्नु समस्या रहेका छन् ।

### ७.३.३ सम्भावना तथा अवसर

दिगो विकासका लक्ष्यहरूमा स्थानीयकरण हुनु जलवायु वित्तको व्यवस्था हुनु, प्रकृति संरक्षण अनुकूलनको क्षमता बढाउन राष्ट्रिय कार्ययोजना छाता रणनीति तयार हुनु र जलवायु परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोगलाई स्थानीय तहसम्म एकीकृत गर्नेजस्ता नयाँ अवसर हुन् ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *७.३.४.१ लक्ष्य*

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछः

- प्रदुषण नियन्त्रण, फोहर-मैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

#### *७.३.४.२ उद्देश्य*

यस उपक्षेत्रको उद्देश्यहरू निम्न अनुसार हुनेछन्:

१. हरित विकासको अवधारणाअनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।
२. भौतिक पूर्वधारको विकास र प्राकृतिक वातावरणबीच सन्तुलन कायम गर्नु ।
३. प्रदुषण नियन्त्रण सहितको वातावरण व्यवस्थापनका लागि आवश्यक नीति, कानून र प्रभावकारी संरचना निर्माण गर्नु ।

### ७.३.४.३ रणनीति तथा कार्यनीति

यस उपक्षेत्रका रणनीति तथा कार्यनीति निम्न अनुसार हुनेछन् (तालिका ७.५)

**तालिका ७.५: वातावरण तथा फोहोरमैला व्यवस्थापनका लागि लिइने रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) पूर्वाधार विकास, फोहोरमैला व्यवस्थापन र वातावरणबीच सन्तुलन कायम गर्ने । | (१) जनस्तरमा वातावरणीय सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(२) वातावरणलाई सफा राख्न प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गरिनेछ ।<br>(३) खाली वनक्षेत्र, सरकारी तथा सार्वजनिक खाली जग्गामा हरियाली प्रवर्द्धन गरिनेछ ।<br>(४) फोहोर सङ्कलनका लागि व्यवस्थापन गरिनेछ ।<br>(५) वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकाय बिच समन्वय गरिनेछ ।<br>(६) वातावरण शिक्षा तथा प्रचार-प्रसार समुदाय स्तरमा गरिनेछ । |
| (२) वातावरण व्यवस्थापन योजना तयार गर्ने । | (१) वातावरणमैत्री योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकाय समन्वय गरिनेछ ।<br>(२) कृषिमा प्रयोग गरिने विषादी र पशुपंक्षीमा प्रयोग गरिने ( डाइक्लोफेनिक औषधी) आदिको नियमन र नियन्त्रण गरिनेछ ।<br>(३) वातावरणमैत्री योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तरनिकाय समन्वय गरिनेछ । |
| (३) फोहोरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको सहभागिता सहित नवीन प्रविधिको अवलम्बन गर्ने । | (१) प्राकृतिक तगा गैरप्राकृतिक विपद्का कारण उत्पन्न हुने फोहोर मैलाको व्यवस्थापन गरिनेछ ।<br>(२) नदी किनारा अतिक्रमणलाई रोकी सो ठाउँमा वृक्षारोपणलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>(३) नदीको स्वच्छता कायम राख्न प्रदूषित पानी, ढल फोहोरमैलालाई नदीमा मिसाउने कार्य नियन्त्रण गरिनेछ । |

### ७.३.४.४ कार्यक्रम तथा आयोजना

यस उपक्षेत्रका कार्यक्रम तथा आयोजना निम्न अनुसार छन् (तालिका ७.६)

**तालिका ७.६: वातावरण तथा फोहोरमैला व्यवस्थापनका लागि कार्यक्रम तथा आयोजना**

| ४. वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **४.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन** | | | | | | | | |
| १. गाउँटोल सरसफाइका लागि वडास्तरीय प्रतिस्पर्धात्मक कार्यक्रम ( प्लाष्टिक निषेध, फोहोर मैला वर्गीकरण तथा व्यवस्थापन) | १० | सबै वडा | √ | | √ | √ | | |
| २. बजार क्षेत्रका लागि ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन/निर्माण | १० | वडा नं. ३,३,५ र ६ | √ | | √ | | | √ |
| ३. कृषि भूमिमा जैविक मल प्रवर्द्धन | ५ | सबै वडामा | √ | | | √ | | |
| ४. संस्थागत रुपमा उत्सर्जन हुने फोहोर व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम | ५ | सबै वडामा | √ | | √ | √ | | |
| **कूल** | ३० | | | | | | | |

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

जलवायु परिवर्तनको जोखिम न्यूनीकरण,स्थानीय जलवायु अनुकूलन योजना तयार भएको हुने, र वातावरणीय शिक्षा तथा सचेतना अभिवृद्धि भएको हुनेछ ।

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कार्यान्वयन हुनको लागि वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापनमा स्थानीय जनताहरूको सक्रिय सहभागिता, चेतनास्तरमा वृद्धि, ऐन, नीति नियमको पालना, वातावरण मैत्री व्यवहार हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा हुने गतिरोधले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायू उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको भने बिपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्व तयारी सम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयनमार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको देखिन्छ ।

### ६.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । बिपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि नगरपालिकाको प्रमुख चुनौतिका रूपमा रहेको छ । नगरपालिकामा

हावाहुरी, पहिरो, बाढी, खडेरी, महामारी, जनावर आतंक लगायत अन्य विभिन्न किसिमका प्रकोपहरू दोहोरिरहने गरेका छन् । विभिन्न स्थानमा भूस्खलनको जोखिम रहेको छ । विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । यी कुराहरू समस्या तथा चुनौतीको रूपमा रहेका छन् ।

### ७.४.३ सम्भावना तथा अवसर

विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । नगरपालिकामा विपद् व्यवस्थापन कोष रहेको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान, सीप रहेको छ । आपत् कालीन प्रतिकार्यको लागि सामुहिक आश्रयस्थल निर्माण गर्न पर्याप्त खाली जमिन रहेको छ । वर्षैभरि जलस्रोत उपलब्ध गराउने विभिन्न खोलाखोल्साहरू रहेका छन् । यी कुराहरू सम्भावना तथा अवसरको रूपमा रहेका छन् ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### *७.४.४.१ लक्ष्य*

यस उपक्षेत्रको लक्ष्य निम्न अनुसार हुनेछः

- विपद् जोखिमलाई न्यूनिकरण तथा विकास प्रकृयालाई उत्थानशील र दीगो बनाउने

#### *७.४.४.२ उद्देश्य*

१. विपद् जोखिम तथा विपदजन्य क्षती न्यूनीकरण गर्नु।
२. जलवायु परिवर्तन अनुकूलन र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्नु ।
३. विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गरी समुदाय स्तरदेखि नै उत्थानशील क्षमता अभिबृद्धि गर्नु ।
४. विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका लागि बृहत सहभागिता सुनिश्चित गरी सचेतना अभिबृद्धि गर्दै विपद्पश्चातको पुनर्लाभ, पुनःस्थापना, पुननिर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु ।

#### *७.४.४.३ रणनीति तथा कार्यनीति*

यस उपक्षेत्रका रणनीति तथा कार्यनीति तलको तालिकामा दिइएको छ (तालिका ७.७) ।

**तालिका ७.७: विपद् जोखिम न्यनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका लागि रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) विपद् पूर्वतयारी, सचेतना तथा क्षमता अभिवृद्धिलाई केन्द्रीत गरी विपद् जोखिम न्यूनीकरण गर्ने । | (१) वस्तीवस्तीमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ ।<br>(२) समिति तथा कार्यदललाई तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>(३) प्रमुख वस्तीहरूमा उद्दार सामग्रीहरू भण्डारण गरी नियमित अद्यावधिक गरिनेछ ।<br>(४) हरेक किसिमका विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिमका अवधारणाहरूलाई सम्बोधन गरिनेछ । |
| (२) विपद व्यवस्थापन कार्यलाई एकीकृत रूपमा संचालन गरिनेछ । | (१) समुदाय तथा सरोकारवालासँगको साझेदारी तथा सहकार्यमा विपद् व्यवस्था कार्यहरू संचालन गरिनेछ ।<br>(२) आवश्यक पूर्वाधारसहितका सामुदायिक आश्रयस्थलहरू निर्माण गरी प्रभावकारी आपत्कालीन प्रतिकार्यलाई सुनिश्चित गरिनेछ । |
| (३) बहुप्रकोप जोखिम आकलन/नक्साङ्कनमा आधारित पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ सम्बन्धि क्षमता विकास र पर्याप्त साधन-स्रोतको व्यवस्थापन गर्ने । | (१) नगरपालिका भित्र समुदायस्तरमा बहुप्रकोप जोखिम आकलन तथा नक्साङ्कन गरिनेछ ।<br>(२) विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागि बृहत्तर सूचना संङ्कलन, विश्लेशण र प्रवाहलाई अनलाइन प्रणालीमा आधारित बनाई सरोकारवालाहरूको समन्वयमा सबैको पहुँचमा पुऱ्याइनेछ । |

### *७.४.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रका कार्यक्रम तथा आयोजना तलको तालिकामा दिइएको छ (तालिका ७.८) ।

**तालिका ७.८ः विपद् जोखिम न्यनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका लागि निधारण गरिएका कार्यक्रम अत आयोजना**

| ४. वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **४.४ विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जनवायु उत्थानशीलता** | | | | | | | | |
| १. वडास्तरीय विपद् जोखिम व्यवस्थापन कार्यक्रम | १० | सबै वडा | √ | | √ | √ | | |
| २. वडास्तरमा आपतकालीन उद्दार सामग्री भण्डारण | १० | सबै वडा | √ | | √ | √ | | |
| ३. सामुदायिक आपत्कालीन आश्रयस्थल भवन निर्माण | ६ | सबै वडा | √ | √ | √ | | | √ |
| ४. आपत्कालीन राहत उद्दार कोषको स्थापना | १ | नगरपालिका | √ | √ | √ | | √ | |
| ५. विपद् जोखिम न्यूनीकरण सम्बन्धी चेतनामूलक कार्यक्रम | ३ | सबै वडा | √ | √ | √ | | √ | |
| ६. बाढी तथा पहिरो नियन्त्रण कार्यक्रम | १५ | सबै वडा | | √ | | √ | | |
| ७. प्रकोप नक्शाङ्कन | १० | सबै वडा | √ | | √ | | √ | |
| **कूल** | **५५** | | | | | | | |

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

आवधिक योजनाको अन्त्यसम्ममा सबै वडामा सामुदायिक अनुकूलन योजना तयार भई कार्यान्वयन भएको हुनेछ । वातवरणमैत्री विकास पूर्वाधारहरू निर्माण भएका हुनेछन् । कृषि प्रणालीमा वातावरण अनुकूलित आयोजना सञ्चालन भई उत्पादनमा वृद्धि भएको हुनेछ ।

### ७.४.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित गरिएका योजनाहरू कार्यान्वयन हुनको लागि जोखिम न्यूनीकरणका लागि बनेका रणनीतिहरूको कार्यान्वयन, विपद न्यूनीकरण तथा व्यवस्थापन ऐनको कार्यान्वयन, आवश्यक बजेट विनियोजन, अनुकूलन योजनाको कार्यान्वयन, जलवायु उत्पादनशील योजनाको कार्यान्वयन भएको हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा पर्ने नकारात्मक असरले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सूशासन

### ८.१.१ पृष्ठभूमि

संघीय शासन प्रणाली अनुसार अधिकारको हस्तान्तरणमा आधारित भई संविधानबाट स्थानीय सरकारहरू स्थापना भई संविधानको कार्यान्वयनमा क्रियाशील रहेका छन् । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कूशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकामा निहित छ । स्थानीय सरकारको अधिकार क्षेत्रमा भएको विस्तार, साधन स्रोतमा बृद्धिसँगै जनआकांक्षा पनि चुलिएको छ । बढेको जनआकांक्षा पुरा गर्न परम्परागत र विगतकै सोच र तरिकाबाट संभव देखिदैन । बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अबलम्बन गर्न जरुरी देखिएको छ । संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, निजी तथा गैर सरकारी साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ नगरपालिकाले विशेष ध्यान दिन आवश्यक छ । नगरपालिकाले गरेकोसेवा प्रवाह र कार्यसम्पादनको प्रभावकारिता अभिबृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न स्थानीय कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गर्ने कोशिश यस परिच्छेदमा गरिएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

नेपालको संविधान, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, संघीय कानून बमोजिम नगरपालिकाले अझै कतिपय विषय क्षेत्रमा ऐन, नीति, नियम, कार्यविधी निर्माण गर्न सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र सो को पालना गर्ने कुरा अपेक्षाकृत कमजोर रहेको छ । सेवा प्रवाह र कार्यसम्पादनमा गैसस, निजी क्षेत्र र समुदायको साझेदारी अपेक्षा गरे अनुरूप हुन सकेको छैन । नगरपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरूमा निजी र गैसस लगायतका सेवाप्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन ।

नागरिक वडापत्र नगरकार्यपालिकाको र सबै वडामा भए तापनि क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागु नहुनु, शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै लैजानु, अन्तरपालिका समन्वय नहुनु, संविधान अनुसार सबै कानून तथा कार्यविधि तर्जुमा भईनसक्नु, जनप्रतिनिधि र कर्मचारीबिच तालमेल हुन नसक्नु समस्याको रूपमा रहेका छन् ।

जनताको बढ्दो अपेक्षा सम्बोधन हुने गरी सेवा प्रवाहमा सुधार गर्नु, कर्मचारीमा सुशासन कायम गर्नु, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्नु, कर्मचारीमा सदाचार संस्कृतिको विकास गर्नु, सबै विषयगत समिती र वडा कार्यालयबिच प्रभावकारी प्रशासकीय समन्वय गर्नु चुनौती रहेका छन् ।

### ८.१.३ सम्भावना तथा अवसर

महालक्ष्मी नगरपालिकाको नगरसभाबाट निम्नलिखित ऐन, नियमावली, कार्यविधि, निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनको चरणमा रहेका छन् ।

**ऐन**

- महालक्ष्मी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०७४,
- महालक्ष्मी नगरपालिकाको विनियोजन ऐन २०७४,
- महालक्ष्मी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०७५,
- महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन २०७५),
- महालक्ष्मी नगरपालिकाको सहकारी ऐन २०७५

**नियमावली**

- नगर कार्यपालिका (कार्य सम्पादन) नियामावली, २०७४,
- नगर कार्यपालिका (कार्य विभाजन) नियामावली, २०७४,
- महालक्ष्मी नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण ( कार्यविधि) नियमावली, २०७४

**कार्यविधि**

- नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७४,
- महालहक्ष्मी नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४,

- महालक्ष्मी नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन कार्यविधि २०७५,
- महालक्ष्मी नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४,
- महालक्ष्मी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४,
- "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४,
- महालक्ष्मी नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५,

**निर्देशिका/ दिग्दर्शन/ आचारसहिंता**

- महालक्ष्मी नगरपालिकाको वार्षिक योजना तर्जुमा दिग्र्दशन, २०७४,

नगर सभाबाट न्यायिक समिति गठन भई स्थानीय मध्यस्थकर्ताको सहजीकरणमा स्थानीय विवाद समाधान प्रयास भैरहेका छन् । विकास निमार्णमा स्थानीय जनताको चासो वड्दै जानु, सिंहदरवारको अधिकार गाउँगाउँमा हुनु, जनप्रतिनिधिको उत्साहजनक उपस्थिती हुनु, सार्वजनिक प्रशासन समावेशी हुँदै जानु, र प्राविधिक कर्मचारी रहनु अवसर रहेका छन् ।

## ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### *८.१.४.१ लक्ष्य*

संस्थागत विकास तथा सुशासनका लागि निम्न लक्ष्य हुनेछ :

- नगरपालिकाको सेवा प्रवाह, कार्य सम्पादन तथा जवाफ देहिताको स्तर बृद्धि गर्ने ।

### *८.१.४.२ उद्देश्य*

यस उपक्षेत्रका निम्न उद्देश्यहरू हुनेछन्:

१. सेवा प्रवाह तथा कार्य सम्पादन प्रक्रिया स्पष्ट, सहज र पारदर्शी बनाउनु ।
२. नगर कार्यपालिका र सेवा प्रदायक निकायको संगठन विकास र व्यवस्थापन क्षमतामा अभिबृद्धि गर्नु ।
३. राजस्व संकलन तथा आन्तरिक र वाह्य श्रोत परिचालन क्षमतामा अभिबृद्धि गर्नु ।
४. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन सहभागिता मूलक, नतिजामुखी र प्रभावकारी बनाउनु ।

### ८.१.४.३ रणनीति तथा कार्यनीति

यस उपक्षेत्रको रणनीति र कार्यनीति तलको तालिकामा दिइएको छ (तालिका ८.१)

**तालिका ८.१: संस्थागत विकास तथा सुशासनका रणनीति र कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| (१) प्रशासनलाई जनउत्तरदायी बनाउन क्षमता अभिवृद्धि गर्ने । | (१) नगरपालिकाका सबै काम कारवाहीमा नागरिकको पहुँच पुऱ्याइनेछ ।<br>(२) आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण खुलेको होर्डिङबोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ ।<br>(३) सबै कर्मचारीहरूको नतिजामूलक कार्य सम्पादन सूचक सहितको कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन गरिनेछ ।<br>(४) विकास निर्माणका काममा आइपर्ने समस्याको तत्काल समाधान गर्न नगरपालिकाको उपाध्यक्षको अध्यक्षतामा संयन्त्र बनाई समाधान गरिनेछ ।<br>(५) भ्रष्टाचार विरूद्ध व्यक्त गरिएका प्रतिबद्धता अनुरूप भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीति मार्फत् प्रशासनमा सदाचारिता अभिवृद्धि गरिनेछ ।<br>(६) राम्रो कार्य गर्ने जनप्रतिनिधि र कर्मचारीलाई पुरस्कृत गरिनेछ । |
| (२) राष्ट्र सेवकलाई आफ्नो कार्य जिम्मेवारी प्रति थप परिणाममुखी र जनउत्तरदायी बनाउने । | (१) प्रत्येक कर्मचारीको कार्य विवरण बनाइ लागु गरिनेछ ।<br>(२) नगरपालिका भित्रका कार्यक्रममा हुने अनावश्यक औपचारिक कार्यक्रम कटौती गरी कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी बनाइनेछ ।<br>(३) दैनिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । |
| **क. संगठन तथा क्षमता विकास** | |
| (३) स्थानीय सेवा प्रवाहलाई सरल,सहज र सेवाग्राही मैत्री बनाउने । | (१) सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक मैत्री रूपमा निर्माण गरिनेछ ।<br>(२) पेपरलेस सरकारको अवधारणा क्रमशः लागु गरिनेछ ।<br>(३) सरकारी जग्गा, भवन, संरचनाको अभिलेख तयार गरी संरक्षण र उपयोग गरिनेछ ।<br>(४) उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा शाखा वा केन्द्र स्थापना गरी सेवा संचालन गरिनेछ । |
| **ख. कानून, नीति तथा सुशासन** | |
| (१) स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने । | (१) संविधान, संघीय र प्रदेश कानूनको आधारमा स्थानीय तहको अधिकार क्षेत्रका विषयमा ऐन, नीति, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरी त्यसको परिपालना गरिनेछ ।<br>(२) स्थानीय सरकारको जवाफ देहिता अभिबृद्धी सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>(३) नगरपालिकाको नीति, निर्णय,, सेवा प्रवाह र कार्य सम्पादन |

| रणनीति | कार्यनीति |
|---|---|
| | बारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी यस सम्बन्धमा पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।<br>(४) नगरपालिकाको ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ । |
| **ग. श्रोत परिचालन तथा व्यवस्थापन** | |
| (१) राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने । | (१) राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>(२) आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ । |
| (२) आन्तरिक स्रोतको दायरा फराकिलो गराउँदै राजस्व बृद्धिमा जोड दिने । | (१) कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधि बारे जनप्रतिनिधी कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ ।<br>(२) स्थानीय आन्तरिक राजस्व परिचालनको संभाव्यता अध्ययन, विश्लेषण, तथा नियमित छलफल गरिनेछ ।<br>(३) राजस्व परामर्श समितिको क्रियाशिलता बृद्धि गरिनेछ । |
| (३) गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग साझेदारी विकास गर्ने | (१) निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालन गरिनेछ ।<br>(२) गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित वैठक, छलफल गरी साझेदारी विकास गरिनेछ । |
| **घ. विकास व्वस्थापन** | |
| (१) योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागिता मूलक तथा नतिजा मूलक बनाउने । | (१) पूर्वाधार विकास गर्दा अपाङ्ग तथा वालमैत्री अवधारणा लागु गरिनेछ ।<br>(२) योजना संचालन गर्दा जनसहभागिता अभिवृद्धि गरिनेछ ।<br>(३) आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ ।<br>(४) योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न कार्यविधि तर्जुमा गरिनेछ । |
| (२) सडक तथा भवन निर्माण मापदण्ड तयार गर्ने | (१) जमीनको भूबनौट, क्षमता, वर्तमान उपयोग तथा नगरपालिकाको आवश्यकता अनुसार भूक्षेत्र निर्धारण गरी भुउपयोग नीति तर्जुमा गरी लागु गरिनेछ ।<br>(२) भूउपयोग योजना र निर्धारित क्षेत्र अनुसार पूर्वाधार विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |

### *८.१.४.४ कार्यक्रम तथा आयोजना*

यस उपक्षेत्रका कार्यक्रम तथा आयोजनाहरू तलको तालिकामा दिइएको छ (तालिका ८.२.) ।

## तालिका ८.२: संस्थागत विकास तथा सुशासनका लागि निर्धारण गरिएको कार्यक्रम तथा आयोजना

| ५. संस्थागत विकास तथा शुसान क्षेत्र | अनुमानित लागत (रु. लाखमा) | स्थानगत विवरण | सम्पन्न गर्ने निकाय | | | प्राथमिकीकरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आफै | प्रदेश | संघ | १ | २ | ३ |
| **५.१ कानून, नीति तथा सुशासन** | | | | | | | | |
| १. ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रवीधीकरण तथा प्रकाशन | १० | नगरपालिका | √ | | | √ | | |
| २. स्थानीय सरकार शासकीय सुधार तथा व्यवस्थापन परीक्षण कार्यक्रम | १२ | नगरपालिका | √ | | | √ | | |
| ३. सुशासन तथा जबाफदेहिता प्रवर्द्धन कार्यक्रम | १५ | नगरपालिका | √ | √ | | √ | | |
| ४. सूचना प्रविधिमैत्री शासन प्रवर्धन | १२ | नगरपालिका | √ | | | | √ | |
| ५. विवाद मध्यस्थता, कानूनी साक्षरता, तथा मेलमिलाप कार्यक्रम | ९ | नगरपालिका | √ | √ | | √ | | |
| ६. सहकारी संस्था हरुको संजाल गठन गरी व्यवस्थीत गर्ने | २ | न.पा. भरी | √ | | | √ | | |
| **कूल** | ६० | | | | | | | |
| **५. संस्थागत विकास तथा शुसान क्षेत्र** | **अनुमानित लागत (रु. लाखमा)** | **स्थानगत विवरण** | **सम्पन्न गर्ने निकाय** | | | **प्राथमिकीकरण** | | |
| | | | **आफै** | **प्रदेश** | **संघ** | **१** | **२** | **३** |
| **५.२ संगठन तथा क्षमता विकास** | | | | | | | | |
| १. नगरपालिकाले गरेका कामकोलेखाजोखा कार्यक्रम | १० | नगरपालिका | √ | | | √ | | |
| २. नगरपालिका तथा वडा कार्यालयको भवन निर्माण | ७५ | नगरपालिका | | √ | √ | | | √ |
| ३. जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिबृद्धि तालिम ( वार्षिक) | १५ | नगरपालिका | √ | | | √ | √ | |
| ४. कर्मचारी प्रोत्साहन कार्यक्रम | ५ | नगरपालिका | √ | | | √ | √ | |
| ५. अन्तर स्थानीय तह अध्ययन, परामर्श तथा टिम विल्डिङ कार्यक्रम | ५ | नगरपालिका | √ | | | √ | √ | |
| ६. संगठन तथा व्यवस्थापन सर्वेक्षण, विकास तथा सुदृढीकरण कार्यक्रम | ५ | नगरपालिका | √ | | | √ | | √ |
| ७. टोल सुधार समिति गठन र परिचालन | ५ | नगरपालिका | √ | | | √ | √ | |
| नीती नियम निर्माण तथा रणनितीक योजना निर्माण | १५ | नगरपालिका | √ | | | √ | √ | |
| ८. गैर सरकारी संस्था हरुको अभिलेखा व्यवस्थीत एवं स्तरउन्नतीमा सहयोग - क्षमता अभिवृद्धी | १५ | न. पा. भरी | √ | √ | | √ | √ | |
| ९. महिला दक्षता वृद्धीका लागि कम्प्युटर तथा प्रविधी प्रयोग शिप विकास कार्यक्रम | १५ | न. पा. भरी | √ | | | √ | | √ |
| १०. योजना सम्झौता गर्न आउदा के के कागजात प्रक्रियाको वारेमा | २ | न. पा. भरी | √ | | | √ | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उपभोक्तालाई अभिमूखिकरण तालीम | | | | | | | | |
| ११. कर्मचारीलाई क्षमता विकास सम्वन्धी तालिम (गोष्ठी,सेमिनार भ्रमण) | ५ | न.पा. भरी | √ | | | √ | √ | |
| **कूल** | १७२ | | | | | | | |
| **५. संस्थागत विकास तथा शुसान क्षेत्र** | **अनुमानित लागत (रु. लाखमा)** | **स्थानगत विवरण** | **सम्पन्न गर्ने निकाय** | | | **प्राथमिकीकरण** | | |
| | | | **आफै** | **प्रदेश** | **संघ** | **१** | **२** | **३** |
| **५.३ श्रोत परिचालन तथा व्यवस्थापन** | | | | | | | | |
| १. आन्तरिक आयको सम्भावना अध्ययन र प्रक्षेपण तथा सुधार कार्ययोजना | १० | नगरपालिका | √ | | | √ | | |
| २. करदाता शिक्षा कार्यक्रम | ५ | नगरपालिका | √ | | | √ | | |
| ३. उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | ५ | नगरपालिका | √ | | | √ | | |
| ४. राजस्व शाखा सुदृढीकरण | १० | नगरपालिका | √ | | | √ | | |
| ५. अन्तर स्थानीय तह तथा सरकार समन्वय कार्यक्रम | १० | नगरपालिका | √ | | | √ | | |
| **कुल** | ४० | | | | | | | |
| **५. संस्थागत विकास तथा शुसान क्षेत्र** | **अनुमानित लागत (रु. लाखमा)** | **स्थानगत विवरण** | **सम्पन्न गर्ने निकाय** | | | **प्राथमिकीकरण** | | |
| | | | **आफै** | **प्रदेश** | **संघ** | **१** | **२** | **३** |
| **५.४ विकास व्यवस्थापन** | | | | | | | | |
| १. विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | १५ | नगरपालिका | √ | | | √ | | |
| २. प्राविधिक परीक्षण कार्यक्रम | ५ | नगरपालिका | √ | | | √ | | |
| ३. उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | ५ | नगरपालिका | √ | | | | √ | |
| ४. आवधिक योजना, मद्यकालिन खर्च संरचन तर्जुमा र अद्यावधिक कार्यक्रम | १५ | नगरपालिका | √ | | | | √ | √ |
| ५. बस्तुस्थिति विवरण तयारी तथा अद्यावधिक कार्यक्रम | ५ | नगरपालिका | √ | | | | √ | |
| ६. नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | ५ | नगरपालिका | √ | | | | | √ |
| ७. गैसस, निजी क्षेत्र, सहकारी डेस्कसंचालन, समन्वय | ५ | नगरपालिका | √ | | | | √ | |
| **कुल** | **५५** | | | | | | | |

### ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरपालिकाको एकीकृत प्रशासकीय भवन र सबै वडा कार्यालयका आफ्नै भवन निर्माण सम्पन्न भइ सेवा प्रवाह भएको हुनेछ । जनप्रतिनिधि र कर्मचारीको आचार संहिता निर्माण भई लागु भएको हुनेछ । कर्मचारीहरूको मनोबल तथा कार्य क्षमतामा उल्लेख्य सुधार भई पूँजीगत बजेटशत प्रतिशत खर्च भएको हुनेछ ।

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

माथि उल्लेखित योजनाहरू कार्यान्वयनका लागि राष्ट्रसेवक कर्मचारीहरू योजनाको कार्यान्वयन दृढ, विवाद तथा मेलमिलापको काम संस्थागत रूपमा निराकरण, ऐन, नियमहरूको पूर्ण पालना, सूचना प्रणाली व्यवस्थित, शीर्षक अनुसारको बजेट निर्माण र खर्च, मितव्ययी खर्च प्रणाली, भ्रष्टाचारमा शून्य सहनशीलता भएको हुनेछ भन्ने पूर्वानुमान गरिएको छ भने यी पक्षहरूमा पर्न जाने नकारात्मक असरहरूले योजना कार्यान्वयनमा जोखिम पैदा गर्नेछन् ।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

लक्षित विकास प्रतिफल हासिल गर्न यथार्थपरक र व्यावहारिक योजना तर्जुमा तथा सोको प्रभावकारी कार्यान्वयनको अग्रणी भूमिका रहन्छ । योजना प्रक्रियालाई सूचना तथा तथ्य र प्रमाणमा आधारित, नतिजामुखी र यथार्थपरक बनाउन आवधिक योजनाको निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्छ । विकासको दीर्घकालीन सोच तर्जुमा गरी सोअनुसार योजना तथा कार्यक्रम तर्जुमा गर्नु, स्रोतसाधनको सुनिश्चितता गरी आवधिक योजना र वार्षिक बजेट बीच सामञ्जस्यता कायम गर्नु, विकास निर्माण कार्यक्रम तर्जुमा तथा कार्यान्वयन प्रभावकारी बनाउनु, सङ्घीयता अनुरूप योजना तर्जुमा सम्बन्धी सङ्गठनात्मक संरचना, प्रक्रिया तथा विधिमा सुधार गर्नु र योजना तर्जुमा सम्बन्धी जनशक्तिको क्षमता विकास गरी संस्थागत सुदृढीकरण गर्नु योजना तर्जुमा प्रक्रियामा देखिएका समस्याहरू हुन् ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

प्रथम आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न नगरपालिका र वडा कार्यालयबाट समेत प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउनसंगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना,कर्मचारी दरवन्धी र कार्यविवरण तयार गर्नू पर्ने दैखिन्छ ।यस नगरपालिकामा हाल संघिय मामीला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमूना संगठन संरचना तथा तथा कर्मचारी दरवन्धीलाई समेत व्यवस्था हुन सकेकोसेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्नु पर्ने देखिन्छ । यस नगरपालिकामा हाल संघीय मामिलातथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमूना संगठन संरचना तथा कर्मचारी दरबन्दीलाई समेत व्यवस्था हुन सकेको छैन ।

हाल यस नगरपालिकामा प्रशासन शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, राजश्व शाखा, योजना शाखा (पूर्वाधार तथा घरनक्शा शाखा), महिला विकास शाखा, स्वासथ्य शाखा, फोहोर मैला तथा वातावरण व्यवस्थापन शाखा, कृषि शाखा, पशुसेवा शाखा, भूकम्प तथा पुर्ननिर्माण शाखा र स्टोर/पंजिकरण/सामाजिक सुरक्षा शाखा गरी १२ वटा शाखाहरू संचालनमा रहेका छन् । नगरपालिकाको संगठात्मक ढाँचालाई चित्र ९.१ र नगरपालिकामा रहेका कर्मचारीहरुको विवरण तालिका ९.१ मा प्रस्तुत गरिएको छ ।




**चित्र ९.१: नगरपालिकाको संगठनात्मक ढाँचा**

## तालिका ९.१: महालक्ष्मी नगरपालिकाको कर्मचारी विवरण

**दरबन्दी तेरिज**

| **क.सं.** | **पद** | **तह** | **सेवा** | **समुह** | **स्वीकृत दरबन्दी** | **अन्य सेवाबाट समायोजन हुने दरबन्दी** | **बाँकी दरबन्दी** | **हालको व्यवस्था** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र | १ | | | पूर्ति भएको | |
| २. | अधिकृत | ९/१० | शिक्षा | शि.प्र | १ | | १ | रिक्त | |
| ३. | सि.डि.ई | ९/१० | इन्जि | सिभिल | १ | | १ | रिक्त | |
| ४. | अधिकृत | ७/८ | प्रशासन | सा.प्र | १ | | १ | रिक्त | |
| ५. | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | १ | | १ | रिक्त | |
| ६. | अधिकृत | ७/८ | शिक्षा | शि.प्र | १ | | | पूर्ति भएको | |
| ७. | ज्न स्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | १ | | | पूर्ति भएको | करारमा |
| ८. | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | १ | | | पूर्ति भएको | |
| ९. | अधिकृत | ६ | प्रशासन | सा.प्र | २ | | | पूर्ति भएको | |
| १०. | आ.ले.पा सहायक | ५ | प्रशासन | लेखा | १ | | | पूर्ति भएको | |
| ११. | प.हे.न | ५/६ | स्वास्थ्य | क.न | १ | | | पूर्ति भएको | |
| १२. | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई | १ | | | पूर्ति भएको | |
| १३. | सहायक | ५ | प्रशासन | सा.प्र | ५ | | २ | ३ जना पूर्ति भएको | |
| १४. | लेखापाल | ५ | प्रशासन | लेखा | १ | | | पूर्ति भएको | |
| १५. | कम्प्युटर अपरेटर | ५ | विविध | | १ | | १ | रिक्त | |
| १६. | प्रा.स | ५ | शिक्षा | शि.प्र | १ | | | पूर्ति भएको | |
| १७. | सब.इन्जिनियर | ५ | इन्जि. | सिभिल | १ | | | पूर्ति भएको | |
| १८. | महिला विकास निरीक्षक | ५ | विविध | | १ | | | पूर्ति भएको | |
| १९. | ऋमिन | ४ | इन्जि. | सर्भे | १ | | | पूर्ति भएको | |
| २०. | सहायक | ४ | प्रशासन | सा.प्र | २ | | | पूर्ति भएको | |
| २१ | स.ले.पा | ४ | प्रशासन | लेखा | १ | | | पूर्ति भएको | |
| २२ | सहायक महिला निरीक्षक | | विविध | | १ | | | पूर्ति भएको | २ जना रहेको |
| कार्यालयतर्फ जम्मा | | | | | २९ | | ७ | | |
| वडा कार्यालय तर्फ (९) | | | | | | | | | |
| १ | सहायक | पाँचौ | प्रशासन | सा.प्र | ३ | | ३ | रिक्त | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | सब-इन्जिनियर | पाँचौ | इन्जि. | सिभिल | ४ | | | २ पूर्ति भएको | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र | ६ | ६ | | | |
| ४ | अ.सब इन्जिनियर | चौथो | इन्जि. | सिभिल | ५ | | १ | ४ पूर्ति भएको | |
| | मुखिया | तेस्रो | प्रशासन | | | | | | |
| वडा कार्यालय तर्फबाट जम्मा | | | | १८ | | ४ | | | |
| कुल जम्मा | | | | ४७ | | | | | |

स्रोत : महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, जितपुर २०७९ जेष्ठ

## ९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

आवधिक विकास योजना अनुसार विषय क्षेत्रगत ५ बर्षको बजेट प्रक्षेपण तालिका ९.२ मा प्रस्तुत गरिएको छ, जस अनुसार ५ वर्षको कुल वजेट रु ४ अर्व २६ करोड ३८ लाख अनुमान गरिएको छ । पाँच वटा विषय क्षेत्रगत अनुमानित बजेटलाई हेर्दा सबै भन्दा बढी पूर्वाधार क्षेत्र (४५.३३ प्रतिशत) मा प्रस्तावित गरिएको छ भने सवै भन्दा कम संस्थागत विकास तथा शुशासन क्षेत्र (०.७६ प्रतिशत) मा प्रस्तावित गरिएको छ (तालिका ९.२, चित्र ९.२) ।

**तालिका ९.२: विषय क्षेत्र अनुसार कुल प्रस्तावित बजेट**

| क्र.स. | विषय क्षेत्र तथा उप क्षेत्र | रकम रु. लाखमा | प्रतिशत |
|---|---|---|---|
| **१** | **आर्थिक विकास** | ११७६४ | २७.५९ |
| १.१ | कृषि तथा पशुपंन्छी | १४१५ | ३.३२ |
| १.२ | सिंचाई | ४९८० | ११.६८ |
| १.३ | पर्यटन, संस्कृति तथा सम्पदा | ४५८४ | १०.७५ |
| १.४ | उद्योग र व्यापार | ५५० | १.२९ |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | २३५ | ०.५५ |
| **२.** | **सामाजिक क्षेत्र** | १०६२२ | २४.९१ |
| २.१ | स्वास्थ्य तथा पोषण | ६४५ | १.५१ |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवर्तन | ५५८५ | १३.१० |
| २.३ | खानेपानी तथा सरसफाई | ३६९२ | ८.६६ |
| २.४ | महिला, वालवालिका तथा लक्षित वर्ग | १९५ | ०.४६ |
| २.५ | युवा तथा खेलकुद | ५०५ | १.१८ |
| **३** | **पूर्वाधार क्षेत्र** | १९३२६ | ४५.३३ |
| ३.१ | वस्ती, आवास भवन तथा सार्वजनिक निर्माण | १४४५ | ३.३९ |
| ३.२ | सडक, पुल तथा यातायात | १७५७१ | ४१.२१ |
| ३.३ | जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा | २३५ | ०.५५ |
| ३.४ | सुचना, संचार तथा प्रविधि | ७५ | ०.१८ |
| **४** | **वन, वातावरण तथा विपत व्यवथापन क्षेत्र** | ६०० | १.४१ |
| ४.१ | वन तथा जैविक विविधता | २७० | ०.६३ |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | २४५ | ०.५७ |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ३० | ०.०७ |
| ४.४ | विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जनवायु उत्थानशीलता | ५५ | ०.१३ |
| **५** | **संस्थागत विकास तथा शुशासन क्षेत्र** | ३२६ | ०.७६ |
| ५.१ | कानून, नीति तथा सुशासन | ६० | ०.१४ |
| ५.२ | संगठन तथा क्षमता विकास | १७१ | ०.४० |
| ५.३ | श्रोत परिचालन तथा व्यवस्थापन | ४० | ०.०९ |
| ५.४ | विकास व्यवस्थापन | ५५ | ०.१३ |
| **जम्मा** | | ४२६३८ | १००.०० |




**चित्र ९.२: विषय क्षेत्र अनुसार अनुमानित बजेट**

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

कोभिड-१९ले नेपालको आर्थिक क्षेत्रमा पारेको नकरात्मक प्रभावले गर्दा चालु आर्थिक वर्ष राजस्वमा वृद्धि हासिल गर्न नसक्ने अनुमान गरिएको छ। तर, राजस्वको दायरा र दक्षतामा वृद्धि गर्ने सम्भावनाहरु विद्यमान रहेकाले राजस्व संकलनमा योजनाको पहिलो आर्थिक वर्ष (२०७९/२०८०) मा १०% र त्यसपछिका आर्थिक वर्षहरुमा क्रमशः १५% गरिएको छ । यस आँकलनको आधारमा आगामी पाँच वर्षमा ५ अर्व ४९ करोड ५३ लाख वजेट प्रवाह हुने देखिन्छ । यस नगरपालिकामा कुल राजस्वमा आन्तरिक राजश्वको हिस्सा ज्यादै कम रहेको छ।

## तालिका ९.३: बजेटको स्रोत अनुसार प्रक्षेपण

| क.स. | बजेटका स्रोतहरू | गत वर्षको यथार्थ (रु. लाखमा) | चालु आ.व. को अनुमान (रु. लाखमा) | आगामी ५ वर्षको स्रोतअनुसार प्रक्षेपण रकम (रु. लाखमा) | | | | | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. (०७९/०८०) | दोश्रो आ.व. (०८०/०८१) | तेश्रो आ.व. (०८१/०८२) | चौथो आ.व. (०८२/०८३) | पाचौं आ.व. (०८३/०८४) | |
| १ | **आन्तरिक आय** | १२१.५ | ४४ | ४८.४ | ५५.६६ | ६४.०१ | ७३.६१ | ८४.६५ | ३२६.३ |
| | क. कर राजस्व | | | | | | | | |
| | ख. गैर कर राजस्व | | | | | | | | |
| २ | **राजस्व बाँडफाँट** | | | | | | | | |
| | क. नेपाल सरकार | २.१५९ | ६३ | ६९.३ | ७९.७ | ९१.६५ | १०५.४ | १२१.२ | ४६७.२ |
| | ख. प्रदेश सरकार | ६९.७९ | ४३.७१ | ४८.०८ | ५५.२९ | ६३.५९ | ७३.१३ | ८४.०९ | ३२४.२ |
| ३ | **रोयल्टी बाँडफाँट** | | | | | | | | |
| | क. वन रोयल्टी | १७४.१ | ४ | ४.४ | ५.०६ | ५.८१९ | ६.६९२ | ७.६९६ | २९.६७ |
| | ख. खानी रोयल्टी | ८.३७१ | १४ | १५.४ | १७.७१ | २०.३७ | २३.४२ | २६.९३ | १०३.८ |
| | ग. विद्युत् रोयल्टी | | | | | | | | |
| | घ. पर्वतारोहण रोयल्टी | | | | | | | | |
| | ङ पानी तथा अन्य रोयल्टी | | | | | | | | |
| ४ | **नेपाल सरकारबाट प्राप्त हुने अनुदान** | | | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | ९७७ | १०३३ | ११३६ | १३०७ | १५०३ | १७२८ | १९८७ | ७६६१ |
| | ख. सशर्त अनुदान | ३२४० | २७५९ | ३०३५ | ३४९० | ४०१३ | ४६१५ | ५३०८ | २०४६१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ग. समपुरक अनुदान | ४० | ६३ | ६९.३ | ७९.७ | ९१.६५ | १०५.४ | १२१.२ | ४६७.२ |
| | घ. विशेष अनुदान | २२० | २५३ | २७८.३ | ३२० | ३६८.१ | ४२३.३ | ४८६.७ | १८७६ |
| **५** | **प्रदेश सरकारबाट पाप्त हुने अनुदान** | | | | | | | | |
| | क. वित्तीय समानीकरण अनुदान | ६९.७९ | ५८.२८ | ६४.११ | ७३.७२ | ८४.७८ | ९७.५ | ११२.१ | ४३२.२ |
| | ख. सशर्त अनुदान | ३२४० | २७५९ | ३०३५ | ३४९० | ४०१३ | ४६१५ | ५३०८ | २०४६१ |
| | ग. समपुरक अनुदान | ४० | ६३ | ६९.३ | ७९.७ | ९१.६५ | १०५.४ | १२१.२ | ४६७.२ |
| | घ. विशेष अनुदान | २२० | २५३ | २७८.३ | ३२० | ३६८.१ | ४२३.३ | ४८६.७ | १८७६ |
| **६** | **अन्य अनुदान (सामाजिक सुरक्षा ....)** | | | | | | | | |
| **७** | **जनसहभागिता** | | | | | | | | |
| **८** | **निजी लगानी** | | | | | | | | |
| **९** | **अन्तर स्थानीय तह साझेदारी रकम** | | | | | | | | |
| **१०** | **गैसस र सामुदायिक क्षेत्रको लगानी** | | | | | | | | |
| **११** | **आन्तरिक ऋण परिचालन** | | | | | | | | |
| **कुल जम्मा** | | ८४२३ | ७४०९ | ८१५० | ९३७३ | १०७७९ | १२३९६ | १४२५५ | ५४९५३ |
| **आन्तरिक आय रकमको योगदान** | | १.४४ | ०.५९ | ०.५९ | ०.५९ | ०.५९ | ०.५९ | ०.५९ | ०.५९ |

स्रोतः महालक्ष्मी नगरपालिका, जेष्ठ २०७९

## ९.५ स्रोत परिचालन रणनीति

आवधिक विकास योजना अनुसार विषय क्षेत्रगत ५ वर्षको बजेट अनुमान गरिएको छ । चालू आ.व.को संशोधित आय र सो को तुलनामा बृद्धि हुनसक्ने आयको आधारमा ५ वर्षको कुल अनुमानित आय गणना गर्दा नगरपालिकाको कुल आय अनुमान गरिए अनुसार नपुग हुन जाने हुँदा नपुग श्रोत परिचालनका लागि देहाय अनुसारको रणनीति अख्तियार गरिने छ ।

- आन्तरिक श्रोत (सम्पत्ती कर, व्यवसाय कर, सेवा शुल्क, नदीजन्य पदार्थ विक्री) दायरा र दर बढाउने तथा प्रक्रिया व्यवस्थित गर्ने
- संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने
- गैसस तथा विकास साझेदारसँग साझेदारी र सहकार्य वृद्धी गर्ने
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा बृद्धि गर्ने
- निजी क्षेत्रको लगानी र साझेदारी अभिबृद्धि गर्ने
- संघ तथा प्रदेश सरकारसँग समपुरक गरी आयोजना संचालन गर्ने
- उत्पादनमूलक आयोजनामा नेपाल सरकारको स्वीकृती लिई ऋण परिचालन गर्ने
- लगानी सम्मेलन तथा पैरवी गरी लगानी भित्राउन

## ९.६ आवधिक योजना कार्यान्वयन

आवधिक योजनामा आधारित भई वार्षिक योजना तथा बजेट तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन गरिनेछ । यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य,रणनीति तथा प्राथमिकता, नीति तथा कार्यनीति एवं कार्यक्रमलाई आधार लिईनेछ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमन तथा मूल्याङ्कन कार्यले निर्धारित लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफल अपेक्षित रूपमा हासिल भए नभएको र कार्यान्वयनको यथार्थ अवस्था जानकारी जानकारी लिई प्रभावकारी रूपमा कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आवधिक विकास योजनाको कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी योजनाले निर्धारण गरेका लक्ष्य, असर र प्रतिफल हासिल गर्ने दिशातर्फ भएको प्रगति सुनिश्चित गर्नु पर्दछ । योजना कार्यान्वयनका क्रममा देखापर्ने समस्याहरूको पहिचान र समाधान गरी यथोचित रूपमा श्रोत साधनको परिचालनका लागि मार्ग दर्शक हुन्छ । तसर्थ नगरपालिकाले यस प्रथम आवधिक विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने र यस कार्यका लागि वार्षिक योजना कार्यान्वयन तालिका समेत तयार गर्नु पर्नेछ । यसरी तयार भएको कार्यान्वयन तालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरू समेत निर्दिष्ट गर्ने एवं सो अनुसार अनुगमन गर्ने कार्य प्रणाली स्थापित गर्नु आवश्यक देखिन्छ ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

आवधिक नगर विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिने छ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगरकार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गर्नेछ । नगरपालिकाको आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी देहायअनुसार हुनेछः

- नगर कार्यपालिका
- विषयगतसमिति
- अनुगमन तथा सुपरीवेक्षण समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा, उपशाखा, इकाई, परियोजना, संघ, संस्था
- तेश्रो पक्ष तथा नागरिक समाज संस्था

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका देहाय अनुसार गरिनेछः

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) रप्रगति बीच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार वार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधी समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा तथा प्रक्रिया देहायअनुसार प्रस्ताव गरिएको छ । यस बमोजिम नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयारी गरी आवधिक विकास योजना समेत वार्षिक योजना अनुगमन तथा मूल्याङ्कनको व्यवस्था नगरपालिकाले गर्नेछ ।

## ९.८ आयोजना बैंक

### ९.८.१ पृष्ठभूमि

नेपाल सरकारले देशको आर्थिक विकास र समृद्धिको लागि "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन लक्ष्य निर्धारण गरेकोछ । योजनाबद्ध विकास प्रयासका लामो अभ्यासको बाबजुद योजनाको उपलब्धि लक्ष्य अनुरूप हुन सकिरहेको छैन । यथार्थमा आवधिक र रणनीतिक योजना तर्जुमाले मात्र योजनामा उल्लिखित उद्देश्य एवम् लक्ष्यहरू प्राप्त हुन सक्दैनन् । यसका लागि गुणस्तरीय र कार्यान्वयन योग्य आयोजना छनौट गर्नुपर्ने र सोको प्रभावकारी कार्यान्वयन आवश्यक पर्दछ । सङ्घीयता कार्यान्वयनको पाँचौ वर्षको अन्त्यसम्म आउँदा समेत तीनै तहमा तत्काल कार्यान्वयन गर्न सकिनेआयोजनाहरूको पहिचान र प्राथमिकता समेत निर्धारण हुन

नसकिरहेको अवस्था छ । फलस्वरूप सीमित स्रोतसाधनबाट अधिकतम उपलब्धि हासिल हुने गरी आयोजनाको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नोअधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ । स्थानीय योजना तर्जुमाका लागि नेपालको संविधान लगायतसङ्घीय, प्रादेशिक तथा स्थानीय कानून तथा नीतिहरूले दिशानिर्देश गरेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले गाउँ/नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकासयोजना बनाइ लागु गर्नुपर्ने व्यवस्था गरेको छ । योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद्व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यानदिनुपर्ने र प्राथमिकता दिनुपर्ने विषयहरू ऐनले निर्धारण गरेको छ । ऐनको दफा २४ को उपदफा ४ मा गाउँ / नगरपालिकाले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूचीसमेत तयार गर्नुपर्ने व्यवस्था गरेको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । ऐनले मध्यमकालीन खर्च संरचना तयार गर्दा विषयक्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजनाको उद्देश्य, लागत, तीनवर्षमा प्राप्त हुने प्रतिफल र उपलब्धि र सञ्चालित आयोजनाको हकमा गत आर्थिक वर्षमा छुट्याएको खर्चअनुसार लक्ष्यहासिल भएनभएको विवरण खुलाउनु पर्ने व्यवस्था गरेको छ । ऐनले मध्यमकालीन खर्च संरचना तयार गर्न आयोजना बैङ्कको आवश्यकतालाई लक्षित गरेको छ ।

